# देवकोटाको गद्यमा भाषिक प्रयोग

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको**
**प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**चन्द्रकला अधिकारी**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौँ**
**२०६४**

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर**

**मितिः २०६४/०९/**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा चन्द्रकला अधिकारीले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **देवकोटाको गद्यमा भाषिक प्रयोग** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन-समिति

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | **प्रा. राजेन्द्र सुवेदी** (विभागीय प्रमुख) | ............................ |
| २. | **डा. पारसमणि भण्डारी** (बाह्य परीक्षक) | ............................ |
| ३. | **प्रा. राजेन्द्र सुवेदी** (शोधनिर्देशक) | ............................ |

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा चन्द्रकला अधिकारीले **देवकोटाको गद्यमा भाषिक प्रयोग,** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६४/ ०९/

............................

(**प्रा. राजेन्द्र सुवेदी**)

**शोधनिर्देशक**

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

*काठमाडौं ।*

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.श्री राजेन्द्र सुवेदीका कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाउ तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा.श्री राजेन्द्र सुवेदी, आदरणीय गुरु सुकुम शर्मा एवम् सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता तोयनाथ अधिकारी  र माता मधु अधिकारीप्रति म आजीवन ऋणी छु । आफूले व्यावहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने जीवनसाथी हरिकृष्ण घिमिरेप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने कर्म घरका बुबाआमा दुर्गादत्त घिमिरे र पार्वती घिमिरे साथै भाइ राजेन्द्र अधिकारी एवम् साथी निमग्ना घिमिरेप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

सानै उमेरमा आमाको ममताबाट टाढा रहेर पनि पढाइमा सहयोग गरिदिने मेरो प्यारो छोरा सचिन घिमिरेप्रति धन्यवाद प्रकट गर्दछु साथै शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरकी दिदी नैना जी.सी.प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति: २०६४/०९/

......................

(**चन्द्रकला अधिकारी**)
नेपाली केन्द्रीय विभाग
२०६४

## विषयसूची


**प्रथम अध्याय** १

**शोध प्रस्ताव** ७

१.१ शोधशीर्षक ७

१.२ शोधप्रयोजन ७

१.३ समस्या कथन ७

१.४ शोधको उदेश्य ८

१.५ पूर्वकार्यको समीक्षा ८

१.६ अध्ययनको औचित्य र उपयोगिता ९

१.७ अध्ययनको सीमाङ्कन ९

१.८ सामाग्री सङ्कलन विधि ९

१.९ सैद्धान्तिक ढाँचा ९

१.१० शोधपत्रको रुपरेखा ९

**द्वितीय अध्याय** ११

**लक्ष्मीप्रसाद देवकोटाको जन्म** ११

२.१ देवकोटाका गद्यको विभाजन १५

२.१.१ समीक्षात्मक गद्य १५

२.२ गद्यको भाषिक स्वभाव १८

२.३ भाषिक विचलन २०

२.४ बिम्ब योजना २२

२.५ प्रतीक योजना २२

२.६ अलङ्कार २२

**तृतीय अध्याय** २३

**देवकोटाका केही निबन्धमा भाषिक प्रयोगको अध्ययन, विश्लेषण र मूल्याङ्क** २३

३.१ के नेपाल सानो छ ? २३

३.१.१ बिम्बहरूको अध्ययन २३

३.१.२ प्रतीकहरूको अध्ययन ३५

३.१.३ अलङ्कारहरूको अध्ययन ३९

३.१.४ भाषाशैली ४०

३.२ छन्द र लय ४१

३.२.१ बिम्बहरूको अध्ययन ४१

३.२.२ प्रतीकहरूको अध्ययन ५२

३.२.३ अलङ्कारहरूको अध्ययन ५९

३.२.४ भाषाशैली ६०

३.३ कल्पना ६१

३.३.१ बिम्बहरूको अध्ययन ६१
३.३.२ प्रतीकहरूको अध्ययन ७४
३.३.३ अलङ्कारहरूको अध्ययन ७९
३.३.४ भाषाशैली ८४
३.४ पण्डित लेखनाथ पौड्यालको विषय ८५

**अध्याय चार** १०३

**उपसंहार** १०३
४.१ लक्ष्मीप्रसाद देवकोटाको संक्षिप्त जीवनी १०३
४.२ देवकोटाका कृतित्वको संक्षिप्त प्रस्तुती १०३
४.३ यस शोधकार्यमा अध्ययन गरिएको मूल विषय १०४
४.४ छानिएका चारवटा निबन्धको संक्षिप्त अध्ययन १०४
४.४.१ के नेपाल सानो छ ? निबन्धको संक्षिप्त अध्ययन १०४
४.४.२ 'छन्द र लय' निबन्धको सारवस्तु परिचय १०४
४.४.३ 'कल्पना' निबन्धको सारवस्तु परिचय १०५
४.४.४ 'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्धको सारवस्तु १०५
४.५ भाषाशैली १०६
४.६ शब्दार्थहरूलाई आवश्यकता अनुसार अध्ययन १०६
**सन्दर्भग्रन्थसूची** १०९

# प्रथम अध्याय

# शोध प्रस्ताव

## १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक 'देवकोटाका केही निबन्ध गद्यमा भाषिक प्रयोग हुनेछ ।

## १.२ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको प्रयोजनका निम्ति यो शोधपत्र तयार पारिनेछ ।

## १.३ समस्या कथन

यस अन्तर्गत देवकोटाका गद्यमा तथा खासगरी निबन्धमा भएका भाषिक प्रयोगहरू सम्बन्धी समस्या नै मुख्य हुनेछ ।

क) देवकोटाको निबन्धमा प्रयोग भएका शब्दको बिम्बहरू के कस्ता रहेका छन् ?

ख) देवकोटाका निबन्धमा प्रयुक्त प्रतीकहरू के कस्ता रहेका छन् ?

ग) देवकोटाका निबन्धमा अलङ्कारहरूको प्रयोग के कसरी गरिएको छ ?

घ) देवकोटाका निबन्धको भाषाशैली कुन रुपमा रहेको छ ?

## १.४ शोधको उद्देश्य

क) देवकोटाका निबन्धमा प्रयोग भएका बिम्बहरूको अध्ययन गर्ने ।

ख) देवकोटाका निबन्धमा प्रयुक्त प्रतीकहरूको अध्ययन गर्ने ।

ग) देवकोटाका निबन्धमा प्रयोग गरिएका अलङ्कारहरूको अध्ययन गर्ने ।

घ) देवकोटा निबन्धमा प्रयोग भएको भाषाशैलीको अध्ययन गर्ने ।

## १.५ पूर्वकार्यको समीक्षा

समालोचक रत्नध्वज जोशीले 'हिमानी' (२०१०) पत्रिकामा 'निबन्धकार देवकोटा' शीर्षकमा देवकोटाका सबै निबन्धहरूलाई मूड विशेषका रचना ठहऱ्याएका छन् । उनी लेख्छन् -ठीक मूडमा छन् भने ती निबन्ध खँदिलै बनेका छन् र र समय कटाउन मात्र लेखिएको बेला पऱ्यो भने कृति पनि त्यही अनुसारको बनेका देखिन्छन् ।

गणेशबहादुर प्रसाईँले 'दियालो' (२०१७) मा 'मैले देखेका देवकोटा' नामक शीर्षक अन्तर्गत देवकोटीय कवि तथा निबन्धकार प्रतिभाको चर्चा मात्र गरेका छन् ।

जगत् क्षेत्रीले 'रुपरेखा' (२०२०) को 'देवकोटा' नामक शीर्षकमा 'लक्ष्मी निबन्ध सङ्ग्रह' विशेष निबन्धहरूको सङ्ग्रह भएकोले नेपाली साहित्यलाई यसले निकै धनी बनाएको प्रसङ्ग पनि उल्लेख गरेका छन् ।

डिल्लीराम तिमिल्सिना र माधव भण्डारीको सहलेखनमा 'हाम्रो साहित्य र साहित्यकारहरू २०२२' प्रकाशित भएको छ । यसमा उनीहरूले देवकोटालाई एक महत्वपूर्ण निबन्धकारका रुपमा उल्लेख गरेका छन् ।

चूडामणि उपाध्याय रेग्मीले 'लक्ष्मीप्रसाद देवकोटा निबन्धकार भन्ने शीर्षकको लेख - भानु : २०२४, ५:१४) मा निबन्धकार देवकोटाको वास्तविक निबन्धकारिता भन्न नै "लक्ष्मी निबन्ध सङ्ग्रह" भन्ने निष्कर्ष दिएका छन् साथसाथै लक्ष्मीप्रसाद देवकोटा नेपाली निबन्ध साहित्यमा सर्वाग्र रहेको कुरामाथि जोड दिइ यो सङ्ग्रह प्रकाशित हुँदा आत्मपरक नेपाली निबन्धको शैली पनि सँगै भित्रिएको उल्लेख गरेका छन् ।

डा. बासुदेव त्रिपाठीले रत्नश्री (२०२७) को 'लक्ष्मी निबन्धसङ्ग्रह को जीवन जगत्' शीर्षकमा निबन्धकार देवकोटा र यस सङ्ग्रहको छोटो समीक्षा प्रस्तुत गरेका छन् । उनका अनुसार कवितात्मक पोथी गुणले साङ्गीतिकता प्रदान गरेको हुँदा यसलाई महाकाव्यको संज्ञा पनि दिन सकिन्छ । उनको लेखाइ छ - वास्तवमा 'लक्ष्मी निबन्धसङ्ग्रह' एउटा गद्य महाकाव्य हो ।

'झिल्का' २०२८ वर्ष १ अङ्क १ मा प्रकाशित देवकोटामा रोमान्टिकता र उनको 'लक्ष्मी निबन्धङ्ग्रह' शीर्षक भएको लेखमा पाध्यापक घनश्याम कँडेलले महत्वपूर्ण टिप्पणी गरेका छन् । नेपाली स्वच्छन्दतावादी धाराको कविता लेखन प्रारम्भ गर्ने देवकोटा निबन्ध सिर्जनामा पनि पूर्ण- रुपेण रोमान्टिक छन् भन्ने उनको दृष्टि छ । उनका अनुसार 'लक्ष्मी निबन्धसङ्ग्रह' रोमान्टिक प्रकृतिका निबन्धहरूको सङ्ग्रह हो ।

'स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा' नामक २०४३ सालमा प्रकाशित समालोचक राजेन्द्र सुवेदीको समालोचनाको सङ्गालो स्वरुप यस कृतिमा अनेक निबन्धकार तथा अनेक निबन्ध सङ्ग्रहको चर्चाका क्रममा 'लक्ष्मी निबन्धसङ्ग्रहको पनि चर्चा भएको छ । आधुनिक नेपाली निबन्धमा देवकोटा र उनको 'लक्ष्मी निबन्ध सङ्ग्रह'को स्थान बलियो सावित गरिएको छ ।

राजेन्द्र सुवेदीबाट सम्पादित 'स्नातकोत्तर निबन्ध सङ्ग्रह' (२०५१) मा नेपाली निबन्ध यात्राका सन्दर्भमा 'लक्ष्मी निबन्ध सङ्ग्रहको मूल्यगत टिप्पणी गरिएको छ ।

## १.६ अध्ययनको औचित्य र उपयोगिता

देवकोटाका निबन्धका विविध पक्षका बारेमा हालसम्म प्रशस्तै अध्ययन र विश्लेषण भैसकेको पाइन्छ । उनका निबन्धमा भाषिक प्रयोगको छिटफुट चर्चा गरिएको पाइए तापनि यसमा नै केन्द्रित रही विस्तृत अध्ययन र विश्लेषण भएको पाइदैन । प्रस्तावित शोधकार्यमा देवकोटाका निबन्धमा भएको भाषिक प्रयोगमा नै केन्द्रित रहेर विस्तृत अध्ययन र विश्लेषण गरिने हुँदा यसको औचित्य र उपयोगिता दुवै रहने छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तावित शोधकार्यमा देवकोटाका निबन्ध गद्यमा र खासगरी 'लक्ष्मी निबन्ध सङ्ग्रहमा सङ्कलित भएका प्रतिनिधि निबन्धहरू 'के नेपाल सानो छ ?' 'छन्द र लय', 'कल्पना', 'पण्डित लेखनाथ पौडेलको विषयमा' निबन्धको भाषिक प्रयोग केलाउने जमर्को गरिनेछ ।

## १.८ सामाग्री सङ्कलन विधि

यस शोधपत्रको सामाग्री सङ्कलन विधि पुस्तकालयीय हुनेछ ।

## १.९ सैद्धान्तिक ढाँचा

यस शोधपत्रको सैद्धान्तिक ढाँचा विश्लेषणात्मक हुनेछ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्र ४ वटा अध्यायमा विभाजित हुनेछ :

अध्याय १ - शोध परिचय

अध्याय २ - देवकोटाको संक्षिप्त जीवनी

अध्याय ३ - 'लक्ष्मी निबन्धसङ्ग्रह'का प्रतिनिधि निबन्धहरूको विश्लेषण

अध्याय ४ - उपसंहार

# द्वितीय अध्याय

## लक्ष्मीप्रसाद देवकोटाको जन्म

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ सालको कार्तिक शुक्ल औंसी, लक्ष्मीपूजाको दिन काठमाडौँको धोबीधारामा पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मीका साइँला पुत्रका रूपमा जन्म भएको थियो । लक्ष्मीपूजाका दिन जन्म भएकाले बाबुआमाले लक्ष्मीकोप्रसाद स्वरूप ठूलो धनाढ्य होला भनेर उनको नाम लक्ष्मीप्रसाद राखेका थिए । तर उनी आफ्नो जीवनकालभरि नै आर्थिक अभावले सताइएका व्यक्ति भई सरस्वतीका प्रसाद पो बन्न पुगे अर्थात् लक्ष्मीका हेय पात्र भई सरस्वतीका वरद पुत्र हुन पुगेर महाकविको संज्ञा पाए ।

वि.सं १९७१ मा देवकोटाको ५ वर्षको उमेरमा घरैमा बाबुले अक्षरारम्भ गराएका थिए । देवकोटा सानैदेखि एकोहोरो स्वभावका थिए । यही एकोहोरो स्वभाव नै लगनशीलताका रूपमा परिणत भई अवतार साबित हुन पुग्यो । उनका बाबु दरबारमा पठनपाठन गराउँथे । दरबारमा पठनपाठनका क्रममा नेपाली र संस्कृत पढाउने बाबुले भन्दा म्याट्रिक पास गरी ट्युसन पढाउने दाजुले बढी कमाएको सत्यले आफू पनि दाजु जस्तै बनी पैसा कमाएर चकचकी देखाउने बीज बालक देवकोटामा बाल्यकालमै रोपियो । त्यसैगरी पिताले परम्परागत रूपमा प्राप्त गरेको पाण्डित्यको अंश आर्यसंस्कार र आर्यभावना देवकोटाको आस्था र  धुकधुकीमा आसन जमाउन पुग्यो ।

देवकोटाको पढाइप्रतिको लगनशीलता र आमाको इच्छा बुझेर दाजु लेखनाथले देवकोटालाई अंग्रेजी सिकाउन थाले । अनि उनले पी.सी. सरकारको अङ्ग्रेजी फस्ट बुक पढ्न आरम्भ गरे ।[1] अमरकोश, रघुवंश र अन्य संस्कृतका श्लोकहरू कण्ठ गर्ने क्रममा उनलाई छन्दको मिठास र लयको टक पनि बस्दै गएको थियो जसले उनमा कविता सिर्जना गर्ने प्रेरणा प्रदान गऱ्यो । उनले दस वर्षको उमेरमा जेठी भाउजूको प्रेरणाले नेपालीमा “घनघोर दुःख सागर . . .” जस्तो कविता रचना गरेको पाइन्छ । उनको ‘कल्पना’ निबन्धबाट सपनामा सरस्वतीले लेखेर दिएको श्लोक विपनामा पनि याद भएकोले उनमा कविता सिर्जनाको मूल  प्रेरणा प्राप्त भएको तथ्य पनि बुझिन्छ ।

एघार वर्षको कलिलो उमेरमा उनी पढ्नका लागि दरबार हाइस्कुलमा पाँचौ कक्षामा भर्ना भए । विद्यालयको जीवनमा उनी राम्रा-राम्रा कविताको रचना गरेर गुरुहरू र साथीहरूलाई सुनाउँथे । स्कुलमा प्रवेश गरेपछि देवकोटाले पढाइमा नै विशेष ध्यान दिए उनको मास्टर हुने र पैसा कमाउने चाहना सफल भएन उनको लगन अन्य क्षेत्रतिर नै प्रबल रह्यो । देवकोटा मेधावी छात्र भएकोले आठ कक्षामा पढ्दा पढ्दै आठौं कक्षाको अर्धवार्षिक परीक्षा पार गर्ने बित्तिकै नवौं कक्षामा चढेको पाइन्छ । यतिबेला नै लेखनाथले ‘दशैं र तिहार’, ‘बुद्धिविनोद’, ‘ऋतुविचार’ ‘दिउँसोका दिन’, ‘म कस्तो हुँ’, ‘पिँजडाको सुगा’, ‘वसन्त कोकिल’ आदि कविताहरूबाट निकै लोकप्रियता हासिल गरिसकेका थिए । यी रचनाले देवकोटामा गहिरो प्रभाव परिसकेको थियो ।

---

[1] चूडामणि बन्धु, **देवकोटा, मेरो जन्म हुँदा महोत्सव थियो,** (काठमाडौँ : साझा प्रकाशन, २०४६) ।

देवकोटाको विवाह १५ वर्षको उमेरमा वि.सं. १९८१ मा कुमारी मनदेवीसँग भयो साथै वि.सं. १९८२ मा देवकोटाले प्रथम श्रेणीमा मेट्रिक पास गरे । यसै साल देवकोटा दाजुलाई पालो दिने भइसकेका थिए । यसै क्रममा उनी आइ.एस्.सी. पढ्न त्रिचन्द्र कलेजमा भर्ना भए । यो अध्ययनका क्रममा शेली, वर्डस्वर्थ, शेक्सपियर वाइरन, एवम् मैथ्यु आर्नोल्ड जस्ता केही अङ्ग्रेजी कविहरूका कविता पढ्नतर्फ रुचि राख्न थाले । आइ.एस्.सी. पास गर्दा सर्वोत्कृष्ट अङ्क प्राप्त गरेर ठूलो सफलता हात पारे । प्रोफेसरबाट जीवनभर देखेको सबैभन्दा ठूलो सुगो हो भन्ने उच्चत्तर प्रशंसा पनि यसैबेला देवकोटाले पाए ।

ट्युशनको भारले च्यापेकै अवस्थामा अङ्ग्रेजी र गणित लिएर बी.ए. पढ्न थाले । यसैबेला नेपालको इतिहासमा ‘लाइब्रेरी पर्व’ नाम प्रसिद्ध वि.सं. १९८७ को घटना देवकोटासँग पूर्ण सम्बन्धित छ । पुस्तकालय खोल्ने विचारलाई आपराधिक ठानेर भीमशमशेरबाट देवकोटा लगायत अन्य केही साथीहरूलाई सजाय दिइयो वि.सं. १९८८ असारको अन्त्यतिर सरकारी छात्रवृत्ति पाएर देवकोटा पढ्न पटना गएका थिए । त्यतिबेला सरकारले देवकोटालाई छात्रवृतिका रूपमा मासिक ७० रूपैँया उपलब्ध गराएको थियो ।

पटना बसेकै समयमा देवकोटाले उत्तर भारतका विभिन्न ठाउँहरू प्रयाग, कानपुर, लखनउ, दिल्ली, आगरा आदिको भ्रमण गर्ने मौका पाए जसले गर्दा उनको ज्ञानको परिधि अझ फराकिलो बन्दै गयो ।

भीमशमशेर पछि जुद्धशमशेरको आगमनले गोरखा भाषा प्रकाशिनी समिति नेपाली भाषा प्रकाशिनी समितिका रूपमा वि.सं. १९८९ सालदेखि सक्रिय रहन थाल्यो । देवकोटा पटनाबाट काठमाडौँ आए । यसै समयतिर वा वि.सं. १९९० माघ २ गतेका दिन नेपालमा ठूलो भूकम्प आयो । भूकम्पले उपत्यकाको जीवनका साथै देवकोटाको जीवनमा समेत ठूलो हलचल पैदा गऱ्यो । पच्चीसजना जतिको ठूलो परिवार पाल्नका निम्ति दाजूलाई सहयोग गर्न तेह्र घण्टा ट्युशनको जाँतो चलाएर जीवन कर्मतिर फर्काए भने जीवनको रहस्य बुझ्न साहित्यमा रुमानी प्रवृत्ति ग्रहण गरेर साहित्यलाई प्रकृतितर्फ फर्काए । वि.सं. १९९१ मा आमाको मृत्यु भएपछि त्यसै सालको मंसिर १५ गतेको गोरखापत्रमा प्रकाशित देवकोटाको ‘पूर्णिमाको जलधि’ मा भावनाको बाढी उर्लेको, भाषामा त्यो अभिव्यक्त हुन नसकेको, हलचल मच्चिएको तथा हृदयमा गम्भीर सनसनीको भूकम्प नेपाली साहित्यमा एउटा नयाँ भूकम्प थियो ।

देवकोटाले नेपाली साहित्यमा ल्याएको प्रवृत्ति रुमानी, स्वच्छन्दतावादी रोमान्टिक वा छाँयावादी हो । त्यसबेला अङ्ग्रेजी साहित्यको रोमान्टिककालको अध्ययन थियो भनिन्छ, अङ्ग्रेजी साहित्यको उन्नाइसौं शताब्दी देवकोटालाई कण्ठ थियो ।[२] फलतः ‘गरीब’, ‘गाइन तिनले घँसिया गीत’, झरना आदि फूटकर कविता एवम् ‘मुनामदन’ जस्तो महत्त्वपूर्ण खण्डकाव्यको रचना गर्न पुग्दछन् ।

देवकोटाको साहित्यिक जीवन पद्य लेखनबाट शुरु भएको हो । अनि गद्य लेखन चाहिं निबन्धको माध्यमबाट प्रारम्भ भएको हो । उनको पद्यमा पाइने रुमानी प्रवृत्ति निबन्ध र आख्यान जस्ता गद्य लेखनमा पनि व्यक्त भएको छ । ‘आषाढको पन्ध्र’ (१९९३: कार्तिक, शा. ३:९) ठिटा-ठिटीहरूले हिलो छ्यापा छ्याप गरेको, असारे घाममा धानको बीउ कपालमा सिउरेको, खस्रो चिउराको खाजा खाएको, हाँसेको र जिस्केको वर्णन गर्न

[२] त्रिपाठी, **विचरण,** (काठमाडौँ : साझा प्रकाशन, २०३०), पृ. ८२ ।

त्यस्तै वि.सं. १९९५ मा 'घाँसी' 'किसान' 'बाल्यकाल' जस्ता कविता र 'फूल', 'निद्रा', 'भलाद्मी' एवम् 'पूर्व र पश्चिम' जस्ता निबन्ध रच्न पुग्दछन् । वि.सं. १९९६ मा देवकोटाको 'मने' नामक कथा पनि रचना भएको पाइन्छ ।

वि.सं. २००० सालदेखि देवकोटा भाषानुवाद परिषद्मा जागिरे भए । 'सुलोचना'/शाकुन्तला यसै जागिरे समयमा रचिएका काव्य हुन् । यि कृतिहरू नास्तिक सम र आस्तिक देवकोटाको चिन्तन मन्थनकै परिणामबाट देखा परेका हुन् । यस जागिरले देवकोटालाई सिर्जनामा अझ अग्रसर बनाएको पाइन्छ । यसै सालबाट नै उनले महाकाव्य लेखनको शुरुवात 'सुषमालोचन' महाकाव्यबाट गरेका थिए । 'लक्ष्मी निबन्ध' संग्रहमा प्रकाशित विभिन्न निबन्धहरूको लेखनमा पनि देवकोटा तल्लीन रहे । वि.सं. २००२ सालमा 'लक्ष्मी निबन्धसंग्रह' का अधिकांश निबन्ध र 'शाकुन्तल' जस्ता महाकाव्य तीन महिने कलम कुदाइ अनि दश दिने वेगवान् गतिमा 'सुलोचना' महाकाव्य जन्माउन पुगे । 'लुनी' जस्ता खण्डकाव्यहरू पनि जन्मेका हुन् ।

यसै समयमा देवकोटा वि.सं. २००३ साल असारमा प्राध्यापकका रूपमा त्रिचन्द्र कलेजमा भित्रिए । आफूले देखेका, भागेका विसङ्गति र विरोधाभासपूर्ण विषयहरूलाई व्याङ्ग्यात्मक ढङ्गबाट प्रकट गर्ने क्रममा 'बाघले बच्चा किन खान्छ', 'साँढे' जस्ता कविताको रचना गर्न पुगे । मकैपर्व, लाइब्रेरी पर्व एवम् शहीद पर्वबाट आक्रोशित देवकोटाको अन्तर्मनलाई राणाकालीन निरंकुशताले अत्यन्त पीडित बनाई छाड्यो यसै कारणले प्राध्यापकीय इज्जत, उत्कृष्ट साहित्यकारको सम्मान ईष्टमित्रको आदर एवम् पत्नी छोराछोरीको मायालाई समेत छोडेर वि.सं. २००४ सालमा राणा विरोधी आन्दोलनमा सक्रिय हुँदै बनारस प्रस्थान गर्न पुग्दछन् । यसै सालमा देवकोटाका साहिँला छोरा कृष्णप्रसादको उपचारको अभावमा मृत्य हुन्छ भने काशीमा देवकोटाको आर्थिक अवस्था झन् दयनीय हुन पुग्दछ ।

वि.सं.२००४ सालकै माघ १३ गतेदेखि बनारसबाट प्रकाशित हुने युगवाणी पत्रिकाका सम्पादक बन्न पुगे । आफ्ना क्रान्तिकारी विचारधारालाई समेट्दै वि.स.२००५ सालमा 'पहाडी पुकार' जस्तो कृति प्रकाशित हुन पुग्छ । पत्नीको आग्रहका कारण उनी नेपाल फर्कन बाध्य भए भने नेपाल फर्केपछि आर्थिक समस्याले सताँउदा । कुनै दाताले दिएको कम्बल १८ रूपैँयामा बेची साहित्य सेवामा तल्लीन रहे भने दाल भात डुकुको समस्या समाधान गर्ने हालतमा उनी पुगे ।[३]

वि.सं. २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि वि.सं २००८ सालमा नेपाली शिक्षा परिषद्को स्थापना भयो । त्यसै संस्थामा देवकोटाले मासिक रु. १५० तलब पाउन थाले । वि.सं. २००९ सालको नववर्षारम्भमा श्री ५ त्रिभुवनबाट सल्लाहकार समितिको पुर्नगठन हुँदा देवकोटा पनि गैरसरकारी सदस्यको रुपमा मनोनित भए ।[४] यसै साल दार्जलिङ्ग जाँदा प्रीति भोजमा पारसमणि प्रधानले उनलाई इलेक्ट्रिक (बिजुली) कविको उपाधि दिएका थिए ।

[३] चूडामणि बन्धु, **देवकोटा,** (साझा प्रकाशन, २०४६), पृ. ३०७ ।

[४] पूर्ववत्, पृ. ३१९ ।

देवकोटाको 'प्रमिथस' महाकाव्य स्वयम् देवकोटा अभिव्यञ्जित सुरुदेखि अन्तसम्मको वेदनामय कथा हो ।

वि.सं. २००२ सालमा देवकोटाको अध्यक्षतामा साहित्य एकेडेमीको स्थापना गर्नका निम्ति एउटा प्रारम्भिक समिति बनेको थियो । यसैसाल चैत्र १८ गते रानीबाट त्रिभुवन विश्वविद्यालय कमिशनका सदस्यका रूपमा देवकोटा पनि मनोनीत भए ।[५]

यसै सालको अन्त्यमा प्रस्तावित काव्य प्रतिष्ठानको स्थापना भयो । यसको मुखपत्र 'इन्द्रेनी' प्रकाशित हुनुका साथै सम्पादक लक्ष्मीप्रसाद देवकोटा रहन पुगे । वि.सं २०१३ सालतिर आईपुग्दा देवकोटाको मैतीदेवीको घर कविताकुञ्ज मात्र नभई कविता कारखाना नै बन्न पुगको थियो । यसै बर्ष भारतको दिल्लीमा भएको पहिलो अफ्रो एशियाली लेखक सम्मेलनमा काव्य प्रतिष्ठानबाट देवकोटाको नेतृत्वमा लेखक/कविहरू सहभागी बन्न पुगेका थिए ।

नेपालमा विश्वविद्यालयको स्थापना गर्ने योजना सफल पार्न भारतका विभिन्न विश्वविद्यालयहरू अध्ययन निरीक्षणका निम्ति घुम्ने क्रममा उनको स्वास्थ्यमा एक्कासी केही समस्या देखा पर्न थाल्यो । कलकत्तामा एक डाक्टरले उनलाई ग्यास्ट्रिक अल्सर छ भन्ने पत्ता लगाए ।

काठमाडौँ फर्केपछि अप्रेशन गर्न अनिवार्य भइसकेको भए तापनि खर्चको अभावमा सम्भव थिएन । तर तत्कालीन राजा श्री ५ महेन्द्रबाट भा.रु. ५०००/- प्राप्त भयो र कलकत्तामा गएर अप्रेशन गरियो । उनलाई क्यान्सर भएको सत्य लुकाएर अल्सर भएको भनिएता पनि सत्य लुकाएर लुकेन नेपाल एकेडेमीको सदस्य समेत रहेका देवकोटालाई थाहा भयो । उनी निराश हुँदै गए । वि.सं २०१५ सालमा रुसको तासकन्दमा भएको अफ्रोएशियाली लेखक सम्मेलनमा उनले प्रस्तुत गरेको गरिमायुक्त रिपोर्टबाट सबैभन्दा बढी प्रभावित रसियाली लेखिका आगानीना भएकी थिइन् ।[६] तासकन्द सम्मेलनबाट फर्केपछि अनुमतिविना गएको भनेर एकेडेमीले उनले पाइरहेको भत्ता रोक्यो । यसले देवकोटामा झनै मानसिक चिन्ता बढ्न पुग्यो । तर केही समयपछि एक महिनाको तलब रोकेर अरू दिने निर्णय गर्‍यो । देवकोटामा शारीरिक पीडा बढ्दै गएकाले विद्यार्थी, संस्था, श्री ५ लगायतको सहयोगमा उनलाई पुनः कलकत्ता उपचारार्थ लगियो । केही समय उपचार गराएपछि काठमाडौँ फर्केका देवकोटालाई पेटको क्यान्सरले अझै सिकिस्त बनायो, रगतको न्यूनताका कारणले उनमा शारिरीक कमजोरी निकै बढ्यो । उनलाई रगत दिनु पर्ने भयो ।

देवकोटा असह्य पीडा सहेर जीवनका शेषघडी बिताइरहेका थिए । इष्टमित्र र दाजुभाइसँग पोटासियम साइनाइड माग्थे । उनलाई वि.सं. २०१६ साल भदौ २७ गते शान्त भवनबाट आर्यघाट लगियो । आखिर यसरी आर्यघाट लगिएको २ दिनपछि नै वा वि.सं २०१६ भदौ २९ गते साँझ ६:१० मा आफ्नो जीवन विसर्जन गर्न पुगे ।

यसरी देवकोटाको जीवन नेपाली साहित्यकै पर्यायवाची भएर विलिन भयो । देवकोटाको आँसु, हाँसो, विरह, वेदना तथा विद्वता वा राष्ट्रप्रतिको समर्पित आदि व्यक्तित्व भन्ने स्पष्ट हुन्छ । यसबाट देवकोटाको साहित्यिक जीवन बहुमुखी थियो । उनको कवि र

---

[५] पूर्ववत्, पृ. ४०१ ।


[६] पूर्ववत्, पृ. ४७१ ।

निबन्धकार व्यक्तित्व नेपाली साहित्यमा अविजेय र विश्वसाहित्य कै हाराहारीमा मूल्याङ्कित हुन पुगेको छ ।

## २.१ देवकोटाका गद्यको विभाजन

नेपाली सिर्जनात्मक साहित्याकाशका एक विशिष्ट साधकका रूपमा चिनिने महाकवि लक्ष्मीप्रसाद देवकोटाले पद्यका फाँटमा मात्र नभएर गद्यका फाँटमा पनि उत्तिकै महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

देवकोटाका सिर्जनात्मक गद्यलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।




देवकोटाको गद्यको उपर्युक्त अनुसार वर्गीकरण गर्दा सिर्जनात्मक र समीक्षात्मक दुई रूपमा स्थापना गर्न सकिन्छ । सिर्जनात्मक गद्य अन्तर्गत- कथा, नाटक, उपन्यास, निबन्ध पर्दछन् भने समीक्षात्मक गद्य अन्तर्गत- जीवनीमूलक कृतिमूलक र सिद्धान्तमूलक पर्दछन् । यिनीहरूको चर्चा निम्नानुसार गर्नु उपयुक्त हुन्छ :

### २.१.१ समीक्षात्मक गद्य

यस अन्तर्गत देवकोटाले विभिन्न तीन किसिमका गद्यको रचना गरेको पाइन्छ ती निम्न छन् :

१. जीवनीमूलक समीक्षात्मक गद्य

२. कृतिमूलक समीक्षात्मक गद्य

३. सिद्धान्तमूलक समीक्षात्मक गद्य

**१. जीवनीमूलक समीक्षात्मक गद्य**

यस्तो किसिमको गद्यमा देवकोटाले कुनै एउटा व्यक्ति वा कविको जीवन सम्बन्धमा रचना गरेको गद्यलाई लिन खोजिएको हो । यस्तो निबन्ध 'पण्डित लेखनाथ पौड्यालको विषयमा' 'नेपाली साहित्यको सर्वश्रेष्ठ पुरुष' 'लक्ष्मी निबन्ध सङ्ग्रहमा सङ्गृहीत' निबन्ध हो ।

**२. कृतिमूलक समीक्षात्मक गद्य**

कृतिमूलक समीक्षात्मक गद्य पनि देवकोटोको समालोचनात्मक गद्यको अर्को पक्ष हो । यस किसिमको लेखनमा कुनै एउटा कृतिको भित्र रहेका राम्रा नराम्रा विशेषताको समीक्षा गर्ने काम गरिन्छ । यस्तो गद्यको रचनामा 'सभापतिको भाषण', 'नाट्य संघको उद्घाटन', 'नेपाली साहित्य' जस्ता 'तरुण तपसी प्रदक्षिणा' हरू पर्दछन् ।

**३. सिद्धान्तमूलक समीक्षात्मक गद्य**

सिद्धान्तमूलक समीक्षात्मक गद्य पनि देवकोटाको समालोचनात्मक गद्य अन्तर्गत तेस्रो पाटो हो । यसमा कुनै पनि कला चिन्तनको पक्षलाई केन्द्र वनाएर सिर्जना गरेका रचना कस्तो रूपमा कुन सिद्धान्तका आधारमा लेख्ने भन्ने कुरा स्पष्ट हुन्छ । सिद्धान्तमूलक समीक्षात्मक गद्यमा 'कला र जीवन', 'कल्पना', 'छन्द र लय', 'साहित्यमा शिवत्व' आदि पर्दछन् । त्यस्ता निबन्धहरूमा सैद्धान्तिक मत अभिमत प्रस्तुत गर्न प्रयत्न गरिएको हुन्छ । त्यसैगरी देवकोटाले सिर्जनात्मक गद्य अन्तर्गत पनि कथा उपन्यास, नाटक र निबन्धको पनि रचना प्रचुर मात्रामा नभए पनि महत्त्वपूर्ण रूपमा गरेका छन् । यिनीहरूको चर्चा क्रमशः गरिन्छ ।

१. कथा

२. नाटक

३. उपन्यास

४. निबन्ध

**१. कथा**

सिर्जनात्मक गद्य अन्तर्गत रचना गरिएको एउटा महत्त्वपूर्ण विधा कथा हो । कथाको एउटा संग्रह 'लक्ष्मी कथा संग्रह, प्रकाशित भएको छ । यसमा सङ्कलित कथाहरूमा सामाजिक कुरीति र कुसंस्कारको तीव्र रूपमा आलोचना गरिएको छ । मानिस आफै खराब होइन तर उसभित्रको कमजोरी युक्त चेतले मात्र खराव हुन पुग्दछ भन्ने कुरा उनका कथाले प्रस्तुत गर्दछन् । त्यस्तै आफ्नो इच्छा पूरा गर्न मानिस सबैसँग विद्रोह गर्न तयार हुन्छ भन्ने कुरा 'शिशिली आफैँले बिहे गरी' कथा मार्फत अभिव्यक्त भएको छ ।

**२. नाटक**

देवकोटाले गद्यका रूपमा कलम चलाएको अर्को विद्या नाटक हो, उनको 'सावित्री सत्यवान्' नामक एउटा मात्र नाट्यकृति प्रकाशित भएको छ । यस नाटकमा जतिसुकै कठिन परिस्थितिमा पनि प्रेमले काललाइ समेत जित्दछ भन्ने तथ्य प्रस्तुत गरी कुनै पनि काममा लगनशील, विश्वस्त र समर्पित भएर लागेमा त्यसमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने तथ्य समेत प्रस्तुत गरेको पाइन्छ ।

## ३. उपन्यास

देवकोटाले कलम चलाएको गद्यको अर्को पक्षका रूपमा उपन्यासलाई लिन सकिन्छ । उनको 'चम्पा' नामक उपन्यास प्रकाशित भएको छ । यस उपन्यासमा कुनै पनि मानिसले आफ्नो कल्पनाको संसार एउटा रूपमा सजाएको हुन्छ भने वास्तविकता अर्कै परिणाममा प्रकट हुन पुग्दछ । संसार आफूले चाहेजस्तो र सोचेजस्तो हुँदैन तै पनि त्यसलाई स्वीकार्नु पर्छ भन्ने यथातथ्यलाई प्रस्तुत गर्ने काम देवकोटाले यस उपन्यास मार्फत गरेका छन् ।

## ४. निबन्ध

देवकोटाले गद्यविधाका फाँटमा सशक्त रूपमा कलम चलाएको अर्को महत्त्वपूर्ण विधा निबन्ध हो । लक्ष्मी निबन्ध संग्रह' र 'दाडिमको रुखनेर' को माध्यमबाट निबन्धकार बनेका देवकोटाका सिर्जनात्मक मान्यताहरू स्पष्ट रूपमा देखापरेका छन् ।

प्रस्तुत अध्ययन मुख्यतः निबन्ध विधामै केन्द्रित रहने भएकोले (त्यसमा पनि लक्ष्मी निबन्ध संग्रहका केही प्रतिनिधि निबन्धमा) यथास्थानमा यसको अध्ययन हुने नै छ ।

देवकोटाका निबन्धको वर्गीकरण अर्को किसिमले पनि गर्न सकिन्छ ।

### १. प्रबल कवितात्मक

देवकोटा मूलतः कवि भएकाले उनका जुनसुकै विधाको सिर्जनामा सहृदयी भाव व्यक्त भएको पाइन्छ । उनका निबन्धमा प्रयोग भएका वाक्यहरूमा भएको कवितात्मक कोमलताले गद्य कविता समेत बन्न पुग्दछन्, उनका निबन्धका केही हरफहरू पूर्ण कवितात्मक छन् जुन सुन्दा कविताको अंश हो वा गद्यको अंश हो छुट्ट्याउन मुस्किल पर्छ । जस्तैः

कविलाई त्यहाँबाट लेख्न मन लागोस् जहाँ मानव आँसुहरू प्राकृतिक भावमा पग्लिन्छन्, जहाँ सत्यको आमन्त्रण आत्मामा सुन्दरको ध्वनिमा प्रकटीकृत हुन्छ ।[७]

क) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष

ख) सरिताको कलकलामा

ग) के नेपाल सानो छ ?

### २. गौण कवितात्मक

देवकोटाका केही निबन्धहरू गौण कवितात्मक वा विशुद्ध गद्य रूपमा पनि रहेका छन् । यस्ता निबन्धहरूमा चाहिं पढ्दा कविताका अंशभन्दा गद्य कै अंश बढी फेला पार्न सकिन्छ । यस्ता निबन्धहरू निम्न रहेका छन् :

१. श्री गणेशाय नमः

---

[७] लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्धसङ्ग्रह' पृष्ठ २२ ।

२. पहाडी जीवन

३. मेरी शिशु ।

देवकोटाका निबन्धलाई तालिकामा यसरी देखाउन सकिन्छ :

देवकोटाका निबन्धको वर्गीकरण

| प्रबल कवितात्मक | गौण कवितात्मक |
|---|---|
| क) सरिताको कल्कलमा | क) पहाडी जीवन |
| ख) के नेपाल सानो छ ? | ख) सुकुलमाथि |
| ग) छन्द र लय | ग) लेख्ने बानी |
| घ) कल्पना | |
| ङ) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष | |
| च) हास्यरस | |
| छ) कला र जीवन | |
| ज) श्री गणेशाय : नम | |

## २.२ गद्यको भाषिक स्वभाव

गद्यको भाषिक स्वभावको अध्ययन गर्ने क्रममा निम्नलिखित आधारमा उनको भाषिक स्वभावलाई विभाजन गरी स्वरूप निर्धारण गर्न सकिन्छ । त्यो स्वभाव उनका गद्यमा प्रयोग भएका एक्लो शब्द, समस्त शब्द, शब्द समूह वाक्यांश र वाक्यको तहसम्म रहेका जीवन प्रयोग र प्रवृत्तिलाई निरूपण गर्न निम्न आधारहरू अवलम्बन गर्नु उपयुक्त हुन्छ -

१) एक्लो शब्द

२) समस्त शब्द

३) शब्दावली/शब्दसमूह

४) वाक्यांश

५) वाक्य

### १. एक्लो शब्द

एक्लो शब्द त्यस्तो शब्द हो । जसले वाक्यको विशिष्ट अर्थ वा अनुभूति प्रकट गर्दछ । यस्ता शब्दको निर्माण एक्लो रूपमा हुन्छ वा त्यस्ता एक्ला शब्द आफैँमा परिपूर्ण रही अर्थ प्रदान गर्न सक्ने क्षमताका हुन्छन् । जस्तै : लक्ष्मीप्रसाद देवकोटाको के नेपाल सानो छ ? निबन्धभित्र प्रयुक्त एक्ला शब्दहरू छन् जुन निम्न छन्-सुन्दर, शान्त, विशाल, नेपाल, ककनो ।

### २. समस्त शब्द

समस्त शब्द त्यस्तो शब्द हो जुन शब्द एक वा सोभन्दा बढी शब्दहरूको योजनबाट निर्मित भएको हुन्छ । यस्तो शब्द एक्लै आएर अर्थपूर्ण हुन सक्दैन अर्थपूर्ण हुनका लागि दुई शब्द एक आपसमा संयोजित भएर आउनु पर्दछ । जस्तै : चाँदी, रित्तोपट, नैरिक्षक आदि ।

### ३. शब्दावली/शब्दसमूह

शब्दावली वा शब्दसमूह त्यस्तो शब्दहरूको समूहलाई भनिन्छ । जो दुई वा दुईभन्दा बढी शब्दहरूबाट बनेको हुन्छ । यसले अर्थमा पनि व्यापकता प्रदान गर्दछ । जस्तैः घच्चाघमासान, हिमगिरिशिला, भावुकनैर्मल्य आदि ।

### ४. वाक्यांश

वाक्यांश भन्नाले वाक्यांशका तहमा रहेका जतिसुकै शब्दहरूको प्रयोगबाट आउने नयाँ अर्थ वा तात्पर्यलाई नै वाक्यांश भनिन्छ । यस्ता वाक्यहरूमा एउटा वा दुईओटा शब्द कुनैले पनि उचित अर्थ प्रदान गर्न नसकी वाक्यको केही अंश नै नछोडी लेख्दा मात्र वा भन्दा मात्र अर्थ स्पष्ट हुन पुग्दछकेही अंश नै नछोडी लेख्दा मात्र वा भन्दा मात्र अर्थ स्पष्ट हुन पुग्दछ । जस्तै : रजनी घनीभूत मोतीदाने शीतलव, (के नेपाल सानो छ ?) मनुष्य मनुष्यलाई मनुष्यको दृष्टिले हेर्ने (ऐ.) आदि ।

### ५. वाक्य

वाक्य भन्नाले कुनै पनि वाक्य तहमा रहेर नयाँ र  विशिष्ट अर्थ दिने तहलाई लिइन्छ । यसमा एउटा शब्द, समस्तशब्द, शब्दावली वाक्यांश आदिले दिएको अर्थ जस्तै वाक्यको पूरै उपयोग भएमा मात्र अर्थ प्राप्त गर्न सकिने हुँदा यसलाई वाक्य तहमा लिने भनिएको हो । जस्तै हीरा सानो हुन्छ, मोती सानो हुन्छ,  मिस्टभाषी निर्मल शिशु सानो हुन्छ, आँखाको नानी सानो हुन्छ, मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ, यही छन् बेबिलोनका ह्यांगिङ गार्डेन्स, झूलन वाग, यही छन् तीनसय नायगरा फल्स, चीनको पर्खाल सात आश्चर्यमा गन्नेले यी नेपाली किनारका महान् पर्खालमा आश्चर्य नदेख्नु नेपाली नहुनुको अन्धता हो आदि । यस कथनमा वाक्यको पूरै आयतन गरी विशिष्टता समाहीत भएको छ ।

यसरी भाषिक स्वभाव अध्ययन गर्ने क्रममा शब्ददेखि वाक्य तहसम्मको वर्गीकृत अध्ययन क्रमलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ -

१) भाषिक सिप

२) बिम्ब योजना

३) प्रतीक योजना

४) अलङ्कार

५) शैली

## २.३ भाषिक विचलन

निबन्धकार देवकोटामा कवि व्यक्तित्वको पनि प्रभाव परेको पाइन्छ । कवितामा जस्तो व्यापक रूपमा शब्दलाई भाँचकुच पार्ने र भावलाई अभिव्यक्त गर्ने नयाँ शब्दावलीको सिर्जना गर्ने उनको प्रवृत्ति निबन्ध क्षेत्रमा कवितामा जति धेरै छैन । तर भावको प्रवाहमा पर्दा निबन्धको सूत्रलाई लिएर अनुभूतिको पोखाइमा उनी प्रवाहित भएका हुन्छन् । यस्तो स्थितिमा कहीँ कहीँ नयाँ र क्लिष्ट शब्दहरूको पनि प्रयोग गर्दछन् । यति हुँदाहुँदै पनि कवित्वमय भाषा प्रयोगद्वारा भाव गाम्भीर्य र स्तरीयता प्रदान गर्नु उनको विशेषता हो । उनले निबन्धमा अलङ्कार, बिम्ब, प्रतीक जस्ता पक्षलाई सजाएर कलात्मकता पूर्वक समावेश गरेका छन् ।

विभिन्न भाषाका ज्ञाता निबन्धकार देवकोटाले संस्कृत र अङ्ग्रेजी जस्ता शब्दका भाषा प्रयोग पनि निबन्धमा गरेका छन् । यसले निबन्धमा अवरोध नआई झन् रोचक र आकर्षण थपिएको छ र उच्चस्तरका भएका छन् । भाषाको व्याकरणात्मक विचलन निम्न आधारमा गर्न सकिन्छ ।

नामको विचलन

सर्वनाम पक्षको विचलन

क्रियाको विचलन

विशेषणको विचलन

लोकविश्वास, प्रचलन र मर्यादाको विचलन

आर्थिक विचलन आदि

माथिका विभिन्न आधारमा भाषिक विचलनको अध्ययन र विश्लेषण गर्न सकिने भएपनि मुख्य रूपमा निम्नानुसार गर्न सकिन्छ :

क) क्रियामा विचलन

ख) साँस्कृतिक विचलन

ग) लोकविश्वास, लोकप्रचलन, मर्यादा आदिमा विचलन

घ) अर्थगत विचलन

## क) क्रियागत विचलन

क्रियामा विचलन देवकोटाको भाषागत वैशिष्ट्य हो । क्रियामा विचलन हुनाले निबन्ध सुन्दा र पढ्दा अनौठो लाग्दछ । सानो छ तर स्वर्ग छ, अल्प छ तर आँखो छ, खुट्टा (छुट्ट?) छ तर आफैं विश्व छ, दूर छ तर दूरताको दिव्य जादू ।[८]

## ख) साँस्कृतिक विचलन

सांस्कृतिक रूपमा विचलन पनि देवकोटाको निबन्धात्मक वैशिष्ट्य मान्न सकिन्छ । परम्परा जोगाउनु पर्ने, समय समयमा ज्ञान विज्ञान र पुरातन आस्था आदि सबैमा विश्वास गर्न सकिने वातावरण रहेको विचलन नै संस्कृतिक विचलन अन्तर्गत पर्दछ ।

हीरा सानो हुन्छ; मोती सानो हुन्छ; मिष्टभाषी निर्मल शिशु सानो हुन्छ, आँखाको नानी सानो हुन्छ ।[९]

## ग) लोकविश्वास प्रचलन मर्यादा आदिमा विचलन

यस्तो विचलन देवकोटाका प्रायःजसो निबन्धहरूमा पाइन्छ लोकविश्वास, लोकप्रचलन मर्यादा आदिमा विचलनहरू पाइन्छन् । यिनलाई पनि विश्वासगत विश्लेषणको वैशिष्ट्य नै मान्न सकिन्छ ।

यो सानो टुक्रा हिमालय पहाडको रेखामा सानो कोठमा जस्तो लाग्दछ ।[१०]

जो नेपाली होइन र नक्कलपन चाहन्छ, उसलाई सरलता राम्रो लाग्दैन, पहाडका शिशुहरू सन्तोष अनुभव गर्दछन्, मैदानका ताता मगजहरू खाली असन्तोषमा उम्लिरहेछन् ।[११]

## घ) अर्थगत/आर्थिक विचलन अर्थमा विचलन

देवकोटाका निबन्धमा अर्थमा पनि विचलन पाइन्छ । पाठकले निबन्ध सरसर्ती पढ्दा एउटा अर्थ लाग्दछ भने गहिरिएर पढ्दा अर्कै अर्थ लाग्दछ । उनका निबन्धका प्रत्येक शब्दको अर्थ भिन्दा भिन्दै बुझ्न कठिन पनि छ । त्यसैले अर्थमा विचलनलाई देवकोटाको प्रमुख वैशिष्ट्य मान्न सकिन्छ ।

यो भारतमाताको मुटु फेला पार्ने थोरै छन् किनकि यो पर्वतस्तनको भित्र गहिराइमा छिपेको छ ।[१२]

---

[८] देवकोटा लक्ष्मीप्रसाद, लक्ष्मी निबन्ध सङ्ग्रह, सोह्रौ सं. (काठमाडौं : साझा प्रकाशन, २०६१) पृ. ५१ ।

[९] ऐजन, पृष्ठ ५१ ।

[१०] ऐजन ।

[११] ऐजन, पृष्ठ ५३ ।

[१२] ऐजन पृ. ५५ ।

## २.४ बिम्ब योजना

बिम्ब योजना पनि देवकोटाका निबन्धको भाषागत वैशिष्ट्य प्राप्त गर्न सकिन्छ । बिम्बद्वारा निबन्धको भित्री तहसम्म नै पुगेर अर्थलाई परिपुष्टता दिने काम गर्नुका साथै बिम्बका प्रयोगहरू निबन्धमा प्रचुर मात्रामा भएका छन् ।

जहाँ ढुङ्गामा चाँदीजिभ्रा छन् । झ्याउका मोती छरिएका छन् । जहाँ जालमा दिव्य भाषण जहाँ पत्रहरू सजीव दुनियाँका हलचल झैँ हमेशा बोलिरहेछन् ।

## २.५ प्रतीक योजना

निबन्धकार देवकोटाले आफ्ना निबन्धमा अत्यधिक नवीन र गहन अर्थवाहक प्रतीकहरूको प्रयोग गरेका छन् ।

यहाँ बाग्नर कोदाली खनिरहेछन्, शेक्सपियर हलोजोत्दा हुन्, टिसियन र टर्नर भेडा चराउँदा हुन् ।[१३] यिनले प्रतीक योजनाको काम गरेका छन् ।

## २.६ अलङ्कार

निबन्धकार देवकोटाले आफ्ना निबन्धमा अलङ्कारको प्रचुर मात्रामा प्रयोग गरेका छन् । आलङ्कारिकताले गर्दा उनका निबन्धको भाषा लालित्यपूर्ण बन्न गएको छ । थोरै शब्दमा धेरै भावनाहरूको अभिव्यक्ति सुन्दर रूपबाट आलङ्कारिकताले गर्दा भएको हुन्छ । तर ठिक ठाउँमा अलङ्कारको प्रयोग भएन भने अशोभनीय प्रतीत हुन्छ । उनका निबन्धमा प्रयुक्त अलङ्कार अशोभनीय स्थितिमा नभई सुन्दर शोभायुक्त रूपमा प्रयोग भएका छन तिनले आभूषणको काम गरेका छन् ।

**मनुष्य मनुष्यलाई मनुष्यको दृष्टिले हेर्दछ ।**

वाक्य गठनका दृष्टिले पनि देवकोटाका निबन्धहरू व्याकरणिक विचलन भएर पनि कवितात्मक संबेद्य छन् । लामा लामा वाक्य गठनले गर्दा भाषा, व्याकरणमा निबन्धको सरल प्रवाह रोकिएको र त्यसले क्लिष्टता पनि ल्याएको छ । जटिल किसिमका संयुक्त र मिश्र वाक्यको अत्यधिक प्रयोगले गर्दा उनका निबन्धमा अवरोध उत्पन्न भएको छ ।

देवकोटाका दुई सङ्ग्रहमा गरेर धेरै निबन्ध रहेका छन् तापनि यहाँ तिनका नमूना मात्र प्रस्तुत गर्न ‘लक्ष्मी निबन्ध सङ्ग्रह’ का पनि जम्मा चारओटा निबन्ध लिएको छ । यी निबन्धहरूमा सिर्जनात्मक निबन्ध अन्तर्गत ‘के नेपाल सानो छ ?’, सिद्धान्तमूलक निबन्ध अन्तर्गत ‘छन्द र लय’, कल्पना सम्बन्धि मान्यता अंगालेर लेखिएको निबन्ध अन्तर्गत कल्पना निबन्ध र समालोचनात्मक निबन्ध अन्तर्गत ‘पण्डित लेखनाथ पौड्यालको विषयमा’ रहेका छन् ।

---

[१३] ऐजन, पृ. ५३ ।

# तृतीय अध्याय

# देवकोटाका केही निबन्धमा भाषिक प्रयोगको अध्ययन, विश्लेषण र मूल्याङ्कन

## ३.१ के नेपाल सानो छ ?

**के नेपाल सानो छ** ? नेपाली निबन्धका श्रष्टा लक्ष्मीप्रसाद देवकोटाको विशुद्ध सिर्जनात्मक दृष्टि अँगालेर लेखिएको निबन्ध हो । यस निबन्धमा देवकोटाले आफ्नो मौलिक सिर्जना चेत प्रयोग गरेका छन् । यसको शीर्षकमा नै **के नेपाल सानो छ** ? भनी प्रश्न चिह्नले नै बिम्बात्मक अर्थ प्रदान गरेको छ । उनले यसको शीर्षकबाट नै नेपाल सानो होइन ठूलो छ भन्ने तर्क प्रस्तुत गरेका छन् ।

यस निबन्धमा विभिन्न ठाउँमा भाषाको विचलन भएको छ । त्यस्तो विचलनहरूमा नाम, सर्वनाम, विशेषण, क्रिया, प्रकरण र सन्दर्भमा आदिमा व्याकरणिक विचलन भएका छन् । यसरी विचलन हुने क्रममा कहीँ कतै क्रियारहित वाक्यको पनि प्रयोग भएको पाइन्छ । जस्तै : सुन्दर, शान्त, विशाल !

### ३.१.१ बिम्बहरूको अध्ययन

'के नेपाल सानो छ ?' निबन्धमा प्रयुक्त बिम्बहरूको अध्ययन निम्नानुसार गर्नु उपयुक्त हुन्छ ।

भूमण्डलको नक्शा पल्टाएर हेर्दा नेपाल सानो छ । तर सानो भए पनि त्यहाँ विशालताको भावना यथेष्ट रूपमा भएको पाइन्छ ।

**यो सानो बुँद महासागरमा त्यसै बिलाए जस्तो देखिन्छ ।** (ल.नि.सं. पृ. ५१)

नेपाल देश सानो छ र वरिपरि भारत र चीन जस्ता ठूला राष्ट्रले घेरिएको हुनाले यसको परिमाण वा आयतन एउटा बुँद जस्तो छ । यो त पानीको **सानो बूँद महासागरमा त्यसै बिलाएजस्तो** देखिन्छ । जसरी पानीको सानो बूँदको महासागरमा छुट्टै अस्तित्व नभएको भान पर्छ । त्यसैगरी नेपाल पनि संसारका ठूला-ठूला राष्ट्रहरूको बीचको भएको हुनाले यसको अस्तित्व पनि छैन भन्ने भान कतिपयलाई पर्न सक्छ । तर यो देशले आफ्नो छुट्टै पहिचान कायम गरेको छ । यसले कहिल्यै पनि अर्काको परधिनता स्वीकार नगरी आफ्नो अस्तित्व र छुट्टै पहिचान कायम गरेको छ भनी सानो बुँदमा वृहत् आयतनको बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**यो सानो टुक्रा हिमालय पहाडको रेखामा सानो कोठा जस्तो लाग्दछ**

प्रस्तुत वाक्यमा एउटा सानो टुक्रा शब्दावली प्रयोग भएको छ । यसले एउटा सानो कोठामा सम्पूर्णता पाउन सके जस्तै वा भनौँ जसरी सम्पूर्ण कुरा अटाएको हुन्छ । त्यसैगरी यस देशमा पनि त्यस्ता महत्त्वपूर्ण आवश्यक तत्त्वहरू अटाएका छन् । सानो छ तर यहाँ (

सम्पूर्णता) सबै कुरा घाम, छाया, पानी, जाडो, गर्मी आदि सबै पाउन सकिन्छ । प्राकृतिक विविधताले धनी छ भन्ने अर्थ यसले बिम्बात्मक रुपमा प्रष्ट पारेको छ ।

**यो शान्तिको हरियो राजधानी जस्तो पृथ्वीको सानो प्यारो टुक्रालाई अघि बढेर देखाउनुभन्दा आफूलाई छिपाउनुमा ज्यादा रुचि देखाउँछ ।** (पृ.ऐ.)

देवकोटाले अनुभूत गर्दाको समयसम्म यो सानो देश भए पनि सधैँ हराभरा भइरहने **शान्तिको हरियो राजधानी जस्तो** पृथ्वीको (परिमाणका आधारमा सानो भएपनि) सानो तर प्यारो (सबैको प्रिय) **टुक्रालाई आफू अघि बढेर देखिनु भन्दा छिपाउनुमा रुचि देखाउँछ ।** अनि शान्ति भन्ने कुरा हरियो नहुने र यसले हेर्नु र देख्नुमा कुनै सम्बन्ध नराख्ने हुनाले हरियो शब्दले सिर्जनात्मकताको बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**संसारको घच्चाघमांसानमा पसीना काढी हिस्सा लिनुभन्दा ध्यान र ज्ञानको गङ्गातिर हिमागिरीशिला यसलाई ज्यादा मनपर्छ ।** (पृ.ऐ.)

देवकोटाले आफ्नो बाल्यकाल बिताउँदाका समयको नेपाललाई संसारको लडाइँ झैँ झगडा नहुने देशका रुपमा पाएका थिए र त्यस्ता गतिविधिमा भाग लिनुभन्दा ध्यान र ज्ञानको गङ्गातिर (पवित्रताको संकेत) र हिमगिरिशिला हिमालय पर्वतले सधैँ अटल रहने र दृढ अठोटको बिम्ब प्रस्तुत गर्दछ । यस प्रकारको क्रियाकलाप देवकोटालाई धेरै मन पर्दछ । यहाँ **हिमगिरिशिला** शब्दले दृढ निश्चयी भावको बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**आधुनिकतामा जिज्ञासा राखे तापनि यो प्राचीनको पुजारी हो ।** (पृ.ऐ.)

नेपाल आधुनिकतामा प्रवाहित हुन खोजेपनि यसले पुरानो परम्परा रीति रिवाज चालचलन आदिलाई मन पराउँछ र पुरानो संस्कृतिको उत्थान र अनुसरण गर्न चाहन्छ भन्ने अर्थमा **प्राचीनको पुजारी** शब्दावलीले बिम्बात्मक अर्थ प्रकट गरेको छ ।

**आजसम्म लुकामारी खेलेर, हिजोको सुनौला प्रभातको सपना देख्न चाहन्छ ।** (पृ.ऐ.)

नेपाल देशले आजसम्म लुकामारी खेलेर वा देखिँदै र लुक्दै गरेर आएका भएपनि र आधुनिकतामा पदार्पण गर्न चाहे पनि आफ्नो **हिजोको सुनौलो प्रभात**लाई सभ्यताको विकास गरेर सुनौलो बिहानीको सपना चाहिरहेको छ भन्ने बिम्बात्मक अर्थ माथिको शब्दले प्रदान गरेको छ । ह

**सानो छ तर स्वर्ग छ, अल्प छ तर आँखो छ, खु(छु ?)ट्टा छ/ तर आफैँ विश्व छ, दूर छ तर दूरताको दिव्य जादू ।** (पृ.ऐ.)

**सानो** भए पनि **स्वर्ग** रमणीय छ वा सानो भए पनि यो सबै नजरमा परेको छ, **खुट्टा** भए पनि यो सबैका सामु **विश्व** जस्तै भएर प्रकटिकृत भएको छ । धेरै टाढा भए पनि यसमा टाढापनको मिठास पनि रहेको पाउन सकिन्छ अनि मिठास र अनौठो किसिमको जादूगरी (चटकमटक) पाउन सकिने कुरालाई माथिका रेखाङ्कित शब्दले बिम्बात्मक रुपमा अर्थ स्पष्ट पारेका छन् ।

**हीरा सानो हुन्छ, मोती सानो हुन्छ, मणि सानो हुन्छ, मिष्टभाषी निर्मल शिशु सानो हुन्छ । आँखाको नानी सानो हुन्छ ।** (पृ.ऐ.)

**हीरा, मोती, मीठो बोल्ने शिशुहरू साना** हुन्छन् त्यस्ता बहुमूल्य वस्तुहरूको मूल्य उच्च भए जस्तै नेपाल सानो देश नै भए पनि यसको मूल्य उच्च रहेको छ । जसरी सानो शिशु सबैको आत्मीय हुन्छ । त्यस्तै आँखाको नानी सानो भए पनि मानव शरीरमा यसको महत्त्वपूर्ण स्थान छ । यो नभएमा मान्छेको जीवन अन्धकारमय र नीरसमय हुन्छ । त्यसरी नै यस मुलुकको सानो हुनुले **महनीयता र प्रियतालाई** अग्रस्थान प्रदान गरेको छ भनी बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ ।** (पृ.ऐ.)

त्यसैगरी सानो भएमा पनि मानव शरीरमा मुटुको आफ्नै स्थान रहेको छ । मुटुको ढुकढुकी बन्द भएमा मान्छेको जीवनलीला नै समाप्त भइ मान्छे मुर्दा सावित हुन्छ । त्यसैले यहाँ **मुटुको सानो हुनुलाई** महत्त्वपूर्ण मानेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**यो पृथ्वीको सानो शिरबिन्दु नै होस् तर ओंकारको बिन्दु झैँ परमानन्द घनीभूत छ ।** (पृ.ऐ.)

त्यसैगरी नेपाल समग्र पृथ्वीको आयतनमा सानो छ । त्यस्तो भए पनि ओंकारको **शिरको बिन्दु परमानन्द**को सघन स्रोत मानिन्छ एवम् महत्वपूर्ण र परमानन्दको सघन अनुभूति दिने र आनन्दानुभूति प्रदान गर्न सक्षम हुन्छ । त्यस्तै महत्त्वपूर्ण र परमानन्द घनीभूत प्रदान  गर्न यो मुलुक सक्षम छ । आध्यात्मिक चेत भएका व्यक्तिलाई संक्षिप्तमा व्यापकता र सूक्ष्ममा स्थूलता प्रदान गर्दछ भनी बिम्बात्मक रुपमा प्रष्ट पारिएको छ ।

**सानो भनेका के, ठूलो भनेको के ?** (पृ.ऐ.)

सानो र ठूलोको भेद छुट्याउन गाह्रो छ । वस्तुको महत्व त्यसको गुण ग्रहण गर्ने व्यक्तिको भावना र विश्वासमा निर्भर गर्दछ, आकृतिमा होइन भनेर **सानो र ठूलो**ले बिम्बात्मक अर्थ दिने काम यस कथनबाट भएको छ ।

**बालुवाका दानालाई सानो भनौँ भने एक कणमा सूक्ष्मदर्शी यन्त्रले र विज्ञानले विश्वको झिलिमिली जादूगरी दर्शाइरहेछ ।** (पृ.ऐ.)

**बालुवाका दाना** सानै भए पनि वैज्ञानिक परीक्षण गर्न सकेका खण्डमा अनेकौं महत्वपूर्ण र बहुमूल्य तत्वको सूचना प्रक्षपण गर्दछ र **सूक्ष्मदर्शी यन्त्र** मार्फत् र विज्ञानको सहायताले विश्वको झिलिमिली जादूगरी देखाउन सक्ने थिएन सानो भएको भए भनेर माथि उल्लेख भएका शब्दबाट बिम्बात्मक रुपमा अर्थ स्पष्ट गर्ने काम भएको छ ।

**ब्रिटिश म्यूजियमका लर्ड म्याकालेले निलेका सबै पुस्तकहरूको डुङ्गुरभन्दा कालिदासको शकुन्तला धेरै जस्तो ठूलो लाग्दछ ।** (पृ.५२)

शिक्षाविद् पाठ्यक्रम निर्माता, **लर्डम्याकालेले पढेका र लेखेका पुस्तकमा** धेरैमा थोरै ज्ञान आर्जन हुन्छ भने कालिदासको शकुन्तला एउटै कृतिले धेरै ज्ञान प्रदान गर्दछ भन्ने अर्थमा बिम्बात्मकता प्रस्तुत गरिएको छ ।

**'धत् नेपाली पनि पढ्नु ? हाम्रा ठिटा लेखक कनीकुथी बोका लेख्छन्' भनी नाकठाडे मिजासको अङ्ग्रेजीवाज चश्मा झल्काएर भन्दछ ।** (पृ.ऐ.)

देवकोटाका दृष्टिमा नेपाली ठिटा लेखकहरूलाई अङ्ग्रेजीले यति धेरै मोहनी लगाएको छ कि उनीहरू आफ्नो मातृभाषालाई नै घृणाको दृष्टिले हेर्न पुग्दछन् र नेपाली नाथे पनि पढ्ने भन्न पुग्दछन् । यसमा त्यस्तो पठनीय विषय नै छैन भन्ने ठिटाहरूको ठनाइ छ । उनीहरू जस्तो गरेर वा **कनीकुथी भए पनि** अङ्ग्रेजी नै लेख्न र बोल्न चाहन्छन् आफ्नो फोस्रो धाक देखाउनेलाई देवकोटाले व्यङ्ग्य गरेर बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**मलाइ रुनाको अवकाश नभए पनि दयाको भावले त्यस्ताको देखासिकी उल्टो पाखण्डीपन हेर्न मन लाग्छ ।** (पृ.ऐ.)

आफुलाई **रुन मन नलागे** पनि वा **अवकाश नभए पनि दयाको भाव जागेर** निबन्धकारमा आउँछ भने राम्रो कुराको देखासिकी नगरी नराम्रो कुराको मात्र देखासिकी गरेको देख्दा वा **उल्टो पाखण्डीपन विकास** भएको देख्दा रमाइलो गाइजात्रा हेर्न मन लागेको छ भनी बिम्बात्मक अर्थ स्वीकारेका छन् ।

**अङ्ग्रेजी लवजहरूउपर सूर्य नअस्ताऊन् तापनि म नेपाली शब्दमा त्यो जादू पाउँछु, जो ग्रीष्म गरम विदेशबाट फर्कदा शीतल झरनादार पहिलो चढाउको पहाडी वनमा प्रथम स्वागतवासी मधुर हावाको लहरसँग को हो ! को हो ! को सौन्दर्य संसारमा नवजाग्रात् प्रश्नका साथसाथै नेपाली वनको फुट्दो सुगन्धमा मिसिएर आउँछ ।** (पृ.ऐ.)

**अङ्ग्रेजी बोलाइ लवाइ** (लवज) आदि ठूलो भए पनि र यसमा **सूर्य नअस्ताए** पनि, अङ्ग्रेजी शब्द मन पर्ने र राम्रो लागेपनि म नेपाली शब्दमा **जादू पाउँछु** वा नेपाली शब्द नै मन पर्छ जो ज्यादै गर्मी विदेशबाट फर्कदा शीतल झरना झैं **पहिलो चढाइमा** पहाडी वनमा कोइलीले मधुर हावाको लहरसँगै **को हो ? को हो** ? को सौन्दर्य **संसारमा नवजागृत** र नयाँजागरण ल्याउँछ जुन नेपाली **वनको फुट्दो सुगन्धमा मिसिएर** आएको हुन्छ । यहाँ वनको सुगन्ध फुट्ने नभई बिम्बात्मक अर्थमा फूल मानी फूलले वनभरी नै सुगन्ध फिजाउन सक्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**'बाल्ज' सुन्न चाहन्न, तर पहाडको सानो कुनामा झोपडी बनाएर वसन्तकोकिल झैं कता कताबाट तीनतारे सारङ्गी बोकेर झुलुक्क देखा पर्ने गाइनेको 'रानीवनैमा' सुन्न चाहन्छु ।** ( पृ.ऐ.)

देवकोटा आफू सङ्गीतको धून सुन्न नचाहने र पहाडको झोपडीमा बसेर कोइलीले जस्तै मीठो स्वर निकालेर गाउने गाइनेको **रानीवनैमा** जस्तो हृदयलाई छुने भाका सुन्न चाहने कुरा बिम्बात्मक रुपमा प्रकट गरेका छन् ।

**यद्यपि हामीलाई प्रकृतिले यस्तो संगीत-सरल मुख र नासिका दिएको छ ।** (पृ.ऐ.)

देवकोटा हामीमा चाहेजतिसुकै नक्कल गर्ने परिपाटी रहेपनि प्रकृतिले हामीलाई आफ्नै सङ्गीतको धून भन्न वा बोल्न सक्ने **मुख र बासना** वा सुवास **सुघ्नँ र छर्न सक्ने नाक** दिएकी छन् भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**कोही हिन्दी भन्दछन्, कोही बङ्गाली; म भन्दछु, नीला पहाडहरूको प्राकृतिक भाषा, झर्नाहरू घुसेका मीठा लवज, हिमालयको झल्का पसेका शब्द, अमरवल्लरीहरू ढल्केका बाइमात्रा, चराचुरुङ्गीसँग उड्ने र बोल्ने अक्षरहरू ।** (पृ.ऐ.)

मानिसहरू कोही हिन्दी, कोही बङ्गाली हुँ भनेर भन्दछन् तर मलाई लाग्दछ पहाडहरूको आफ्नै प्राकृतिक भाषा हुन्छ, झर्नाहरू घुसेर पनि मीठो आशय वा लवज प्रकट वा प्रस्तुत गरिरहेका हुन्छन् । अमरवल्लरीहरू ढल्केका बाइमात्रा -हामी मान्छेका इच्छा र आकांक्षहरू असिमीत हुन्छन् । सीमित साधन र स्रोतबाट असिमीत इच्छा र आकांक्षाको पूर्ती हुन सक्दैन जसले गर्दा हाम्रा इच्छाहरू अमरवल्लरीहरू ढल्केका बाइमात्रा जस्ता हुन पुग्दछन्) चराचुरुङ्गीहरू स्वच्छन्दता, स्वतन्त्रता र उमङ्गका साथ उड्न सक्छन् । उनीहरूलाई कुनै पनि किसिमको बाधा अड्चन रहेको हुँदैन यसरी स्वतन्त्रतापूर्वक बाँच्ने जीवले बोल्ने अक्षरहरू पनि स्वतन्त्रताकै प्रतीक बनेर रहेका हुन्छन् । चराचुरुङ्गीहरूसँग स्वतन्त्र रूपमा बोल्ने अक्षरहरू र उड्ने सामर्थ्य पनि रहेको हुन्छ । सोझो अर्थमा पहाडहरू निर्जीव वस्तु भएकोले बोल्न सक्दैनन् तर देवकोटाले बिम्बात्मक अर्थका आधारमा माथि रेखाङ्कीत शब्दावलीलाई प्रष्ट पारेका छन् । यस वाक्यमा **नीला पहाडहरूको प्राकृतिक भाषा** शब्दावलीले नेपालका हरिया पहाडहरूले आफू सिर्जनशील छौं भन्ने बिम्बात्मक भाषा प्रदान गरेका छन्, **झर्नाहरू घुसेका मीठा लबज** भन्ने शब्दावलीले पहाडी झर्नाहरूले खोंचमा, डगरमा खाँदि(नु) घुसेका बेला निस्केका ध्वनीले, **अमरवल्लरीहरू ढल्केका बाइमात्रा** शब्दावलीले पहाडी वनमा जेलिएका लहराहरूलाई देवलोकका बगैंचाको बिम्ब प्रदान गरेको छ एकातिर भने अर्कातिर रुखबाट झुकेका लहराहरूले देवनागरी लिपीको बाइमात्राको बिम्बार्थ प्रदान गरेका छन् ।

**मेरो भाषा ज्यादा नफैलेको होस् तर मेरो इन्द्रेणीको झर्ना यही हो ।** (पृ.५३)

हाम्रो जस्तो सानो देशको भाषा पनि धेरै टाढा-टाढासम्म फैलन सक्ने अवस्था छैन । स्वतन्तत्रा र उमङ्ग जतिसुकै लिए पनि माथि उठ्न गाह्रो छ धेरै ठाउँमा नफैलेको भए पनि मलाई भाषा प्रिय लाग्दछ । जसरी इन्द्राणी सानो भए पनि यसमा सातै रङ्ग समेटिएका हुन्छन्  र एउटा झर्नाको आकृति बन्दछ र सबैको प्रिय छ, त्यस्तै सानो भए पनि वा ज्यादा नफैलेको भए पनि मलाई नेपाल देश नै नै मनपर्छ र नेपाली भाषा नै । इन्द्रेणी पानीको झर्ना नहुने तर दवेकाटा आफ्नो भाषा **इन्द्रेणीले झर्नाको रुप लिए** जस्तै वजनदार छ भनेर बिम्बार्थ प्रदान गरेका छन् ।

**यहाँ बाग्नर कोदाली खनिरहेछन् ।** (पृ.ऐ.)

नेपालका बाग्नर जस्ता प्रतिभाशाली व्यक्ति कोदाली खन्न विवश छन् । यहाँ बाग्नर जस्ता व्यक्तिले **कोदाली खनेर** खेतमा आफ्नो श्रम, पसिना चुहाउनुले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**शेक्सपियर हलो जोत्ता हुन् ।** (पृ.ऐ.)

शेक्सपियर जस्ता विश्व उत्कृष्ट नाटक लेख्ने क्षमता प्रतिभा भएका व्यक्ति हलो जोत्न बाध्य छन् किनभने यहाँ व्यक्तिले उचित पहिचान र अवसरबाट वञ्चित रहनु पर्ने स्थिति छ । नेपालमा शेक्सपियरजस्ता उत्कृष्ट नाटक लेख्न सक्ने व्यक्तिको क्षमता हलो जोत्ने काममा खर्च भइरहेको छ । उचित अवसर पाएको भए यहाँका व्यक्तिहरू पनि शेक्सपियर जस्तै महान् नाटककार हुन सक्थे र विश्वलाई योगदान दिन सक्ने हुने थिए । यहाँ **शेक्सपियरले हलो जोत्नुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**टिसियन र टर्नर भेडा चराउँदा हुन् ।** (पृ.ऐ.)

पाश्चात्य भाषा साहित्यशास्त्रका प्रथम चेला टिसियन र टर्नर बन्न सक्ने प्रतिभावान् र क्षमता भएका व्यक्तिहरू भेडा चराएर बस्न बाध्य भएका छन् । तिनीहरूमा पनि टिसियन र टर्नर बन्न सक्ने क्षमता भए पनि देखाउने ठाउँ प्राप्त गर्न सकिरहेका छैनन् । यदि नेपालका व्यक्तिले पनि उचित अवसर पाएको भए टिसियन र टर्नर बनेर विश्वसाहित्यमा योगदान दिन सक्ने थिए । यहाँ **टिसियन र टर्नरले भेडा चराउनुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**सोकेटिज गुफामा घोत्लिरहेका होलान् ।** (पृ.ऐ.)

नेपालमा सोकेटिज जस्ता दार्शनिक बन्न सक्ने व्यक्ति अँध्यारो भित्र नै रुमल्लिरहेका छन् । यदि यहाँका व्यक्तिले पनि उचित अवसर पाएका भए सोकेटिजजस्तै उच्चस्तरीय दार्शनिक हुन सक्ने थिए भन्ने देवकोटाको ठनाई छ र यहाँ **सोकेटिज गुफामा घोत्लिरहेका** शब्दावलीले बिम्बार्थ बोकेको छ ।

**कालिदास आषाढको पन्ध्रमा धाराप्रवाह गीत गाइरहेका होलान् ।** (पृ.ऐ.)

कालिदास जस्ता महाकवि बन्न सक्ने र विश्व साहित्यमा उत्कृष्ट महाकाव्यको रचना गर्न सक्ने क्षमतावान् व्यक्तिहरू आषाढको पन्ध्रमा धाराप्रवाह गीत गाउन सक्छन् र हाम्रोमा आफ्नो प्रतिभा त्यसरी खर्च गरिएको छ । कालीदासले आषाढको पन्ध्रमा धारा प्रवाह रुपले गीत गाउनुले यहाँका व्यक्तिहरू पनि उचित अवसर पाएको भए कालीदास बन्न सक्ने थिए भनेर यहाँ **कालीदासले आषाढको पन्ध्रमा धाराप्रवाह गीत गाउनुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**मेरो वनमा हेलेन केलरहरू गीत गाउँछन् ।** (पृ.ऐ.)

नेपालका हेलेन केलर जस्तो मीठो गीत गाउन सक्ने व्यक्तिहरू बाहिरी संसारमा नभई वनमा नै गीत गाउन बाध्य छन् त्यसैले यहाँ **हेलेन केलरहरूले गाउने गीतले** कोइलीको बिम्बार्थ बोकेको छ ।

**यहाँ कति सावित्रीहरू छन्, जसका कथा संसारले सुनेकै छैन ।** (पृ.ऐ.)

यहाँ आत्मविश्वासी वा दृढनिश्चयी व्यक्ति धेरै छन् उनीहरूले पौराणिक कथाको प्रसिद्ध पात्र सावित्रीको जस्तै दृढ विश्वासका कारण (आफ्नो मरिसकेको पतिलाई जीवित राख्नु) हुनै नसक्ने काम पनि पूरा गर्न सक्ने क्षमतावान् व्यक्ति छन् । यस्ता क्षमतावान् व्यक्तिका (सावित्रीका कथा संसारले सुनेकै छैन । यसलाई सुन्न लायक बनाउने प्रयत्न गर्नु परेको छ । नेपालका कति सावित्रीहरू छन् जसले आफ्नो दृढताले मरिसकेको पतिलाई पनि जीवित बनाउने काम गरेका छन् । यहाँ **सावित्रीको कथाले** कुनैपनि काममा पूर्ण अठोटका साथ लागि परेमा त्यो काम पूरा हुन सक्छ भनी बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**यहाँ प्रशस्त शैशल नबीन खोज र त्यसको जादू नेपाली हृदय नेपाली आबहवाको र खानपीनको असरले गर्दा सच्चा आर्यभावहरूको स्पन्दन र आर्यसपनाले सजीव छ र अरू देशमा मैले कहिले पनि भावुक नैर्मल्य र सरलता पाउन सकिँन ।** (पृ.ऐ.)

यो नेपालमा प्रशस्त मत्रामा शिशु अवस्थाको नयाँ नयाँ खोज  अनुसन्धान भइरहेको छ । त्यसको जादू नेपाली हृदयले प्राप्त गरिरहेको छ । नेपाली लवाइ खुवाइ र खानपीनको असर गहन वा गहिराइसम्म पुगको छ जसलाई आर्य भावहरूको स्पन्दन र आर्य सपनाले सजीव ब बनाइरहेको छ । अरू देशमा कहीँ पनि मैले यस्तो मनै छुने भावनात्मकता र सरलता पाउन सकिन । त्यसैले मलाइ लाग्दछ नेपालीहरूसँग भावुक हुन सक्ने मन र सरलता सँगसँगै रहेका छन् । **भावुक नैर्मल्य** शब्दावलीले सफा र स्वच्छता अनि **सरलता**ले सोझो किसिमको निर्मल र सरलता पाउन सक्ने कुरामा बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**यहाँ ईश्वरका झल्काझल्की जताततै छरिएका छन ज्ञान विवेकको अँधेरीमा पाइन्न ।** ( पृ.५४)

यस नेपाली भूमिमा ईश्वरका टुक्राटाक्री जताततै प्रशस्त मात्रामा रहेका छन् । यही हिमाल छ नदीहरू पनि प्रशस्त मात्रामा छन् ।  प्रकृतिले मनोरम दृष्य र आश्चर्य लाग्दा वस्तु पनि दिएकी छन् । यस्ता झल्का झल्की पाउनु मानव मात्रको अहोभाग्य हो । विवेक नै नभएको शून्यताभित्र ज्ञान पाउन सकिदैन त्यसैले **ज्ञान विवेकको अँधेरीमा पाइनुपर्छ** भनिन्छ । यहाँ ईश्वर प्रकृतिको बिम्बका रुपमा आएर अर्थ स्पष्ट पार्ने काम भएको छ ।

**मान्छे जडमा अन्धयन्त्र लगाएर अन्धो विवेकले बोके नियम पत्ता लगाउनमा आफ्नो गौरव सम्झदैन ।** (पृ.ऐ.)

मान्छे जड वा स्थिर वस्तुमा आँखा चिम्लेर कुनै यन्त्र वा साधनको प्रयोग गर्छ जसमा उसले विवेक अन्धो नै भएको हुन्छ । मानबले अन्धो विवेकमा बोके (भित्र गुँदी केही नभएको) महत्त्वपूर्ण हुन नसकेको नियम पत्ता लगाए पनि त्यसलाई आफ्नो गौरव र ज्ञान सम्झदैन् । मान्छेले एउटा स्थिर वस्तु जसमा आँखा चिम्लेर र केहीपनि नदेखेको अविवेकी रुपले बाहिरी नियम पत्ता लगाएर यसैमा  उच्च छु भनेर शीर ठाडो बनाउन पुग्दछ । यहाँ **मान्छे जडमा अन्धयन्त्र** शब्दावलीले विवेकहीन र आँखा नभएको **अन्धो विवेकले बोके नियम** शब्दावलीले सतही कुरामात्र गर्ने र यसैमा आफूले धेरै कुरा गरेको छु भनेर फुल्ने कामले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**म त्यहाँ सब चीज पाउँछु, जहाँ जीव पाएथैँ उहाँ मेरो आत्मा जागरित भएर मानव जीवनको जादूका निमित्त आँखा खोलेर उठ्यो ।** (पृ.ऐ.)

लेखक अझै नेपाल देशमा सबै कुरा पाएको भाव व्यक्त गर्दछन् । जहाँ जीवन पाएको थिए त्यहाँ मेरो आत्मा पनि जागरित (उजागर) भएर मानब जीवनमा एउटा अनुमान नै गर्न नसकिने अमूर्तपूर्व (जादूको काम गरेको छ । यस्तो जादू आँखा खोलेर उठेर अगाडि बढिरहेको छ । यसरी अगाडि बढ्ने क्रममा यही नेपालबाटै सम्पूर्ण कुरा प्राप्त भइरहेजस्तो लाग्दछ । यहाँ **जीवले मानव जीवनमा जादूका** लागि गरेको कामले बिम्बको अर्थ प्रकट गरेको छ ।

**यो हिमालयको पवित्र जादू भने नेपाली माटोको मूर्ति जो मै हुँ - जो स्वर्गको झिल्काले घिच्चिएर जीवन भन्ने ज्योतिले सजीव भएर जागेथ्यो यो मनुष्यलाई नेपालमा अनन्तता छ ।** (पृ.ऐ.)

यहाँको हिमालयमा अभूतपूर्ण ज्योति उत्पन्न गराउन सक्ने र पवित्र जादू छ । यो पनि नेपाली माटोमा मूर्ति जस्तै भएर रहेको छ । त्यो **मूर्ति मै हुँ** भन्ने भाव निबन्धकार देवकोटालाई प्राप्त भएको छ । यस्तो भाव जुन भाव वा झिल्का स्वर्गबाट फुत्त खसेर घिच्चिएर जीवन भन्ने ज्योति (एउटा सुनौला किरणले) सजीव भएर एकदम चलयमान भएर) जागिने वा बिउँझिएर उठेको थियो । यस्तो मनुष्यलाई नेपालमा पाएर पनि पाइ नसक्ने अनन्तता पनि छ । यस्तो अन्नतता अझ जुन पायो देशका व्यक्तिले पनि प्राप्त गर्न कठिन पनि छ । यस्तो प्रकृतिको अनन्तता नेपालमा मात्र पाउन सकिन्छ । यहाँ **हिमालयको पवित्र जादू** शब्दावलीले माटोको मूर्ति हुँ भन्नेलाई बिम्बार्थ प्रदान गरेको छ ।

**यहाँ पृथ्वीमण्डलमा हुन सक्ने र भएका समस्त चीजहरूको सूक्ष्म प्रतिबिम्ब टनाटन छ** ( पृ.ऐ.) ।

यहाँ सम्पूर्ण चीज छन् जुन पृथ्वीका सम्पूर्ण वा समस्त क्षेत्रमा प्राप्त गर्न सकिन्छ । यहाँ दृढ अठोट लिन सक्ने र जस्तोसुकै पीर व्यथा पर्दा पनि सहन सक्ने हिमाल छ, समथर वा विशाल हृदयको प्रतीकका रूपमा तराई प्रदेश छ । यहाँ सबै किसिमको हावापानी पाइन्छ । जाडोमा अति जाडो हुने र गर्मीमा अति गर्मी हुने ठाउँ पनि यही छन् । यहाँ विश्वमै भएका सबै किसिमका वनस्पती छन् । त्यसैले यहाँ सम्पूर्ण चीज छन् र तिनीहरूको प्रतिबिम्ब यहाँ जस्ताको तस्तै रूपमा पाउन सकिन्छ । यस पृथ्वीमा भएका साना चीजहरूले आ-आफ्ना स्वरुप देखाइरहेका हुन्छन् । त्यसैले यहाँ **सूक्ष्म प्रतिबिम्ब टनाटन** शब्दावलीले सानो सानो कुरा तर महत्त्वपूर्ण भन्ने बिम्बार्थ प्रदान गरेको छ ।

**पाटा, छविछाया वनको मिर्मिरे मधुर नीलिमा, यो मिठास र मोहनी मैदानमा पाइन्न ।** ( पृ.ऐ.)

पहाडमा पाइने जस्ता **छविछाया र घामछाया वनको मिर्मिरे मधुर नीलिमा** बिहानीको भर्खर उज्यालो हुन लागेको समयमा चराहरूले बोल्ने साङ्गीतिक ध्वनिले मीठो र मधुरता प्रदान गरिरहेको हुन्छ । यस्ता चराहरू बस्ने ठाउँमा हरियाली नै हरियाली मिठास र मोहनी देख्न पाइन्छ भनेर माथिका रेखाङ्कित शब्दहरूले बिम्बात्मक अर्थ दिने काम गरेका छन् ।

**मैदान बोधो छ एकनासे लाटो जस्तो ।** (पृ.ऐ.)

मैदानमा कुनैपनि दृश्य एक आपसमा सम्बन्धित नहुने र त्यहाँ मिठास र सुन्दरता भन्ने कुनै चीज नै हुदैन । त्यसैले मैदानले **बोधो हुनुमा** काम नलाग्ने वा नतिखारिएको **एकनासे लाटोले एकोहोरो** रुपमा टोलाइरहने कुनै पनि काममा जाँगर नदिने भन्ने अर्थमा बिम्बात्मकता प्रदान गरेको छ ।

**तसबीरको भूइँजस्तो हुन्छ, जसबाट सच्चा तसबीर भिकिदएको छ, । मैदानी देश तसबीरको भूइँजस्तै अर्थहीन हुन्छ जसबाट तसबीर भिकिदिएपछि त्यो मूल्यहीन र अस्तित्वहीन बन्न पुग्दछ ।** (पृ.ऐ.)

तसबीरले मात्र सच्चा अर्थ दिन सक्दछ भने यसको आधारमा तयार भएको भूइँको कुनै अर्थ रहँदैन त्यसैले **तसबीरको भूँइजस्तै** मानव जीवन पनि निरर्थक हुन्छ जुन जीवनमा केही गर्न सकिदैन भने । जसबाट सच्चा **तसबीर भिकिदिएपछि** शब्दावलीले कुनैपनि बस्तुको मूल्यहीनता र अस्तित्वहीनताको बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**तर पहाडी देशको दृश्यमा विभिन्नताको माधुरी छ, । यहाँका रंग गाढा र रसिला छन्, यहाँ सूचनात्मकता छ जो कविता र सङ्गीतको मुटु हो, यहाँ एकोहोरो गाढा सडक जस्तो देखिन्न ।** (पृ.५५)

तर पहाडी देशका दृश्यमा विभिन्न किसमका माधुरीहरू रहेका छन्  जुन हेर्दा मनै हर्षले प्रफुल्ल हुन्छ । यहाँ (पहाडको) रंग गाढा र रसिला हुन्छन् । यहाँ रंग र रस नभएको कुनै पनि वस्तु हुँदैन । यहाँ सूचना दिने वस्तु पनि हुन्छन् । जुन वस्तुहरूलाई कविता र सङ्गीतको मुटु नै मानिन्छ । यहाँको जीवन मैदानी देशको जस्तो एकोहोरो हुन्न । यहाँ त सरल र सम्पूर्ण जीवन विताउन सकिन्छ । यहाँका प्रत्येक पलहरूमा मिठासपूर्ण र मनोरञ्जनले भरिएका हुन्छन् । नेपाल पहाडी देश भएकोले यहाँ विभिन्न किसिमको मिठास प्रदान गरी विभिन्नताको माधुरी प्राप्त गर्न सकिन्छ । यहाँ देखिएका कुनैपनि वस्तुको **रंग गाढा र रसिलो** छ । यहाँको कुनै पनि कुराले सूचनात्मकता प्रदान गर्छ जस्तो कोइलीले वनमा को हो ? को हो ? भन्दा वसन्तको सङ्केत गरिरहेको हुन्छ । यस्ता सूचनात्मक कुरालाई सङ्गीतकारले **मुटु** नै मान्ने गर्दछन् । पहाडी मुलुकको जीवन जतासुकै देखिने र हराभरापूर्ण छ । यहाँ जीवन **एकोहोरो गाढा सडक** जस्तो देखिन्न । सदैव सबैकुरा पूर्ण गर्न सकिन्छ भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**यहाँ औपन्यासिकता छ, कतै उच्चाइ, कतै नीचाइ चढ्नाको जादु हेर्नाको मोहनी, सुन्नाको माधुर्य ।** (पृ.ऐ.)

नेपालमा उपन्यासमा देखापर्ने औपन्यासिकता प्रशस्त मात्रामा पाउन सकिन्छ । यहाँ **कही कतै उच्च ठाउँ र उच्च विचार भएका** मान्छे छन् भने कहीँ कतै होचो र **सानो विचार वा निचाइ** पनि रहेको छ । त्यसैगरी यहाँ अनायसै माथि पुग्त सक्ने चढ्नाको जादुपनि रहेको छ । यहाँबाट हेर्दा प्रशस्त मात्रामा हेर्न लायकका वस्तुहरू देख्न सकिन्छ वा हेर्नाको मोहनी पनि प्राप्त हुन्छ । यी सबै कुरा प्राप्त भए पनि यहाँ नराम्रा कुराभन्दा राम्रा कुरा नै धेरै सुन्न पाइन्छ वा **सुन्नाको माधुर्य** पनि पाउन सकिन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**जुन पृथ्वी यस्ती शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रंगदार छन्** । (पृ.ऐ.)

अनाजपूर्ण वा शस्यशालिनी पृथ्वीमा सौन्दर्यका विभिन्नताहरू रंगदार भएर आउँछन् अनाजको प्रचुर मात्रामा प्रयोगले **सौन्दर्यको प्रस्फुटन** गराएको हुन्छ । नेपालकी धर्तीमाता सबै कुरा सहन र दिन प्रयत्नशील छन् वा **शस्यशालिनी** छन् । यसैबाट विभिन्न सौन्दर्यका राम्रा देखिने वस्तुहरू प्राप्त गर्न सकिन्छ वा **सौन्दर्यको विभिन्नता रंगदार** (रंगैरंगले भरिएर) रहेको छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**जहाँ नालामा दिव्य भाषण, जहाँ पत्रहरू सजीवन दुनियाँका हलचल झैँ हमेशा बोलिरहेछन्** । (पृ.ऐ.)

यहाँ पानीका झर्ना वा नालाले गर्ने छड छड ध्वनिलाई निबन्धकारले अनौठो किसिमको **दिव्य भाषण** गरेको मानेका छन् र यहाँका प्रत्येक पलहरूले वास्तविक यथार्थ दुनियाँको यथातथ्यलाई प्रकट गर्ने काम गरेका छन् अनि **पत्रहरू सजीव दुनियाँका हलचल** झैँ बोलीरहेछन् भनी बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**जहाँ सर्वोच्च हिमाल शासन गरिहेछ, के त्यहाँका मनुष्यका कल्पनामा बालरेखा चित्र र कार्यहरू बनिरहेका होओइनन्** ? (पृ.ऐ.)

यहाँ वा यो देशमा विश्व मै अग्लो देखिने सार्वोच्च शिखर वा सगरमाथाले शासन गरिएको छ । यस्तो ठाउँका मानिसमा पनि केही कल्पना होलान् जुन ठूला ठूला सपना देख्न सकुन् । अनि **बालरेखा चित्र र कार्यहरू** पनि अवश्य बनेका होलान् । कुन रूपलाई वा कल्पनालाई कार्यमा ढाल्दा त्यसले साँचो वा सही रूपमा मार्गदर्शन गर्ने काम गरिहेको होस्। साहस पनि यहाँका देशवासीमा ज्यादा नै रहेको छ । त्यसैले यहाँ रेखाङ्कित शब्दले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**मलाई किन-किन यस्तो लाग्छ कि हिमालयको विशाल उच्चाइको नजीक रहेको जति तिनको गौरव र तिनको उच्चतासँग भित्रभित्र गाँसिएको हुन्छ** । (पृ.ऐ.)

यहाँ निबन्धकारले आत्मपरक शैलीको प्रयोग गरी आफूलाई लागेका भावना अभिव्यक्त गरेका छन् । **हिमालयको नजीक रहने व्यक्तिको विशाल र उच्चाइ** पनि हिमालय जस्तै हुन्छ । अनि तिनीहरूको गौरव र उच्चता पनि हिमालयको गौरव र उच्चतासँग मिसिएर (गाँसिएर) सँगसँगै आएको हुन्छ भनी **विशाल र उच्चाईलाई** गौरब र उच्चतासँग जोडेर बिम्बात्मक अर्थ दिने काम गरेका छन् ।

**शास्याढ्य भूमिका पुत्रहरूका मगजमा उब्जनी प्रतिभा हुन्छ र उनका कल्पनाचित्रहरू विपिन प्रचुर हुन्छन्** । (पृ.ऐ.)

अनाजपूर्ण पृथ्वीका छोराहरूका दिमागमा पनि कसरी धेरै अन्न उत्पादन गर्न सकिन्छ भन्ने भावनात्मक र प्रतिभाहरू आएका हुन्छन् । अनि उनीहरूका कल्पनामा पनि धेरै उत्पादन गर्न सक्ने चित्रहरू विपिन प्रचुर मात्रामा आइरहेका हुन्छन् । यहाँ **कल्पनाचित्रलाई विपिन प्रचुरसँग** जोडेर बिम्बात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**धेरै चराहरू बल्दो देशसँग म कविताको सम्बन्ध देख्तछु, वनका गम्भीर गोधूलिमा मलाई विवेकको अँधेरी र ज्ञानको पूर्ण उज्यालोको दोसाँधमा रहने भावनाहरू व्यक्त हुँदै आउँदछन्** । (पृ.ऐ.)

जहाँ धेरै चराहरू चिरविर गरिरहेका हुन्छन्, त्यहाँ शान्त र सुन्दर ठाउँ हुने र चराको चिरबिर ध्वनि साङ्गीतिकता हुने भएकोले त्यस्तो ठाउँमा कविताको सम्बन्ध हुन्छ । वनमा रहेको गम्भिर साँझमा वा गोधुलिमा पनि मेरो विवेकले काम नगरी वा अँधेरो भयो सुरक्षित ठाउँतर्फ लागको संकेत गरी ज्ञानको पूर्ण उज्यालो प्राप्त भइ त्यही रहन प्रेरित गर्दछ । अनि म जाउँ कि बसूँको दोसाँधमा मेरा मनका भावनाहरू तँछाड मछाडगरी हृदयमा सल्बलाउन पुग्दछन् । त्यसैले **विवेकको अँधेरीलाई ज्ञानको पूर्ण उज्यालो**सँग जोडेर बिम्बात्मक अर्थ प्रदान गर्न पुगेको छ ।

**पहाडहरूको नीलो रङ्गमा प्रकृतिको प्रचुर उदारतामा अनेक नन्दनहरूको चिरबिरमा प्रेमको भूमि, आत्माले रोजेका आनन्द र अन्वेषणको आफनो विश्व** । (पृ.ऐ.)

यहाँ पहाडहरूको **नीलो रंगले** प्रकृतिमा उदारता थपेको छ भनी बिम्बात्मकता दर्शाउन खोजिएको छ । विशालताको भावना हरेक पहाडहरूको नीलो रङ्गमा पाइन्छ । प्रकृतिले हामीलाई प्रशस्त मात्रत्रामा ठूलो वा विशाल हुने भावना (उदारता) प्रकट गरेकी छन् । त्यसैले यसमा पनि विशालता पाउन सकिन्छ । अनेकौं चराचुरुङ्गीहरूको चिरविरमा वा साङ्गीतिक ध्वनिमा पनि विशालताको भावना पाउँन सकिन्छ । यस्ता **नन्दनहरूको चिरबिरमा प्रेमको भूमि** विशाल वा ठूलो भएर देखा पर्दछ । अनि आफ्नो आत्मा वा भित्री हृदयले रोजेको आनन्द र खोजी (अन्वेशण) गरेर आफ्नो छुट्टै विश्व पहिल्याउन सक्ने भावनामा पनि विशालताको भावना उजागर भएर आउन सक्दछ । त्यसैले विशाल यहाँ पनि छ ।

**जहाँ म पशुभावको मनुष्यवाट पूरा मनुष्य भएर विकशित भइरहेछु, जसलाई शैशव सम्पूर्ण अनन्त सम्झन्थ्यो, म यसको मार्मिक अंश बनेर व्यूँझेको थिएँ, यसको तातो रातो गुलाबी कलिलो चैतन्य** ? (पृ.ऐ.)

यही देशमा म आफूँ पशुभाव मनुष्यबाट पूरा मनुष्य भएर विकशित भइरहेको छु । यस्तो ठूलो छ यो देश । बाल्यकाल जसलाई सम्पूर्ण विश्व ने सम्झने गरिन्थ्यो अनि यसै देशको मार्मिक अंश वा पीडादायी अवस्था देखेर मैले आफ्नो दिव्य चक्षु खोलेको थिए । अनि यसैको **तातो रातो गुलाबी कलिलो चैतन्य** भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**जब पहाडको पीपलको गानादार बोटमुनि म बसूँ, तब मलाई विशालताको चैतन्य स्फूरण हुन्छ** । (पृ.ऐ.)

म एक्लै भएको अवस्थामा पहाडमा हुने एउटा (शान्ति र शीतलताको प्रतीक) पीपलको जरामा बसी कल्पना गर्दा यती ठूलो देशलाई पनि कसरी सानो भन्न सकेका होलान् जस्तो लाग्दछ । अनि विशालताको भावना भित्री हृदयबाट नै उठेर अगाडि बढ्दछ र स्वतः स्फूर्त रूप नै विशाल छ भन्न मन लाग्दछ यहाँ विशालताको चैतन्य स्फुरण हुन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**चाहे स्वर्ग होस् चाहे रौरव, अरू देशका गौरव मलाई नबताऊ, मेरो हृदय जान्दछ मेरो हीरा कहाँ छ र ? उसको झलक कस्तो छ !** (पृ.ऐ.)

यस कवितात्मक वाक्यभित्र स्वर्ग र नरकजस्ता विपरित कुराको प्रयोग भए पनि **हृदयले हीरा कहाँ छ भनी थाहा पाउनु र उसले एक झलक दिनुले** नै बिम्बात्मक अर्थ दिएको छ । यहाँ स्वर्गीय आनन्द र नाटकीयता पनि प्रकट भएको छ । स्वर्ग, नर्क जेसुकै भएपनि मलाई मेरै देश प्रिय लाग्दछ । मलाई अरू देशको गौरव नसुनाओ मेरो देश रौरव नै भएपनि मलाई यही देश नै प्रिय लाग्दछ । मेरो हृदयलाई थाहा छ हीरा कस्तो हुन्छ र यसले दिने झलक कस्तो हुन्छ । जसरी हीरा सानो भएपनि यसको महत्त्व ठूलो हुन्छ र यसले दिने झलक वा चम्काई पनि महत्त्वपूर्ण हुन्छ । यसैगरी मेरो देश सानो र रौरव नै भएपनि मेरो लागि स्वर्गतुल्य र रमणीय छ ।

**तर ठाकुरबाबाको देखासिकी गर्ने सबै सिकारु विश्वप्रेमी विश्वसिद्धान्ती लेखक र कविहरू भुलदछन् कि विश्वप्रेम भनेको चीज स्वदेश मै विकसिन्छ र जसले आफ्नो जाति, आफ्नो राष्ट्रको प्रेम राख्न सक्दैन त्यसले विश्वप्रेम राख्छ भन्नु ताती गर्न सिक्नु अगाडि दगर्नु जान्ने हुनु मात्रै हो, बालुवा माथि घर बनाउनु भनेको त्यही हो ।** (पृ.ऐ.)

वङ्गाली साहित्यका विश्व प्रसिद्ध साहित्यकार रविन्द्रनाथ ठाकुरको देखासिकी गर्ने सबै भर्खर भर्खर मात्र सिक्न लागेका व्यक्तिहरू पनि विश्व प्रेम भन्ने चीज आफ्नै देशमा विकशित हुन्छ भन्ने कुरा विश्वमाथि प्रेम भएका र विश्वका बारेमा सिद्धान्तका कुरा गर्ने लेखक र कविहरू भूलन पुग्दछन् । जुन कुनै व्यक्तिले पनि आफ्नो जाति र आफ्नो राष्ट्रको प्रेम गर्न सक्दैन जान्दैन भने उसले विश्वप्रेम गर्न खोज्नु हिँड्नै नजान्ने दगुर्न खोज्नु जस्ते मात्रै हो अर्थात् बालुवाको घर कहिल्यै पूरा हुन सक्दैन त्यस्तै मात्र हो, बालुवाको घर अलिकति पर्ना उभ्याउन नपाउँदै पानीले बगाएर लैजान्छ । त्यस्तै ज्ञान नै नभएको मुर्खलाई विश्वप्रेम गघु भन्न पनि हाँस्यास्पद कुरा नै हो । **आफ्नो जाति र राष्ट्रको प्रेम गर्न नजान्नले** विश्व प्रेम गर्न सक्दैन भनी बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**मेरा सपना पनि नेपालीपनको ग्राह्य गुण छाडेर उड्न खोज भने नबर्सिने बादलभन्दा बेकम्मका हुन्छन् । सजीव अनुभवहरूको कलात्मक प्रकाशन साहित्य हो भने जो सच्चा नेपाली छैन, त्यसले नेपाली साहित्य लेख्न सक्दैन ।** (पृ.ऐ.)

यहाँ **नवर्सिने बादलभन्दा बेकम्मा** हुन्छ भनेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ । देवकोटा आफ्ना सपनाहरू पनि नेपालीहरूको आफ्नोपनलाई ग्रहण गर्न छोडेर अर्कोतर्फ उड्न खोजे (बादलको गुण पानी पार्न वा वेकामका हुन पुग्छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । आफूले भोगेका र अनुभव गरेका अनुभूतिहरूको कलाले भरिपूर्ण भएको प्रकाशन नै साहित्य हो भनिन्छ । सच्चा हृदय भएको व्यक्तिले मात्र साहित्य सिर्जना गर्न सक्छ । यदि कसैको हृदय सच्चा नेपाली छैन उसले नेपाली साहित्यको रचना गर्न सक्दैन ।

**सार्वजनिक विश्वसत्यात्मक जातिकल्याणकारी तत्वहरूका सम्बन्धको आधारमा म लेख्तिनँ; लेख्ने नेपाल हो म बोल्दिनँ; बोल्ने नेपाल हो; मेरा विचार होइनन्; नेपालका अनुभूतिगम्य दृश्य र श्रव्य सामग्रीका प्रभावहरू हुन् खालि म भित्रको अमर तत्व ।** (पृ.ऐ.)

यी सामग्रीहरूद्वारा नवीन नवीन झल्का र सन्देश पाउँदै, आफ्नो सेवाको मार्गमा चलिरहन्छु । कुनै पनि सार्वजनिक भइसकेको, विश्वले सत्य हो भनेर प्रमाणित गरिसकेको,

जातिहरूको कल्याण गर्ने आदि तत्वहरूका बारेमा देवकोटा आफूलाई लेख्न मन नलाग्ने कुरा व्यक्त गर्दछन् । देवकोटा देशलाई उच्च महत्त्वका साथ हेर्दै आफ्नो लेखाइ र बोलाई दुबै आफ्ना नभई नेपालका रहेको तथ्य प्रकट गर्दछन् । देवकोटा आफ्ना विचारहरूलाई पनि आफ्नो विचार नमानी यस्ता विचार नेपालकै देखेर सुनेर र अनुभव गरेर गरिने सामग्रीहरूका नयाँ नयाँ झल्काहरू र सन्देश उनी यही देशको सेवामा समर्पित गर्न चाहन्छन् । अनि उनले अनुभव गर्ने वस्तुहरू (देशको वारेमा) सबै अमर तत्वका रूपमा रहेको पाइन्छ । यहाँ आफूले अनुभव गर्ने अनुभुतिगम्य **सबै दृश्य र श्रव्य सामग्री अमरतत्व** हुन् भनी बिम्बात्मक अर्थ दिने काम भएको छ ।

### ३.१.२ प्रतीकहरूको अध्ययन

निबन्धकार देवकोटाले **के नेपाल सानो छ** ? निबन्धमा प्रयोग गरेका प्रतीकहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

**यो भारतमाताको मुटु फेला पार्ने थोरै छन् किनकि यो पर्वस्तनको भित्र गहिराइमा छिपेको छ । (पृ.५१)**

यो देश **भारतमाताको मुटु** (नेपाल मानवशरीरमा मुटुको स्थान उच्च भए जस्तै छ) थोरैले मात्र देखेका वा फेला पारेका छन् किनभने यो राष्ट्र त हिमालय पर्वतको ( पर्वतस्तनको) भित्र गहिराइमा छिपेको छ । जसरी नारी छाती उच्च हुन्छ र त्यहाँभित्र माया, ममता र स्नेह अनि मुटु पनि हुन्छ । त्यसरी नै नेपाल देशपनि पर्वतस्तन (पहाडको छाती) भित्र छिपेको हुनाले यसलाई पनि धेरैले चिनेका छैनन् । देवकोटाले यहाँ **पर्वतस्तनलाई** नारीस्तनजस्तै उच्च वा पर्वतस्तन र नारीस्तनलाई सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने काम गरेका छन् ।

**मकहाँ साण्डोले दाउराका भारी बोकेर ल्याउँछन् । (पृ.५३)**

नेपालमा साण्डो जस्ता बलशाली व्यक्तिको बल दाउराको भारी बोक्ने काममा खर्च भएरहेको छ । उचित अवसर पाएको भए यहाँका साण्डोहरू पनि नामी कुस्तीवाज हुन सक्थे र विश्वलाई योगदान दिन सक्ने हुने थिए । यहाँ **साण्डोलाई भारी बोक्ने** भरियासँग सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**यो हिमालयको पवित्र जादू भने नेपाली माटोको मूर्ति जो मँ हुँ - जो स्वर्गको झिल्काले घिच्चिएर जीवन भन्ने ज्योतिले सजीव भएर जागेथ्यो यो मनुष्यलाई नेपालमा अनन्तता छ ।**

यहाँको हिमालयमा अभूतपूर्ण ज्योति उत्पन्न गराउन सक्ने र **पवित्र जादू** छ । यो पनि नेपाली माटोमा मूर्ति जस्तै भएर रहेको छ । त्यो मूर्ति मँ हुँ भन्ने भाव निबन्धकार देवकोटालाई प्राप्त भएको छ । यस्तो भाव जुन भाव  वा **झिल्का** स्वर्गबाट फुत्त खसेर घिच्चिएर **जीवन भन्ने ज्योतिले** (एउटा सुनौला किरणले) **सजीव** भएर एकदम चलयमानु भएर) जागिने वा बिउँझिएर उठेको थियो । यस्तो मनुष्यलाई नेपालमा पाएर पनि पाइ नसक्ने अनन्तता पनि छ । यस्तो अन्नतता अझ जुन पायो देशका व्यक्तिले पनि प्राप्त गर्न कठिन छ । यस्तो प्रकृतिको अनन्तता नेपालमा मात्र पाउन सकिन्छ । यहाँ **मूर्तिलाई जीवन ज्योतिको** रुपमा राखेर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**हिउँदको दृश्यमा ध्रुवप्रदेशको नमूना, ग्रीष्म वर्षाको दृश्यमा नैरक्षिक मुलुकहरूको नमूना यही नजर सामुन्ने छ ।**

यहाँ सबै किसिमका दृश्यहरू पर्याप्त मात्रामा रहेका छन् । **हिउँदको समयमा** देखा पर्ने **दृश्यमा ध्रुवप्रेदशको नमूना** पाइन्छ । **ग्रीष्म ऋतुमा वर्षाको** वा झरीको **दृश्यमा नैरक्षिक देशहरूको** एउटा उदाहरण वा **नमूना** पनि हामी यही आँखाका सामु नै वा **नजरका सामु** नै देख्न सक्दछौ । त्यसैले यस देशमा सम्पूर्णता प्राप्त गर्न सजिलो भएको छ र सम्पूर्ण चीज नै छन् । जाडो याममा उत्तरी ध्रुवबाट चिसो हावा चल्छ भने हिउँदले जाडोको र ग्रीष्मले गर्मीको (वर्षाको) कुरालाई सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

**चाँदीको झल्झलाउँदो गौरीशंकर महल नजरसम्मको नै छँदै छ ।**

नेपालमा हिमालयहरू प्रशस्त मात्रामा छन् । यी हिमालहरूलाई सूर्यको प्रथम किरणले स्पर्श गर्दा चाँदी झैं झल्झलाउन -चम्किन) पुग्दछ । यस्तो चम्किलो **चाँदीको** घर गौरीशंकर (एक हिमालको नाम) हाम्रो आँखाको सामुन्ने नै रहेको छ । **गौरीशंकर हिमाललाई चाँदीको टल्कने महल**का रुपमा जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**परमेश्वर यही दिनभरिभरि र मानब आत्मा यही वरिपरि आकाशको अनन्ततामा विशाल नक्षत्रहरू यसकै अगाडि जूनकीरी झैं नाचिरहेका छैनन्** ?

संसारको संरचना गर्ने परमेश्वर वा ईश्वर दिनभरि यही बसेर कार्य गर्दछन् र सुरम्य संसारको कल्पना गर्ने गर्दछन् । यही ठाउँमा मानब  आत्माहरू पनि घुमिरहने गर्दछन् । त्यस्तै आकाशको अनन्तमा ठूला ठूला नक्षत्रहरू यही ठाउँकै अगाडि सानो एउटा पिलपिल गर्ने जूनकीरी झैं नाचिरहेका छन् । त्यसैले यो ठाउँ सानो भए पनि यहाँवाट ठूला-ठूला तारागण पनि जूनकीरी जस्ता देखिन्छन् । यसमा ठूला ठूला कुरालाई वा **विशाल नक्षत्रहरूको उज्यालोलाई** एउटा **सानो** र कम उज्यालो दिने **जुनकीरीसँग** जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, चरा, मृग र बाघहरूले परिपूर्ण संसार, जसलाई हेर्दा मानव मुटु विचित्र त्रासले ढक्क फुल्दछ ।**

यहाँ **पहाडलाई एउटा सजीव दुनियाँसँग** दाँजेर प्रतीकात्मक अर्थ दिने काम भएको छ । त्यसैगरी **चरा, मृग र बाघहरूलाई परिपूर्ण संसारका रुपमा** देखाएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ । ती पहाडहरू देख्दा सजीव दुनियाँ देखेजस्तै लाग्दछ । यहाँका बनजङ्गलमा चरा, मृग र बाघहरू छन् जसले संसारलाइ नै मनोरञ्जकता प्रदान  गर्दछन् । यस्तो देख्दा लाग्दछ संसार सबै परिपूर्ण छ । यी सबै बस्तुहरू देख्दा आश्चर्य लागि मानवमुटु एउटा नजानिदो डर वा त्रासले ढक्क फुल्दछ ।

**जहाँ लहराहरू राष्ट्रिय झण्डा झैं प्राकृतिक पर्खालमा परफराइरहेछन्, अनेकौं फूलहरूले सुशोभित बनेर । (पृ.ऐ)**

यहाँ लहराहरूलाई (निबन्धकारले विभिन्न प्रतीक मान्ने क्रममा(राष्ट्रिय झण्डा झैं प्राकृतिक पर्खालमा (प्रकृतिको काखमा) फरफराइरहेको अनुभव गरेका छन् । यस्तो फरफराइरहेको झण्डा अनेकौं वा हजारौं फूलहरूले सजिएको वा सुशोभित भएको भनेर

मानिएको छ । यहाँ **लहरालाई राष्ट्रिय भ्ाण्डासँग** मानवीकरण गरेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**ज्यादाजसो कविहरू फूलबारीको नजीक जन्मन्छन्, महापुरुषहरू पहाडको नजीक ।** (पृ.ऐ)

शान्त, सुन्दर र एकान्त ठाउँमा कविताको रचना गर्न सकिने भएकोले र यस्तो वातावरण कवितालाई उपयुक्त हुने भएकोले धेरैजसो कविहरू फूलबारीका नजीक जन्मन्छन् । महापुरुषहरूलाई तपस्या गर्न पहाड वा गुफा आवश्यक हुने भएकोले प्रकृतिले पनि त्यस्तै ठाउँको सिर्जना गरिदिएकी छन् । त्यसैले महापुरुषहरू पहाडको नजीक जन्मन्छन् । यहाँ **कविहरूले फूलबारीको नजीक र महापुरुषहरूले पहाडको नजीक** जन्मनुले प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

**दूधमुखे शावक्हरूका चेहराहरूले मान्छे धेरैजसो साधु बन्छन्, बाघ पाल्ने वनका नजीक वीरका भ्ाोलुङ्गालाई प्रकृतिमाताले हल्लाइरहेकी हुन्छिन् ।** (पृ.ऐ)

मृगका भर्खर जन्मेका बच्चहरूका जस्ता अनुहार भएका मन्छे धेरैजसो साधु बन्छन् । भित्री रूप जस्तो भएपनि बाहिर साधु बन्न यस्तो अनुहारले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । बाघ रहने वा बस्ने ठाउँको नजीक साहसी र वीरहरू रहनु पर्छ भनेर नै होला, यस्तो ठाउँको नजीक वीरका भ्ाोलूङ्गालाई प्रकृतिमाताको माया र ममताले हल्लाइरहेकी हुन्छिन्  **दुधमुखे शावकहरूका चेहराहरूले मान्छे साधु बन्नु र बाघ पाल्ने वनका नजीक वीरका भ्ाोलुङ्गा हुनुलाई** प्रतीक मानेर अर्थ दिने प्रयास गरिएको छ ।

**पहाड र गानाको नित्य सम्बन्ध छ जस्तो वाक् र अर्थको ।** (पृ.ऐ)

कुनै पनि पहाडको नजीक गएर गीत गाएमा त्यो हामीले गाएको गीत पहाडले हामीतिरै फर्काइदिन्छ । जसरी हामीले बोलेको शब्दमा अर्थ हुनै पर्छ । अर्थ विनाको बोलाई निरर्थक र अशुद्ध हुन्छ वा **वाक् र अर्थको** जस्तै सम्बन्ध **पहाड र गानाको** हुन्छ भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**यी पातहरू सब हरिया भाव बन्दैछन्, यी सरसर हृदयमा दगुर्दैछन् ।**

मानवहृदय विकृत भएपनि त्यहाँका रुखहरूमा भएका हरिया पातले संघर्षको उदाहरण प्रस्तुत गर्दछ । पातले संघर्षै संघर्षका माध्यमबाट आफ्नो जीवन सुचारी गर्दछ । त्यसले यस्तै संघर्ष गर्ने बानी हामीमा पनि पर्दै जान्छ र पातहरू जस्तै हरिया भाव हाम्रो हृदयमा देखा पर्दछ अनि पात हल्लिदा उत्पन्न हुने साङ्गीतिक ध्वनि जस्तै हाम्रो हृदयमा सरसर गरी दर्गुदछन् । भावहरू हरिया नभए पनि **पातहरूलाई हरिया भावसँग** जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**हाम्रो हृदयको स्नेह सानो केन्द्रमा तीव्रता लिँदो रहेछ जस्तो घामको स्वभाव छ ।** (पृ.ऐ)

जसरी घामको सानो किरणले पनि उज्यालो र ताप दिन्छ अनि तीब्रता लिन्छ त्यसैगरी हाम्रो मानव हृदय पनि स्नेहको सानो केन्द्रमा तीव्रता लिने हुन्छ । **हृदयको सानो केन्द्रलाई घामको स्वभावसँग** जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**जति क्षेत्रफल बढायो उति पतलाउनु प्रेमको प्रवृत्ति रहेछ जस्तो ख्याल हुन्छ ।**

सबैलाई पुग्ने यो स्नेह वा प्रेम भन्ने चीज जति क्षेत्रफल बढाए पनि हुन्छ । धेरैलाई पुऱ्याउनु पर्दा अलिकति पातलो स्थितिमा भने रहन्छ । तर समानुपातिक रूपमा सबैलाई पुऱ्याएकै हुन्छ यो प्रेमको स्वभाव नै हो । **आयतन वा क्षेत्रफललाई प्रेमको स्वभावसँग** दाँजेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मृत्यु स्वर्गबाट ओर्लदा 'तँ के चाहन्छस् ?' को प्रश्नलाई पनि म प्रत्युत्तर दिन्थें, 'नेपालको भलाइ !' अरू मुक्ति खोजुन्, स्वर्गपछि दौडून, म नेपालको अनन्त सेवा ।**

मृत्युले स्वर्गबाट ओर्लिएर मलाई सोधेमा पनि म नेपालकै हित चाहन्छु भन्न मन लाग्दछ । अरू जतासुकै दौडिए पनि (स्वर्ग, मुक्ति) मलाई भने यस देशकै अविरल शुभकामना र अनन्त सेवा गर्न मन लाग्दछ । यस्तो अनन्तताको सेवा मलाई मातृभूमिको प्रतिनै गर्न मन लाग्छ । त्यसलै हामी सबै नागरिकले देशको सेवामा समर्पित हुनु परेको छ । **मृत्यु स्वर्गबाट ओर्लनुलाई** नेपालको भलाईसँग जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**हँस्सी उडाउने हँस्सी उडाउँछन्, तर म भन्दछु कि मेरो मातृभूमिमा त्यो आर्यसभ्यता छ, जसले संसारलाई एक विशाल युगसरुम्म आध्यात्मिक पोषण पुऱ्याउन सक्दछ । अरूका श्रीपेच शिरमा रहून्, मेरो स्वदेशको श्रीपेच हृदयमा रहन्छ ।**

मातृभूमिलाई हाँसो उडाउनेहरू हाँसो उडाउँदै हुन्छन् तर मलाई नेपालमा विश्वलार्य एउटा विशाल युगसम्म पुऱ्याउन सक्ने आर्यहरूको सभ्यता पनि पाइन्छ । जुन आर्य सभ्यताले हाम्रो आफ्नो देशलाई विश्व समक्ष प्रस्तुत गर्ने प्रयास हरपल, हरयुगसम्म अँध्यात्मिक -प्राचीन संस्कृति र संरचनाप्रति सधैव जागरित गराउने) पोषण पुऱ्याइरहेको हुन्छ । अरूले शिरमा शोभा दिने वस्तु श्रीपेच लगाउँछन् भने म स्वदेशप्रतिको माया र ममता हृदयमा बोकेर उच्च हुने प्रयास गर्दछु । त्यसैले देवकोटा अरूको श्रीपेच शिरमा भएजस्तै आफ्नो स्वदेशको श्रीपेच हृदयमा रहन्छ भनी प्रतीकात्मक अर्थ प्रदान गर्दछन् । विदेश भनेको एउटा सपना जस्तो मात्र हो, कता कताको कथा जस्तो, नदेखेको झिलमिलि, स्पष्ट हुन नसकेको ग्रहण गर्न नसकिने बाहिरको कुरा मात्र हो, जुनकुरा देवकोटा आफ्नो क्षितिजभित्र नरहेको अवस्थाम नजसको नाता पनि नरहने तथ्य स्पष्ट पार्दछन् । वास्तवमा साधारण मानिसले शिरमाथिको आकाश गोलाभन्दा ठूलो चीज केही नै देख्ने गरेको पाइँदैन र नेपालको तारामण्डले अर्द्ध गोलाबाहिर कुनै संसार छ । कुनै पनि मानिसले सम्झदैन यो खाली एउटा अल्प खण्डमात्र हो भन्ने कुरा । देवकोटा पनि आफूलाई यो बाहिर पनि क्षितिज छ भन्ने कुरा बुझेर केही फाइदा नभएको विचार व्यक्त गर्दछन् । विश्वको सम्पूर्णता र अनन्तता देख्नेलाई सुइ एक सानो कनिका जत्रो देखिएपनि पृथ्वीवासीलाई भने सूर्य सेतो रापको जीवनदाता भगवान् जस्तै ठहरिन पुग्दछ । कसैलाई कुनै वस्तु ठूलो र महत्त्वपूर्ण लाग्छ भने कसैलाई कुनै वस्तु त्यसतै देवकोटा आफूलाई पनि स्वदेश नै विश्व लाग्ने, विपना र सत्य साथमा खँदिलो अस्तित्व भएको राष्ट्र मान्न पुग्दछन् । शिरलाई हृदयसँग जोडेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**कति थोरै नेपालवासी सम्भँदा हुन् कि यो नेपाली अर्द्धगोलाबाहिर कुनै दुनियाँ छ ? वास्तवमा साधारण मनुष्यका निमित्त शिरमाथिको आकाश गोलाभन्दा ठूलो चीज केही हुँदैन; र उसले सम्भदैंन कि यो खाली विशालको एक अल्प खण्ड हो ।**

नेपालका थोरै मात्र मान्छेले नेपाली आधा गोल बाहिर पनि कुनै देनियाँ छ भन्ने सम्भेका होलान् । धेरैजसोले नेपाललाई (काठमाडौं उपत्यकालाई) नै सम्पूर्ण संसार मान्ने गरेका छन् । सम्पूर्ण एउटा साधारण व्यक्तिका लागि शिर माथिको आकाशशीला भन्दा ठूलो चीज केही नै हुँदैन किनभने उसले त्यो भन्दा पर र त्यो भन्दा ठूलो वस्तु अरू केही देखेकै हुँदैन । आफूले जुन वस्तु देख्यो त्यसैलाई ठूलो मान्ने प्रचलन नेपाली समाजमा विद्यमान छ । उसले यो कुरा सम्भन सक्दैन किनकि ऊ भित्र सानो कस्तालाई भन्ने र ठूलो कस्तालाई भन्ने बारेमा पूर्ण ज्ञान नै छैन । त्यसैले ऊ विशालको एउटा सानो रूपलाई पनि ठूलो भन्न वाध्य हुन्छ । हामीमा ठूलो र सानो छुट्ट्याएर अनुभूत गर्ने ज्ञानको कमी रहेको पाइन्छ । **विशाललाई एउटा सानो वा अल्प खण्डका रुपमा** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**तर पृथ्वीवासीलाई सूर्य सेतो रापको जीवनदाता भगवान् नै ठहरिन्छन् । मेरो स्वदेश नै मेरो विश्व हो, विपना हो, मेरो सत्य हो, एउटै खाँदिलो अस्तित्व हो ।**

पृथ्वीमा बस्ने व्यक्तिहरूले सूर्य भन्दा ठूलो र रापिलो जीवन दिन सक्ने वस्तु केही पनि देखेका छैनन् । त्यसैले उनीहरू सूर्यलाई सेतो रापको जीवनदान र भगवान् नै मान्दछन् । त्यस्तै देवकोटा आफूलाई यही देश नै ठूलो र सम्पूर्ण हो भन्दछन् । अनि आफूले भोगेको विपना आफैँमा सत्य हो भन्न पुग्दछन् । यसरी सबै कुरा पूर्ण भएपछि त्यसमा एउटा खँदिलो छुट्टै अस्तित्व रहने कुरा पनि अभिव्यक्त गर्न पुग्दछन् । **सूर्यलाई भगवान्सँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

### ३.१.३ अलङ्कारहरूको अध्ययन

निबन्धकार देवकोटाले **'के नेपाल सानो छ ?'** निबन्धमा प्रयोग गरेका अलङ्कारहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ -

**यो पृथ्वीको सानो शिरबिन्दु नै होस् तर ओंकारको बिन्दु भैँ परमानन्द घनीभूत छ ।**

त्यसैगरी नेपाल पृथ्वीको सानो बिन्दु भए पनि -**ओंकारको शिरको बिन्दु** जसरी महत्त्वपूर्ण र परमानन्दको सघन अनुभूति दिने र महत्त्व प्रदान गर्न सक्षम छ) महत्त्वपूर्ण र परमानन्द घनीभूत प्रदान गर्न सक्षम छ । यसले आध्यात्मिक चेत भएका व्यक्तिलाई संक्षिप्तमा व्यापकता र सूक्ष्ममा स्थूलता प्रदान गर्दछ । योगीहरूले दिने आनन्दको अनुभूति वा ईश्वर प्राप्तिको **आनन्दलाई ओंकारको बिन्दु भै र परमानन्द घनीभूत** शब्दावलीले भन्नाले उपमा अलङ्कार हुन पुग्यो ।

**यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुरीमा के जान्ने छैनन् ?**

यस ठाउँमा छन् होला किन नहुनु । कवि प्रश्न गर्दै भन्छन् यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुर (कान्तिको पुरी वा शहरमा) कै जान्ने छैनन् ? छन् किन नहुनु तर जानेको वा थाहा पाएको कुरा अभिव्यक्त गर्ने ठाउँ नै प्राप्त गर्न गाह्रो भइरहेको छ ।

कान्तिपुर आफैमा सुन्दर भएको र यसबाट देखिने दृश्यहरू पनि **सुनौला भएकोले** यहाँ श्लेष अलङ्कारको प्रयोग गरिएको छ ।

**के साना चराहरू हृदयाकाशमा अमर बेलीकुञ्ज बोल्दैनन् ?**

साना चराहरू पनि आफ्नो हृदय आकाशमा कहिल्यै नमर्ने वेली कुञ्च -फूलको गुच्छा) बोल्न सक्छन् । त्यसैले कवि के साना साना चराहरू हृदयाकान्तमा अमर बेलीकुञ्ज बोल्दैनन् भनी प्रश्न गर्दछन् । साना भए पनि सबैका हृदयमा अमर बेलीकुञ्ज रहेका हुन्छन् । यस वाक्यमा हृदयमा तस्वीर खिचेर राखिएको फूलको गुच्छा भएकाले श्लेष अलङ्कारको प्रयोगका साथै हृदयको आकाश नहुने तर **हृदयाकाशमा** भन्ने शब्दले रुपक अलङ्कारको अर्थ प्रदान गरेको छ ।

**यहाँका मनुष्य मनुष्यलाई मनुष्यको दृष्टिले हेर्दछन् ।**

यहाँका मान्छेमा मानवताको भावना प्रशस्त मात्रामा रहेको छ । यहाँ एउटा नेपालीले दुःख पाएमा अर्को नेपालीले सहयोग गर्ने परम्परा रहेको छ । त्यसलाई यहाँ मान्छेलाई मान्छेकै रूपमा मान्छेले हेर्ने प्रवृत्ति पाउन सकिन्छ । यहाँ एउटै शब्द **मनुष्य** तीन ठाउँमा दोहोरिन गएकोले लाटानुप्रास/वृत्यानुप्रास अलङ्कार भई अर्थ प्रदान गरेको छ ।

**सभ्यमानी देशहरूमा मनुष्य मनुष्यलाई हिंस्रक जन्तुको दृष्टिले हिंस्रक जन्तुलाई हेरै भैँ हेर्दछ ।**

विकासशील वा सभ्यमानी देशमा बस्ने गरेका मानिसहरू एकै घरमा बसे पनि तिनीहरू एकले अर्कोलाई चिन्न पनि सक्दैनन् भने तिनीहरू मानवलाई मानवको रूपमा नहेरी जङ्गली पशुका रूपमा हेर्ने गर्दछन् वा हिंस्रक जन्तुको दृष्टिले हिंस्रक जन्तुलाई हेरे भैँ गर्दछन् । यहाँ **मान्छेले मान्छेलाई हेर्ने दृष्टिकोण जन्तु वा हिंस्रक जन्तुलाई** हेरेजस्तै गरी हेर्दछन् भनेर उपमा अलङ्कारको प्रयोग गरी अर्थ प्रदान गरेको छ ।

**म त्यही मानव संसारको सम्पूर्णता देख्दछ, म केही सौन्दर्यको चीज देख्तिनँ, जो म नेपाल संसारमा पाउँन ।**

म यो नेपालमा नभएको बस्तु केही छ जस्तो लाग्दैन । यहाँ सम्पूर्ण कुराहरू छन् । यहाँको मानवसंसारमा सम्पूर्णता नै देख्दछु । नेपाल संसारमा नभएको कुनै पनि सौन्दर्यको वस्तु विश्वमा कही कतै पनि प्राप्त हुन सक्दैन । **मानव संसारमा** सबै कुरा देख्ने र यो सबै कुरा **नेपाल संसारमा** छ भन्नुको अर्थ यसमा रुपक अलङ्कारको प्रयोग भएको छ ।

### ३.१.४ भाषाशैली

के नेपाल सानो छ ? यस निबन्धमा देवकोटाले प्रस्तुत गरेको भाषा शैलीको अध्ययन निम्नानुसार गर्न सकिन्छ :-

के नेपाल सानो छ ? यो निबन्ध नेपाली निबन्धको स्रष्टा लक्ष्मीप्रसाद देवकोटाको विशुद्ध सिर्जनात्मक अँगालेर लेखिएको निबन्ध हो । यस निबन्धमा देवकोटा आप्नो मौलिक सिर्जनाचेत प्रयोग गरेका छन् । यसका शीर्षकमा नै के नेपाल सानो छ ? भनि प्रश्न

चिह्नले नै बिम्बात्मक अर्थ प्रदान गरेको छ । उनले यसको शीर्षक बाट नै नेपाल सानो होइन ठूलो छ भन्ने तर्कको उठान गरेको छन् ।

यस निबन्धका विभिन्न ठाउँमा भाषाको बिचलन भएको छ । त्यस्ता विचलनहरू नाम, विशेषता, सर्वनाम क्रिया, प्रकरण र सन्दर्भ आदिमा रहेको छ । यसरी विचलन हुने क्रममा कही कतै क्रियारहित वाक्यको पनि प्रयोग भएको पाइन्छ । जस्तै : सुन्दर शान्त विशाल ।

देवकोटाको यस निबन्धमा विभिन्न बिम्ब प्रतीक र अलङ्कारहरूको पनि प्रचुर मात्रामा प्रयोग गरिएको छ । यो निबन्ध गद्य विधामा लेखिएको भएपनि यसमा कवि देवकोटाको प्रशस्त प्रभाव परेको छ । यसमा रहेका कतिपय वाक्यको पूर्णविराम झिकिदिदा निबन्ध गद्य कविता जस्तो बन्न पुग्दछ । पूर्णरुपमा कवितात्मक भाषाको प्रयोग भएको हुँदा निबन्ध गद्यमा लेखिएको तर कवितामूलक निबन्ध भित्र पर्दछ । यस निबन्धलाई सौन्दर्यमूलक निबन्धभित्र राखेर अध्ययन गर्ने काम भएको छ ।

## ३.२ छन्द र लय

### ३.२.१ बिम्बहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले छन्द र लय निबन्धमा प्रयोग गरेका बिम्बहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ -

**मैले कविता लेख्न कसैसँग सिकिनँ, तगण र मगणको रगड मलाई मन पर्दैन । न त छन्दोमञ्जरी या श्रुतबोधको पाना मैले कहिल्यै पल्टाएँ । मलाई कविता लेख्न प्रवाहले आयो, पढाइले आएन ।** (पृ.९९)

मलाई कविता लेख्न कसैले पनि सिकाएको होइन । सिद्धान्तमा बाँधिएर वा घोकेर कविता सिर्जना गर्न मलाई मन पर्दैन । अनि छन्दसम्बन्धी कितावी ज्ञान पनि ममा थिएन किनभने मैले कहिल्यै पनि छन्दोमञ्जरी श्रुतिबोधको पाना पल्टाएको थिइन् । अनि कविता लेखन पढाइ होइन प्रवाह चाहिन्छ जस्तो लाग्यो । भावनाको अजश्र प्रवाहबाट नै कविताको सिर्जना हुने कुरा मात्र मलाई थाहा भयो । त्यसैले यहाँ कविता **पढाइले नभइ** अनवरत प्रयासले वा **प्रवाहले आएको** कुराले बिम्बात्मक रुपमा अर्थ स्पष्ट पारेको छ ।

**वृद्धले काव्य रचना गर्नुमा हामी मानव आत्माले यात्रा गरिसकेका क्षेत्रहरूको दृश्यउपर वैराग्य र भक्तिको भावना उठिरहेको देख्छौं, र मेरा प्राणदाता पिताजी अवसर इश्वरको स्तुती संसकृत र नेपालमिा लेखिरहनु हुन्थ्यो ।** (पृ.ऐ.)

वृद मानिसहरूले कविता-कावय रचना गर्दा जीवनमा आफूले देखेका, र भोगेका ठाउँहरू अनुभवका आधारमा गर्दछन् । जीवनका केही क्षणमा सुख भोगेका हुन्छन् भने त्यतिबेलाको सम्झनामा मनोरञ्जनात्मक काव्यको रचना गरेका हुन्छन् भने कहीं कतै दुःखको अनुभव गरेका भए वेदनाजन्य कावयको रचना गर्दछन् । अनि मासिनमा बुढेसकालले छोएपछि ईश्वरको भक्ति र स्तुतीमा नै आफ्नो समय विताउने गर्दछ । त्यसैले मेरा पिताजी (देवकोटाका पिता) पनि असी वर्षको उमेरमा काव्य रचना गरेका र पण्डित

भएको नाताले गर्दा होला संस्कृत र नेपालीमा लेखिरहनु हुन्थ्यो । यहाँ **वृद्धले कविताको रचना गर्नु वैराग्य र भक्तिको भावना** हो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**पिताजीलाई संस्कृत कविताहरूमा सौख थियो र 'रसगङ्गाधर' का पाना पल्टाएर बराबर मलाई कविका राम्रा राम्रा अलङ्कारमण्डित पंक्तिहरू देखाउँदै अर्थ लगाइदिनुहुन्थ्यो । त्यसका साथसाथै, स्तोत्रकलापका मीठा स्तुतिहरू मलाई कण्ठ गराएर भन्न लगाउने उहाँको सौख थियो ।** (पृ.ऐ.)

पिताजीलाई कविता पढ्न सौख भएकै कारण राम्रा कविता श्लोकहरू र रसले परिपूर्ण भरिपूर्ण भएका श्लोकहरूको अर्थ लगाइदिनु हुन्थ्यो जसले बालहृदयमा प्रभाव पार्दथ्यो । त्यसैगरी अलङ्कारले सजिएका वा राम्रा राम्रा **अलङ्कारमण्डित पंक्तिहरू देखाउँदै** मिठा-मिठा स्नोत्रकलापका अर्थ पनि लगाई दिनुहुन्थ्यो भनेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**'पुराण' भन्नामा बडो चित्ताकर्षकतासाथ सुरिलो सङ्गीतमय स्वरले भन्न सक्ने हुनाले उहाँले भागवत्का श्लोहरू उच्चारण गरेको सुन्न मलाई बहुत मीठो लाग्दथ्यो । यिनै प्रभावहरूले कता-कताबाट मेरो हृदयमा छन्द आफैँ घुसेर आयो, जस्तो गानाको लय कुनै कुनै केटाकेटीको कानमा सच्चाइसँग घुस्दछ ।**

पण्डित भएकोले र मीठो स्वरका धनी भएकोले पिताजीले सुरिलो स्वरमा भागवत्का श्लोकहरू सुनाउने गर्दा बाल हृदयलाई मीठो लाग्दथ्यो । यिनै छन्दको रसले समात्न पुग्यो । अनि उनी पनि छन्दमा गाउँन र आफ्ना भावना लेख्न सक्ने हुन पुगे । जसरी कुनै-कुनै केटाकेटीहरू आफूले सुनेको गीत जस्ताको तस्तै गाउँन सक्छन् । त्यसैगरी देवकोटालाई पनि पिताजीले गाउँने गरेका विभिन्न रसासिक्तभावले कविताको रसस्वादन गरी रमाउने बनायो । यसमा शब्दको पुनरावृत्ति भई हृदयमा **छन्द आफै घुस्नु र गानाको लय कानमा मिठोसँग घुस्नुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**कल्पनामा सुर चढेपछि त्यसै अक्षर मिल्दा रहेछन् र लय घुसेपछि, हावाले बाँसमा मुरली बजाए झैँ त्यसै प्राकृत तवरले मान्छे मुरलीको हृदय बन्न थाल्दोरहेछ । मान्छेको हृदयमा भावना आउन थालेपछि लेख्दै जाँदा अक्षरहरू आफैँ मिलि त्यसमा गाउँन मिल्ने लय पनि थपिएको हुन्छ । अनि मान्छेकै हृदयमा मुरी बजाएझैँ ती लयहरू वा कविताहरू बज्न थाल्दारहेछन् ।** (पृ.ऐ.)

यी सबै कुरालाई मध्यनजर राख्दा पढाइभन्दा प्रकृति नै ठूली, अनि नियम भन्दा नियति नै ठूलो हुँदो रहेछ । जुन कुरा आफूले गर्दा गर्दै जानियो त्यही कुरा पछिसम्म अविस्मरणीय हुँदो रहेछ । अनि थोरै जानेका व्यक्तिले पनि धेरै जानेको ढोँग गर्ने अवसर प्राप्त गर्दा रहेछन् वा **कल्पनामा सुर चढेपछि त्यसै अक्षर मिल्दा रहेछन् र लय घुसेपछि,** मान्छेको हृदय मुरली बन्न पुग्दो रहेछ । भनी बिम्बात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**मानव आत्माको चाखले आफ्नै दिशा देखाउँदो रहेछ र जहाँ ज्यादा मन गड्यो उही मानिस आफ्नो विलास पाउँदो रहेछ ।** (पृ.ऐ.)

जिज्ञासु मानिसले मात्र केही कुरा छिटो सिक्न सक्ने हुन्छ । उसले लिएको जिज्ञासा वा चाख तीब्र हुँदा उसले सिकेको केही कुरा जुन महत्त्वपूर्ण छ त्यो हृदयमा सधैँका लागि

टाँसिएर रहेको हुन्छ र त्यही मानिसले मात्र जीवनमा विलासिता एवम् सफलता मात्र हात पार्दछ । यहाँ **आत्माका चाखले मन गड्नु** आदिलाई विलास मानेर बिम्बात्मक अर्थ दिने काम गरेको छ ।

**कितापमा लेखिएका नियम र सुत्र पछाडि विश्वमा सूक्ष्म झल्का र अनुभूति पाइँदा रहेछन्, जसले ती नियम लय र तालमा हिँडाउँदा रहेछन् ।** (पृ.ऐ.)

हामीले पढ्ने किताबमा नियम र छोटा-छोटा सुत्रहरू हुँदा रहेछन् । तिनीहरूले विश्वलाई सानो (सूक्ष्म) ज्ञान र अनुभूति (अनुभव गर्ने कुरा) दिने हुन्छन् । तिनीहरूले ने जीवनलाई साङ्गीतिक लय वा तालमा हिडाउँदा रहेछन् र हामी पनि उनीहरूले जसरी नचाउँछन् त्यसैगरी नाच्दारहेछौँ । **नियम र सूत्र, सूक्ष्म झल्का र अनुभूति** आदिले नियमलाई **लय र तालमा हिडाउँछन्** भनेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**मेरो सिद्धान्तमा सुन्दर र भनेको सत्यको मोहनी हो ।**

देवकोटाले **सत्यको मोहनी रूपलाई नै सुन्दरको रूप** दिएर बिम्बात्मक अर्थ प्रदान गरिएको छ । कुनै पनि कुरा सत्य हुनै पर्छ र सत्य नभइ त्यसले कसैको पनि मन छुन सक्दैन अनि मन नछोइ मोहनी लाग्दैन र सुन्दर पनि हुन सक्दैन । कुनै वस्तुले मन छोएमा मात्र त्यो सुन्दर हुन्छ ।

**अनि मानव-चैतन्य त्यसको टक हेरेर आनन्द पाउँछ र त्यसको लयको सूक्ष्म चेत पाएर छन्दको ज्ञान पाउँदो रहेछ, जस्तो चराहरू नवोदयमा उद्‌गार गर्न त्यसै जान्दछन् ।** (पृ.ऐ.)

मानिसहरू त्यही सूर्यको किरण प्रताप एकोहोरो हेरेर आनन्द पाउँछन् । अनि त्यसको अतिशय सानो चेत वा ज्ञान पाएर छन्दको ज्ञान पनि पाउँदा रहेछन् । चराहरूले जसरी सूर्यको उदय भएको कुरा (उज्यालो भएको कुरा) आफसे आफ थाहा पाउँछन् त्यसैगरी मानिसले पनि सूक्ष्म चेतबाट नै छन्दको ज्ञान पाउन सक्दछन् भनी **चराहरू नवोदय शब्दले** बिम्बात्मक अर्थ दिने काम गरिएको छ ।

**तब उहाँ कहाँबाट मौनको मुटुबाट सन्देश जस्तो हृदय भावना अष्पष्टको मधुर कोपिलामा सुवास झैँ भएर निस्कन्छ र ताराहरू मिल्न जान्छन् ।** (पृ.ऐ.)

यसरी प्रकृतिको काखमा मौन भएर टोलाइरहेको अवस्थामा नै मुटुबाट केही ज्ञानको उदय, भएजस्तो मौनको मुटुवाट शब्दावलीले नवीन वास्ना सहित केही निस्केजस्तो लाग्दछ । अनि त्यो नयाँ कोपिलाको वास्ना (सुवास) मौन नै रहेर अनन्त आकाशका ताराहरूसँग मिल्न पुग्दछ । यहाँ हृदयबाट उत्पन्न हुने तर **मधुर कोपिला र सुवास** शब्दावलीले भर्खर फकन लागेको फूलले सुवास भावको बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**जुन आँखाले विश्वमा छन्द देख्तछ, त्यसलाई नियमावलीका यान्त्रिक तालिमहरू निको लाग्दैन, सहस्ररजनीको मिठासबाट अलङ्कार मञ्जरी र तगण तारतम्यहरूमा पुगेजस्ता लाग्दछन् ।** (पृ.ऐ.)

विश्वमानै छन्द देख्ने आँखालाई कुनै पनि नियम कानुन भित्र रहनु उचित लाग्दैन न त तालिमहरू (जानेको छु भनेर दिएका कुरा) नै राम्रो लाग्दछ सम्पूर्ण जिभ्राको स्वादबाट, अलङ्कार (गहनाले सजिएकी) मञ्जरी र (छन्द थाहा पाउन गण थाहा पाउनु पर्ने)

गणहरूको मेलमिलाप पुगेजस्तो लाग्दछ । यसरी छन्द भन्ने कुरा हाम्रो आँखामा वा भावनामा भर पर्दछ । यदि हाम्रो भावनामा छन्द छ भने त्यसलाई नियम कानून, तालिम आदि कुनै कुराको पनि आवश्यकता पर्दैन । त्यसैले हामी सबैले भावना बुझ्नुपर्छ र छन्दको ज्ञान प्राप्त गर्न सकिन्छ । यहाँ **नियमावलीका यन्त्रिक तालिमहरूबाट सहस्र रजनीको मिठासबाट अलङ्कार मन्जरी हुन्छ** भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**किताबमा नियमहरू साङ्ग्रा, साना, टुक्रे, टेढा विदित हुन्छन् र विवेकी छर्लङ्ग कठोरतामा रहस्यको लयदार प्रगति ल्याउन खोजेजस्तो देखिन्छ ।** (पृ.ऐ.)

मनभित्रै छन्द भन्ने कुरा भएपछि किताबका नियमले मात्रै ज्ञान अपूरो हुन्छ । स्वतः रूपमा प्रकट भएको ज्ञान कितावी ज्ञान भन्दा ज्यादै उच्च हुन्छ । नीति नियमभित्र रही लेखिएका कुरा साघुरो घेराभित्र रहेका, साना, टुक्रे, टेढा र सबैले बुझ्ने खालका हुन्छन् । अनि **विवेकले** प्रष्टसँग कठोर भएर (दृढ निश्चयी भएर) रहस्यमय र लयदार प्रगति ल्याउन खोजेजस्तो मात्र लाग्दछ वा **छर्लङ्ग कठोरतामा रहस्यको लयदार प्रगति ल्याउन खोजेजस्तो छर्लङ्ग कठोरतामा रहस्यको लयदार प्रगति ल्याउन खोजेजस्तो** भनी बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**भाषा भनेको भुलभुलावट हो । स्वर्गको रस भरिएको छातीलाई शब्दशास्त्र पढ्नु पर्दैन, त्यसै झर्झराउँछ ।**

कुनै पनि भाषा भनेको मानव हृदयबाट स्वतः स्फूर्त रूपमा उत्पन्न हुने भाव हो । यो आफैँ पानीको मूल फुटे झैँ भूलभूल गरी बाहिर निस्कन्छ । छातीभित्र स्वर्गीय रस भरिदा शब्दहरू आफैँ भावनासँगसँगै बाहिर निस्कन्छन् । उसलाई शब्दशास्त्रको ज्ञान नपढीकन नै प्राप्त हुन्छ वा पढ्नु नै पर्दैन । भावको अजस्र प्रवाह तछाड मछाड बनी बगिरहँदा शब्दहरू पनि आफैँ नवीन रूपमा उत्पत्ति हुन्छन् र हृदयबाट झर्झराउँछ (बग्दै जान्छ, खोलाको बहाइजस्तै झर्झर् गरी) भनी भुलभुलावट शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**म भाषाहीन युगको पहिलो जन्तु भए पनि पहिला गुलाफ देखेर चूप रहन सक्ने थिइनँ । रङ्ग रेखाबाट शब्दहरू बन्दै आउँथे र मानव भाषा पछि त्यसैलाई भन्ने थिए ।** (पृ.ऐ)

देवकोटा (म) भाषा नै नभएको र नजन्मिएको अवस्थाको भएपनि त्यहाँ प्रकृतिको सन्दरता देखेर (गुलाब-सुन्दरताको प्रतीक) चुपचाप नबोली बस्न सक्ने थिइन किनभने प्राकृतिक सुन्दरता देख्ने वित्तिकै भित्री हृदय रसाएर आउने गर्दथ्यो । भाषा नभए पनि कुनै संकेतका माध्यमबाट पनि त्यसमा भाव भर्न सकिन्थ्यो । रङ्ग र रेखाका माध्यमबाट शब्दहरू अभिव्यक्त हुने गर्दथे । पछि **त्यसैलाई** (रङ्ग र रेखालाई) नै **मानव भाषा** भनेर बिम्बात्मक रुपमा अर्थ प्रदान गरेको छ ।

**शब्दहरू अनुभूतिबाट बन्दछन् जस्तो अनुभूति विभूतिबाट । शायद हामीहरू बाइमात्रा र तर्कूल्याका विज्ञान बनाउन सक्ने थियौँ** (पृ.ऐ) ।

अनुभवबात नै शब्दहरूको निर्माण हुन्छ । अनि अनुभव (अनुभूति) विभूतिबाट मात्र जन्म । अनुभवविना अनुभूति र विभूतिविना अनुभूति हुन सक्दैन । हाम्रो नेपाली भाषा अन्य भाषा भन्दा जटिल छ । यहाँ तर्कूल्या र बाइमात्राहरू रहने गर्दछन् । केही कुराराम्रो र मीठो

रूपमा अभिव्यक्त गर्दा तर्कूल्या र नराम्रो वा नमिठो रूपमा व्यक्त गर्दा वाइमात्रा लगाउने चलन पनि छ । तर हामी त्यति ज्ञानी छैनौ जसले **बाइमात्रा र तर्कूल्याको विज्ञान** बनाउन सकेको होस् भनी देवकोटा बिम्बात्मक अर्थ प्रकट गर्न पुग्दछन् ।

**हृदयको आफ्नो भाव तर हृदयले पहिला थाहा पाउँछ क्यारे । अनि त्यसका स्पर्शहरू लम्बिदैँ जाँदा  दर्शनशास्त्र बन्दा हुन् ।**

हृदय भनेको हाम्रो मनको तहमा रहने र सबैभन्दा भित्र रहने भाव हो । जहाँ भावहरूको उत्पत्ति हुन्छ । त्यो ठाउँलाई मन भनिन्छ । त्यहाँ हृदयले आफ्ना भावहरूको उत्पादन गर्दछ । हृदयमा उत्पन्न भएका भावहरू हृदयले नै पहिला थाहा पाउँछ । जहाँ भावहरूलाई स्पर्श गर्ने काम हुन्छ र हृदयले यस्तो कुरा सबैभन्दा पहिला थाहा पाउँछ । अनि हृदयले थाहा पाएका भावहरू लम्बिदै गएर  स्पर्श गर्दा दर्शनशास्त्र बन्दछ । त्यसैले यहाँ **हृदयले नै हृदयको पहिलो भाव** थाहा पाउँछ  अनि यसैबाट दर्शनशास्त्र बन्दछ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**विश्वमा छन्द नभए म कवि हुन सक्ने थिइनँ, चैतन्य नभए म अनुभूति पाउने थिइनँ, स्वर्ग नभए खोज्ने थिइन, नरक नभए डराउने थिइन, ममा सिर्जना नभए मुखरित हुने थिइनँ ( पृ.ऐ) ।**

कवि हुनका लागि छन्दको आवश्यकता पर्दछ । छन्द नै नभए कवि हुन सक्ने कुरै हुँदैन । आफूमा चैतन्य (चेत)को विकास भएकै कारण अनुभूति पाउने कुरा व्यक्त छ । चेतना वा विवेक **चैतन्य नभएको भए कुनै कुराको अनुभव अनुभूति पनि हुने थिएन ।** स्वर्ग छ भनेको र चैतन्यले थाहा पाएको हुँदा खोज्ने गरेको र नराम्रो काम गरेमा नराम्रो ठाउँमा जानुपर्ने वा नरक देखेर डराउन थालेको अनुभूति देवकोटाले व्यक्त गरेका छन् । आफूसँग सिर्जनात्मक गुण भएको हुनाले सबैका सामु देखिन र मुखरित हुन पुगेको भनी बिम्बात्मक अर्थ प्रकट गरेका छन् ।

**गाना सितारामा बज्दैन, तर पहिलो सूर्य रश्मिमा चित्रकारी पहिला गुलाफमा निस्किएको थियो । नाटक पहिला प्रभातको तरङ्गमा ! मेरा नसामा नाला छन्, हृदयकाशमा - हदयाकाशमा) ताराको झिलिमिलि छ** (पृ.ऐ) **।**

भित्री हृदयमा भावना नआइकन कुनै बाजामा त्यसले तल दिने सक्देन वा गाना सितारमा बज्दैन । तर सबैभन्दा पहिला सूर्यको किरण गुलाफ (फूलमा) मा परेको थियो अनि निस्किएको पनि थियो । त्यसैगरी नाटक पहिला विहानीको छालासँगै (तरङ्ग) सैगै) अघि बढेको थियो । मेरो सम्पूर्ण शरिरका नसामा नेपाली नदी र झरनाहरू सलबलाइरहेका छन् । मेरो हृदयको भित्री तहमा (आकाशमा) **ताराहरू झिलिमिल** गरीरहेका छन् जसले मलाई सुनौला भविष्यको संकेत पनि गरिरहेका छन् यहाँ **ताराको झिलिमिली** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**गोधूलीबाट म दोसाँधी दुनियाँको मिठास पाउँछु र मेरा छन्द र लय छन्दो मञ्जरी र संगीत परिचयमा छैनन्, तर अनन्तको फूलवारिमा संसारमा अनि म जागृत पक्षी झैँ जगाउन खोज्छु किन किन** ?

गोधूली भनेको उज्यालो पनि होइन अँध्यारो पूरै नभइसकेको समय हो । यसबाट हामीले केही उज्यालो पछि अँध्यारो र केही अँध्यारो पछि उज्यालो आउने कार प्रष्ट हुन्छ । जीवनमा सुख दुःख सधैँ भइरहने नभइ सुख पछि दुःख अनि दुःख पछि सुख आउने कुरा व्यक्त गरी हामीले दुःख र सुः दुवैसँग सम्झौता गर्नुपर्दछ भन्ने कुरा गोधूलीबाट प्रस्ट पनि सकिन्छ । मेरा छन्द र लय हृदयको भित्री कुनाबाट प्राप्त हुने र आफैँमा निर्मित भएका हुँदा यिनीहरू कुनै ग्रन्थ वा कितावमा आबद पनि रहेका छैनन् । तर अनन्त आकाशको -जसरी पानी जुनसुकै ठाउँमा पनि माथिबाट तल बगी आफ्नो मधुर र साङ्गीतिक धुन गुगनाउँदै निस्कन्छ( त्यसैगरी फूलैफूलले भरिएको फूलबारीमा पानीको स्वभाव जसरी कलकल गरी मिठो निद्रा निदाउँन मन पर्छ र निदाउँछ पनि अनि संसारबाट व्युझिएर जागृत पंक्षी छ मन प्रफुल्ल भउर जगाउन मन पर्दछ । चरा जस्तै स्वछन्द र स्वतन्त्र भएर । यहाँ जागृत पक्षी झैं शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**विश्वकवि नभए साना कवि हुने थिएनन् । हामी खाली हावामा रुनझुनाइरहेका टुक्रा टिप्तछौँ । महासागरका स्वातिबुँद करुणामा पिउँछौँ ।**

कुनै कुरा सानो भन्ने हो भने त्यो ठूलो वस्तुको तुलनामा मात्र सानो हुन्छ । ठूलो वस्तु भएर मात्र सानो भन्ने थाहा हुन्छ । त्यसैले विश्वमा ठूला-कवि भएर मात्र नै साना कवि भएका हुन् । हामीहरू यस्तो सानो वस्तु हावाले हल्लाइरहेको (रुनझुनाइरहेका) अवस्थामा मात्र टुक्रा टिप्न सक्छौँ वस्तुको सानो अंशमात्रा महासागरमा भएको पानीको सानो भन्दा सानो बुँद वा थोपा करुणामा (माया, दया, प्रेममा) मिसाएर पिउँछौँ) **स्वातिबुँद करुणामा पिउँछौँ** शब्दावलीले बिम्बात्मक अर्थ स्पष्ट पारेको छ ।

**सिर्जनाको पहिलो सुख प्रेमद्वारा हामीलाई दोहोऱ्याउन र भाव लिन दिइएको छ** (पृ.ऐ) ।

हामीलाई प्रकृतिले हामीमा भएको भाव जुन हृदयको भित्री तहमा रहेको हुन्छ त्यसकै माध्यम आफ्नो सबैभन्दा पहिलो रचना **सिर्जनाको प्रथम पहिलो सुख प्राप्त गर्न प्रेम दर्शाइरहेको हुन्छ भनी दोहोऱ्याउन र भाव** लिन शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरीएको छ ।

**हामी अपूर्णता र लय सुन्दछौँ र क्षणमा अनन्तको स्पर्श गर्दछौँ** (पृ.ऐ) ।

हामीमा केही कुराको पनि पूर्णता छैन, यही अपूर्णतालाई हामी सुन्दछौँ । अनि यसै अपूर्णता भित्र गीत सुनिरहुँ जस्तो भाव प्रदर्शित हुन्छ । लय उत्पन्न हुन्छ । यही लयलाई मीठो गरी हाम्रा श्रवणेन्द्रियले ग्रहण गर्ने गर्दछन् केही **क्षणमा अनन्त** धेरै टाढाको स्पर्श पनि अनुभव गर्न पुग्दछौँ भनी **अपूर्णता र लयलाई** क्षणमा अनन्तको स्पर्शले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**पहाडहरूमा नीरका शिल्पकारी छन् । विश्व नृत्य, गान र मदिराले बनेको छ । अमृताबट रूपरेखाहरू निस्के । धन्य ! त्यसको अनन्त जो आफ्नो मीठो रुनझुनीमा मस्त छ । म उसैको नक्कल गर्दछु** (पृ.ऐ) ।

पहाडी जीवनमा मीठा-मीठा शिल्पकारीहरू प्रशस्त मात्रामा पाउँन सकिन्छ । तिनीहरूले सिगारिरहेका हुन्छन् । विश्वमा नाच र गान मनोरञ्जन दिने कुरा हुन् भने

तिनीहरूको बानी पनि वसेको हुन्छ । अनि यही बानी वा लत राम्रो नराम्रो जे भए पनि मदिरा भनिन्छ । कुनै कुरा देखेपछि वा सुनेपछि एकोहोरो रूपमा लागिरहनु नै लत हो । विश्वलाई पनि नाच गानको मदिराले लट्ठ पारेको छ । यसै नाचगानबाट नै अमृत धारा वर्षन पुगयो र अमृतका रूपरेखाहरू निर्माण हुन पुग्यो धन्य यस नाच र गानाको मीठो धुनसँगै हावाको झोक्का र लहरसँग लहराइरहेको छ । अनि हामी त्यसरी स्वत : रूपमा लहराइरहेको हावाको झोक्काको पनि नक्कल गरी आनन्द प्राप्त गर्दछौँ । हृदयमा गाना र नाचको भावना उठेपछि मानिस मदिराको बानी परे झैँ त्यसप्रति एकोहोरो बन्दछन् । त्यसको नककल गरी आनन्द प्राप्त गर्न पुग्दछ ।त्यसैले यहाँ विश्व नृत्यगान र मदिरा शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**पर्दा पछाडिका मरेमरे झल्काहरू कानमा बराबर पस्तछन् र हृदय परदेशी बन्दछ । म आत्म समष्ठिको होश पाएर सपन्दन लिन्छु ।**

नृत्य र गायन हेर्ने सुन्ने क्रममा कसैले नदेख्ने वा **पर्दा पछाडि** पनि **ठूला-ठूला झल्काहरू दृश्यहरू कानमा** पर्दछन् ती कानमा पर्दा मेरो आफ्नो हृदय नै आफ्नो होइन जस्तो भान पर्दछ त्यसैले देवकोटा आफ्नो **हृदयलाई नै परदेशीको संज्ञा दिन** पुग्दछन् । यसैमा देवकाटालाई आत्म सन्तुष्टी मिल्ने हुँदा सम्पूर्ण हृदयलाई समेटी वशमा राखी त्यसको भित्री तहसम्म पुगी स्पन्दन लिने काम गर्दछन् अनि माथिको शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**हर मेरा तार मिलेर आउँछन्, तारकित तारतम्यको जुहारदार झलमलाहट पनि अनन्तका विन्दुहरूको नुपुरमा छन्दको आह्वान सुन्दछु (पृ.ऐ) ।**

गाना गाउँनका लागि मेरा हृदयका भावहरू (तार जस्तै) मिलेर आउँछन् । तारहरूले सजिएर तारतम्य मिलाए जस्तै मेरा भावहरू पनि एक आपसमा मिलेर आउने हुँदा धेरै टाढा टाढासम्म ती साना बिन्दु बनेपनि राम्रो र स्पष्ट शब्दमा हृदयलाई लय बनाउँन आह्वान गर्ने हुनाले नै यहाँ छन्द सुन्न पुग्दछु भनी **तारकित तारतम्यको जुहारदार झलमलाहट** देवकोटा आफ्नो भावना बिम्बात्मक रुपमा अभिव्यक्त गर्दछन् ।

**चराहरू प्रर्थित प्रदेशमा स्वर्गका खवर ल्याउँछन् सम्पूर्ण वस्तुहरू कानमा स्पर्श गर्दछन् र तरल बन्दछन् (पृ. १०३) ।**

यो प्रदेशमा चराहरूले प्रार्थना गरी स्वर्गका मीठा र राम्रा खवर ल्याउँछन् । (हामी सबैको नजरमा स्वर्ग भनेको राम्रो ठाउँ जस्तो देखिन्छन्) त्यस्ता राम्रा र मीठा सम्पूर्ण वस्तुहरूलाई कानले ध्वनिका माध्यमबाट ग्रहण गर्दछ । यसरी ग्रहण गरेको ध्वनि तरल भएर वग्न थाल्दछ (तार बन्दछ) । यहाँ **चराहरूले प्रार्थना गर्ने र स्वर्गको खवर ल्याएर कानमा स्पर्श गरी तरल भएर वग्नुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**पहाडका नीलरेखा खाँदिला संगीतशाला बन्दछन् । ग्राह्य वस्तुहरू बज्दछन्, सबमा आत्मचेतको रङ्गिलो भाषा स्पष्ट बन्दै आउँछ । त्यसबेला भाषा भेदहरू व्यर्थतामा पुग्दछन् । म झल्का र शब्द पाउँछु (पृ.ऐ) ।**

पहाडमा देखा पर्ने **नीलरेखा** (शान्तिको प्रतीक) **खाँदिएर** रहेका (एकै ठाउँमा गुजुमुज्ज परेका) सङ्गीत सिक्ने र सिकाउने पाठशाला बन्दछन् । इन्द्रियहरूले ग्रहण गर्न

सक्ने वस्तुहरू सबै बज्न थाल्दछन् सबैमा (आत्माको) हृदयको आवाज एउटा रङ्गिएको भाषा बन्दै स्पष्ट रूपमा अगाडि आउने गर्दछ । त्यतिबेला भाषाका विभिन्न भेदहरू छुट्याइन्छ र वर्गीकरण गरिएको छ । भाषा भेदहरू विना अर्थका हुन पुग्दछन् । यस्तो बेलामा भाषामा केही **झल्का** (आगोको सबैभन्दा सानो भाग) र **शब्द** मात्र बाँकी रहेको छ भनी बिम्बात्मक अर्थ प्रदान गरीएको छ ।

**निराला अकेला ढङ्गकालाई के कलम लिनु पृथ्वीमा ओर्लनु होवैन र अक्षर बनाउनु रहस्यलाई गिजाएजस्तो लाग्दो होवैन** (पृ.ऐ) ।

भारतीय हिन्दी साहित्यका महाकवि निरालाजस्ता व्यक्तिले एक्लै (अकेला) पृथ्वीमा बसेर ढङ्ग नभएका वा थोरै ढङ्गकाले कलम लिएरपनि कविता रचना गर्ने प्रयत्न गर्दा रहेछन् । अनि उनले अक्षर बनाउनु पनि कुनै रहस्यलाई गिज्याएजस्तो (खिसी) गरे जस्तो लाग्दैन होला र ? भनी देवकोटा प्रश्न गर्न पुग्दछन् । त्यस्तै ढंङ्ग नै नभएको व्यक्तिले अक्षर बनाउन खोज्नु गिज्याए जस्तो हो भनी बिम्बात्मक अर्थ प्रदान गरीएको छ ।

**आखिरमा म प्रगतिशील संगीतको आत्मामा नै सिर्जना रहन्छ** (पृ.ऐ) ।

मलाई आखिरमा वेदको अध्ययन गर्ने व्यक्ति बन्न मन लाग्छ । यो जतासुकै प्रगति नै प्रगति भएको संसारमा फूलजस्तो फूल्दो, फलजस्तो फल्दो, संगीतसँग रंगिदो र सूर्यको किरण जस्तै झल्किदो भएर सङ्गीतको सिर्जना हुन्छ । अनि यसैलाई सङ्गीतको आत्मा पनि भनिन्छ । **प्रगतिशील संङ्गीतको** सवैभन्दा भित्ररहेको वा **आत्मामा नै सिर्जना** रहन्छ भनी बिम्बात्मक अर्थ प्रदान गर्ने काम भएको छ ।

**ॐकारी अमृत स्पन्दनमा विश्व निर्माण भयो भन्नेतिर मेरो विश्वास ढल्किन्छ** (पृ.ऐ) ।

ॐकारको एउटै शब्दले (ध्वनिले) पनि सम्पूर्ण विश्वलाई मिठो स्पन्दन दिइरहेको हुन्छ । यसबाट अमृतको निर्माण भयो र यससँगै विश्वको पनि निर्माण भएको पाइन्छ । यस्तो भगवान् प्रति विश्वास राख्ने हुँदा मलाई पनि सोही कुराप्रति ढल्किन मन लाग्छ भनी **अमृत स्पन्दनमा विश्व निर्माण** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**यी मेरा क्षुद्र अनुमान हुन् र कत्तिले बोक्रे बेदान्ती बनाउलान् भन्ने डर छ । तर अहिले लेख्दालेख्दै यस्तो लाग्यो** (पृ.ऐ) ।

प्रेमले सिर्जना गरी होला भन्ने मेरा साना साना र **क्षुद्र** र छुच्चा **अनुमान** मात्र हुन् । तर कतिपयले यस्ता कुरालाई गुँदी नभएको **बोक्रे वेदान्ती** बनाउँलान् भनी बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**आफूलाई परमेश्वरको सानो टुक्रा सम्झन्छु जो टुक्रा होइन । अल्पद्वारा अनन्तलाई हेर्नुको आनन्द मलाई छ** (पृ.१०४) ।

देवकोटाले आफूलाइ परमेश्वरले एक सानो अंशका रूपमा सिर्जना गरेको र सानो टुक्रा नभएको तथ्य प्रकट गरेका छन् थोरैबाट धेरैलाई हेर्नुको आनन्द पनि देवकोटालाई छ यहाँ **अल्पद्वारा अनन्तलाई हेर्नु** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**एक अकेला अनेक हुँदा म झिल्किएर उठेहुँला । के सब देवदेवता आखिर दीप्ति नै हैनन् र ? हामी ईश्वरले सीमित हुँदा भिन्नताको होश राख्छौँ र विवाद पनि यादमा परिणत हुने ठाउँमा एक सिवाय दुई देखिन्न होला ।**

एउटा अकेला (एक्लै रहेको मानिस) विभिन्न रूपमा छरिएर रहेको बेला एक झिल्का पाएर नै उठेको अनुभूति देवकोटालाई भएको छ । यी सबै देवतामा आफ्नो एउटा-एउटा विशेषता
(दीप्ति) कायम रहेको छ । ईश्वरले हामीलाई सीमित हुने शक्ति प्रदान गरेका हुनाले नै हामी फरक फरक मत राख्दछौँ भनी यहाँ **एक अकेला अनेक हुँदा झिल्किएर उठ्नुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**छन्द र लयविना म केही कुरामा देख्तिनँ/कविता र गानाले सारा संसारलाई एक सूत्रमा गाँस्तछ** (पृ.ऐ) ।

छन्द र लय भनेका एक अर्काका परिपूरक हुन् । यिनीहरू विना कुनै पनि कुरामा ऐक्य देखा पर्न सक्दैन । **कविता र गाना** भनेका दुबै गाउँन मिल्ने, विधा हुन् । यिनीहरू दुबैको मिलनले **संसारलाई एक सूत्रमा मिलाएर** राख्ने काम गर्दछन् भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**बेछन्दी हुनु विक्षेप हो । बेलायकको बोली अन्धकारबाट उठ्छ** (पृ.ऐ) ।

छन्द नहुनु भनेको कुनै कुरामा निराशा उत्पन्न हुनु हो । सबै मानिसले छन्दप्रति केही न केही अंशमा आशा उत्पन्न गरी त्यससँग आबद्ध हुन पुग्दछन् । छन्द नभएको बोली रुखो हुन्छ । छन्द भनेको मिठास हो । यस्तो रुखो बोली कता अन्धकारमय ठाउँबाट मात्र उठ्ने गर्दछ । रुखो बोलीलाई कसैले पनि मन पराउँदनन् भनी **बेलायकको बोली अन्धकारबाट उठ्छ शब्दावलीले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**म परमेश्वरबाट अलग पनि हुन चाहन्छु र बराबार मिल्न चाहन्छु नत्र खोज्नुको मोहनी र वियोगको मधुर रोदन र मिलनको तीव्र आनन्द विना जीवन खल्लो हुन्थ्यो र रुनुमा, हाँस्नुमा, च्याट्टिनुमा, रिस देखाउनुमा छन्द र लय छैन म भन्न सक्तिनँ** (पृ.ऐ) ।

म ईश्वरबाट अलग र एक्ले हुन चाहन्छु फेरी बराबर मिल्न पनि चाहन्छु । यसले मलाई कुनै चीज खोजेर प्राप्त गरिसकेपछि त्यसबाट प्राप्त हुने मोहनी र त्योसँग वियोगहुँदा (छुट्टिदाको) मधुर रोदन पनि हुने गर्छ । अनि त्यो चीजसँग मिल्न आतुर र मिलेपछिको आनन्दको कल्पना गर्न नसक्ने हो भने जीवन निरसलाग्दो हुने थियो । हामीले गर्ने सम्पूर्ण कुरामा पनि लय र छन्दले विशेष भूमिका खेलेका हुन्छन् । अत्यन्त दुःख परेर हामी रुँदा, अत्यन्त खुशी हुँदा हाँस्दा त्यसमा पनि एक किसिमको लय उत्पन्न भएको हुन्छ । हामीले भनेको चीज प्राप्तगर्न नसक्दा हामी च्याट्टिन्छौँ यस्तो बेलामा र रिस देखाएको अवस्थामा पनि छन्द र लयको उत्पत्ति हुन्छ । **रुदाँ** एक किसिमको, **हाँस्दा** अर्को किसिमको **च्याट्टिदा** अर्कै किसिमको **छन्द र लयको** उत्पत्ति हुने गर्दछ बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**कृष्णको मुरलीमा सबै रिसका पनि राग छन् । उनको छन्द हामीले बुझ्नु पर्छ, उनको लयमा आत्मा रहनु पर्दछ ।**

कृष्णलाई एउटा मुरली बजाउने वस्ताद नै भनिन्छ । उनले खुशीले र रमाएर बजाएको बेलामा त त्यसमा छन्द छ । तर रिसाएर बजाएका बेलामा पनि त्यसमा विभिन्न रागहरू छन् । ती रागहरूलाई हामीले बुझ्नु पर्छ । राग भनेकै एक अर्थमा छन्द पनि हो र उनले बजाएको मुरलीको लयमा उनको आफ्नै आत्मा रहेको हुन्छ । आत्मादेखि नै विभिन्न राग अलापेर कृष्णले मुरली बजाएका हुन्छन् । मीठो लयको आभास पनि दिने गरेको पाइन्छ । **उनको लयमा उनको आफ्नै आत्मा रहेको** हुन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**उनी प्रेमले ओर्लिएर आउँछन् त्यही रूपमा जो प्रेमको हृदयले भावना गर्दछ र सपनाका देशका चित्रहरूमा सत्य रङ्गिदै ओर्लिरहेछ र त्यस ओर्लनुमा म छन्द र लय देख्तछु** (पृ.ऐ) **।**

परमेश्वर प्रेमले ओर्लिएर पृथ्वीमा आउँछन् । उनको हृदय प्रेमको भावनाले गर्दा गम्भिर पनि हुने गर्दछ । उनका मनमा भएका भावहरू मानिसमात्रमा सार्ने काम गर्दछन् । ईश्वरको दिव्य दृष्टिले मात्र हामी छन्द र लयको आविस्कार गर्न सक्छौं हृदयमा प्रेम हुनाले त्यहाँ विभिन्न भावहरूको उत्पत्ति हुने गर्दछ । यिनै भावहरूले गर्दा हामी सपना देखिरेका हुन्छौं र सपनामा विभिन्न देशमा चित्रहरू रङ्गिलो प्रभावमा आउने गर्दछन् । त्यसरी तिनीहरू ओर्लिदा पनि म त्यसमा छन्द र लय नै देखिरहेको हुन्छु । छन्द र लयविना तिनीहरूले मानव हृदयमा भावना अभिव्यक्त गर्न सक्दैनन् । जुन हृदयमा भावना हुँदैन त्यहाँ प्रेम पनि अङ्कुरित हुन सक्दैन । यसरी हृदय, भावना र प्रेमको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भावहरू एकआपसमा अन्योन्याश्रित सम्बन्धित भई बसेका हुन्छन् । त्यसैले ईश्वरले नै प्रेम वा प्यारो गरेर दुःख सुख अभिव्यक्त गर्ने एउटा माध्यमका रूपमा छन्द र लयको आविष्कार गरेको पाइन्छ । छन्द र लय भएमा मात्र मिठासपूर्ण तवरबाट आफ्ना मनका भावहरू अभिव्यक्त गर्न सकिन्छ । ईश्वर प्रेमले ओर्लिएर त्यही रूपमा जो **प्रेमको हृदयले भावना गर्दछ** र **सपनाका देशका चित्रहरूमा सत्य रङ्गिदै ओर्लिरहेछ;** र **त्यस ओर्लनुमा पनि कविलाई छन्द र लयको आभास भएको छ** भनी बिम्बात्मकता स्पष्ट रुपमा देखा परेको छ ।

**छन्दसँग हामीलाई किन ज्यादा प्रेम भएको होला मेरा कारणका विवरण विवेकसंगत हुँदैनन् र मलाई बताउन असजिलो लाग्दछ** (पृ.ऐ) **।**

**छन्दसँग हामी** सबैको नाता वा सम्बन्ध भएकैले ज्यादा प्रेम भएको अनुमान लक्ष्मीप्रसाद देवकोटा गर्न पुग्दछन् । तर उनी आफू पनि छन्दवादी भएकोले उनले बताएका कुरा **विवेकसंगत नहुने र असजिलो हुने** भनी बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**छन्दमा प्रथम रश्मिको कम्पन भएझैं लाग्दछ । शायद जीवन हृदयबाटै विस्तार भएको हो** (पृ.ऐ) **।**

सूर्यको पहिलो किरणले कम्पन पैदा गरी छन्द भएझैं लाग्दछ तर यो पनि हृदयबाटै विस्तारित भएर अघि बढेको हो । **हृदयको एक कुनामा छन्दको ज्ञान** रहेको पाइन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**म परब्रह्म्मा पहिले भाव भएर जन्मेंहुँला र भावको लक्षण छन्द हो** (पृ.ऐ) ।

ईश्वरबाट मानिसको जन्म हुँदा भाव भएर जन्मेको अनुमान देवकोटाले गरेका छन् । त्यही भाव जुन मानिसको **भित्री हृदयमा** रहेको हुन्छ । त्यसको **लक्षण छन्द** हो भनेर बिम्बात्मक अर्थ प्रदान गर्ने काम भएको छ ।

**अनि बहनुमा अविरल आनन्द छ, त्यस जीवनलाई जो बहन र कलकलिन चाहन्छ । मलाई स्रोत मन पर्दछ, छरिन मजा लाग्दैन** (पृ.ऐ) ।

पानी जस्तै भएर ओरालीमा बहन जीवनलाई मजा लाग्दछ जुन जीवन अविरल अनवरत रूपमा बहेर आनन्द मान्दछ । पानी जस्तै भएर **बहन र कलकलिन** जीवनले पनि चाहन्छ । मलाई जीवनका स्रोत मन पर्दछ, **जतासुकै छरिएर र छताछुल्ल पोखिन** मजा लाग्दैन भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**ढुङ्गा छन्  तर तिनै उपर चल्नु मेरो हीरा र मोती भएर झल्कन्छ । त्यसैमा मेरो प्राकृतिक गान पाउँछ** (पृ.ऐ) ।

ढुङ्गा भनेर कसैले पनि त्यसको अस्तित्व नमानेका भए पनि त्यहाँ हीरा र मोती छन् भने त्यो एक आपसमा झलिकन पुग्दछ जसले ढुङ्गाको मूल्य हीरा र मोतीमा स्थापित गराउनै पुग्छ । अनि त्यसैभित्र प्रकृतिले मिठो गीत गाएको पनि सुन्न सकिन्छ । **ढुङ्गाले हिरा, मोतीमा झल्केर प्राकृतिक गान गाउनु**ले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**रक्त संचालन लयदार नभएर मेरो जीवनको मुटु रुग्ण रहन्छ । अक्षरले अक्षर बोलाउँछन् र शब्दले छाया र सहानुभूति खोज्दछन् । भाषा अड्दैन तर बग्दछ** (पृ.ऐ) ।

मुटुको चाल लयदार नभएर रगत सञ्चालन हुन गाह्रो भयो भने मुटु नै रोगी बन्न पुग्छ । जुनसुकै कुरामा पनि लय हुनुपर्छ । लय भएमा नै सुनमा मिठो हुन्छ । **अक्षरहरूले अक्षरहरूलाई बोलाउँछन्** अनि कुनै पनि **शब्दले त्यसमा छायाँ र सहानुभूति** खोज्ने गर्दछ । **भाषा** भन्ने कुरा एकै ठाउँमा **नअड्किकन बहने** गर्दछ । जति बढ्दै गयो त्यति भाषा मूल्यवान् पनि हुन पुग्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**अक्षरका छायामा लेटेर सपना देख्तछु । पहिले मान्छेले गाए अनि लेखे, जब कुराले मुटु छुन्छ मान्छे गद्य छोड्दछ र गाउँछ । तीव्र वेदना र तीव्र आह्लाद छन्दलाई बाहन बनाउँछन्** ( पृ.ऐ) ।

मानिस ज्ञानी, तपस्वी र कवि हुनका लागि उसले अक्षरका छायामा लट्पटिएर सपना देख्ने हुनुपर्छ । पहिले मान्छेले आफ्ना मनका भावनाहरू गाउँनै सिकायो अनि गाउँदा गाउँदै भाषाको उत्पत्ति गरी लेख्न थाले । कुनै पनि कुराले मानव **मुटुलाई** छोए पछि **मान्छेले गद्य छोड्न पुग्छ** वा लेख्न छोडी **गाउँन** थाल्दछ । मान्छेमा अति धेरै दुःख पर्दा र अति धेरै खुशी हुँदा छन्दको ज्ञान प्राप्त हुन्छ अथवा **तीव्र वेदना र तीव्र आह्लादले छन्दलाई नै बाहन** बनाउँछन् भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**वार्णिक छन्दहरू प्राचीन सिलसिलाजस्ता विचित्र बहाव लिएका देखिन्छन्, मानौं प्रकृतिका मुटुबाट कसरी कसरी निक्लिएका थिए (पृ.ऐ) ।**

वार्णिक छन्दहरू पुरानो समयमा नै देखा परेका छन्दहरू हुन् । त्यसैले यिनीहरू प्राचीनताकै क्रममा मिलेका अनौठो किसिमको वहाव लिएर देखा पर्दछन् । **यिनीहरू प्रकृतिमाताका मुटुबाटै अनायसै** निस्किएका जस्ता देखिन्छन् भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**मात्रिक छन्दचाहिँ संगीतसँग सम्बन्ध राख्दछ र विभिन्नता धेरै धेरै देखाउँदछ (पृ.ऐ) ।**

**मात्रिक छन्द गाउने कुरासँग (संगीतसँगै) सम्बन्ध राख्दछ ।** अनि यसले फरक फरक ढंगले फरक फरक कुराहरू पनि देखाउँनै गर्दछ । त्यसैले यसमा छुट्टै किसिमको सौन्दर्य स्थापित भएको कुरालाई बिम्बात्मक रुपमा प्रष्ट पारिएको छ ।

**भावुकको सच्चा उद्गार त्यसै छन्ददार र लयदार हुन आउँछन् क्या र । प्रकृतिकै नियमले छाउरे नाचउपरचढी कविता हुँदैन (पृ.ऐ) ।**

कुनै पनि व्यक्तिको हृदय भावुक हुनुपर्छ । **भावुकताले भित्र सच्चा विचार** (उद्गार) भएमा मात्र त्यसले सिर्जना गर्ने रचना छन्दले भरिपूर्ण र लयले भरिपूर्ण गाउन मिल्ने हुन पुग्दछ । यसमाथि पनि प्राकृतिक नियमकै बोलाबाला रहने गर्दछ र **छाउरे नाच चढ्न** वा नाच्न थाल्दछ अनि मात्र कविता बन्न पुग्दछ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

## ३.२.२ प्रतीकहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'छन्द र लय' निबन्धमा प्रयोग गरेका प्रतीकहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**मलाई कविताको व्याकरण मन परेन, तर त्यसको लयदार मिठास र मोहनीले शिशुहृदयलाई इन्द्रेणीले पक्रेर लगे झैं लग्दथे (पृ.९९) ।**

देवकोटालाई कविताको व्याकरण कहिल्यै मन नपरेपछि त्यसमा पाइने लयको मिठास अनि मोहनीले (जसरी इन्द्रेणी देखेपछि शिशुहृदय त्यसैतर्फ आकृष्ट हुन्छ) समातेर आफ्नै छेउमा पुऱ्याएको भान पऱ्यो । **मीठास र मोहनीलाई इन्द्रेणीसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मीठो कविताको बोली चराको बोली झैं लाग्दथ्यो, वनमा बोलेजस्तो । तर चराको प्वाँख मैले कहिल्यै गनिनँ (पृ.ऐ) ।**

जसरी चराहरूको चिरिबिरी धून मीठो लाग्दछ त्यसैगरी कविताको धून पनि वनमा बोल्ने चराको धूनजस्तै मिठो हुन्छ भनी **चिरिवीरी धुनसँग कविताको धूनको** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरीएको छ । यसरी मिठो धून निकाल्ने चराको प्वाँख भने गन्न नसकेको वा कविताको सिर्जना गर्दा सिद्धान्तका सबै पाना नपल्टाएको र लहडका भरमा मात्र लेखेको तथ्य देवकोटाले प्रष्ट पारेका छन् ।

**यस विषयमा म विचार गर्दछु कि पढाइभन्दा प्रकृति उत्तम रहेछ, र नियमभन्दा नियति** ( पृ.ऐ) ।

कुनै पनि कुराको किताबी ज्ञानभन्दा प्रकृतिले दिएको शिक्षा नै उत्तम किसिमको हुँदो रहेछ । अनि जुनै कुरा नियममा नबाँधिइ भइरहने वा देखिइरहने नियति विशेषमा सम्बन्ध राख्ने हुँदोरहेछ । **पढाइलाई प्रकृतिसँग र नियमलाई नियतिसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने काम भएको छ ।

**मलाई आजकल यस्तो लाग्दछ कि यो छन्दपक्रिने सूक्ष्म वुद्धि र लय पक्रिने सूक्ष्म जेहेन मानव आत्माको अभिरुचिमा उत्पन्न हुँदारहेछन, र हाम्रा प्रवृत्तिहरू आभ्यान्तरिक अभिप्रयाहरूसँग सम्बन्ध राखेर जहाँ सत्यलाई सुन्दरद्वारा देख्तारहेछन् उतैतिर लाग्दारहेछन् ।**

मानव आत्माको अभिरुचीले गर्दा नै मानिसले छन्द र लयको माधयमबाट आफ्ना मनभित्र रहेका भावनाहरूलाई पोख्ने गर्दछ । वास्तवमा छन्द भन्नाले कुनै पनि मानिसका मनभित्र रहेका भावनाहरूलाई सिलसिलाबद्ध रूपमा अभिव्यक्त गर्न हो भने तिनै भावनाहरूलाई गाउँन सजिलो होस् र सुन्दा श्रुतीमय होस् भनी बनाइएको नियमको सानो अंश नै लय हो । त्यसैले होला छन्द पक्रिन थोरै बुद्धिको आवश्यकता पर्दछ भने लयलाई पक्रिन थोरै नै भएपनि मानवआत्माको अभिरुचिको आवश्यकता पर्दछ । हाम्रा आचरण वा प्रवृत्तिहरू पनि अभ्यासद्वारा सम्बन्ध राखी सत्यलाई सुन्दरद्वार देखि त्यसकै पछि-पछि लागि हिडिरहेका हुन्छन् । आखिरमा सत्य सुन्दरद्वारा नै प्रतिपादित हुन्छ । यहाँ छन्दलाई पक्रिने सानो बुद्धि र लयलाई समात्न सानो आत्मा भएपनि अभिरुचि भएमा सिक्न सकिदो रहेछ अनि **आभ्यान्तरिकलाई सत्य र सुन्दरसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**मानव-आत्मालाई सत्यतरफ आह्वान् गर्ने र सत्यको ओर्लनुमा त्यही लयदार किरण प्रतापको रङ्गिलो मोहनी पाइन्छ जो सूर्यको प्रभाती प्रदानमा देखिन्छ** (पृ.ऐ) ।

सूर्यको प्रथम स्पर्शको प्रभाती प्रदानले दिने रङ्िगलो र सबैको मन चोर्ने किरण नै लयदार हुन्छ । अनि यसको प्रतापले संसार नै परिपूर्ण हुन्छ । अनि मानवआत्मालाई सत्यतरफ अभिप्रेरित गर्न वा आह्वान गर्न पनि यही लयमा झरना जस्तै देखिने सत्यको किरणको प्रतापले मोहनी लगाइरहेको हुन्छ जसलाई मनुष्यले थाहै नपाई वरण गरिरहेको हुन्छ । लयदार **किरणप्रतापको रङ्गिलो मोहनी** र **सूर्यको प्रभाती प्रदानलाई** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**गुलाफका पत्तीदार लाल कितावमा जति ज्ञान छ, मैले पुस्तक पढेर पाइन र वस्तादका सब रफतभन्दा रमाइला सङ्गीतहरू आफूखुशी बालुवामाथि बगिरहेको देखे** (पृ.ऐ) ।

प्रकृतिको अतुलनीय र अनुपम सौन्दर्य रहेको (गुलाफका फूलका पत्रमा) कितापका पानामा भए जति ज्ञान किताब पढेर कहिल्यै पाउन सकिदैंन । गुलाफका पतीहरू प्रकृतिले आफै निर्माण गरिदिएकी हुन्छिन् । आफ्नो स्वविवेकले गरेको अध्ययन र अरूले लेखेर तयार पारेको कुराको अध्ययनमा धेरै फरक पर्दछ । अनि सङ्गीतका ठूला-ठूला व्यक्तिले उच्चारण गरेर निकालेको ध्वनि भन्दा आफ्नै खुशीले बालुवा माथि बगिरहेका साङ्गीतिक ध्वनि रमणीय

र सुन्न लायक हुन्छन् । यहाँ **गुलाफका पत्तीलाई रातो किताबका पाना मानेर आफ्नै इच्छाले आफू खुशी बालुवामाथि बगिरहेको देख्छु** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मानवशिल्पकला विशाल रचना अगाडि दिनको चन्द्रमा झैं धूसर बन्दछ । चित्रकारी यो अनन्त रङ्गदार कलाभवनअगाडि श्वास र ढुकढुकी विनाको जँच्दछ (पृ.१०१) ।**

जसरी दिनमा चन्द्रमाको कुनै मूल्य हुँदैन । सूर्यले नै सारा संसारलाई उज्यालो बनाइरहेको हुन्छ । चन्द्रमा भन्दा सूर्यको प्रकाश नै तेजिलो चम्किलो बन्दछ । त्यसैगरी प्रकृतिको अगाडि मानवशिल्पकलाका ठूला-ठूला रचना भए पनि त्यसको कुनै औचित्य र अर्थ रहदैन । अनि यस्तो रचना गर्ने चित्रकारी उसैले रचना वा निर्माण गरेको भवन अगाडि श्वास र ढुकढुकी विनाको (मुटु नै नभएको र जीवनलीला समाप्त गरेजस्तो) देखिन पुग्दछ । **मानवले बनाएको ठूलो रचना चित्रकारीले बनाएको कलाको भवन अगाडि दिनमा चन्द्रमाको उज्यालो न्यून भए जस्तै श्वास र ढुकढुकी विनाकै हुन्छ** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**ज्ञानका शिखर पनि शिरबिन्दु अगाडि बाउन्ने बन्दछ र हाम्रो क्षुद्र रचना महासागरको मीठो रङ्गिलो बुद्भन्दा बढ्ता देखिदैन (पृ.ऐ) ।**

महासागरमा पानीको एक थोपा वा बुद्को कुनै अस्तित्व नभए जस्तै हामीले जतिसुकै धेरै जानेका छौं भनेका भए पनि त्यो शिखरमा (अग्लो ठाउँमा शिरबिन्दु) **एउटा सानो बिन्दु जस्तो मात्र सानो होचो देखा पर्छ र हाम्रा रचनाको अस्तित्व पानीको बुँद्को जति पनि रहदैन** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**जीवनको जादूले सब चीजलाई हराइदिन्छ, र लटमुखा जस्तो बनेर शिक्षितको घमण्ड विशालको मुख ताकेर अँध्यारैमा बस्तछ (पृ.ऐ) ।**

जति धेरै शिक्षित हुँ भनेर घमण्ड गर्ने व्यक्तिलाई पनि विशाल (ठूला)को भावनाले थोरै ज्ञान आर्जन गरेको ठानेर अँध्यारैमा बस्न विवश गराउने वस्तुको नाम नै जीवन हो । यसलै सबै चीजलाई हराइदिएर हामी त केही नजान्ने **लटमुख** (लाटो) **बोल्न नसक्ने भएर एकोहोरो रूपमा हेरिरहन** बाध्य हुन्छौं भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मलाई त्यसैकारण कितापहरूदेखि झर्को लागेर आउँछ र जब नबीन छन्द खोज्नुपर्‍यो म वनको या पहाडको नजीक गएर नालाको गुनगुननेर लेट्तछु, या त तारादार नीलाकाशको छायाछवि मधुर दृश्यमनि बसेर अनन्तको लहरदार प्रगति सुन्न चाहन्छु (पृ.ऐ) ।**

देवकोटालाई अरूले लेखिदिएका किताब पढेर नयाँ कुरा निकाल्नु भन्दा आफैं प्रकृतिमा रमाएर नवीन रचना गर्न उत्तम लाग्दछ । त्यसैले उनी नौलो कुराको खोजीका लागि शान्त र एकान्त वन या पहाडको नजीक सुमधुर साङ्गीतिक धून निकाल्ने नदीनालाहरूसँगै रमाउन पुग्छन् । या त स्वच्छ सफा धेरै टाढा देखिने ताराहरू भएको छाया मुनि बसेर अनन्तको प्रगति सुनिरहेका हुन्छन् । त्यसैले प्रकृतिले उनलाई सबै कुरा दिइरहेको भान पर्दछ । यहाँ पहाडको नजिक गएर नालाको गुनगुननेर लेट्तछुलाई **तारादार नीलाकाशको छाँयाछवि मधुर दृश्यमनि बसेर अनन्त रुपी लहरदार (तरङ्गीत) प्रगति सुन्न चाहन्छु** भनेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**अनि जीवनले मीठो बोली बोल्दछ जस्तो चिडियाहरू आकाशको शीतदार हावामा छातीले उडेर आएपछि बोल्दछन्** (पृ.ऐ) ।

यसरी मीठो र नवीन वास्ना तारासँग मिल्न पुगेपछि नयाँ कुराको उत्पत्ति हुन्छ वा जीवनले मीठो बोली पाउँछ । जसरी आकाशमा उड्ने चराहरू स्वच्छन्द किसिमले आफ्ना गानाहरू गाइरहेका हुन्छन् । त्यसैगरी म पनि स्वतन्त्रतापूर्वक नयाँ कुराको अनुभव गर्न पुग्छ । यहाँ **जीवनले मीठो बोली बोल्नु र आकाशमा उडने चिडियाहरूले शीतदार हावामा छातीले उडेर आएपछि बोल्ने बोलाइलाई** एक आपसमा सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**म भावलाई प्रथम मान्दछु र हृदयलाई पहिला स्थान दिन्छु** (पृ.ऐ) ।

मेरो हृदयमा उत्पन्न हुने भावले प्रथम स्थान हासिल गर्छ । हृदय र भाव दुबैलाई प्रथम मान्नु पर्छ किनभने हृदय नभई भावहरू उत्पन्न हुन सक्दैनन् अनि जुन हृदयमा भाव उत्पन्न हुँदैन त्यो हृदयको अर्थ रहन सक्दैन भनी **भावलाई हृदयसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**सिर्जनाको प्राकृतिक ऐंडी मलाई त्यसै मुखरित गर्दछ र शब्दकोषको मलाई त्यतिको महत्त्व छैन जतिको रावर्ट ब्राउनिङ्गलाई शुरुमा थियो** (पृ.ऐ) ।

सिर्जना गर्ने प्राकृतिक शक्तिले मलाई त्यसै भावनामा परिवर्तन गर्न मद्धत गर्दछ । सिर्जना भन्ने कुरा पनि आफ्नो भित्री हृदयमा हुनुपर्दछ । अनिठाउँ पाउनाँसाथ अटसमटस भई बाहिर निस्कन खोज्दछ । भावको प्रवाह वगीरहँदा शब्दकोशको ज्ञान नै नभए पनि शब्दहरू आफैँ उत्पन्न हुन्छ । विश्वमा प्रथम शब्दकोशका निर्माता राबर्ट ब्राउनिङ्गलाई शुरुमा शब्दहरूको खोजी गरेर उत्पन्न गरेको शब्दकोशको महत्त्व थियो किनभने उनले त शब्दहरू धेरै परिश्रम गरी खोजी गरेका थिए । तर देवकोटालाई त शब्दकोशबाट शब्दहरू खोजी रहनु परेन किनभने उनी आफैँ शब्दको निर्माण गर्न सक्दथे भनेर **देवकोटालाई रावर्ट ब्राउनिङ्गसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मलाई 'को हो ?' भन्ने प्रश्न कोइलीबाट निस्केको जस्तो लाग्दछ र 'क' अक्षर पृथ्वीको पहिला वसन्तसँग सम्बन्धित भएजस्तो विदित हुन्छ** (पृ.१०२)।

'को हो ?' भन्ने प्रश्न कोइलीले गरेको छ । कोइली भनेको वसन्तको समयमा वनमा गाउँने चरा हो, अनि हामीले प्रथम पटक शब्दको उच्चारण कोइलीको मुखबाट सुन्दा 'क' अक्षर कोइलीकै मुखबाट सबैभन्दा पहिला बसन्तसँग सम्बन्धित भएका आए जस्तो लाग्दछ । **को हो प्रश्नलाई पहिलो बसन्तसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**हृदयको आफ्नो भाव तर हृदयले पहिला थाहा पाउँछ क्यारे । अनि त्यसका स्पर्शहरू लम्बिदैं जाँदा  दर्शनशास्त्र बन्दा हुन्** (पृ.ऐ) ।

हृदय भनेको हाम्रो मनको तहमा रहने र सबैभन्दा भित्र रहने भाव हो । जहाँ भावहरूको उत्पत्ति हुन्छ । त्यो ठाउँलाई मन भनिन्छ । त्यहाँ हृदयले आफ्ना भावहरूको उत्पादन गर्दछ । हृदयमा उत्पन्न भएका भावहरू हृदयले नै पहिला थाहा पाउँछ । जहाँ भावहरूलाई स्पर्श गर्ने काम हुन्छ र हृदयले यस्तो कुरा सबैभन्दा पहिला थाहा पाउँछ । अनि

हृदयले थाहा पाएका भावहरू लम्बिदै गएर  स्पर्श गर्दा दर्शनशास्त्र बन्दछ । त्यसैले यहाँ हृदयलेनै हृदयको पहिलो भाव थाहा पाउँछ । भनी प्रतीकात्मक अर्थदिने प्रयास गरिएको छ ।

**गोधूलीबाट म दोसाँधी दुनियाँको मिठास पाउँछु र मेरा छन्द र लय छन्दोमञ्जरी र संगीत परिचयमा छैनन्, तर अनन्तको फूलवारीमा संसारमा अनि म जागृत पक्षी झैं जगाउन खोज्छु किन किन** ? (पृ.ऐ) ।

गोधूली भनेको उज्यालो पनि होइन अँध्यारो पूरै नभइसकेको समय हो । यसबाट हामीले केही उज्यालो पछि अँध्यारो र केही अँध्यारो पछि उज्यालो आउने कुरा प्रष्ट हुन्छ । जीवनमा सुख दु:ख सधैं भइरहने नभइ सुख पछि दु:ख अनि  दु:ख पछि सुख आउने कुरा व्यक्त गरी हामीले दु:ख र सु:ख दुवैसँग सम्झौता गर्नुपर्दछ भन्ने कुरा गोधूलीबाट प्रस्ट गर्न सकिन्छ । मेरा छन्द र लय हृदयको भित्री कुनाबाट प्राप्त हुने र आफैंमा निर्मित भएका हुँदा यिनीहरू कुनै ग्रन्थ वा कितावमा आबद्ध पनि रहेका छैनन् । तर अनन्त आकाशको (जसरी पानी जुनसुकै ठाउँमा पनि माथिबाट तल बगी आफ्नो मधुर र साङ्गीतिक धुन गुगनाउँदै निस्कन्छ त्यसैगरी) फूलैफूलले भरिएको फूलबारीमा पानीको स्वभाव जसरी कलकल गरी मिठो निद्रा निदाउँन मन पर्छ र निदाउँछ पनि अनि संसारबाट व्युझिएर जागृत पंक्षी झै मन प्रफुल्ल भएर जगाउन मन पर्दछ । **चरा जस्तै स्वछन्द र स्वतन्त्र** भएर  भनी प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**अनि त्यस होशले गुलाफ गाना बन्दछ**

त्यसका कोमल अधरहरू बोलेर उठ्दछन् माटो र रश्मि छिरेर सजग बन्दछ, मधुर कम्पमा थर्कन्छ । **गुलाफलाई प्रेमको** प्रतीक मानिन्छ । जब मानिसले आफ्नो होश कायम राख्न सक्षम हुन्छ तब गुलाफ (फूल) पनि मिठो गीत बनेर हृदयमा रहन सक्छ । अनि त्यसै गुलाफका नरम अधरहरू जुरमुराएर बोल्न खोज्छन् र उठ्न थाल्दछन् । माटो र सूर्यको किरण प्राप्त गरी सर्तक र सजग बन्दछ । **अनि मिठो र मधुर कम्प** हुँदा पनि थर्कन पुग्छ भनी प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**मलाई वृक्ष लयदार जस्ता लाग्दछन् र पत्ती र कोपिलाहरू र बास्नाहरू सुरिला तारहरू झैं झुनझुनाउँछन्** (पृ.१०३) ।

देवकोटाको अनुभूतिमा रुखहरू भनेका लयदार वा मिठो बोली बोल्ने लाग्छन् । पत्ती (पातहरू) र कोपिला (भर्खर फूल्न खोजेको तर नफूलेको नफक्रेको) हरू र तिनीहरूले छर्ने वास्ना मिठो धून निकालेर तारहरू झुनझुनाइ (बजिरहे) जस्तो लाग्दछ । जुन मर्मस्पर्शी र कर्णप्रिय पनि हुने गर्दछ भनी **पत्ती, कोपिला र बास्नाहरूलाई मीठा तारसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**दृश्यजगत् गानामा परिणत हुन्छ । लहरदार आनन्द सागर प्रकारको राहमा कलकल र झलमल लिएर मुखतिर हुन्छ (पृ.ऐ) ।**

हामीले हेर्ने र देख्ने जगत् पनि गीत (गाना) मा परिवर्तन हुन्छ । यसरी मीठो लाग्ने गाना लहरदार धेरै आनन्द दिने (आनन्द सागर) प्रार्थना गर्न लायक बाटोमा पानीको कलकल झैं र सूर्यको झलमलकिरणसँग एक आपसमा मुखरित भएर हाम्रो सामु देखा

पर्दछ । जसले हामीलाई मोहित तुल्याएको हुन्छ । यहाँ **दृश्यजगत्‌लाई गीतमा**, **आनन्दलाई पानीमा,** (सागरमा) परिणत गरी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**दिव्य अभिप्रायको संगति मिहीन सम्बन्धहरूका टुनाले टुक्रा टुक्रा जोड्दछ जस्तो सुरहरू पहिला गवैयाको प्रतिभाका सुत्रमा अभिप्रायबद्ध भएर माला गाँसिन्छन् र अल्प भागहरूमा पनि एकसूत्री ऐक्य देखाउँछन् (पृ.ऐ) ।**

कुनै कुराले देखाउने आशय संगतिमा मसिना सम्बन्धका साना-साना टुक्राले जोडिएका हुन्छन् । जस्तो पहिला गीत गाउँने गवैयाले आफ्ना प्रतिभाका सूत्रमा अभिप्रायमा बाँधिएर रहेका हुन्छन् । अनि **थोरै भागमा एउटा सूत्र जस्तो भएर पनि एउटै भएर देखापर्दछ** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**सूर्योदय जस्तै त भयो होला नि ! पहिले स्तब्ध सुनसान हुदो हो निराकार र निरञ्जनको नीरब एकान्तमा (पृ.ऐ) ।**

सूर्यको उदय हुनुभन्दा पहिले निस्तब्ध र सुनसान अन्धकार हुन्छ जुन अन्धकारलाई चिर्दै सूर्यको उदय हुन्छ अनि निराकार निरञ्जन र नीरब एकान्त हुन्छ सोही एकान्तमा सङ्गीत उत्पत्ति हुन्छ भनी **सूर्योदयलाई स्तब्ध सुनसान, निराकार** र **निरञ्जन निरव एकान्तसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**अनि 'उनी खै ? उनी खै !' भनेर अकेलाले सोधे होलान् । प्रश्न तीव्र हुँदाहुँदै कला जन्मिन्छन् र त्यो प्रथम कामको उत्पत्ति म ठीक बुझ्न सक्तिनँ । तर मलाई घामजस्तो उज्यालो छ कि त्यसपछि परमेश्वर आफ्नै प्रेममा मुग्ध भए । प्रेमले लीला सिकायो र लीलाले सिर्जना गरी (पृ.ऐ) ।**

प्रश्नसँगसँगै कलाको उत्पत्ति भयो । त्यो पहिला उत्पत्ति भएको काम म राम्रोसँग बुझ्न सक्दिन । सायद घाम जस्तै उज्यालो भएर हो कि ईश्वर पनि आफैले सिर्जना गरेको प्रेममा मुग्ध भएर मोहित भएर त्यसैका पछाडि लागेजस्तो लाग्दछ । प्रेमले नै संसारमा लिला सिकायो । अनि लीलाले नै सबै कुराको सिर्जना गर्न थाली । प्रेम गर्न पर्ने मानिसले लीलाको सिर्जना गरेर यसैलीलाबाट मनोरञ्जन पनि प्राप्त हुन पुग्यो । **प्रेमले लीला सिकाउँनु र लीलाले सिर्जना गर्नुले** प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

**तर मलाई सिर्जना मिठो छ ! र म आफूलाई झिल्का बनाएर छर्न चाहन्छु । म छन्द र लय टिप्छु जस्तो सुकुमारी पहाडकन्याहरू ऐंसेलु टिप्छन् (पृ.ऐ) ।**

सिर्जना भन्ने कुरा सबैलाई मिठो लाग्दछ । प्रेमले अनेक लीला सिकाउने हुँदा यो रसिलो छ । त्यसैगरी सूर्यको एक किरण सरी आगोको एक झिल्कासरी आफूलाई पनि छर्न चाहेको अभिव्यक्ति दिएका छन् । मलाई सिर्जनामा छन्द र लय टिप्न मन लाग्छ । पहाडी सुकुमार कन्याहरूले ऐसेलुका दाना टिपे झैँ मलाई पनि छन्द र लय टिप्न मन लाग्छ र टिप्छु पनि । यहाँ **छन्द र लयलाई ऐंसेलुसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**छन्द र लय समय र अवकाशको अनन्ततामा विश्वकविको प्रतिमा झल्कन्छ, किनकि अल्पांशी विभिन्नतामा एकले गाउँछ** (पृ.ऐ) ।

छन्द र लय भनेको समयको गतिसँगै झल्कन वा देखिन पुग्ने वस्तु हो । यसमा अनन्तमा विश्राम लिन चाहने सबैभन्दा ठूलो कवि (विश्वकवि) को हृदयमा रहेको सिर्जना गर्न सक्ने व्यक्तिको गुण झल्किन पुग्छ किनभने सानो टुक्रामा भएको जस्तो विभिन्नता एउटा थोरै जानेकाले गाउँन सक्छ । **छन्द र लयलाई समय र अवकास** (निस्कन खोज्नु) **सँग सादृश्य** गराएर **थोरै र विभिन्न रुपमा गाउँछ** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**अनुप्रासहरू गुञ्जाएर दिलले दिल बोलाउने अक्षर र शब्दहरू बोल्दछन्, सिपीहरू सागरलहरले थर्कन्छन्** (पृ.ऐ) ।

हिमालय पर्वत गुञ्जे झैं (मधुर ध्वनि नजिकिने हृदयबाट अनुप्रासहरू अक्षरहरू मिल्नु) मिलाएर र मधुर साङ्गीतिक ध्वनि गुञ्जाएर भित्री हृदयले हृदयलाई नै बोलाउने काम गर्दछ । अनि अक्षर र शब्द पनि हृदयले नै बोलाउने गर्दछ जसरी सागरका पिंधमा रहेका सिपीहरू सागरको पानीको छालले थर्कन्छन् । त्यसरी नै हृदयको भित्री भागमा पनि थर्कन पैदा भइ शब्द, अक्षर हुँदै अनुप्रास मिलाएर गुञ्जिन पुग्दछन् । **अक्षर र शब्दलाई सिपी र सागरलहर** जस्तै मानेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ

**'कालिदास' पङ्क्तिहरू आफैं बोलेर चल्छन् । 'पत' का पङ्क्तिहरू गीत गाएर चल्दछन्** ( पृ.ऐ) ।

संस्कृत साहित्यका महाकवि कालिदासले धेरै र उत्कृष्ट महाकाव्यको रचना गरी संस्कृत साहित्यलाई उत्कृष्ट रूपमा चिनाउने कार्य गरे । उनका पङ्क्तिहरूलाई कसैले बोलाउनु नपर्ने ती आफसे आफ बोल्ने र चल्ने शक्तिशाली हुन्छन् । त्यसैगरी हिन्दी साहित्यका महान् साहित्यकार 'पत' का पङ्क्तिहरू गाउँन मिल्ने वा गीत जस्तै गाएर चल्ने किसिमका हुन्छन् । 'निरौला' का बेसाँध रबर पङ्क्तिहरूमा म संगीतको चैतन्यले भावमा लय खोज्दै गीत गाउँछु र बाह्य नियम-शून्यतामित्र भित्री भावुक लयहरू देख्न सक्तछु, आफ्नो-आफ्नो रुचि हो । संस्कृत साहित्यका महाकवि **कालिदासका पंक्तिहरू 'आफै बोलेर चल्छन'** लाई हिन्दी साहित्यका साहित्यकार पन्तका पंक्ति **गीतगाएर चल्दछन्सँग सादृश्य** गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**मीठोसँग शब्द लहराए कि अन्धोले पनि कवि र गायकको नाममा सच्चा अधिकार राख्तछ** ( पृ.ऐ) ।

जो व्यक्तिभित्र सच्चा भावुक हृदय हुन्छ । उसले शब्दहरूलाई ठीकसँग उच्चारण गर्न सक्छ । उसका भित्री आँखाले सम्पूर्ण संसार हेर्न सक्छ । मिठोसंग शब्दहरू मिलाएर लहराउन जान्दछ । लय र छन्दको ज्ञान छ भने त्यो व्यक्ति अन्धो नै भए पनि कवि र गायक बन्न सक्छ र यो उसको अधिकार पनि हो । **शब्दको लहराइलाई अन्धोकवि र गायकको** अधिकार मानी प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

### ३.२.३ अलङ्कारहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले छन्द र लय निबन्धमा प्रयोग गरेका अलङ्कारहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**अनि मानव-चैतन्य त्यसको टक हेरेर आनन्द पाउँछ र त्यसको लयको सूक्ष्म चेत पाएर छन्दको ज्ञान पाउँदो रहेछ, जस्तो चराहरू नवोदयमा उद्‌गार गर्न त्यसै जान्दछन्** (पृ. १००)

मानिसहरू त्यही सूर्यको किरण प्रताप एकोहोरो हेरेर आनन्द पाउँछन् । अनि त्यसको अतिशय सानो चेत वा ज्ञान पाएर छन्दको ज्ञान पनि पाउँदा रहेछन् । चराहरूले जसरी सूर्यको उदय भएको कुरा (उज्यालो भएको कुरा) आफसे आफ थाहा पाउँछन्) त्यसैगरी मानिसले पनि सूक्ष्म चेतबाट नै छन्दको ज्ञान पाउन सक्दछन् । यहाँ **चराहरू नवोदयमा उद्‌गार गर्न जान्दछन्** भनी अलङ्कारको प्रयोग भएको छ ।

**मलाई 'को हो ?' भन्ने प्रश्न कोइलीबाट निस्केको जस्तो लाग्दछ र 'क' अक्षर पृथ्वीको पहिला वसन्तसँग सम्बन्धित भएजस्तो विदित हुन्छ** (पृ.१०२)

'को हो ?' भन्ने प्रश्न कोइलीले गरेको छ । कोइली भनेको वसन्तको समयमा वनमा गाउँने चरा हो, अनि हामीले प्रथम पटक शब्दको उच्चारण कोइलीको मुखबाट सुन्दा 'क' अक्षर कोइलीकै मुखबाट सबैभन्दा पहिला बसन्तसँग सम्बन्धित भएका आए जस्तो लाग्दछ । **पहिला बसन्त र कोइलीले उपमा अलङ्कारको** काम गरेको छ ।

**मेरो मट्टी थाकेर उड्दछ र म भाषा आविष्कार गर्दछु । त्यही भाषामा छन्द हुने थिएन, यदि विश्वनेता बेलयको काकताली हुँदो हो** (पृ. ऐ)

मेरो शरीर थाकेर उडेको हुन्छ गाना र नृत्य हेर्दा हेर्दै त्यही समयमा नै मेरो हृदयले कुनै भाव प्रकट गर्दछ र भाषाको आविश्कार हुन पुग्दछ । विश्वको सबैभन्दा ठूलो नेताले यस्तो कष्टबाट उत्पन्न भएको भाषालाई काकताली (त्यसै अनायासै प्रकट भएको) मानेको भए । यसमा छन्द पनि हुने थिएन । तर विश्वनेताले यसलाई महत्त्वपूर्ण कुरा भनि भाषालाई नै सम्पूर्णता मानेको छ अनि छन्द वा लय परिपूर्ण गर्नु पनि अझै कठिन रहेको तथ्य देवकोटाले उचागर गरेका छन् । **यहाँ विश्वनेता वेलयको काकताली हुँदो हो भनी अलङ्कारको** प्रयोग गरिएको छ ।

**मलाई यस्तो लाग्दछ कि हृदयमा एक केन्द्र छ जहाँ छुनासाथ वस्तुहरू बोल्दछन् । यो अगाध शब्दसागर अनियति, वेताल र वेलयको हुँदैन** (पृ.१०३)

देवकोटाको अनुभवमा हृदयमा भएको केन्द्रमा जनुसुकै वस्तुले छोए पनि ती वस्तुहरू बोल्न थाल्दछन् । त्यो केन्द्र हृदयको सबैभन्दा भित्री भागमा रहेको र महत्त्वपूर्ण पनि छ । यहाँ कति धेरै शब्दकोशमा पनि अटाउन नसकेका शब्दहरूको सागर नै रहेको छ । यहाँ नियत नभएको ताल नभएको र लय नभएको कुनै पनि वस्तु रहनै सक्दैन । यहाँ रहेका प्रत्येक वस्तुमा सङ्गीतको ताल हुन्छ । त्यसलाई गाउँन सक्ने लय हुन्छ र त्यसमा यी सबै कुरा गर्नको लागि नियतको पनि आवश्यकता छ अर्थात नियत वश नै यी सबै कुरा प्राप्त गर्न सकिन्छ । यहाँ **छुनासाथमा** अलङ्कारको प्रयोग भएको छ ।

**भाषाले सुन्दरको झल्का त्यहाँ पाउँछे जहाँ सत्य सरल हुन्छ । शिला शालिग्राम हुन्छ जहाँ कल्लोलहरू खेल्दछन् ।**

भाषाले सत्य सरल भएपछि मात्र सुन्दरता प्राप्त गर्दछे । सुन्दर हुनका लागि त्यहाँ सत्यको आवश्यकता पनि पर्दछ । सत्य भएपछि नै भाषाले सुन्दरको एक झल्का प्राप्त गर्दछ । पानीका कल्लोल ध्वनिहरू खेलेको ठाउँका ढुङ्गा पनि शालिग्राम (सबै मान्ने र पुज्जे वस्तु) हुन पुग्दछन् भनी यहाँ शिलालाई देवता अर्थात **शालिग्राम मानी उपमा अलङ्कारको प्रयोग गरिएको छ ।**

**तालले नै बाँधिनु भन्नु र वार्णिक छन्दमा मात्र लेख्नु भनु एकै किसिमको कुरा हो । तर हृदयको चरोले सुनौलो रङ्ग देखे पखेटा उड्दा जता उडे पनि गाना बनेरै उड्दछन् ।**

कुनै एउटा ताल र नियमभित्र बाँधिएर लेख्नु मात्रै कवि हुने गायक हुने कुरा होइन । लेखाइ त स्वतन्त्र र स्वच्छन्द रूपमा जतासुकै पनि र जुनसुकै विषयमा पनि लेखिन सक्ने हुनुपर्छ । एउटै किसिमले र एउटै विषयमा मात्रै हुनुपर्दैन । हृदयमा भावना अटेस मटेस भावना आइरहेमा त्यो यदाकदा गाना (गीत) बनेरै बहिरहेको (उडिरहेको) हुन्छ । यहाँ **सुनौला रङ्गले सुन आफैमा महत्वपूर्ण वस्तु र त्यसमाथि सुनौला छ भन्ने अर्थमा उपमा अलङ्कारको प्रयोग भएको छ ।**

## ३.२.४ भाषाशैली

छन्द र लय निबन्धमा देवकोटाले प्रयोग गरेको भाषाशैलीलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :-

नेपाली निबन्धका फाँटमा लक्ष्मीप्रसाद देवकोटा का सिद्वान्तमूलक निबन्धहरू पनि लिएर देखापरेका छन् । ति सिद्वान्तमूलक निबन्ध मध्येको पनि औपचारिकतामूलक सौन्दर्य शास्त्रका आधारमा पनि व्याख्या हुने निबन्धका रुपमा लेखिएको एक महत्वपूर्ण लिन सकिन्छ । यस निबन्धमा देवकोटाको कविता लेखन प्रवाहले छन्दोमञ्जरी या श्रुतवोधको तगण भगणको न्यायालयले होइन भाव प्रवाहले छन्द लयलाई आफै निम्त्याउँछ भनेका छन् । उनले निबन्ध एउटा सिद्वान्तमा आबद्ध हुन्छ भनेका छन् । छन्द मा लय मिलेर मात्र कविता लयदार भई सुन्दा मिठो र रसिलो लाग्ने हुन पुग्छ । कविताको व्याकरण भन्दा त्यसबाट मुक्त भएको लयदार र मोहनी हृदयदारी हुन्छ । मीठो कविताको बोली वनमा बोल्ने चराको बोली झै सुनिरहुँ झै लाग्ने हुन्छ । यस निबन्धमा देवकोटाले विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् । यस निबन्धमा प्रयोग भएको भाषा कवितात्मक छ । पूर्ण विराम झिकिदिदा निबन्ध पनि गद्य कविता जस्तो बन्न पुग्दछ । यहाँ निबन्धकार देवकोटाले सिद्वान्तका कुरालाई अगाडी ल्याएर छन्द र लय विना कवि र गायक हुँदैन । अनि भावुकको सच्चा उदगार त्यसै छन्ददार र भएर आउँछ भन्ने भाव पनि व्यक्त गरेका छन् । यो निबन्ध भएर पनि बढी सिद्वान्तमूलक छ । अनि छन्दले मानिसका भावनाहरूको प्रतिबिम्ब उतार्ने काम समेत गरेको छ भन्ने निष्कर्ष यस शोधमा निकालिएको छ । यो सिद्वान्तमा आधारित निबन्ध भएकोले यसले समालोचना गर्नेलाई सघाउ पुर्‍याउँछ भन्ने मत पनि प्रस्तुत गरिएको छ ।

## ३.३ कल्पना

### ३.३.१ बिम्बहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देबकोटालले 'कल्पना' निबन्धमा प्रयोग गरेका बिम्बहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**१. तिनीहरू त्यो भित्री आँखामा झल्कन्छन् जो एकान्तको आनन्द हो ; - वर्डस्वर्थ** (पृ.१०७)

एकान्तको आनन्द दिन पुग्ने र सबैको भित्री आँखामा झल्किने वस्नु नै कल्पना हो कुनै पनि कुरा मान्छेको भित्री आत्माबाट रनै आउनु पर्दछ । त्यसले मानिस **एकान्तमा बस्दा पनि आनन्द दिने** गर्दछ भनी बिम्बात्मक अर्थ प्रदान गर्दछन् ।

**म त्यही भित्री आँखालाई कल्पना भन्दछु ।** (पृ.ऐ.)

प्रत्येक मानिसकको भित्र ज्ञामनको भण्डार रहेको हुन्छ , त्यही ज्ञानबाट मानिस आफ्नो भावलाई विचार गर्न पुग्दछ जुन ज्ञान मानिसका बाहिरी आँखाबाट देख्न सकिदैन । त्यसैले भनिन्छ मानिसमा भित्री आँखा हुनु जरुरी छ । भित्री आँखा नभएको व्यक्ति अज्ञानी र मूर्ख हुन पुग्दछ । यही **भित्री आँखा** भन्ने कुरालाई नै देवकोटा **कल्पना** भन्न पुग्दछन् । अनि यसैबाट बिम्बात्मक अर्थ पनि प्रष्ट हुन्छ ।

**तर जहाँ आँखाको काम खालि उपस्थित दृश्यमान वस्तुको प्रतिबिम्ब यन्त्रिक तवरले दिनु मात्र छ, कल्पनाको क्रिया अनुपस्थित वस्तुको यथार्थिक या परिवर्तित रूप दर्शाउनुमा रहन्छ ।** (पृ.ऐ.)

तर हाम्रा आँखाले खालि अगाडि देखिएका वस्तुहरूलाई जस्ताको तस्तै रूपमा वा यन्त्रले जे कुरा देखिन्छ सोही कुरा अगाडि बढाए देखाए जस्तै गरी देखाउने काम गर्दछ । यन्त्रमा असल खराब भन्ने कुरा (भनाइ) जेसुकै भए पनि देखाउने गर्दछ । त्यस्तै रूपमा देखाउने गर्दछ । कल्पनाले चाँहि कुनैपनि आँखाले गर्ने क्रियाकलापमा पछाडि रहेर नदेखिइकन नै यथार्थ रूपमा वर्णन गर्दछ या परिवर्तित रूप (सही गलत छुट्टयाइ) देखाउने गर्दछ । त्यसैले **कल्पनालाई भित्री आँखाको रूपमा लिने गरेको** पाइन्छ भनी बिम्बात्मक अर्थ प्रस्तुत गरेका छन् ।

**भौतिक प्रकाशका लहरले जहाँ छोइन्नन् त्यहाँ यी चर्मचक्षुलाई न रङ्ग छ न रूप ! यी मासुका लेन्स हुन्, यन्त्र हुन्, दर्शक होइनन् ।** (पृ.ऐ.)

भौतिक वा बाह्य  देखिनेप्रकाशका किरणहरूले नछोइएका ठाउँमा यी छालाका आँखाहरू रङ्ग र रूप केही पनि नभएका हुने गर्दछन् । यिनीहरू मासुका लेन्स (वैज्ञानिक काममा प्रयोग गरिने सानो अंश जसबाट सम्पूर्ण कुरा देखिन्छ  मात्र हुन् । **यिनीहरू यन्त्र जस्ता देखिन्छन् तर दर्शकहरू भने हुन सक्दैनन्** भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**तर त्यो भित्री आँखा जसलाई म कल्पना भन्दछु दार्शनिक दृष्टिले जड ठहराइए पनि कविताहरूको भावुक चेतमा सजीव र सुन्दर छ, उसलाई वस्तुको उपस्थितिको जरुरतै छैन, स्मृतिपटमा परेको छाया जगाएर र ऊ अनुपस्थित वस्तुहरूको सूक्ष्म स्वरूप सत्य प्रदर्शन गर्दछ ।** (पृ.ऐ.)

तर देवकोटा आफूले मानेको भित्री आँखाको रूपमा कल्पनालाई लिने गर्दछन् । उनका अनुसार कल्पना भनेको दार्शनिक हेराई (दर्शनशास्त्रीय हेराइ) अनुसार कहीं केही नभएको जड (स्थिर) वस्तु भएपनि लेख्दा भावुक चेतमा (भावनाको अजस्र बहाईमा) जीवन्त भएर सरल, सजीव र सुन्दर रूपमा देखा पर्दछ । कल्पना भन्ने चीजलाई वस्तु अगाडि हुनुपर्ने अनिवार्यता पनि छैन । उसले आफ्नो मनमस्तिष्कमा परेको छायालाई अगाडि राखेर नै काव्य कृतिको सिर्जनागर्न सक्दछ । अगाडि नभएका र नदेखिएका वस्तुहरूको पनि मसिनो स्वरूप सत्यको प्रस्तुती गर्ने गर्दछ । त्यसैले **कल्पनाशक्तिलाई महत्त्वपूर्ण** रूपमा पनि प्रस्तुत गर्ने गरिन्छ भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**ऊ काठमाडौँमा डिल्लीबजार अन्धो छैन, न त उसलाई वस्तुको यथार्थिक सीमिततत्वले वाधा बनाउँन सक्तछ, किनकि सृजनात्मक परिवर्तन गर्नु उसको सहज सामर्थ्यभित्र छ ।** ( पृ.ऐ.)

उसले देख्ने गरेको (बाहिरी आँखाले देख्ने गरेको) काठमाडौँमा अवस्थित डिल्लीबजार अन्धो छैन तर अन्धो नै देख्तछ । तर कल्पनालाई डिल्लीबजार जुन काठमाडौँमा अवस्थित छ त्यो अन्धो लाग्दैन । न त कल्पनालाई वस्तुको यथार्थ र सीमित तत्वले बाधा पुऱ्याउन सक्दैन । उसभित्र सिर्जनात्मक परिवर्तन गरेर सजिलैसँग ज्ञान प्राप्त गराउन सक्ने खुवी छ । यदि मानिसले कल्पना गर्न सकेन भने ऊ नालायक र मुर्ख पनि हुन सक्छ । उसभित्रको सामर्थ्य भनेकै भावुक कल्पनापनि हो । कल्पना अधिक गर्न सक्ने व्यक्ति नै भविष्यमा ठूलो हुन सक्छ । त्यसैले हामीले पनि **कल्पना** गरेर **भविष्यमा उन्नति पथतिर लम्कन** पनि सहयोग गर्दछ भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**आँखा भएको मान्छे अन्धो हुन सक्तछ, यदि उसमा कल्पना शून्यहोस् तर कल्पना भएको मान्छे अन्धो हुन सक्तैन यद्यपि उसमा आँखा नहोस् ।** (पृ.ऐ.)

कुनै पनि मानिसमा कल्पना शून्य छ भने आँखा भएर पनि त्यो व्यक्ति अन्धो हुन सक्छ । तर कल्पनाशक्ति प्रचुर छ भने आँखा नभए पनि त्यो व्यक्ति अन्धो नहुन सक्छ । मानिसको अन्धता बाहिरी आँखामा मात्र नभइ कल्पनाहीन शून्य व्यक्ति नै अन्धो हुन्छ । त्यसैले देवकोटा कल्पनाशील व्यक्ति नै अन्धो हुन्छ । त्यसैले देवकोटा **कल्पनाशील व्यक्ति अन्धो हुनै नसक्ने र आँखा भएको भएर पनि कल्पना शक्ति नभएको व्यक्ति अन्धो हुने कुरा** व्यक्त गर्न पुग्दछन् भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**कल्पना भन्ने शब्द क्रिया र शक्ति दुबैको सम्बन्धमा उत्तिकै प्रयोग गर्न सकिन्छ, तर क्रिया होस् या शक्ति होस् कल्पना उत्तिकै जादूगर्नी छ, यसको एक चुट्कीमा सहस्ररजनीका जीवहरूले अन्धकारभित्र अजङका दरबारहरू निर्माण गरी झिलीमिली पारेर देखाइदिन्छन् ।** ( पृ.१०८)

कल्पना भन्ने शब्द काम गराइ र काम गर्ने इच्छा शक्ति दुबैमा उत्तिकै रूपमा रहेको हुन्छ । कल्पनाले गर्दा नै मानिसको काम गर्ने इच्छा शक्ति जागृत भएर आउने

गर्दछ । तर गरेको काम वा शक्ति दुबैमा कल्पनाको उत्तिकै महत्त्व छ । कल्पनालाई मानवीकरण गरेर एउटा महिला जादूगरको रूपमा उभ्याउने प्रयास भइरहेको छ। कल्पनाले मानिसको इच्छा शक्ति र क्रियामा आफ्नो जादूगर्नीको भूमिका अत्यन्त राम्रोसँग निभाएकी छ। कल्पनाले एकै सासमा वा छोटो अवधिमा नै सम्पूर्ण जीवहरूको जीवन अन्धकारमय भएपनि ठूला-ठूला दरबारको निर्माण गरी जतासुकै अत्युकृष्ट रूपमा रमाइलो र उज्यालो संसार देखाउने गर्दछ । कल्पनालाई देवकोटा ठाउँ-ठाउँमा नारीरूपमा मानवीकरण गर्न पुग्दछन् । कल्पनाले अँध्यारोलाई उज्यालो दिने काम गर्दछ । हामीमा कल्पनाशक्ति प्रचुर भएमा अँध्यारोमा बस्नु पर्ने बाध्यता पनि नहुन सक्छ भनी बिम्बात्मकता प्रदान गरिएको छ।

**यसको एक झल्कामा अविदित देशहरूका दृश्यपटहरू रोज फिल्मी तमाशा बन्दै झिल्मिउँदै उठ्तछन् । यसका एक आह्वानमा अनन्तको रङ्गदार भण्डारले विशाल प्रदर्शनीहरू उद्घाटन गर्दछ।** (पृ.ऐ.)

कल्पनाको एकै झल्कामा नचिनेको नजानेको देशहरू (ठाउँहरू)का देखिने दृश्यहरू दिनदिनै फिल्म देखाए झैं उज्यालो संसार देखाउँदै उठ्ने गर्दछन् । हाम्रो मस्तिष्कमा रहेको अँध्यारोलाई चिर्दै उज्यालो संसार देखाउने काम पनि कल्पनाले नै गर्दछ। त्यसैले कल्पनाको एउटा मात्र बोलाइने (आह्वान) ले अनन्तमा रहेको विशाल रङ्गहरूले भरिएको ठूला-ठूला प्रदर्शनीहरूको पनि उद्घाटन गर्न पुगेको पाइन्छ । हामी आफ्नो कल्पना शक्तिले गर्दा नरमइलो र उराठ लाग्दो क्षणमा पनि रमाइरहन सक्छौं । सधैं भरी रमाइरहन, ठूला-ठूला कामहरू सम्पन्न गर्न, विगत, वर्तमान र भविष्यलाई एकै ठाउँमा जोड्ने काम पनि कल्पनाले गर्दछ । त्यसैले **कल्पना हामीमा नभई नहुने अपरिहार्य इच्छा शक्ति हो** भनी बिम्बात्मकता प्रदान गर्ने प्रयास गरिएको छ ।

**त्यस्तै अतीतका मुर्दा जीवन नाटकीय सजीवतासँग रङ्गदार याथार्थ्य लिएर वर्तमानको रङ्गमञ्च उपर विभिन्नता प्रचुर माधुरीसँग काल र स्थानका बाँधहरू उल्लङ्घन गरेर नजर सामु बन्दछ।**

त्यसै गरी कल्पना शक्तिले नै अतीतमा भएका पीडादायी क्षणहरूलाई पनि सजीवरूपमा रङ्गहरूले परिपूर्ण र भरिपूर्ण बनाएर अगाडि ल्याउँने काम गर्दछ। यथार्थतासँग वर्तमानको सम्बन्ध कायम गरी नाटक मञ्चन गर्ने रङ्गमञ्च माथि विभिन्न किसिमका प्रशस्त मात्रामा मधुर सङ्गीतका धूनसँगै काल र ठाउँका बारेमा बाँधिएका सीमा वा बन्धनका बाधाहरू भत्काएर सबैकुरालाई प्रष्टसँग हाम्रो आँखाका सामुन्ने राख्ने काम गर्दछ । यस्तो **काम केवल कल्पनाले मात्र गर्न सक्दछ** भनी बिम्बात्मकता प्रदान गरिएको छ।

**दूरताको क्षणमा विजय गरेर, विशाल भेद सागरहरूले नियुक्त भएका प्रदेशहहरूसँग नङमासुको नाता जोडिदिने संसारमा केही छ भने मानवकल्पना नै हो।**

कल्पना भन्ने वस्तु धेरै टाढा रहेको अवस्थामा पनि त्यसलाई विजय प्राप्त गरी ठूला-ठूला भेदभाव गर्ने पानीका सागरहरूले सिंचित भएका ठाउँहरूमा पनी ज्यादै नजिकको सम्बन्ध कायम गर्ने काम मानवकल्पना नै गर्दछ। हामी मानिसहरू जातका आधारमा रङ्गका आधारमा ठूलो र सानो भन्ने गर्छौं तर यी सबैलाई एकै ठाउँमा जोडेर नजिकको सम्बन्ध स्थापना गर्ने काम मानव कल्पना मार्फत नै हुने गरेको पाइन्छ । **संसारमा**

**कल्पनाभन्दा ठूलो वस्तु केही पनि** छ जस्तो लाग्दैन भनी देवकोटाले बिम्बात्मक अर्थ प्रस्तुत गरेका छन् ।

**यदि कल्पना मनुष्यमा नहुँदो हो त अतीत र भविष्य दुई अँध्यारा पाटा बन्ने थिए खाली यो दृश्य वर्तमानको सानो चोइटामा संकुचित भएर मनुष्य कुइराको काग जस्तो हुने थियो ।** ( पृ.ऐ.)

कल्पना भन्ने कुरा प्रत्येक मानिसमा नभई नहुने आवश्यक तत्व हो । कल्पना भन्ने कुरा यदि मानिसमा नहुने हो भने उसले बितिसकेको समय र आउनेवाला समय दुबैलाई अँध्यारो रूपमा लिने गर्दथ्यो । विगतका घटना क्रमसँग न त कहिल्यै दुःखी हुन पाउने नत भविष्यको सम्झनामा रमाउँन नै सक्ने हुने थियो । विगत र आउने समय दुबैमा रमाउन र बाँच्नका लागि कल्पना महत्त्वपूर्ण कुरा हो । यसरी दुबैसँग रमाउँन नसक्ने परिस्थितिमा खुशी भनेको केवल अहिलेको समयमा रही रहेको एउटा सानो टुक्रामा साँघुरीएर रहे जस्तो मात्र देखिन्छ । जसरी आकाशमा **स्वतन्त्र रूपमा उड्ने पंक्षी काग कुहिरो भित्र** त्यसै **विलाउँन पुग्दछ** । त्यसैगरी **मान्छे पनि कल्पना शक्ति विना अधुरो र अपूरो रहन पुग्दछ** भनी बिम्बात्मक अर्थ प्रस्तुत गरेका छन् ।

**वास्तवमा मानव-कल्पनाले तीनै काल जोडदछ र दूरतालाई विजय गर्दछ र सपना र सुनसानमा विलीन भएका दृश्यहरूलाई सजीव जागरण दिन्छ ।** (पृ.ऐ.)

यथार्थमा भन्दा मानव कल्पना भन्ने कुरा त्यस्तो वस्तु हुन्छ जसले विगत, वर्तमान, भविष्यको तीनै काललाई जोड्ने काम गर्दछ । टाढा रहेको सबै थोकलाई पनि कल्पना भन्ने वस्तुले विजय प्राप्त गर्न पुग्दछ । **मानिसका पूरा हुन नसकेका सपना र एकलास ठाउँमा हराउँने अवस्थामा पुगेका र हराएका वस्तुहरूलाई पनि चल्ने र अनुभव गर्न सकिने सजीव जागरण दिने काम पनि कल्पनाकै माध्यबाट हुने गरेको पाइन्छ** भनी बिम्बात्मक अर्थ प्रकट गरिएको छ ।

**त्यसैबेला म ढुङ्गामय पार्थिवतालाई सजिलैसँग उल्लङ्घन गर्दछु, पुरुष कटुताको जीवन छाडेर पंछीपङ्खे सुनौला हावामा सास फेर्न लाग्दछु मानव -सीमाहरूको बाँध टुट्तछ ।** ( पृ.ऐ.)

यसरी कल्पना शक्तिले नन्दन वनमा फिराएको अवस्थामा देवकोटा आफूलाई ढुङ्गाका जस्तो जीवनलाई उल्लङ्घन गरेर वा विरोध गरेर, पुरुष यर्थाथको जीवनलाई छाडेर पंछीहरूका सुनौला पखेटाका माध्यमबाट हावामा स्वतन्त्र रूपमा सास फेर्न लागेको र मानिस भएपछि देखिएका सीमाका बन्धन पनि टुट्न पुगेको कुरा व्यक्त गर्दछन् । त्यसैबे**ला म ढुङ्गामय पार्थिवतालाई सजिलैसँग उलङ्घन गर्दछु** भनी बिम्बात्मकता प्रस्तुत गरिएको छ ।

**वास्तविक सत्यको कटु कानेखुशीबाट म अमलेख बन्दछु, घण्टाघरको समयतौली शासनबाट म स्वतन्त्र रहन्छु र गोडामा जञ्जीर लाग्ने कर्तव्यहरूका नानातानीबाट फुक्का रहन्छु, म माटो अन्नको दुनियाँमा रहन्न ।** (पृ.ऐ.)

देवकोटा आफू वास्तविकताको तीतो वा नमीठो कानेखुशी (काम गराइ)बाट मुक्त भएको् अनि आफ्नो जीवन यापनका क्रममा घण्टाघरको समयसँग मिलेको समय

तालिकाबाट पनि स्वतन्त्र रहने र आफ्ना गोडामा लागेका कर्तव्यका जञ्जीरहरूको तानातानीहरूबाट मुक्त हुन पुगेको कल्पना गर्दछन् । उनी आफू यसै कल्पनामा माटो र अन्नको दुनियाँमा पनि नरहने कुरा व्यक्त गर्दछन् । माटो र अन्नको दुनियाँमा रहँदा दुःख भएको अनुभव पनि उनीसँग रहेको छ । यहाँ **सत्यको कटु कानेखुशीबाट म मुक्त बन्दछु** र **माटो अन्नको दुनियाँमा रहन्न** भनी बिम्बात्मकता प्रकट गरिएको छ ।

**यो सब कल्पनाविना बाह्य विषयी बोके आनन्द बन्छन् । कविले अम्बा खानु र वैयाकरणले अम्बा खानुमा धेरै फरक छ ।** (पृ.ऐ.)

कल्पना नभएमा यी सबै कुराहरू बाहिरी वा सतही रूपमा देखिने विषयी र चुरो वा गुदी नभएको बोके आनन्द दिने किसिमका मात्र हुन्छन् । कविले अम्बा खाँदा त्यसबाट उसले कविताको सिर्जना गर्न सक्दछ भने व्याकरणविद्ले अम्बा खाँखा खाँदा त्यसमा व्याकरणको नियम खोज्न पुग्दछ । त्यसैले कवि र **वैयाकरणले अम्बा खानुमा धेरै फरक पाउन सकिन्छ** भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**लघु देखि शिखर सम्म मेशीन भएको सूत्रबद्ध घोकन्ती स्मृति, अक्षरको चिच्याहट लाग्दो नृत्यले तिर्मिराएका आँखा, नियमबाहिर चल्न नसक्ने पखेटा कुँजिएको वैयाकरणी व्यक्तिलाई अम्बा खाँदा अम्बै हुन्छ, जस्तो बर्डसुवर्थले कसैका निमित्त भनेथ उसलाई परगिस नरगिस मात्र थियो र त्यसभन्दा ज्यादा केही थिएन ।** (पृ.ऐ.)

सानो भन्दा सानो चीजदेखि ठूलाठूला मेशिन भएको हाम्रो दिमागमा पनि सूत्रबद्ध रूपमा घोकिएका स्मृतिहरू ताजा रूपमा रहेका हुन्छन् । अक्षर हेर्दा हेर्दै र अक्षरसँग खेल्दा खेल्दै उराठ लाग्दो नृत्य हेरेर थाकेका वा धमिलो देखिएका आँखाहरू नियम बाहिर गएर केही कुरा पनि अभिव्यक्त गर्न नसक्ने र पखेटा कुजिएका जस्ता भएका व्याकरणकारहरूलाई अम्बा खाँदा अम्बा नै हुन्छ । उनीहरूले अन्य कुनै पनि कुराको कल्पना गर्न सकेका हुँदैनन् । त्यसैगरी विश्व साहित्यका महान् साहित्यकार वर्डस्वर्थले कसैका लागि भनेका थिए । उसलाई परगिस नरगिस मात्र थियो । अथवा जुन वस्तु जे हो त्यही हो अर्को कदापी हुन सक्दैन । उसले अर्को वस्तुको कल्पनापनि गर्न सकेको हुँदैन । त्यो भन्दा बढ्ता केही पनि हुन्छ सक्दैन । **यहाँ नृत्यले तिरमिराएका आँखा र पखेटा कुँजिएको बैयाकरणी** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**जस्तो गन्धका चेहरा भएका पुरुषहरूलाई र व्याकरणबुद्धुलाई त्यो मिठास दिएको छैन जो कल्पना प्रचुर पङ्खदार कविहरूले अनुभव गर्दछन् ।** (पृ.ऐ.)

गन्धका चेहरा भएका पुरुषहरू र व्याकरण केही पनि नजानेका बुद्धुहरूले पाउन नसकेको मिठास पनि कल्पना धेरे भएका र गर्न सक्ने खालका पङ्खदार भएका कविहरूले प्राप्त गर्न सक्छन् । जुन कुरा कल्पनाका मध्यमबाट पूरा हुन्छ । यहाँ **पंखादार भएका कविहरूले कल्पनाको पखेटा अनुभव गर्दछन्** भनी बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**उषाका आँसु मोतीको सुगन्ध रसनेन्द्रियमा कस्तो वाद दिन्छन् त्यो उसले याद पाउँदै जान्छ, जूनको रसिलोपना, मट्टीजरे हावा खेलाडीको फलरूप प्रदानमा जुन किसिमसँग स्वाद बनेर आनन्द दिन्छ, सो कुरा कविले अनुभव गर्न थाल्दछ ।** (पृ.ऐ.)

उषाका आँसु अनि मोतीको सुगन्ध रसनेन्द्रियका माध्यमबाट कस्तो प्रकारको स्वाद लिन्छ भन्ने कुरा पनि उसले थाहा पाउँदै जान्छ । जुन जूनमा रहेको रसिलो पना मट्टीको जरो जस्तो हावा खेलाडीको फलस्वरूप प्रदान गर्दा जस्तो किसिमको स्वाद निस्कन्छ र त्यही स्वादले आनन्द दिने कुराको अनुभव पनि कविलाई हुने गरेको छ । कविले यी सबै कुराबाट आनन्द पनि कल्पना कै माध्यमबाट लिने गरेको पाइन्छ । **यहाँ उषाका आँसु मोतीको सुगन्ध र मट्टीजरे हावा खेलाडी**को (वृक्षले जमिनबाट फलमा ल्याएको स्वाद) शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**उसले सूर्य रश्मिस्पर्शको स्वाद चाख्तछ, वर्षाको शीतलोपन, हावाको सन्देशको मिठास अनुभव गर्दछ र अम्बाको पार्थिव स्वाद उपरको स्वर्गीय प्रभावसारहरूमा उसको कल्पना घुस्न थाल्दछे ।**

कविहरूले सूर्यको किरणको स्पर्श गरेर स्वाद पनि लिने गर्दछन् अनि हावाले दिने सन्देशको मिठास पनि अनुभव गरेको हुन्छन् र अम्बाको वास्तविक स्वाद माथि स्वर्गीय प्रभावको सारहरूमा पनि कल्पना घुस्न पुगेको हुन्छ । **यहाँ रश्मिस्पर्शको घुस्न थाल्दछेलाई अमूर्त हेर्ने** बिम्बका रुपमा अर्थ स्पष्ट पारिएको छ ।

**उसलाई टोक्नुमा कुरता देखिन्छ, एक टुक्रा मुखमा हालेर स्वाद लिँदै उसले कमसे कम पाँच मिनेट त्यसको कोमलता र माधुर्यउपर समालोचना गर्न थाल्दछ । उसलाई त्यहाँ दिव्य मिठास ईश्वरमाधुर्य सच्चिदानन्दको केही आभासिक भौतिक खँदिलो रस मिल्दछ ।**

कविले अम्बा टोक्दा पनि त्यसमा कुरता देखिन पुग्छ । उसले टोकेर एक टुक्रा अम्बा मुखमा राखिसकेपछि ऊ विचार गर्न थाल्दछ । उसले अम्बाको स्वाद पनि लिन्छ र उसको कोमलता (दाँतले सजिलै टोक्न सकिने) र माधुर्य (मीठो र स्वादिलो लाग्नु) माथि आफैं आफ समालोचना पनि गर्न पुग्दछ । त्यहाँ उसलाई एउटा अनौठो किसिमको अलौकिक मिठास र ईश्वरीय माधुर्यताका साथ सच्चिदान्दको केही मात्रामा भए पनि आभास भौतिक र खँदिलो रसका रूपमा मिल्न पुगेको पाइन्छ । **ईश्वर माधुर्यलाई ईश्वरीय मिठासबिम्ब र भौतिक खँदिलो रसलाई बस्तुगत** बिम्बका रुपमा प्रस्तुत गरिएको छ ।

**न एउटा नन्दनबनकै पहाडी स्वर्गको कल्पना गर्दछ जहाँ कुनै चाँदी चञ्चला निनादिनी उपर वादल बुँदे रसले भिजेर पारिलो घाममा पाको भएको अमृतफलको हात अटाउ शीतल डल्लो, रङ्गिलो चुरीदार कोमल करले टिपेर, राता छिर्का र कोठीउपर शावकलोचनी पहाडकन्या नजर लगाएर हेरिरहेकी बडो राम्रो लागेर एकै छिन डोका हाल्नुको अगाडि ।** ( पृ.ऐ.)

एउटा अपार स्वर्गीय गाईहरू चर्ने नन्दन वनकै कल्पना पनि गर्न सकिन्छ । जहाँ चाँदीले चञ्चला भएर गडगडाहट गर्दै र(निनादिनी) बादलको थोपा जस्तो रसले भिजेर भए पनि जाडोको घाम जस्तो मीठो र पारिलो घाममा पाको भएको आयु बढाउने वा अतिउच्च अमृतफल हातमा अटाउने शीतल सानो डल्लोलाई रङ्गिलो चुरीदार नरम हातले टिपेर राता छिर्का र कोठीहरू माथि सुन्दर पहाड कन्याहरू नजर लगाएका वा हेरिहेका हुन्छन् । अनि

त्यसलाई विस्तारै डोकामा हाल्न पुग्छन् । डोकामा हाल्नु भन्दा अगाडि हेरिहेका हुन्छन् । **यहाँ चञ्चला निनानिदी उपर वादल बुँदे भनेर बालिकाको** बिम्ब प्रस्तुत गरिएको छ ।

**त्यस्तै तवरले हामी भन्न सक्तछौँ कि जहाँ कल्पनाको जादूगरी छैन त्यहाँ आनन्दको सच्चा आत्मा रहेको हुँदैन । कल्पनाहीन मनुष्यहरू जीवनका उच्च कक्षाका भोजहरूबाट हरहमेशा वञ्चित छन् ।**

त्यसैले कल्पनाको जादूगरी शक्ति नभएको ठाउँमा हामी आनन्दको सच्चा आत्मा पनि रहेको हुन सक्दैन भन्छौँ र कल्पना गर्न नसक्ने मानिसहरू जीवनमा कल्पनाका माध्यमबाट पाउँन सक्ने उच्च किसिमका भोजहरूबाट बञ्चित हुन पुगेका हुन्छन् । यहाँ **उच्च कक्षाका भोजहरूबाट हरहमेसा वञ्चित शब्दले अनुभूतिको** बिम्बार्थ बोकेको छ ।

**उनीहरू दर्शनढुङ्गासँग कुरा गर्दछन् र जाईको फूललाई कथा हालिदिन्छन्, हलुवावदे खाँदाखाँदै उनीहरू सुनकेसी रानीको बगैँचामा पुग्दछन् ।** (पृ.ऐ.)

केटाकेटीहरू ढुङ्गासँग कुरा गरी त्यसबाट पनि आनन्द लिन सक्दछन् । अनि फूलहरूको कथा पनि जोडी दिन्छन् । आनन्दसँग हलुवावेद खाँदा खाँदै उनीहरू दन्त्यकथाकी एक पात्र जसका कपालका रौँ सुनका थिए ती रानीको बगैँचामा विचरण गर्न पुग्दछन् । उनीहरूमा यसरी मिठा र राम्रा कल्पना गर्न सक्ने शक्ति प्रचुर मात्रामा रहेको छ । यहाँ **दर्शनढुङ्गालाई सुनकेसी रानीको बगैँचा** भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**प्रौढ पुरुषका विभिन्न सौखहरूबाट बञ्चित गराइए तापनि प्रकृतिमाताले शैशवलाई त्यो जादू दिएको छ जसले खेतका झारहरूमा विशाल जञ्जाल देख्तछ, चन्द्रमामा देवता र तकियामा पहाड र जसलाई एक कोइलीको आवाजमा अविदितको आह्वान छ ।** (पृ.ऐ.)

प्रौढ पुरुषहरू केटाकेटी जस्ता विभिन्न सौखहरूबाट बञ्चित गराइएका हुनछन् । तै पनि प्रकृतिमाताले शैशवहरूलाई पनि त्यस्तो किसिमको अनुपम जादू दिइरहेकी छन् जुन जादूले खेतका झारहरूमा ठूला-ठूला बाँध्न र नाँघ्न नसकिने जालहरू देखिएका हुन्छन् । यसले गर्दा उनीहरू चन्द्रमालाई देवताको रूपमा मान्न पुग्दछन् । आफ्नो सुत्ने तकियामा पहाड देख्न पुग्दछन् र त्यसबाट एक कोइलीको आवाजमा विदित नभएको नचिनिएको, नजानिएको अविदितको प्रकारको गरेको पाइन्छ । यहाँ **अविदितको आह्वानलाई** बिम्बात्मक रुपमा अर्थ स्पष्ट पारिएको छ ।

**हे आनन्दी चरा ! जुन पृथ्वीमा हामीहरू टेक्तछौँ, फेरी यस्तो भए झैँ विदित हुन्छ -**

**एउटा स्पाटिनल परीप्रदेश**

**जो तेरो निमित्त उचित निवास छ !**

हे आनन्द रूपी चरा हामीले टेकेको पृथ्वीमा फेरी यस्तो भए झैँ चिनिएको, जानिएको र विदित भए झैँ लाग्दछ । एउटा सपनामय परीहरूको राज्यमा तेरो पनि वासस्थान हुन पुग्दछ । यहाँ **स्पाटिनल परीप्रदेश** शब्दले **अप्सराको देश** भन्ने बिम्बात्मक अर्थ बोकेको छ ।

**उनीहरू कल्पनाको प्रशस्तता देखाउनेलाई या त केटाकेटी या त छटाएको भन्दछन्, उनीहरूलाई इन्द्राणीका रङ्गमा दौलत छैन, न त पहाडको पल्लापट्टि मोहनी छ ।**

उनीहरूको आत्माभित्रै अत्याचार रहेकोले होला कल्पनाको प्रशस्तता देखाउने वा कल्पना प्रचुरमात्रामा गर्ने व्यक्तिलाई उनीहरू कि केटाकेटी जस्तो त कि छटाएको मान्न पुग्दछन्। उनीहरू इन्द्राणीका रङ्गमा पनि दौलत (धन सम्पत्ति) छैन भन्छन् र पहाडमा पाइने मनोरम दृश्यमा कल्पनशील व्यक्तिलाई मोहनी लाग्दछ । तर त्यस्ता व्यक्तिलाई पहाडको पल्लापट्टि पनि मोहनी पाउँन सक्दैनन् । यहाँ **पहाडको पल्लापट्टि मोहनी** शब्दावलीले **कल्पनाको** बिम्बानुभूति प्रकट गरेको छ ।

**उनीहरू जीवनलाई ढुङ्गाजस्तो देख्तछन्, दृश्यहरूको सूक्ष्म सन्देश र प्रकृतिका साना भौम शब्दहरू उनका पकडमा आउँदैनन् । उनीहरू पक्रिने गल्तीनेर छामिने कुराहरूमा व्यस्त हुन्छन् ।** (पृ.ऐ.)

उनीहरू जीवनलाई ढुङ्गाजस्तो निस्सार र खोक्रो रूपमा हेर्दछन् । दृश्यले दिने साना मसिना सन्देश र प्रकृतिका साना भौम शब्दहरूलाई पनि पक्रेर नजिक ल्याउन सक्दैनन् । उनीहरू यसरी राष्ट्रहरू पक्रिदा गल्ती भएको महशुस गरी छामिने कुरामा नै व्यस्त हुन पुग्दछन् । यहाँ **छामिने कुराहरूमा ब्यस्तले बस्तुगत यथार्थको** बिम्ब बोकेको छ ।

**न त उनीहरू ताशको राजारानीको मुलकमा पस्न सक्तछन्, न त उनका अन्धा आँखाहरू त्यो भाग्ने देशकोद्वारफेला पार्दछन्, जहाँ जीवनबाट फुत्केर हामी भगुवा केटाकेटीहरू आराम लिनर लहड गर्न चाहन्छौं ।** (पृ.ऐ.)

उनीहरू ताशको राजारानीको मुलुकमा पसेर पनि आनन्द मान्न सक्दैनन् । कल्पना नभएको हुनाले यस्तो भएको हो । उनीहरूका अन्धा आँखा त्यसको देशको भाग्ने ढोका फेला पार्न असमर्थ हुन्छन् । त्यसैले देवकोटा आफूलाई यी भन्दा बेग्लै जीवनबाट छुट्टै रहेर भगुवा केटाकेटीका साथ आराम गर्न मनोरञ्जन प्राप्त गर्न सक्छौं भन्न पुग्दछन् । **ताशको राजारानीको मुलुकमा पस्न** भन्ने शब्दावलीले **कल्पनाको प्रदेश** भन्ने बिम्बार्थ बोकेको छ ।

**प्रकृतिले 'अदला-बदला'को नियम लिएजस्तो विदित हुन्छ र जहाँ धनीहरू बाह्य झिलिमिलीमा बोधा यन्त्र झैं रमाउन्नन् । गरीबहरूलाई त्यो जादू-जोशिला कल्पना दिएको छ जसले दारिद्रय उपर हँस्सी उडाउँछन् र मनुस्यलाई देवताहरूको विलास नजिक पुऱ्याउँछ ।**

प्रकृतिमाताले पनि समय समयमा परिवर्तन चाहिरहेजस्तो लाग्दछ जहाँ धनी व्यक्तिहरू बाहिरी रूपमा देखिने झिलीमिलीमा पनि बोधायन्त्र (केही कुरा पनि झट्ट गर्न नसक्ने) झैं भएर रमाउँन सकिरहेका हुँदैनन्) गरीबहरूलाई भने ईश्वरले त्यो महान् र मिठो कल्पना दिएको छ जसका माध्यमबाट उनीहरू दरिद्र नै भए पनि रामाउँन पुग्छन् अनि यही दरिद्रमा पनि आनन्द मानि देवताहरूले जस्तै विलासिताको जीवन आफूले पाएको कल्पना गर्न पुग्दछन् । यहाँ **मनुष्यहरूलाई देवताहरूको विलास** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**तर उनले तारिफ गरिएको चीज धनीले मुखमा हाल्दा दुई आँखाबाट वैराग्य र ज्वलनको पानी निक्लन लाग्दछ, कपाल दुखेर आउँछ र जिभ्रोले प्रकृतिवश आफूमाथि चढेको भूतलाई भूँइमा फ्याँकिदिन्छ ।**

आ-आफ्नो कल्पना अनुसार गरीबले स्वर्गीय आनन्द प्राप्त गरेको वस्तु धनीले मुखमा राख्दा उसका दुवै आँखाबाट हीतनाबोध (वैराग्य) र पीडित रहेको ज्वलनको पानी निस्कन थाल्दछ । अनि उसको यस्तो घिन लाग्दो वस्तुमा हात हालेछु भनेर टाउको दुख्न थाल्दछ । यसले गर्दा जिभ्रोले पनि प्रकृतिवश आफूमाथि चढेको भूतलाई पनि भूइँमा फ्याँक्छ वा थुकिदिन पुग्छ । यहाँ **चढेको भूतलाई भुइँमा फ्याकिदिन्छ** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**उही रात ताराहरूका झिलमिलावट मनि बसेर अनन्तसँग कुरा गर्दै कुनै कवि खुला हावामा अनिर्वचनीय अनुभवहरू प्राप्त गरिहेछ र उनी रात एक अँधेरो गल्लीमा एक्लो भलाद्मीलाई चोरले ठुन्क्याइरहेछ ।**

रात एउटै भएपनि कुनै कवि वा कल्पना गर्न सक्ने व्यक्ति त्यस रातमा पनि ताराहरूको झिलिमिलीमुनी बसेर अनन्तसँग कुरा गर्दै खुला हावामा कल्पनै गर्न नसक्ने आनन्दको अनुभव प्राप्त गरिरहेको हुन्छ भने अर्को तिर त्यही रातमा एउटा जाली फटाहा चोरले एक्लै हिँडिरहेको भलाद्मी व्यक्तिलाई मारिरहेको हुन्छ । त्यसैले एकातिर आनन्द प्राप्त हुनु र अर्कोतिर मृत्युमा पुग्नु एकै समयमा भएको हुन्छ । यहाँ **आनन्दसँग कुरा गर्दै भनी ईश्वरीय** बिम्बका रुपमा अर्थ स्पष्ट पारिएको छ ।

**फेरी कविले ‘लक्ष्मीपूजा’ जस्ता नाटक निकाल्छन्, तर कानो काजीले जूवा खेले खालि खालेको कन्तुर बज्दछ र काजीको हात टकटकिन्छ । मनुष्यको जीवन पैसाले बन्दैन, न घरले न जनले, बन्दछ कल्पनाले ।**

त्यसै समयमा कविले लक्ष्मीको पूजा विभिन्न रूपमा कतै हाँसेर त कतै रोएर मनाइन्छ भनि ‘लक्ष्मीपूजा’ नाटक निकाल्छन् । तर त्यहाँ एउटा आँखा देख्ने कानो काजीले जूवा खेल्दा उसले जितेको र हारेको देख्दैन । उसलाई जूवा खेलाउँने खालेले हारेको मात्र भन्दछ र काजीको सबै पैसाले कन्तुर भर्नतिर लाग्दछ । अनि काजीको हात टकटकिन्छ भने खालेको कन्तुर बज्न पुग्दछ । मनुष्यको जीवन पैसा, घर र जन केहीले पनि बन्दैन यो त खाली कल्पनाले मात्र बन्न पुग्दछ । यहाँ **कानो काजीले जुवा खेले** भन्ने शब्दावलीले **अन्धो व्यक्तिको** बिम्बात्मक रुप प्रस्तुत गरेको छ ।

**‘सत्य’ लाई तिनले कहाँ भेटे ? र ‘कलि’लाई कुन बाटोमा फेला पारे ? वसन्त ऋतुको त्यस्तो सुन्दर राज्य कसरी देखे ? ती ऋतहरूसँग उनले कहाँ कुराकानी गरे ? ऐसेलुका दानामा टुना हालिदिन्छन्, कोइलीका गानामा संसार !**

लेखनाथ पौड्यालले सत्य र कलिलाई जहाँ भेटेका भए पनि एकै ठाउँमा ल्याएर सम्वाद गराउन सफल भए । वसन्त ऋतुको त्यस्तो सुन्दर राज्य आफैँभित्र रहेको अन्तरआत्मामा देख्न पुगे । ती ऋतुहरूसँग उनले एकान्तमा रमाएर नै कुराकानी गर्न पुगे । मानिसमा रहेको कल्पना गर्न सक्ने सामर्थ्यले नै लेखनाथले आफ्नो साहित्यिक संसार फराकिलो बनाए । उनमा कल्पनाशक्ति प्रचुर भएकै कारण उनले ऐसेलुका दानामा अनौठो किसिमका जादू भर्न सफल हुन्छन् भने कोइलीको गाना सम्पूर्ण संसार नै गीत बनेको प्रसङ्ग

प्रस्तुत गर्दछन् । यहाँ **ऐसेलुका दानामा टुनालाई गहनाको** बिम्बका रुपमा र **कोइलीका गानामा संसारलाई** पनि बिम्बात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**अहिले मलाई कसैले यस्तो प्रश्न गरोस् सबभन्दा धनी पुरुष नेपालीमा को छ ? म सजिलैसँग उत्तर दिन सक्तछु कि हाम्रा कुवेर 'लेखनाथ पौड्याल जी' हुन् र अर्का बालकृष्णशमशेर । यी दुवै नेपालका साहसी जहाजी हुन्, हाम्रा निमित्त दूरयात्रामा कहाँ कहाँ पुगेर नव नव प्रदेशहरू खोज्दै पत्ता लगाउँदै, प्रकाश गर्दै गर्दछन् र अनेक 'जाना द्वीप' हरूका खबर ल्याइरहेछन् ।**

अहिले यतिबेलाको समय (देवकोटाले यो निबन्ध लेखिरहेको बेला)मा कसैले देवकोटालाई नेपालमा सबैभन्दा धनी व्यक्ति को छ ? भनेर प्रश्न गरेमा उनी कल्पनाशक्तिका धनी दुई व्यक्तिहरू लेखनाथ पौड्याल र बालकृष्ण समलाई देखाउँछु भन्न पुग्दछन् । लेखनाथले नेपाली कविताको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् भने बालकृष्ण समले नाटकका क्षेत्रमा त्यस्तै कसैसँग तुलना गर्न नसक्ने योगदान दिन सफल भएका छन् । यी दुबैलाई देवकोटा नेपालका साहसी जहाजी मान्न पुग्दछन् । हामी नेपालीका निमित्त धेरै टाढाको यात्रामा निस्केर नयाँ र नबीन ठाउहरूको पत्ता लगाई, हाम्रा अगाडि प्रकाश पनि गरेका छन् अनि अनेकौँ 'खजाना' (महत्त्वपूर्ण वस्तुहरू) भएका ठाउँको खबर पनि दिइरहेका छन् । यहाँ **सहासी जहाजी** भनी **कोलम्बसको** बिम्ब र **नयाँ संसारको** बिम्बका रुपमा अर्थ स्पष्ट गरिएको छ ।

**नेपाल यिनले गर्दा चौडा र विस्तृत हुँदो छ, हाम्रा सिमाना बढाइरहेछन्, नयाँ उपनिवेशहरू विजय गरिरहेछन्, र हावाको सुनसानमा यिनीहरू चमत्कारी दृश्य र नाटकहरूका नयाँ नयाँ नेपाली वस्ती र पात्रहरू पैदा गर्दछन् ।**

नेपाल यिनै कल्पनाशील व्यक्तिले गर्दा चौडा र फराकिलो पनि बन्दै गइरहेको छ । हाम्रा सिमानाहरू बढिरहेका छन् । अनि नयाँ नयाँ किसिमका उपनिवेशहरू माथि पनि कल्पनाशक्तिका माध्यमबाट प्राप्त भइरहेको छ । हावाको सुनसानमा पनि यी कवि र नाटककार जीवनका अनौठा र अचम्म लाग्दा दृश्यहरू देख्न पुगी नयाँ किसिमका बस्ती र पात्रहरू आफ्नै कल्पनाशील दुनियाँबाट पैदा गर्न पुग्दछन् । यहाँ **हाम्रा सिमाना बढाइरहेछन्** भनी **बिस्तारको** बिम्ब सुनसानमा यिनीहरू **चमत्कारी दृश्यले नयाँ संसारको** बिम्ब प्रस्तुत गरेको छ ।

**तरङ्गहीन, लहडशून्य, लटमुखा, गद्दु पुरुषहरूभन्दा त गाँजा खाने थर्डक्लास भलादमीहरू धेरै मजाका हुन्छन् । तिनीहरूको सानो कोठरीभित्र एउटा अलिखित साहित्य छ । त्यहाँ बसी बसी तिनीहरू अविदितको यात्रामा चल्दछन् र यस्ता यस्ता चुट्किला रसिला खोज पत्ता लाउँछन् कि साधारण श्रोता चकित भएर उठ्दछन् ।**

तरङ्ग नभएका, लहडमा शून्य, लटमुखा गद्दु सोझा किसिमका पुरुषभन्दा त गाँजा खाएर मस्त भइरहने निम्नस्तरका भलाद्मीहरू धेरै रमाइला हुन्छन् । तिनीहरू भित्र नलेखिएको र लेखिन नसकेको आफ्नो छुट्टै किसिमको साहित्य हुन्छ । त्यही साहित्य भित्र बसेर उनीहरू अलौकिक अनन्त संसारको एउटा यात्रामा पुग्दछन् । उनीहरूको चुट्किला र रसिला खोजले गर्दा साधारण सुन्ने व्यक्ति आश्चर्य चकित हुन पुग्दछन् । यहाँ **अलिखित साहित्यले कल्पनामा रमाउने** भन्ने बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**कुनै हिँड्दा हिँडदा यति हिँडेछ रे कि उसको सब जीउ पैतलादेखि खिइएर खाली टुप्पी लिखुर लिखुर गर्दै घर आइ पुगेछ रे ! अब यस्तो कोठरीमा बसेर संसारयात्रा गरेर यात्रा चमत्कारी कल्पना गर्न सक्ने तपाई र हामीहरू मध्ये कति थोरै होलान् ।**

त्यस्ता गँजडीका कल्पना पनि कति राम्रा हुन्छन् कुनै एउटा व्यक्ति सारै धेरै हिडेछ । यसरी हिड्ने क्रममा उसको पैतालादेखिको सम्पूर्ण शरिर खिएर एउटा टुप्पी (जुन खिइन सक्दैनथ्यो) मात्र बाँकि रहेर लिखुर-लिखुर गर्दै घर पुगेछ । त्यस निम्न स्तरको व्यक्ति भित्र पनि साहित्यिक प्रतिभा कति राम्रो रहेछ । अब यस्तो अँधेरो कोठामा बसेर पनि सम्पूर्ण संसारको यात्रा गर्न सक्ने तपाई र हामी मध्ये कति थोरै छौँ जसले चमत्कारपूर्ण कल्पना गर्न सक्छ । यहाँ **खाली टुप्पी घर आइपुगेछ**ले **अथक यात्रा**को बिम्बात्मक स्वरुप प्रस्तुत गरेको छ ।

**गाँजा खानेले हामीहरूलाई बताइरहेछ कि जीवन रसिलो हुन या रमाइलो हुन धेरै सामग्रीको जरुरत रहने छ । तर शिवबुटीका भक्तहरू तल्लो कक्षाका कृत्रिम साहित्यिक हुन् ।**

गाँजा खाने व्यक्ति (जसलाई हाम्रो समाज निम्नस्तरको मान्छ) ले हामी सज्जन भनाउँदालाई भनिरहेको छ जीवन रसिलो र रमाइलो बनाउन धेरै कुराको आवश्यकता पर्दैन भने गाँजा खाने व्यक्तिहरू कृतिम रूपमा नै भएपनि साहित्यिक भने हुन् । यहाँ **रमाइलो हुन सामग्रीको जरुरत रहने छैन** शब्दावलीले **अनुभूतिको लहडीपनको** बिम्बात्मकता प्रस्तुत गरेको छ ।

**हामी त्यही झुलन तरङ्गी समाज बन्न चाहन्छौँ, त्यस्तै टुप्पी लिखुर यात्री बन्न चाहन्छौँ तर हामी चाहँदैनौँ, 'यो बारीको क्या मिठो गाँजा ।'**

हामी त्यही तरङ्गहरूको माझमा झुल्ने समाज बन्न चाहिरहेका हुन्छौँ । त्यस्तै नशामा र त्यस्तै कल्पनाको क्षणिक आनन्दमा हिँड्दाहिड्दै सम्पूर्ण शरीर सकिएर टुप्पी मात्र बाँकी रहेका यात्री बन्न चाहन्छौँ । तर हामी कुनै पनि बारीमा भएको गाँजाको स्वाद लिई त्यसलाई मिठो भन्न चाहदैँनौँ । यहाँ **झुलन तरङ्गी समाज र टुप्पी लिखुर यात्री** दुवैले बिम्बात्मक अर्थ बोकेका छन् ।

**गँजडीसँग नाता नजोरी कुनै लेखक बन्न सक्दैन, तर हाम्रो गाँजा बारीमा उम्रने चाहिँ होइन, हातले सानो कल्पद्रुममा फल्ने साना-साना झिल्काझिल्की मिलाउने एउटा बुढो छ, जो साहित्यको सिर्जनालाई अत्यावश्यक हुन्छ ।**

गाँजा खाने व्यक्तिसँग नाता नजोडिकन कुनै पनि व्यक्ति लेखक बन्न सक्दैन । तर हाम्रो गाँजा वारीमा उम्रने र हातमा मलिने चाहिने होइन यो त हाम्रो दिमागमा जे चाह्यो त्यही पुग्ने (दिने) कल्पयुगको एउटा बुटी हो जुन साहित्यको सिर्जनामा नभइ हुँदैन । त्यो बुटीका रूपमा हामी कल्पना शक्तिलाई मान्छौँ । यही कल्पनाका माध्यमबाट नै साहित्यको सिर्जना हुन पुग्दछ । यहाँ **सानो कल्पद्रुम** शब्दावलीले **कल्पनाको फल दिने वृक्षको** बिम्बात्मकता प्रदान गरेको छ ।

**कोलोरिजले अफीम चढाएर 'प्राचीन जहाजी' कुब्लखाँ लेखेथे तर मादक पदार्थको उत्तेजना कृत्रिम तवरले कहिले यस्ता सुन्दर काव्यरत्नहरू पैदा गर्न सक्छ । कोलेरिज जस्ताको जादूमगजलाई कुतकुत्याएर ।**

विश्व साहित्यका प्रसिद्ध व्यक्ति कोलेरिजले पनि अफीम चढाएर (खाएर) नै उत्कृष्ट कृति 'प्राचीन जहाजी' र कुब्लखाँ लेख्न पुगेका थिए । तर यिनै मादक पदार्थले उत्तेजनाको फलस्वरूप कृत्रिम रूपमा भएपनि सुन्दर काव्यरत्नहरूको रचना गरेका थिए । कोलेरिज जस्ता जादूको मगज भएका व्यक्तिलाई कुतकुत्याए । त्यसैले हामीले पनि आफूमा भएको कल्पनाशक्तिलाई प्रकटीकृत रूपमा बाहिर ल्याउनुपर्छ भन्ने देवकोटाको स्पष्टोक्ति हो । यहाँ **जादुमगजलाई कुतकुत्याएर** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**तर मद्यमदिराले मगजलाई हानीसिवाय लाभ गर्दैन । हामी नन्दनबारीको बोटको गाँजा मल्न चाहन्छौँ, हामी देवताहरूको अरखबाट मादक उत्तेजना लिन चाहन्छौँ र पृथ्वीको प्रेरणाभन्दा उपरका प्रेरणाबाट पृथ्वी  पोषणको कलामा लाग्न चाहन्छौँ ।**

तर मद्यकिसिमको मदिराले हाम्रो दिमागलाई हानी मात्र गर्छ । केही फाइदा पुऱ्याउन सक्दैन । हामीलाई सत्य भनेको चीज नै झुटो जस्तो लाग्दछ । इन्द्रियबाट देखिने वस्तुहरू काल्पनिक भन्दा पनि तुच्छ र फोस्रा लाग्दछन् । हातले पक्रिन नसक्ने वस्तुलाई नै खँदिलो वस्तुका रूपमा लिन सकिन्छ । परिचितको मोहनी देखिएका वा बनिसकेका वस्तुमा हुन्छ भने नभएका र नदेखिएका वस्तुमा अविदितको जादू रहेको हुन्छ । ईश्वरले बनाएको संसारलाई साधुहरू झूटा भन्दछन् किनभने त्यो वस्तु अविदित नै हुन्छ र केही कुरा कल्पनामा देखिएला जस्तो भएको हुन्छ । जुन चिनिएको र देखिएको वास्तविकतामा पाउन सकिदैँन । आँखाले देख्ने र कानले सुन्ने वस्तु सत्य रहन सक्दैन । तीनकालले बाँधिए पछि सत्यको बोक्रा दुनियाँमा रहन्छ भने त्यसमा रहेको भित्री आत्मा उड्न पुग्दछ । दर्शनलाई विज्ञानको सबैभन्दा जेठो दाजुको रूपमा लिन सकिन्छ र विवेकको बीजगणित पनि हो । हामी दर्शनको दार्शनिकतामा सत्य देख्न सक्तैनौ न सौन्दर्य नै देख्न सक्छौँ । दर्शन भनेको भ्रम हो, कविता सत्य हो । कल्पनामा सत्य भन्ने चीजले सजीवता लिन पुग्छ । त्यो सुन्दरता जहाँ सत्य जस्तो भएर देखापर्छ त्यही नै सत्य रहन पुग्दछ । देखिने देखिएको संसार भन्दा मनको दुनियाँ झन् ठूलो देखिन पुग्छ । यसमा छोइएका र अनुभव गरिएका वस्तुहरू सत्यको झन् नजीक पुगेका हुन्छन् । यहाँ **नन्दनबारीको** शब्दावलीले **स्वर्गीय बगैँचा** भनी बिम्बात्मक स्वरुप प्रस्तुत गरेको छ ।

**मलाई भारत भनेको त्यो माटोको थुप्रो होइन जो हिमालय हो । र उत्तरमा पर्खाल भएर तीन तरफ सागरले बेरिएको छ ।**

देवकोटाले आफूलाई भारत भनेको माटोको थुप्रो जो हिमालय हो र उत्तरमा पर्खाल लगाएर बसेको छ । अनि तीन तर्फबाट सागरले बेरिएको छ । त्यति मात्र नभई ठूलो र विशाल साम्राज्य अनि यसमा ठूला ठूला व्यक्तिहरू तपोभूमि मात्र रहेको अनि करोडौं मानिसले बसोबास गर्ने स्थानलाई नै मानेका छन् । यहाँ **माटोको थुप्रो होइन जो हिमालय** शब्दावलीले **प्राचीन आर्य आदर्शको** बिम्बात्मक स्वरुप प्रस्तुत गरेको छ ।

**हाम्रा प्रकरणका सुन्दर उत्पत्तिका कथाहरू हाम्रा वेद सत्यका स्फूरणहरू पुराण पुरुषहरूका सत्य झल्काहरू ती करोडौं अमर सत्य प्रतिबिम्ब मूर्ति र अनुपम उदगारहरू जो भारतीय संस्कृति र सभ्यता छन् तिनैमा सच्चा भारतको अनुहार म पाउँदछु ।**

हाम्रा पुर्खाहरूले गरेको सुन्दर उत्पत्तिका कथाहरू हाम्रा वेदमा रहेका आफैं स्वत रूपमा स्फूरण भएका सत्यहरू पुराणमा वणित पुरुषहरूले दिएको सानो एउटा झल्का ती करोडौं अमर (कहिल्यै नमर्ने) सत्यलाई जस्ताको तस्तै र प्रतिमा सम्पन्न पुरुषहरू शिल्प र चित्रहरू कुदन सक्ने स्वभाव भएका उच्च कल्पनाशिल व्यक्तिहरू रहेका छन् भारतको सच्चा अनुहार भक्ति र भावनाका मिठा अनुपम उद्गारहरूमा रहेको हुन्छ । जसले भारतीय सभ्यता र संस्कृतिको परिचय बोकेको हुन्छ यसैमा पाउँन सकिन्छ । यहाँ **वेद सत्यका** शब्दावलीले **रुपक** बिम्ब र **पुराण पुरुषहरूका** शब्दावलीले पनि सोही बिम्बकै अर्थ बोकेका छन् ।

**मलाई शकुन्तला काल्पनिक स्त्री छैनन् न मेरा निमित्त युधिष्ठर खाली एक छायाँ हुन् श्री रामचन्द्र सजीवता र सत्यतामै भारतीय जाति आदिले अहिलेसम्म जिइरहेको छ । कृष्णजीलाई ऐतिहासिक पुरुष या पुराना राजा भन्ने अङ्ग्रेजको चातुरीले हामीलाई सिकाउन लागिरहेछ तर कृष्णजीको व्यापकतामा भारत बलिरहेछ ।**

शकुन्तलालाई देवकोटा काल्पनिक पात्र मान्दैनन किनभने भारतवर्षमा यस्ता कैयौ शकुन्तलाहरू छन जो पनि विदेश गएको र निरीह अवस्थामा रहेर पनि उसकै प्रतिक्षा गरिरहदा पनि पति उतै अर्के श्रीमती लिएर बसेको र आफूलाई नचिनेको अभिनय गरेको हुन्छ । त्यस्तै देवकोटाका निमित्त युधिष्ठर पनि एक छाया मात्र नभई महाभारतका सत्यपात्र हुन् । जुन भारतवर्षमा अझै पनि कही र केही ठाउँमा रहेकै पाइन्छन । यो यथार्थभित्र अटाउन सक्ने हुनुपर्छ रामायणका रामचन्द्रको सजीवता र सत्यतालाई पछ्याएर भारतीय जाति अहिलेसम्म बाँच्न सफल भएको छ । आफूले जतिसुकै कष्ट खेप्नुपरेपनि आफू भन्दा ठूला व्यक्तिको आदर गर्नुपर्छ । भन्ने रामचन्द्रबाट सम्पूर्ण भारतवासीले सिकिरहेका छन् । महाभारतका एक विशिष्ट प्रतिभाशाली व्यक्ति कृष्णलाई इतिहासमा मात्र सीमित राखेर ऐतिहासिक पुरुष वा पुराना राजा मात्र माने पुग्छ भनी चलाख अङ्ग्रेजहरूले सिकाउँन लागेपनि कृष्णको सत्य व्यापकत्व र जहाँतही पुग्न सक्ने मा भारत अझैं अगाडि बढिरहेको छ । यहाँ **कृष्णजीको व्यापकतामा भारत बोलिरहेछ** शब्दावलीले बिम्बात्मक अर्थ प्रकट गरेको छ ।

**म सरस्वतीलाई आध्यात्मिक शक्तिको काल्पनिक प्रतिभा भन्ने विश्वासले हिन्दू संसारमा जिउन सक्तिनँ । मेरा निमित्त हंसवहिनी माता त्यतिकै सत्य हुनुहुन्छ । जुन सत्यको चेतले र विश्वासले मैले कुनै दिन उहाँसँग सपनामा कुरा गरेथे ।**

मानिसले उसको कल्पना शक्तिमा यति धेरै विश्वास जोगाएर राखेको हुन्छ ऊ त्यही विश्वासका आधारमा मान्छे बाँच्न सक्छ । सरस्वती मातालाई आध्यात्मिक शक्तिको रूपमा कल्पना गरिएको प्रतिभा भनेर हिन्दू संसारमा जिउन सकिदैन । देवकोटा आप्ना निम्ति हाँस माथि चढेकी (हाँसको वाहन बनाएकी) आमा नै साँच्चै सत्य हुनुहुन्छ । जुन सपनामा कुरा गर्न पुगेको तथ्य स्पष्ट गर्दछन् । यहाँ **उहाँसँग सपनामा कुरा गरेथे** शब्दावलीले बिम्बात्मक अर्थ प्रस्तुत गरेको छ ।

**शायद दुनियाँले सत्यलाई सपनाको श्लोक भनेर नबुझिने हुँदा आश्चर्यको दृष्टिले हेर्ने थियो तर मेरा निमित्त सत्यमा एक विशाल टुना रहन्थ्यो म त्यहाँ अनन्तको अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ तर हाय मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो मेरो चार पंक्तिको दौलत मेरै बेपरवाहीले गुम भयो ।**

दुनियाँमा रहेका व्यक्तिले सत्यलाई सपनाको श्लोक भनेर बुझ्न नसक्दा आश्चर्यको दृष्टिले हेर्ने गरेको पाइन्छ । तर देवकोटा आफ्नो मात्र रहन पुग्थ्यो भन्छन् । उनी त्यहाँ धेरैटाढाको र विभिन्न अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ जुन आफूले मात्र बुझ्ने र अरुले बुझ्न नसक्ने किसिमको हुने थियो । तर मन्त्रभन्दा पनि सानो र अर्थमा पनि अझै अर्थ गर्न सकिने गहिरो रूपमा रहेको सरस्वतीले दिएका चार पंक्तिहरू आफूले सुरक्षित राख्न नसकेको गुनासो व्यक्त गरेका छन् । ती चार पंक्तिहरू आफैले परवाह गर्न वा जोगाएर राख्न नसक्दा त्यत्तिकै  लोप हुन वा विर्सन पुगेकोमा दुःख प्रकट गरेका छन् । तर **हाय मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो** शब्दावलीले बिम्बात्मक अर्थ प्रकट गरेको छ ।

**हामी कल्पनाद्वारा आँखा चिम्ली चिम्ली बाह्य संसारका वस्तु  र तिनका सम्बन्धहरू भेट्टाउन सक्तछौं र तिनमा ठीक आत्मा र आलोचना पुऱ्याएर हामी सत्यको मुटु फेला पार्न सक्तछौं ।**

हामीमा कल्पनाशक्ति धेरै भएकोले र यसको शक्तिले आँखा चिम्लेर पनि बाहिरी रूपमा देखिएका संसारका वस्तु र  तिनीहरूको एक आपसमा रहेको सम्बन्ध भेट्टाउन पनि सक्तछौं । अनि तिनीहरूमा रहेको ठीक रहेको आत्मा र आलोचना गरेर वास्तविक सत्य कुरा र सत्यको मुटु नै फेला पार्न सक्छौं । यहाँ **हामी सत्यको मुटु** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**समय-समयमा ती सपना निक्लन्छन, प्रकृतिले रहस्यको पर्दामाथि के बनाउँछिन्, के बनाउँछिन् ! जीवनको झल्का त्यहाँ पाइन्छ, त्यसको सजीवता अङ्गसंगति, तर त्यो चित्रण सचेत कियाबाट म पाउँन सक्तिनँ । संस्कृत भावनाहरू प्रतिक्षण लहराउने मनमा यिनको किया चमत्कारी हुँदो हो, तर अपशोंच ! हाम्रा निमित्त संसार ज्यादै अत्याचारी छ ।**

समय-समयमा ती देखिएका सपनाहरू बाहिर निस्कन पुग्दछन् । प्रकृतिमाताले रहस्यको पर्दामाथि बनाउने कुरामा नै रहस्यको एक झल्का पाउँन सकिन्छ । त्यसमा रहेको सजीव कुराहरू  र अङ्गमा भएको सङ्गती पनि देखाउँन सकिन्छ । तर यसरी गरिएको चित्रण पनि सचेत कियाबाट देवकोटा आफूले पाउँन असमर्थ रहेको प्रष्ट पार्दछन् । संस्कृतका भावनाहरू हरेक क्षण लहराईरहने मनमा यस्ता कियाहरूमा पनि चमत्कारी हुन्छ होला भन्ने सम्भावना व्यक्त गर्दछन् । तर हाम्रा निमित्त अत्याचारी भएर संसार अगाडि देखिएको छ । यहाँ **जीवनको झल्का** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

### ३.३.२ प्रतीकहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले कल्पना निबन्धमा प्रयोग गरेका प्रतीकहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**वास्तवमा कल्पना आँखा जसतो छे ; त्यसले वस्तुका रङ्गरूपको चित्रण ठीक त्यस्तै किसिमसँग गर्दछे, जस्तो आँखाले गर्दछन् ।** (पृ.१०७)

कल्पनालाई स्त्री रूपमा मानवीकरण गरिएको छ । वास्तविक कल्पनालाई आँखासँग तुलना गरिएको छ । त्यसो हुँदा **कल्पनाले वस्तुका रूप र रङ्गलाई ठीक रूपमा** चित्रण गरेको पाइन्छ भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**जस्तो सर वाल्टर स्कटका मध्ययुगी उपन्यासहरूमा अथवा जयशङ्करप्रसादका ऐतिहासिंक नाटकहरूमा यसको एक स्पर्शले नभएका देशहरू गुल्जार बन्दछन् र सुनसानको रिक्तता आवाद भएर जीवनमा अनेक मधुर ध्वनिहरूले सजीव भएर र गुञ्जित भएर आउँछन् ।** ( पृ.ऐ.)

सर वाल्टर स्कट जस्तो मध्ययुगमा उपन्यास लेख्ने उपन्यासकार जयशंङ्कर प्रसादका (हिन्दी साहित्यका सर्वोच्च साहित्यकार) ऐतिहासिक (इतिहास प्रसिद्ध) विषयवस्तुमा आधारित नाटकहरूमा कल्पनाको एक स्पर्श नभएकोले अन्धकार भय बन्न पुग्दछन् अनि सुनसान केही नभएको ठाउँमा शून्यताको आवाद (उत्पत्ति) भएर पनि कल्पना पाइने हुनाले अनेकौ मीठा-मीठा ध्वनिहरूले सजीवन र गुञ्जायमान भएर आउने गर्दछन् । त्यसैले **कल्पनाले नै शून्यतामा पनि माधुर्यता थप्ने काम गर्दछ** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**तर म मिर्मिरे प्राचीन समयको जीवनलाई चित्रमय जगत् बनाएर आफ्नो नजर सामु गर्न उत्तिकै सक्तछु जति अविदितको पर्दाले ढाकेको जीवनलाई चित्रण, गर्ने सामर्थ्य ममा छ ।** ( पृ.ऐ.)

देवकोटा आफूलाई भर्खर मात्रा उज्यालो हुन लागेको पुरानो समयको परम्परावादी जीवनलाई चित्रै  चित्रले भरिएको मिर्मिरे उज्यालोसँग तुलना गर्न पुग्दछन् । यस्तो प्राचीन जीवनलाई चित्रमय बनाएर आफ्नो नजरको (दृष्टिको) अगाडि प्रस्तुत गर्न सक्ने कुरामा दृढ विश्वास राख्न पुग्दछन् । उनी त्यसैगरी नजानेको नचिनेको र पर्दाद्वारा ढाकिएको तथ्य प्रष्ट पारेका छन् । यहाँ **जीवनलाई चित्रमय जगत् बनाएर** शब्दावलीलाई **अविदितको पर्दाले ढाकेको जीवनसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**न एउटा नन्दनबनकै पहाडी स्वर्गको कल्पना गर्दछ जहाँ कुनै चाँदी चञ्चला निनादिनी उपर वादल बुँदे रसले भिजेर  पारिलो घाममा पाको भएको अमृतफलको हात अटाउ शीतल डल्लो, रङ्गिलो चुरीदार कोमल करले टिपेर, राता छिर्का र कोठीउपर शावकलोचनी पहाडकन्या नजर लगाएर हेरिरहेकी बडो राम्रो लागेर एकै छिन डोका हाल्नुको अगाडि ।**

एउटा अपार स्वर्गीय गाइहरू चर्ने नन्दन वनकै कल्पना पनि गर्न सकिन्छ । जहाँ चाँदीले चञ्चला भएर गडगडाहट गर्दै र(निनादिनी) बादलको थोपा जस्तो रसले भिजेर  भए पनि जाडोको घाम जस्तो मीठो र पारिलो घाममा पाको भएको आयु बढाउने वा अतिउच्च अमृतफल हातमा अटाउने शीतल सानो डल्लोलाई रङ्गिलो चुरीदार नरम हातले टिपेर राता छिर्का र कोठीहरू माथि सुन्दर पहाड कन्याहरू नजर लगाएका वा हेरिरहेका हुन्छन् । अनि त्यसलाई विस्तारै डोकामा हाल्न पुग्छन् । डोकामा हाल्नु भन्दा अगाडि हेरिहेका हुन्छन् । यहाँ **पहाडी स्वर्गको कल्पना** शब्दावलीले **स्वर्गीय बगैंचाको** प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

**उनीहरू जीवनलाई ढुङ्गाजस्तो देख्तछन्, दृश्यहरूको सूक्ष्म सन्देश र प्रकृतिका साना भोम शब्दहरू उका पकडमा आउँदैनन् । उनीहरू पक्रिने गल्तीनेर छामिने कुराहरूमा व्यस्त हुन्छन् ।**

उनीहरू जीवनलाई ढुङ्गाजस्तो निस्सार र खोको रूपमा हेर्दछन् । दृश्यले दिने साना मसिना सन्देश र प्रकृतिका साना भौम शब्दहरूलाई पनि पक्रेर नजिक ल्याउन सक्दैनन् । उनीहरू यसरी राष्ट्रहरू पक्रिदा गल्ती भएको महशुस गरी छामिने कुरामा नै व्यस्त हुन पुग्दछन् । यहाँ **सूक्ष्म सन्देशलाई सानो सूचना दिने** भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**अक्सर गरेर ती धनीहरू ती गरीबभन्दा धेरै गरीब हुन्छन् जो बाहय रङ्गदार सामग्रीहरूका अभाव उपर दिव्य कल्पनाले भुषित झोपडीका हरेक फूलमा स्वर्गका परीहरू नाचेका देख्तछन्, जसलाई जुनमा सपना ओर्लेर आउँछ, जो उदय अस्तका सुनौला दृश्यमा हृदयलाई कुवेरभन्दा धनी बनाएर परमेश्वरको सोझो चैतन्यले गद्‌गदाएर उठ्तछन् ।**

धनीहरू नै ज्यादा जसो गरिब हुन्छन् । उनीहरू बाहय रूपमा धनी देखिए पनि सन्तोष मान्न नसक्दा सधैँ गरीब नै हुन पुग्दछन् । तर गरिबहरू आफ्ना सुन्दर कल्पनाद्वारा झोपडीमा पनि महल देख्दछन् । अनि आफ्नो भोपडीको आसपासमा स्वर्गका अप्सराहरू नाचेको र त्यसैबाट आफूले स्वर्गीय आनन्द प्राप्त गरेको कल्पना गर्न पुग्छन् । यस्ता व्यक्तिका लागि जून पनि सपनामा उसमा सामु ओर्लेर आएको हुन्छ । उनीहरू सूर्य उदाउँदा र अस्ताउँदाका समयमा देखा परेका विभिन्न किसिमका सुनौला दृश्यहरूलाई हृदयमा कैद गरी त्यसैबाट आनन्द प्राप्त गर्न पुग्दछन् । अनि आफ्नो हृदयलाई संसारको सबैभन्दा धनी व्यक्ति कुवेर भन्दापनि धनी बनाएर ईश्वरीय सोझो चैतन्यबाट अत्यधिक खुशी हात पार्न सफल हुन्छन् । यहाँ **हरेक फूलमा स्वर्गका परीहरू नाचेका** शब्दावलीले स्वर्गको फूलबारीमा अप्सराहरू नाँच्छन् भनी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ साथै **धनी मानिसलाई कुवेरसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**कल्पनाको कमीले हुने पुरुषहरू भित्तामा रङ्गरोगन लगाउँन चाहन्छन्, चित्रकारीले सिंगार्दछन् तर कल्पनादार धनी गरीब आफ्नो झुत्रेझात्रे कोरन किरिन लिउन उप्केको बुट्टे भित्तामा सहस्ररजनीभन्दा रमाइला कथाहरू देख्तछ र तिनैद्वारा आलस्यको लहडीपनमा अनेक चित्रकारीहरू पाउँछ ।**

कल्पना गर्न नसक्ने वा कल्पनाहीन व्यक्तिहरू सफा भित्तामा मात्र रंगरोगन लगाउँन चाहन्छन् र त्यहाँ नक्कली रूपमा भए पनि आफ्नो चित्रकारीले सिंगार्न पुग्दछन् । तर कल्पना गर्न सक्ने खुबी भएका र कल्पनादार धनी र गरीब जे सुकै भएपनि उनीहरू झुत्रेझात्रे र सबै सफाचट भई भित्ताको लिउन (गाह्रो टाल्न प्रयोग गरिने वस्तु) पनि उप्केको बुट्टे भित्तामा आफ्नो सम्पूर्ण मेहेनेत र परिश्रमका साथ नयाँ रूप प्रदान गर्न सफल हुन्छन् । उनीहरू आफ्नो कल्पनाका माध्यमबाट ती भित्ताहरूमा सबै प्रकारका सूर्यका किरणभन्दा पनि रमाइला र मिठा कथाहरू देखि त्यसैमा रमाउन थाल्दछन् । अनि तिनीहरूबाट अल्छीलाग्दो रूपमा भए पनि लहडीतवरसँग आफ्नै पारामा अनेकौँ किसिमका चित्रकारीहरू पाउँने गर्दछन् । यहाँ **सहस्ररजनीले** प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

**हामी सूर्य उदायो भन्दछौं तर ज्यापू भन्दछ स्व स्व ! भगवान् कस्टो सुन जस्टो भएर उडायो । गरीब बाहुनचरीहरू श्राद्धको चुकानीलाई तारीफ गरी गरी, कहिले चौरासी व्यञ्जनमा एक व्यञ्जन बनाउँछन्, कहिले भन्दछन् कि स्वर्गका देवताहरू यतिको मीठो चीज खान पाउँदैनन् र यो पृथ्वीको विशेष अधिकार हो !**

सबैमा आ-आफ्नो किसिमको कल्पनाशक्ति रहेको हुन्छ । त्यसैले हामी सूर्यलाई सूर्य उदायो मात्रै भन्छौं । तर त्यही सूर्यलाई ज्याापूले सूर्यसुनको रूपमा उदाएको कल्पना गर्न पुग्दछ । त्यस्तै गरीब बाहुनहरू श्राद्धको दिनमा खान पाएको चुकानीलाई तारिफ गरेर चौरासी व्यञ्जनको कल्पना गरी त्यसलाई एक व्यञ्जन पनि बनाउँन पुग्दछन् । अनि भन्दछन् नमिठो भएपनि यति मीठो त स्वर्गमा भएका देवताले देवतालाई ठूलो र विशिष्ट मान्ने परम्परा) पनि खान पाउँदैनन् होला किनभने यो त पृथ्वीमा बस्ने व्यक्तिले मात्र खान पाउने विशेष अधिकार प्राप्त चीज हो । नमिठोमा पनि सन्तोष लिदा स्वर्गीय आनन्द प्राप्त भएको पुष्टी गरिएको छ । यहाँ **चुकानीलाई स्थानीय भाषिकामा दहीमा आलु मिसाएर बनाएको अचारसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**ढिँडो र महीलाई कुकुल्डुक गाँस लाउँदै गरीब भन्दछ 'अहा ! माइली ! आजको कुरौनी त के भन्नु पऱ्यो खै ? स्वर्गको गाईको दूधबाट बनाएको जस्तो पो छ !**

ढिंडो र महीलाई एकैसाथ घाँटीबाट निल्न अप्ठेरो भए पनि कुकुल्डुक गाँस लाउदा पनि गरीबलाई त्यस खानामा अलौकिक आनन्द प्राप्त भएको छु जुन धनीलाई कहिल्यै पनि प्राप्त हुन सक्दैन । त्यसैले गरीब खाना बनउँने व्यक्तिलाई सम्बोधन गरी भन्दछ अहा माइली तिमीले पकाएको यो कुरौनी (ढिडो) त साँच्चै साह्रै मीठो छ । यो त स्वर्गमा रहेका गाईको दूधबाट पो बने जस्तो लाग्दछ भनी ऊ त्यस कुरौनीबाट आफूले स्वर्गीय रूपमा आनन्द प्राप्त गरेको कुरा कल्पना गर्न पुग्दछ । त्यसैले सुख र दुःख भन्ने कुरा मानिसको कल्पनामा भर पर्ने कुराहरू हुन् । जसबाट मनिस सुखी र दुःखी दुबै हुन पुग्छ । यहाँ **आजको कुरौनी त स्वर्गको गाईको दुधबाट बनाएको वा कामधेनु गाईको** प्रतीकका रुपमा लिएर अर्थ स्पष्ट पारिएको छ ।

**हामी ती परमेश्वरलाई धन्यवाद चढाउँछौं, जसले दरिद्रको हृदयमा खस्रोधस्रो वेस्वादिलो खानाबाट यत्रो कृतज्ञताको उद्गार निकाल्छ र म त्यस वासलाई सधैं सम्झनेछ जहाँ घरपट्टीले मकैको फूल ल्याएर लगाउँदा मैले भनें, 'अहा ! यी सुनका पहेँला मैमा चाँदीका बुट्टा काटेका चीज' स्वर्गका फूलकहाँ फुल्दछन् । भन्दै थिएँ अब थाहा पाएँ - फुल्दा रहेछन् हाँडीमा ।**

हामी त्यस्ता ईश्वरलाई धन्यवाद दिन्छौं जुन ईश्वरले गरीब र दरिद्र व्यक्तिको हृदयमा खस्रो धस्रो र स्वाद नभएको खानामा पनि मिठो र रसिलो भएको अभिव्यक्ति प्रकट गर्न लगायो । म आफू बसेको त्यस ठाउँलाई सधैं सम्झन पुग्दछु जहाँ बासबस्दा त्यस घरकी घरपट्टीले मकै भुटेर मकैका फूल लिएर आउँदा ममा पनि मिठो कल्पना उत्पन्न भयो र मैले भने अहा ! यी सुनका पहेँला भैँमा चाँदीका बुट्टा काटेका चीज स्वर्गका फूल कहाँ फुल्दछन्। भन्दै थिएँ अव थाहा पाएँ -फुल्दा रहेछन् हाँडीमा यति मिठा र स्वादिला सुनको जस्तो पहेँलो रङ्गको भैँमा चाँदीका बुट्टा (मकै भुट्दा उठेका फूल सेतो र पहेँलो रङ्ग मिसिएका हुन्छन्) काटेका चीज पनि हाम्रै पृथ्वीमा फुल्दा रहेछन् । यस्ता फूल स्वर्गमा मात्र हुन्छन् भन्ने कल्पना गरेका कविले माटोले बनेको हाँडी भित्रै फुलेको देख्दा अचम्म पनि

मानेका छन् । यसरी कल्पना गर्ने क्रममा कविले कति मीठो र रसिलो कल्पना पनि गरेका छन्, मकै र हाँडीका बारेमा । यहाँ **सुनका पहेंला भईमा चाँदीका बुट्टा काटेका चीजले पित्ले थालीमा मकैका फूलसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**दर्शन विज्ञानको जेठो दाज्यू हो, र विवेकको बीजगणित हो ; हामी दर्शनका दार्शनिकतामा सत्य देख्तैनौं न सौन्दर्य, दर्शन भ्रम हो, कविता सत्य हो, कल्पनामा सत्यले सजीवता लिन्छ र त्यो सुन्दरता जहाँ सत्य जस्तो देखिन्छ र सत्य जस्तै रहन्छ । दृश्य संसारभन्दा मनको दुनियाँ झन् विशाल छ र यसका स्पर्श र अनुभूतिहरू झन् सत्यका नजीकमा पुऱ्याउँछन् ।**

दर्शनलाई विज्ञानको जेठो दाजूको रूपमा मानिन्छ भने विवेक भनेको बीजगणित मात्र हो । हामी दर्शनको दार्शनिकतामा सत्य र सौन्दर्य दुवै देख्दैनौं अनि दर्शनलाई भ्रमका रूपमा लिन पुग्दछौं । कविता भनेको सत्य हो भन्छौं भने कल्पनाले सत्यमा सजीवता लिन्छ र त्यो सत्य भनेको सुन्दरता जस्तो देखिन्छ । बाहय दृश्य जगत्भन्दा मनको संसार ठूलो देखिन्छ । अनि यसलाई छुँदा र अनुभव गर्दा झन् सत्यका नजीकै पुगेको भान पर्दछ । यहाँ **दर्शनलाई विज्ञानको जेठो दाजू**सँग सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**मलाई भारत भनेको त्यो माटोको थुप्रो होइन जो हिमालय हो र उत्तरमा पर्खाल भएर तीन तरफ सागरले बेरिएको छ ।**

देवकोटाले आफूलाई भारत भनेको माटोको थुप्रो जो हिमालय हो र उत्तरमा पर्खाल लगाएर बसेको छ । अनि तीन तर्फबाट सागरले बेरिएको छ । त्यति मात्र नभई ठूलो र विशाल साम्राज्य अनि यसमा ठूला ठूला व्यक्तिहरू तपोभूमि मात्र रहेको अनि करोडौं मानिसले बसोबास गर्ने स्थानलाई नै मानेका छन् । यहाँ **माटोको थुप्रोलाई हिमालय**सँग र **पर्खाललाई सागरले बेरिएको** मानी प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**म भारत देख्तछु त्यसलाई जो हृदयाकाशमा चित्रित हुन्छ । व्यासको कल्पना, वाल्मीकिको कविता, कालिदासको रचना, ऋषिमुनिहरूका काल्पनिक अन्वेषण र सत्य निर्णयहरूमा सच्चा भारत झल्किरहेछ । मेरो भारत विशाल छ र त्यसका दाँजामा कुनै देश छैनन् ।**

हृदय आकाशमा चिनिएको वा चित्रित भएको वस्तुलाई देवकोटाले भारत देखेका छन् । जुन भारतमा संस्कृतका विद्वान व्यक्ति व्यासको कल्पना शक्ति छ । बाल्मिकि जस्ता रामायणको रचना कवितात्मक रूपमा गर्न सक्ने व्यक्ति छन् । कालिदास जस्तो कालिका भक्त व्यक्तिहरू पनि यसै भूमिमा रहेका छन् । यिनै ऋषि मुनीहरूले काल्पनिक रूपमा गरेको खोज अनुसन्धान र यिनले गर्न सक्ने महत्त्वपूर्ण निर्णयहरूमा नै साँचो रूपमा सच्चा भारत झल्किइ रहेछ देवकोटा भारत (भारतवर्ष हिमवत्खण्डपूरै) ठूलो छ । यसका दाँजामा अरु कुनै देश पुग्न सकेका छैनन् । यहाँ **त्यसका दाजाँमा कुनै देशलाई प्राचीन अमूल्य महत्त्व**सँग सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**समय-समयमा ती सपना निक्लन्छन, प्रकृतिले रहस्यको पर्दामाथि के बनाउँछिन्, के बनाउँछिन् ! जीवनको झल्का त्यहाँ पाइन्छ, त्यसको सजीवता अङ्गसंगति, तर त्यो चित्रण सचेत कियाबाट म पाउँन सक्तिनँ । संस्कृत भावनाहरू प्रतिक्षण लहराउने मनमा यिनको किया चमत्कारी हुँदो हो, तर अपशोंच ! हाम्रा निमित्त संसार ज्यादै अत्याचारी छ ।**

समय-समयमा ती देखिएका सपनाहरू बाहिर निस्कन पुग्दछन् । प्रकृतिमाताले रहस्यको पर्दामाथि बनाउने कुरामा नै रहस्यको एक झल्का पाउँन सकिन्छ । त्यसमा रहेको सजीव कुराहरू र अङ्गमा भएको सङ्गती पनि देखाउँन सकिन्छ । तर यसरी गरिएको चित्रण पनि सचेत क्रियाबाट देवकोटा आफूले पाउँन असमर्थ रहेको प्रष्ट पार्दछन् । संस्कृतका भावनाहरू हरेक क्षण लहराईरहने मनमा यस्ता क्रियाहरूमा पनि चमत्कारी हुन्छ होला भन्ने सम्भावना व्यक्त गर्दछन् । तर हाम्रा निमित्त अत्याचारी भएर संसार अगाडि देखिएको छ । यहाँ **संसारलाई ज्यादै अत्याचारी व्यक्तिसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

### ३.३.३ अलङ्कारहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'कल्पना' निबन्धमा प्रयोग गरेका अलङ्कारहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ -

**परमेश्वरको हुकुम यस्तो भएजस्तो लाग्दछ, जब एक मुठी माटोबाट मानब मूर्तिको रचना गरेर प्रेमसँग उसमा दिव्य वरदानहरू दिने विचार गर्नुभएथ्यो ।**

ईश्वरको इच्छा यस्तो भएकोले होला उसले आदेश दिएजस्तो लाग्दछ । जब एक मुठी माटोबाट मानव मूर्तिहरूको पनि रचना हुने र परमेश्वरले नै उसमा अलौकिक र दिव्य वरदानहरू भर्ने काम गर्दछ । यस्तो विचार केवल ईश्वर भगवान्‌बाट मात्र हुन्छ । ईश्वरले हामीमा कल्पना गर्न सक्ने शक्ति पनि भरिदिए झैं लाग्दछ । यहाँ **एकमुठी माटोबाट मानव मूर्तिको रचना** हुन्छ भनेर रुपक अलङ्कारको प्रयोग गरिएको छ ।

**लघु देखि शिखर सम्म मेशीन भएको सूत्रबद्ध घोकन्ती स्मृति, अक्षरको चिच्याहट लाग्दो नृत्यले तिर्मिराएका आँखा, नियमबाहिर चल्न नसक्ने पखेटा कुँजिएको वैयाकरणी व्यक्तिलाई अम्बा खाँदा अम्बै हुन्छ, जस्तो बर्डस्वर्थले कसैका निमित्त भनेथे उसलाई परगिस नरगिस मात्र थियो र त्यसभन्दा ज्यादा केही थिएन ।**

सानो भन्दा सानो चीजदेखि ठूलाठूला मेशिन भएको हाम्रो दिमागमा पनि सूत्रबद्ध रूपमा घोकिएका स्मृतिहरू ताजा रूपमा रहेका हुन्छन् । अक्षर हेर्दा हेर्दै र अक्षरसँग खेल्दा खेल्दै उराठ लाग्दो नृत्य हेरेर थाकेका वा धमिलो देखिएका आँखाहरू नियम बाहिर गएर केही कुरा पनि अभिव्यक्त गर्न नसक्ने र पखेटा कुजिएका जस्ता भएका व्याकरणकारहरूलाई अम्बा खाँदा अम्बा नै हुन्छ । उनीहरले अन्य कुनै पनि कुराको कल्पना गर्न सकेका हुँदैनन् । त्यसैगरी विश्व साहित्यका महान् साहित्यकार वर्डस्वर्थले कसैका लागि भनेका थिए । यहाँ **पखेटा कुँजिएको वैयाकरणी** शब्दावलीले **अतिशयोक्ति अलङ्कार**को रुपमा अर्थ स्पष्ट पारेको छ ।

**उता कविको कल्पनामा अम्बा अम्बा हुँदैन । तर एक अमृतफल हुन्छ जसमा सिर्जनाको सब माधुर्य भइरहेको छ । कल्पनाको कल्पद्रुममा फल्ने परिपक्व 'फलित फल' को तरङ्गको लहरमा हरेक रसद्रव भावुकको कोमल हृदयलाई भिजाउँदै भिजाउँदै भित्र घुस्छ ।**

कविको कल्पनामा एउटा डल्लो अम्बा पनि अम्बा नभई अमृत फल बन्न पुग्दछ र यसमा प्रचुर मात्रामा सिर्जनाको माधुर्य भइरहेको हुन्छ । कल्पनाको एउटा रूपमा फल्ने सबैको हीत गर्ने फलका रूपमा तरङ्गहरूको लहरमा उर्लिएर रसले भरिपूर्ण भएर भावुकको

हृदयलाई भिजाउँदै भिजाउँदै औत रसाएर नै भित्र पस्न  पुग्दछ । यहाँ **अम्बालाई अम्बा नमानी एक अमृत फलको रुपमा मान्दा अतिशयोक्ति** र **लाटानुप्रास अलङ्कार** हुन पुग्यो ।

**प्रौढ पुरुषका विभिन्न सौखहरूबाट बञ्चित गराइए तापनि प्रकृतिमाताले शैशवलाई त्यो जादू दिएको छ जसले खेतका झारहरूमा विशाल जञ्जाल देख्तछ, चन्द्रमामा देवता र तकियामा पहाड र जसलाई एक कोइलीको आवाजमा अविदितको आह्वान छ ।**

प्रौढ पुरुषहरू केटाकेटी जस्ता विभिन्न सौखहरूबाट बञ्चित गराइएका हुन्छन् । तै पनि प्रकृतिमाताले शैशवहरूलाई पनि त्यस्तो किसिमको अनुपम जादू दिइरहेकी छन् जुन जादूले खेतका झारहरूमा ठूला-ठूला बाँध्न र नाँच्न नसकिने जालहरू देखिएका हुन्छन् । यसले गर्दा उनीहरू चन्द्रमालाई देवताको रूपमा मान्न पुग्दछन् । आफ्नो सुत्ने तकियामा पहाड देख्न पुग्दछन् र त्यसबाट एक कोइलीको आवाजमा विदित नभएको नचिनिएको, नजानिएको अविदितको प्रकारको गरेको पाइन्छ । यहाँ **प्रकृतिमाताले रुपक अलङ्कार चन्द्रमा आफै देवता र चन्द्रमामा देवता** शब्दावलीले अतिशयोक्ति अलङ्कार **पहाडलाई तकियाका रुपमा मान्दा** अतिशयोक्ति अलङ्कार हुन पुग्यो ।

**उनीहरू जीवनलाई ढुङ्गाजस्तो देख्तछन्, दृश्यहरूको सूक्ष्म सन्देश र प्रकृतिका साना भोम शब्दहरू उनका पकडमा आउँदैनन् । उनीहरू पक्रिने गल्तीनेर छामिने कुराहरूमा व्यस्त हुन्छन् ।**

उनीहरू जीवनलाई ढुङ्गाजस्तो निस्सार र खोको रूपमा हेर्दछन् । दृश्यले दिने साना मसिना सन्देश र प्रकृतिका साना भौम शब्दहरूलाई पनि पक्रेर नजिक ल्याउन सक्दैनन् । उनीहरू यसरी राष्ट्रहरू पक्रिदा गल्ती भएको महशुस गरी छामिने कुरामा नै व्यस्त हुन पुग्दछन् । यहाँ **ढुङ्गा जड वस्तु हुने तर जीवनको उपमाका रुपमा** प्रयोग हुदा उपमा अलङ्कार हुन पुग्यो ।

**प्रकृतिले 'अदला-बदला'को नियम लिएजस्तो विदित हुन्छ र जहाँ धनीहरू बाह्य झिलिमिलीमा बोधा यन्त्र झैं रमाउन्नन् । गरीबहरूलाई त्यो जादू-जोशिला कल्पना दिएको छ जसले दारिद्रय उपर हँस्सी उडाउँछन् र मनुष्यलाई देवताहरूको विलास नजीक पुऱ्याउँछ ।**

प्रकृतिमाताले पनि समय समयमा परिवर्तन चाहिरहेजस्तो लाग्दछ जहाँ धनी व्यक्तिहरू बाहिरी रूपमा देखिने झिलीमिलीमा पनि बोधायन्त्र (केही कुरा पनि झट्ट गर्न नसक्ने) झैं भएर रमाउँन सकिरहेका हुँदैनन्) गरीबहरूलाई भने ईश्वरले त्यो महान् र मिठो कल्पना दिएको छ जसका माध्यमबाट उनीहरू दरिद्र नै भए पनि रमाउँन पुग्छन् अनि यही दरिद्रमा पनि आनन्द मानि देवताहरूले जस्तै विलासिताको जीवन आफूले पाएको कल्पना गर्न पुग्दछन् । यहाँ **यन्त्र आफैं बोधा नहुने यन्त्रलाई बोधो रुपमा** प्रस्तुत गर्दा उपमा अलङ्कार हुन पुग्यो र त्यो **जादूजोशिला** शब्दावलीले रुपक अलङ्कारको काम गर्न पुग्यो ।

**हामी सूर्य उदायो भन्दछौँ तर ज्यापू भन्दछ स्व स्व ! भगवान् कस्टो सुन जस्टो भएर उडायो । गरीब बाहुनचरीहरू श्राद्धको चुकानीलाई तारीफ गरी गरी, कहिले चौरासी व्यञ्जनमा एक व्यञ्जन बनाउँछन्, कहिले भन्दछन् कि स्वर्गका देवताहरू यतिको मीठो चीज खान पाउँदैनन् र यो पृथ्वीको विशेष अधिकार हो !**

सबैमा आ-आफ्नो किसिमको कल्पनाशक्ति रहेको हुन्छ । त्यसैले हामी सूर्यलाई सूर्य उदायो मात्रै भन्छौँ । तर त्यही सूर्यलाई ज्यापूले सूर्यसुनको रूपमा उदाएको कल्पना गर्न पुग्दछ । सुनलाई **सूर्यको उपमा दिदा** उपमा अलङ्कार हुन पुग्यो ।

**ढिँडो र महीलाई कुकुल्ढुक गाँस लाउँदै गरीब भन्दछ 'अहा ! माइली ! आजको कुरौनी त के भन्नु पऱ्यो खै ? स्वर्गको गाईको दूधबाट बनाएको जस्तो पो छ ।!**

ढिँडो र महीलाई एकैसाथ घाँटीबाट निल्न अप्ठेरो भए पनि कुकुल्ढुक गाँस लाउदा पनि गरीबलाई त्यस खानामा अलौकिक आनन्द प्राप्त भएको छु जुन धनीलाई कहिल्यै पनि प्राप्त हुन सक्दैन । त्यसैले गरीब खाना बनउँने व्यक्तिलाई सम्बोधन गरी भन्दछ अहा माइली तिमीले पकाएको यो कुरौनी ढिँडो) त साँच्चै साह्रो मीठो छ । यो त स्वर्गमा रहेका गाईको दूधबाट पो बने जस्तो लाग्दछ भनी ऊ त्यस कुरौनीबाट आफूले स्वर्गीय रूपमा आनन्द प्राप्त गरेको कुरा कल्पना गर्न पुग्दछ । त्यसैले सुख र दुःख भन्ने कुरा मानिसको कल्पनामा भर पर्ने कुराहरू हुन् । जसबाट मानिस सुखी र दुःखी दुबै हुन पुग्छ । **आजको कुरौनीलाई मीठो मानी स्वर्गकै गाईको दुधबाट बनेको कुरौनीसँग** तुलना गर्दा अतिशयोक्ति अलङ्कार हुन पुग्यो ।

**हामी ती परमेश्वरलाई धन्यवाद चढाउँछौं, जसले दरिद्रको हृदयमा खस्रोधस्रो वेस्वादिलो खानाबाट यत्रो कृतज्ञताको उद्गार निकाल्छ र म त्यस वासलार्य सधैं सम्झनेछ जहाा घरपट्टीले मकैको फूल ल्याएर लगाउँदा मैले भनैं, 'अहा ! यी सुनका पहैंला मैमा चाँदीका बुट्टा काटेका चीज ' स्वर्गका फूलकहाँ फुल्दछन् । भन्दै थिएँ अव थाहा पाएँ - फुल्दा रहेछन् हाँडीमा ।**

हामी त्यस्ता ईश्वरलाई धन्यवाद दिन्छौँ जुन ईश्वरले गरीब र दरिद्र व्यक्तिको हृदयमा खस्रो धस्रो र स्वाद नभएको खानामा पनि मिठो र रसिलो भएको अभिव्यक्त प्रकट गर्न लगायो । म आफू बसेको त्यस ठाउँलाई सधैं सम्झन पुग्दछु  जहाँ बासबस्दा त्यस घरकी घरपट्टीले मकै भुटेर मकैका फूल लिएर आउँदा ममा पनि मिठो कल्पना उत्पन्न भयो र मैले भने अहा ! यी सुनका पहैंला मैंमा चाँदीका बुट्टा काटेका चीज स्वर्गका फूल कहाँ फुल्दछन् भन्दै थिएँ अव थाहा पाएँ -फुल्दा रहेछन् हाँडीमा यति मिठा र स्वादिला सुनको जस्तो पहैंलो रङ्गको भैंमा चाँदीका बुट्ट (मकै भुट्दा उठेका फूल सेतो र पहैंलो रङ्ग मिसिएका हुन्छन्) काटेका चीज पनि हाम्रै पृथ्वीमा फुल्दा रहेछन् । यस्ता फूल स्वर्गमा मात्र हुन्छन् भन्ने कल्पना गरेका कविले माटोले बनेको हाँडी भित्रै फुलेको देख्दा अचम्म पनि मानेका छन् । यसरी कल्पना गर्ने क्रममा कविले कति मीठो र रसिलो कल्पना पनि गरेका छन्, मकै र हाँडीका बारेमा । **स्वर्गका फूल कहाँ फुल्दछन् पित्ले थालीमा फूल्दारहेछन् वा फुल्दा रहेछन् हाँडीमा** शब्दावलीले अतिशयोक्ति अलङ्कारको काम गरेको छ ।

**कल्पना तीव्र हुनेलाई यही संसार स्वर्गभन्दा रमाइलो छ, शून्य हुनेलाई पशुको घाँस चपाउने अनुभवको भन्दा ज्यादा मिल्न सक्दैन संसारका वस्तुहरू सामाग्री मात्र हुन् र तिनलाई मानवकल्पनाले नसमाउञ्जेल मुर्दा भन्दा मरेका जस्ता हुन्छन् ।**

कल्पनाशक्ति अत्यन्त बढी हुने मानिसकालागि यहीँ संसार नै स्वर्गभन्दा पनि रमणीय हुने गर्दछ भने कल्पना शक्ति शून्य हुने व्यक्तिलाई पशुले घाँस चपाउँदा पाउने अनुभव भन्दा माथि केही पनि मिल्न सकेको हुदैन । संसारका वस्तुहरू भनेका खाली सामग्रीहरू मात्र हुन पुगेका छन् । तिनमा मानिसको कल्पना शक्तिले नसुहाउने हो भने मुर्दा (लाश) भन्दा पनि मरेका जस्ता नै हुन पुग्दछन् । कल्पनाले मात्र त्यसमा विचित्रता भर्ने काम गर्दछ । यहाँ **मरेका जस्ता** शब्दावलीले उपमा अलङ्कारको अर्थ प्रस्तुत गरेका छन् ।

**अहिले मलाई कसैले यस्तो प्रश्न गरोस् सबभन्दा धनी पुरुष नेपालीमा को छ ? म सजिलैसँग उत्तर दिन सक्तछु कि हाम्रा कुवेर 'लेखनाथ जी पौड्याल' हुन् र अर्का बालकृष्णशमशेर । यी दुवै नेपालका साहसी जहाजी हुन्, हाम्रा निमित्त दूरयात्रामा कहाँ कहाँ पुगेर नव नव प्रदेशहरू खोज्दै पत्ता लगाउँदै, प्रकाश गर्दै गर्दछन् र अनेक 'जाना द्वीप' हरूका खबर ल्याइरहेछन् ।**

अहिले यतिबेलाको समय (देवकोटाले यो निबन्ध लेखिरहेको बेला)मा कसैले देवकोटालाई नेपालमा सबैभन्दा धनी व्यक्तिको छ ? भनेर प्रश्न गरेमा उनी कल्पनाशक्तिका धनी दुई व्यक्तिहरू लेखनाथ पौड्याल र बालकृष्ण समलाई देखाउँछु भन्न पुग्दछन् । लेखनाथले नेपाली कविताको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् भने बालकृष्ण समले नाटकका क्षेत्रमा त्यस्तै कसैसँग तुलना र्ग नसक्ने योगदान दिन सफल भएका छन् । यी दुबैलाई देवकोटा नेपालका साहसी जहाजी मान्न पुग्दछन् । हामी नेपालीका निमित्त धेरै टाढाको यात्रामा निस्केर नयाँ र नबीन ठाउरुँको पत्ता लगाई, हाम्रा अगाडि प्रकाश पनि गरेका छन् अनि अनेकौं 'खजाना' (महत्त्वपूर्ण वस्तुहरू) भएका ठाउँको खबर पनि दिइरहेका छन् । **लेखनाथलाई कुवेरभन्दा पनि ठूला हुन्** भन्ने अर्थमा रुपक अलङ्कारको अर्थ प्रयोग गरिएको छ । **सहासी जहाजी** शब्दावलीले अतिशयोक्ति अलङ्कारको काम गरेको छ ।

**कोलोरिजले अफीम चढाएर 'प्राचीन जहाजी' कुब्लयखाँ लेखेथे तर मादक पदार्थको उत्तेजना कृत्रिम तबरले कहिले यस्ता सुन्दर काव्यरत्नहरू पैदा गर्न सक्छ । कोलेरिज जस्ताको जादूमगजलाई कुतकुत्याएर ।**

विश्व साहित्यका प्रसिद्ध व्यक्ति कोलेरिजले पनि अफीम चढाएर (खाएर) नै उत्कृष्ट कृति 'प्राचीन जहाजी' र कुब्लयखाँ लेख्न पुगेका थिए । तर यिनै मादक पदार्थले उत्तेजनाको फलस्वरूप कृत्रिम रूपमा भएपनि सुन्दर **काव्यरत्नहरू**को रचना गरेका थिए । **कोलेरिज जस्ता** जादूको मगज भएका व्यक्तिलाई कुतकुत्याए । त्यसैले हामीले पनि आफूमा भएको कल्पनाशक्तिलाई प्रकटीकृत रूपमा बाहिर ल्याउनुपर्छ भन्ने देवकोटाको स्पष्टोक्ति हो । यहाँ काव्यरत्नहरू शब्दावलीले रुपक अलङ्कार र कोलोरिज जस्ताको शब्दावलीले उपमा अलङ्कारको अर्थ स्पष्ट पारेका छन् ।

**दर्शन विज्ञानको जेठो दाज्यू हो, र विवेकको बीजगणित हो ; हामी दर्शनका दार्शनिकतामा सत्य देख्तैनौं न सौन्दर्य, दर्शन भ्रम हो, कविता सत्य हो, कल्पनामा सत्यले सजीवता लिन्छ र त्यो सुन्दरता जहाँ सत्य जस्तो देखिन्छ र सत्य जस्तै रहन्छ । दृश्य संसारभन्दा मनको दुनियाँ झन् विशाल छ र यसका स्पर्श र अनुभूतिहरू झन् सत्यका नजीकमा पुऱ्याउँछन् ।**

दर्शनलाई विज्ञानको जेठो दाजूको रूपमा मानिन्छ भने विवेक भनेको बीजगणित मात्र हो । हामी दर्शनको दार्शनिकतामा सत्य र सौन्दर्य दुवै देख्दैनौं अनि दर्शनलाई भ्रमका रूपमा लिन पुग्दछौं । कविता भनेको सत्य हो भन्छौं भने कल्पनाले सत्यमा सजीवता लिन्छ र त्यो सत्य भनेको सुन्दरता जस्तो देखिन्छ । बाह्य दृश्य जगत्भन्दा मनको संसार ठूलो देखिन्छ । अनि यसलाई छुँदा र अनुभव गर्दा झन् सत्यका नजीकै पुगेको भान पर्दछ । यहाँ **सत्य जस्तो देखिन्छ** शब्दावलीले र **सत्यजस्तै रहन्छ** शब्दावलीले उपमा अलङ्कारको अर्थ स्पष्ट पारेको छ ।

**म भारत देख्तछु त्यसलाई जो हृदयाकाशमा चित्रित हुन्छ । व्यासको कल्पना, वाल्मीकिको कविता, कालिदासको रचना, ऋषिमुनिहरूका काल्पनिक अन्वेषण र सत्य निर्णयहरूमा सच्चा भारत झल्किरहेछ । मेरो भारत विशाल छ र त्यसका दाँजा कुनै देश छैनन् ।**

हृदय आकाशमा चिनिएको वा चित्रित भएको वस्तुलाई देवकोटाले भारत देखेका छन् । जुन भारतमा संस्कृतका विद्वान व्यक्ति व्यासको कल्पना शक्ति छ । बाल्मिकि जस्ता रामायणको रचना कवितात्मक रूपमा गर्न सक्ने व्यक्ति छन् । कालिदासले जस्तो कालिका भक्त व्यक्तिहरू पनि यसै भुमिमा रहेका छन् । यिनै ऋषि मुनीहरूले काल्पनिक रूपमा गरेको खोज अनुसन्धान र यिनले गर्न सक्ने महत्त्वपूर्ण निर्णयहरूमा नै साँचो रूपमा सच्चा भारत झल्काइ रहेछ । देवकोटा भारत (भारतवर्ष हिमवत्खण्डपूरै) ठूलो छ । यसका दाँजामा अरु कुनै देश पुग्न सकेका छैनन् । **हृदयाकाशमा** शब्दावलीले **हृदयलाई आकाशका रुपमा लिएको हुँदा** रुपक अलङ्कारको अर्थ स्पष्ट पारेको छ ।

**शायद दुनियाँले सत्यलाई सपनाको श्लोक भनेर नबुझिने हुँदा आश्चर्यको दृष्टिले हेर्ने थियो तर मेरा निमित्त सत्यमा एक विशाल टुना रहन्थ्यो म त्यहाँ अनन्तको अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ तर हाय मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो मेरो चार पंक्तिको दौलत मेरै बेपरवाहीले गुम भयो ।**

दुनियाँमा रहेका व्यक्तिले सत्यलाई सपनाको श्लोक भनेर बुझ्न नसक्दा आश्चर्यको दृष्टिले हेर्ने गरेको पाइन्छ । तर देवकोटा आप्ना मात्र रहन पुग्थ्यो भन्छन् । उनी त्यहाँ धेरैटाढाको र विभिन्न अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ जुन आफूले मात्र बुझने र अरुले बुझ्न नसक्ने किसिमको हुने थियो । तर मन्त्रभन्दा पनि सानो र अर्थमा पनि अझै अर्थ गर्न सकिने गहिरो रूपमा रहेको सरस्वतीले दिएका चार पंक्तिहरू आफूले सुरक्षित राख्न नसकेको गुनासो व्यक्त गरेका छन् । ती चार पंक्तिहरू आफैले परवाह गर्न वा जोगाएर राख्न नसक्दा त्यत्तिकै लोप हुन वा विर्सन पुगेकोमा दुःख प्रकट गरेका छन् । यहाँ **अर्थभन्दा गहिरो प्रेम** शब्दावलीले रुपक अलङ्कारको प्रयोग भएको छ ।

**समय-समयमा ती सपना निक्लन्छन, प्रकृतिले रहस्यको पर्दामाथि के बनाउँछिन्, के बनाउँछिन् ! जीवनको झल्का त्यहाँ पाइन्छ, त्यसको सजीवता अङ्गसंगति, तर त्यो चित्रण सचेत कियाबाट म पाउँन सक्तिनँ । संस्कृत भावनाहरू प्रतिक्षण लहराउने मनमा यिनको किया चमत्कारी हुँदो हो, तर अपशोंच ! हाम्रा निमित्त संसार ज्यादै अत्याचारी छ ।**

समय-समयमा ती देखिएका सपनाहरू बाहिर निस्कन पुग्दछन् । प्रकृतिमाताले रहस्यको पर्दामाथि बनाउने कुरामा नै रहस्यको एक झल्का पाउँन सकिन्छ । त्यसमा रहेको सजीव कुराहरू  र अङ्गमा भएको सङ्गती पनि देखाउँन सकिन्छ । तर यसरी गरिएको चित्रण पनि सचेत कियाबाट देवकोटा आफूले पाउँन असमर्थ रहेको प्रष्ट पार्दछन् । संस्कृतका भावनाहरू हरेक क्षण लहराईरहने मनमा यस्ता कियाहरूमा पनि चमत्कारी हुन्छ होला भन्ने सम्भावना व्यक्त गर्दछन् । तर हाम्रा निमित्त अत्याचारी भएर संसार अगाडि देखिएको छ । यहाँ **रहस्यको पर्दामाथि** शब्दावलीले रुपक अलङ्कारको प्रयोग गरेको छ ।

## ३.३.४ भाषाशैली

कल्पना निबन्धमा देवकोटाले प्रयोग गरेको भाषाशैली निम्नानुसार अध्ययन गर्न सकिन्छ :

'कल्पना' निबन्ध नेपाली निबन्धका स्रष्टा अँगालेर लेखेको निबन्ध हो । यस निबन्धमा देवकोटाले आफ्ना कतिपय मानयताहरू प्रयोग भएका पनि कल्पना सम्बन्धी मान्यताको प्रयोग बढी गरेको छन् ।यो 'कल्पना' निबन्ध तेह्र पृष्ठ र बाइस अनुच्छेदमा रहेको छ । कल्पनालाई काव्य वा साहित्यको प्रमुख तत्वका रुपमा लिने गरेको पाइन्छ । कल्पना भनेको मनव मस्तिष्कको विशिष्ट शक्ति हो जसले स्मृतिपटमा नदेखेका, नसुनेका अनौठा अनौठा नयाँ नयाँ कुराको उद्भावा गर्छ र ती कुरा वा वस्तुलाई विमा, प्रतीक र अलङ्कारजस्ता सौन्दर्य तत्व निबन्ध सिर्जना गर्ने काम समेत गरेका छन् । कल्पना शक्ति नभएमा कला र साहित्यको सिर्जना गर्न सकिदैन । त्यसैले कल्पनालाई कला वा काव्यको कारक तत्व मानिन्छ । यस निबन्धको भाषा कवितात्मक छ । यसभित्रका केही वाक्यको पूर्ण विराम झिकिदिदा यो निबन्ध पनि निबन्ध गद्य कविताजस्तो बन्न पुग्दछ । यहाँ पनि निबन्धकार देवकोटामा कवि देवकोटाको प्रभाव प्रशस्त मात्रामा परेको छ । उनको निबन्धको भाषा कविताको जस्तै जुतीमधुर, कर्णप्रिय र कवितात्मक  छ । निबन्धको लेखाइमा देवकोटाले केही ठेट शब्द र झर्रा नेपाली शब्दको प्रयोग पनि गरेका छन् । उनले कुनै शब्दकोशबाट शब्द  नलिई आफैले लेखाइका क्रममा नयाँ शब्दको समेत निर्माण गरेका छन् । उनका निबन्धमा प्रयोग भएका केही शब्द विदेशी भाषाबाट पनि लिएको पाइन्छ । उनको निबन्धको भाषाशैली मिठासपूर्ण छ ।

## ३.४ पण्डित लेखनाथ पौड्यालको विषय

### ३.४.१ बिम्बहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'पण्डित लेखनाथ पौड्यालको विषय' निबन्धमा प्रयोग गरेका बिम्बहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**मलाई एक दुई बाजि त्यहाँ जाने सौभाग्य मिलेको थियो । त्यस ठाउँमा जाँदा मलाई सादापनसँग मिलेको प्राचीनतामा र पवित्रताको वातावरणमा पुगेजस्तो लाग्यो ।** (पृ.१५१)

देवकोटालाई धेरै पटक नभए पनि एक-दुई पटक मात्र त्यस्तो शान्तिको निकेतनमा जाने सौभाग्य मिलेको कुरा प्रष्ट पारेका छन् । त्यहाँ पुग्दा उनलाई असाध्यै साधारण पनसँग साइनो गाँसेको **प्राचीनतामा विश्वास राख्ने,** ठाउँ भए जस्तो लागेको र त्यहाँ प्रशस्त मात्रामा **पवित्रता** रहेको कुरा पनि देखापर्छ भनी बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**मलाई त्यो ठाउँ फेला पार्दा नवीन प्राप्तिको मजा लाग्यो, कुनै मामूली आँखालाई ज्यादा औपन्यासिकता केही देखिँदैनथ्यो ।** (पृ.ऐ.)

देवकोटाले आफूले खोजेको कुरा भेट्टाए पनि नयाँ प्राप्ति हो र नयाँ खोज हो भनेर त्यस कुरामा रमाइलो लागेको अनुभव गरेका छन् । सामान्य मानिसका आँखालाई **ऐतिहासिक वा उपन्यासमा प्रयोग हुन सक्ने ठाउँ** केही जस्तो नलाग्ने पनि व्यक्त गरेका छन् र बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**तब त्यहाँ थियो नेपाली प्रथम प्रतिभाको वासस्थान केही उचा जग्गामा अति पारिलो, मानौं गौंथलीहरू त्यहाँनेर चिरीबिरी गर्न आउँछन् ।** (पृ.ऐ.)

त्यस्तो औपन्यासिक ठाउँमा नेपालका प्रथम प्रतिभा रहने गर्दथे । त्यहाँ केही घाम लाग्ने पारिलो ठाउँ थियो । त्यसै ठाउँमा **गौंथलीका चिरीबिरीले सुनमा अझै सुगन्ध थप्ने** काम पनि गरेको थियो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**मैले यसो यताउति हेरें त्यहाँ अरू विशेष थिएन । केही वृक्षहरू नजिकै थिए तर शायद तिनैका हाँगामा आउने रङ्गीन पखेरुहरूको सन्देश पनि हामीलाई दिव्य आनन्द र उपदेशको मोल भएका चीज थिए ।**

देवकोटाले आफ्नो दृष्टि यताउति दिदा त्यस्तो कुरा केही पनि देखेनन् । केही रुखहरू भएका र तिनै रुखका हाँगामा रङ्गनि चराहरू आउने र ती चराहरूले हामीलाई दिने दिव्य आनन्द र उपदेशको मोल गर्न नसक्ने अनमोल थिए । सायद त्यसैले होला त्यो स्थल अत्यन्त सुन्दर ठाउँ रहेको । यहाँ **दिब्य आनन्द र उपदेशको मोल भएका चीज** शव्दावलीले बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**उनको गालामा एउटा कोठी प्रधान चिह्न थियो । दुब्ला-दुब्ला, अग्ला-अग्ला र पोशाकभन्दा आध्यात्मिक विषयमा ज्यादा ध्यान राख्ने जस्ता प्राचीनका स्पष्टतया पुजारी, धोती र भोटोको साथ पूर्वको भ्यालतिर विछ्याएको लम्पटमा बस्नुभएको देखेँ ।** (पृ.**१५२**)

नेपाली पन प्रचुर मात्रामा भएका कविका गालामा भएको कोठीले विशेष भूमिका खेलेको र कोठी प्रधान चिह्नका रूपमा रहेको थियो । दुब्ला, अग्ला भए पनि पोशाक जे सुकै लगाए पनि विचार ठूलो हुनुपर्छ भन्ने राख्ने व्यक्तित्व थिए । आध्यात्मिकता विचार उनको मनमस्तिष्कमा उदाएको थियो । हुनत मानिस चालिस वर्ष माथि लागेपछि आध्यात्मिक ईश्वरवादी हुन्छ भन्थे । सायद लेखनाथ पनि साठीको हाराहारीमा पुगेको हुँदा त्यस्तो आध्यात्मिकता आएको हुन सक्छ । यिनी प्राचिनताका पुजारी भएर होला धोती र भोटोका साथ देखापर्दथे । यिनलाई आधुनिकतासँग कुनै सरोकार थिएन । यस्ता व्यक्ति **पूर्वको भ्यालतिर विछ्याएको लम्पटमा बसिरहेको** देवकोटाले देखे भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**उहाँमा सादापन थियो, भडक र रवाफभन्दा स्थितिसँगै गरेको घरजम बेस हुन्छ भनेजस्तो त्यहाँको परिस्थितिले जनाउँथ्यो । उहाँ मस्त हुनुहुन्थ्यो । आफ्नै कविताका ध्वनि र बनोटमा** । (पृ.ऐ.)

उहाँमा सादापन थियो । मानिसमा सादापन भए पनि विचार उच्च हुनुपर्छ भन्ने भावना अभिव्यक्त भएको थियो । भडक (आधुनिकता रवाफ अरूलाई आफू ठूलो हुँ भनेर देखाउने) भन्दा पनि आफ्नो स्थिति जस्तो छ त्यसैसँग मिलेमतो गरी अगाडि बढ्ने प्रयत्नमा लागेजस्तो देवकोटालाई लाग्यो । उहाँ यति **मस्त हुनुहुन्थ्यो** कि आफ्ना कविताका **ध्वनि र बनौटमा** अंकलाई जो उहाँका अगाडि पर्छ । कविताकै वखान गर्न थाल्नु हुन्थ्यो । यी कविता यसरी भन्दा **लयदार र मिठास** हुन्छन् भनी यिनीहरूको बनौट यसरी भएको छ भनेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**छोराको साथसाथै लोली मिलाएर हँसिलो मुहारले उहाँ हातको भाउसँग त्यसका श्लोकहरू अनुप्रासको मिठास भएका ध्वनिहरूमा जोड दिँदै उच्चारण गरेरसुनाउनमा सोख लिनुहुन्थ्यो** । (पृ.ऐ.)

उहाँलाई छोरासँग भाका मिलाएर हँसिलो मुहारले हातले पार लगाइ श्लोकहरू बुझाउने चेष्टा गर्नुहुन्थ्यो । श्लोकहरूमा अनुप्रास मिलाइ मिठासपूर्ण रूपमा ध्वनिहरूको उच्चारण गर्ने गर्नु हुन्थ्यो जुन **उहाँको सोख** पनि थियो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**मलाई यस्तो लाग्यो कि प्रतिभाशाली कविहरू आफ्नो सिर्जनामा मस्त त रहेकै हुन्छन् तर आफ्नो आभ्यनतरिक आनन्दलाई स्रोतावर्गमा विस्तार गर्नुमा आनन्द प्रादुर्भाव हुँदोरहेछ । उता अवमासको आनन्द र सिर्जनाको प्रेरणा, यतातिर त्यसैको मधुध्वनिमा सजीव विस्तार ।** (पृ.ऐ.)

लक्ष्मीप्रसाद देवकोटाले आफूलाई लागेको अनुभवहरू व्यक्त गरेका छन् । धेरै प्रतिभा भएका वा प्रतिभाशाली कविहरू आफूले रचना गरेको सिर्जनामा त्यसै मखख पर्दथे । अनि

आफ्नो भित्रैबाट प्रस्फुटित भएको रचनातिर आनन्द मानी सबै व्यक्तिलाई सुनाउँदै हिँड्ने चाहना हुन्छ । त्यसरी सुनाउन पाएकोमा छुट्टै आनन्द आउने कुरा व्यक्त गरेका छन् । उता भित्र भित्रै **आनन्द दिने प्रेरणा पनि यतैतिर मधुरध्वनिमा सजीव भएर विस्तारित भएर व्यापक भएर** रहेका हुन्छन् भनी बिम्बात्मक अर्थ दिने काम गरेका छन् ।

**उहाँले सुन्नुभयो र भन्नुभयो कि राम्रै छ, शायद अझ राम्रो हुन सक्ने थियो र मेरो प्रकृति-वर्णनमा सन्तोष प्रकट गर्नु भयो ।**

लेखनाथले देवकोटाको 'मुनामदन' सबै सुनिसकेर त्यसमा प्रतिक्रिया पनि दिँदै भन्नुभयो राम्रो छ । प्रकृतिको वर्णन गर्दा मुनामदनमा भएका दृश्यहरू जंगल, ल्हासा, खोलानाला, अप्ठेरो बाटो, भीरपहरा आदिको प्रस्तुती जीवन्त हुँदा यस्तो **प्रकृतिवर्णनमा लेखनाथ देवकोटासँग सन्तोष** भएको कुरा प्रष्ट पार्दछन् भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**तर जीवनका विषयमा उहाँको रायमा म त्यतिको राम्ररी आइपुगेको थिइनँ, किनकी ठिटै थिए । परिपक्वता हुँदा मेरा रचनाहरू पनि निक्कै बेस होलान् भन्ने आशा प्रकट गर्नुभयो ।** ( पृ.ऐ.)

तर जीवनसम्बन्धी विषयमा लेखनाथको भन्दा देवकोटाको छुट्टै राय थियो किनभने लेखनाथ साठीको हाराहारीमा पुगेका व्यक्ति हुनाले आध्यात्मिकताको गहिरो चिन्तन उनमा थियो भने देवकोटा ठिटौले बेलाका हुँदा उनमा आधुनिकताको प्रभाव पनि केही परेको थियो । उमेर र लेखाइसँगै मैले सिर्जना गरेका रचनाहरू पनि **परिष्कृत र परिमार्जित भई निकै स्तरीय र उत्कृष्ट** हुन्छन् भनी आशा पनि लेखनाथले देवकोटाका रचना हेरेर गरेका थिए भनी बिम्बात्मकता अर्थ प्रदान गरिएको छ ।

**हामी बीचमा रहने, हिंड्ने देवहरू छाया झैं गुम्न जान्छन् । अपरिचितका गिन्तीमा रहन्छन् । दुनियाँले मोल थाहा पाउँदैन । त्यस बेलासम्म, जबसम्म यस्ता बहुमूल्य व्यक्तिहरू देशका सामुन्ने अपरिचित रहन्छन् ।** (पृ.ऐ.)

हामीहरू बीचमै रहेका कतिपय ठूला व्यक्तिहरू पनि छाया जस्तै देखिन पुग्दछन् र हराउन थाल्दछन् किनभने हामी तिनीहरूलाई **अपरिचितको तहमा राख्न** पुग्दछौं । दुनियाँले त्यसको मोल थाहा पाउन सक्दैन र मोल थाहा पाउने बेलासम्म तिनीहरूको अस्तित्व समाप्त भइसकेको हुन्छ । हामी मौकामा सोचविचार गरेर काम नगरी हतार गर्दछौं अनि समय गइसकेपछि वा **फूर्सदमा अतितका कुरा सम्झेर पछुताउन** पुग्दछौं भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**तिनीहरू दिव्य सन्देश लिएर आएका थिए, तिनीहरूलाई युगले बुझ्दैन, भविष्य मात्र सम्झनामा रुन्छ ।** (पृ.१५३)

ती महापुरुषहरू दिव्य सन्देश राम्रो र असल कुरा लिएका आएका हुन्छन् । तर त्यस असल कुरालाई त्यति बेलाको युगले बुझ्न सक्दैन । वर्तमान चुपचाप लगेर टुलुटुलु हेरिरहन्छ भने भविष्य बितिसकेको समयको सम्झना लिएर **रुन बाध्य** हुन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**हामी कदर गर्न जान्दैनौं र साधारण समझको मोलतोलले आफ्ना समीपवर्ती जुहारलाई अर्धमोली बनाउँछौं ।** (पृ.ऐ.)

हामी उच्च प्रतिभाको कदर गर्न जान्दैनौं । विशिष्ट कुरालाई पनि साधारण कुरा सम्झी त्यसको मोलतोल गर्न पुग्दछौं । यसरी मोलतोल गर्ने क्रममा नजिकै रहेका अमूल्य व्यक्तिहरूलाई (वस्तुहरूलाई) त्यति धेरै मूल्य दिन तयार हुँदैनौं । जसले गर्दा **हाम्रा विशिष्ट प्रतिभाहरू अर्धमोली** हुन पुग्दछन् भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**हामी उन्नतिशीललाई पनि बुझ्दैनौं । उन्नतिलाई पनि ।** (पृ.ऐ.)

हामी प्रगति गर्न अन्तवरत रूपमा अगाडि बढिरहने व्यक्ति-व्यक्तिलाई चिह्न सक्दैनौं । हामीलाई उन्नतिशील कसरी हुन सकिन्छ ? र **उन्नतिशील** भनेको बारेमा थाहा छैन । अनि उन्नति भनेको पनि । त्यसैले हामी यी दुवैलाई बुझ्न सक्दैनौं कुनै कुरामा प्रगति गरी अगाडि बढ्न चाहने हाम्रा खुट्टा यही नबुझेको कारणले तान्ने प्रयत्न हुन्छ । जसले **अगाडि बढ्न असमर्थ** हुन्छौं भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**हामीहरूमा भावुक प्रशंसाको मात्रा नै छैन, चाहना छैन । हामीले सुन्दरको मुहार देखेर वास्ता नराख्नु नै हाम्रो प्रधान लक्षण हो ।** (पृ.ऐ.)

हाम्रो हृदयमा भावहरू उत्पन्न हुने ठाउँ नै छैन जसले गर्दा हामीमा भावुकताको प्रशंसा गर्ने मात्रा नै छैन । कसैले कुनै वस्तु चिनेकै देखेकै छैन भने त्यसको कति मूलय पर्छ भन्ने कुरा त्यसलाई ज्ञान नै हुँदैन । हृदयमा भावुकता भए मात्र अरूको भावुकताको प्रशंसा गर्न सकिन्छ । आफूमा नभएको कुराको प्रशंसा वा अप्रशंसा के गर्ने ज्ञानै हुँदैन । हामी कसैको सुन्दर मुहार देख्दछौं । तर हाम्रा नजरले त्यसलाई राम्रो वा सुन्दर वस्तु देख्दैनन् । हामीलाई हामीले नै देखेको वस्तु सुन्दर छ भनेर पनि अरू कसैले नै भरिदिनु पर्दछ । यसरी **सुन्दरलाई सुन्दर भनेर हाम्रै आँखाले देख्न नसक्नु नै हामीमा भएको** भावुकता नभएर हो । हामी **हीरालाई चिन्न** सक्दैनौं । यो नै हाम्रो प्रधान लक्षण हो । राम्रो र नराम्रो छुट्याउन नसक्ने भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**भारतको मुर्दा समझले स्वरव्यायामलाई रातको हजार रुपियाँ तिर्दछ, जहाँ सिर्जना कल्पना र भावना शून्य छन् ।** (पृ.ऐ.)

भारतीय समाजका गीत नाचलाई नेपालीहरू हजारौं मूल्य तिर्दछन् । तिनीहरूमा तडकभडक बढी हुन्छ । त्यसमा सिर्जना भन्ने कुरा नै हुँदैन । कल्पना भन्ने कुरा पनि त्यस्ता गीतहरूमा पटक्कै हुँदैन । हृदय भए मात्र त्यहाँ भावना हुन्छन् । हृदय नै नभएका ठाउँमा **सिर्जना, कल्पना र भावना पनि शून्य** नै हुन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**आधुनिक उपस्थितिमा हामी सत्य र असत्य छुट्याउन सक्तैनौं र हामीलाई कहाँ युग शुरु हुन्छ र कहाँ अन्त हुन्छ याद हुँदैन ।** (पृ.ऐ.)

आधुनिकताले गर्दा सत्य र असत्य भन्ने कुरा छुट्याउने विवेक हामीले गुमाइसकेका छौं । त्यसले गर्दा हामीलाई **युग कहाँ शुरु हुन्छ र कहाँ अन्त्य हुन्छ** भन्ने कुरा याद नै हुँदैन भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**हामीलाई ईश्वरले दिएका चीजहरू हामी दुरदुर गरेर फ्याँक्ने प्रवृत्ति देखाउँछौं । पारखी आँखा हामीमा हुँदैन, यो साधारणहरूको दैनिक लक्षण हो ।** (पृ.ऐ.)

हामी ईश्वरले हामीलाई दिएका चीजहरूको मूल्य थाहा नपाइ दुरदुर गरेर फ्याक्छौं भने नभएको चीज खोज्ने प्रवृत्ति देखाउछौं । **हाम्रा पारख हेर्ने वा गर्ने पौरखी आँखा** नै हामीमा हुँदैनन् । यो सम्पूर्ण साधारण मानिसको **दैनिक लक्षण** हो । जुन लक्षणले हामी उच्च नभई साधारण नै हुन पुग्दछौं भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**कति कमलाई याद छ कि हाम्रो साहित्य-क्षेत्रमा के युग छ र त्यसलाई बनाउने को हो ? नेपाली भाषालाई अनुहार, श्रृङ्गार दिने पहिलो हात कसको ?** (पृ.ऐ.)

नेपाली साहित्यको युगबारेमा धेरै कमलाई मात्र थाहा छ । त्यस युगलाई बनाउने व्यक्ति को हो भन्ने पनि हामीलाई थाहा हुन सकेको छैन । नेपाली भाषालाई सुसंस्कृत, परिष्कृत परिमार्जित गरी सिंगारिने मौका दिने र सिंगार्न कोशिस गर्ने र आफूले सक्दो रूपमा **सिंगार्ने पहिलो व्यक्ति को हो वा कसका हातले यस्तो काम गरे** भन्ने प्रश्न हाम्रो युगले दिन सकिरहेको छैन भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**नबनेको चीजलाई कसले माधुर्यका रसिला रसिला दानाहरू मिलाएर हामीलाई कविताको पहिलो सच्चा आनन्द दिएको थियो ? जब नेपालीको नाम राख्नु मुश्किल थियो, कसको आत्माले आबरु राखेर हाम्रो भाषा पनि रचनाशील छ भनेर देखायो ?** (पृ.ऐ.)

बन्दै नबनेको र हुँदै नभएको चीजलाई माधुर्यका रसिला भावहरू राखि मिलाएर कविता बनाउने र त्यही कविताबाट सच्चा आनन्द दिने व्यक्तिको नाम समेत हामी थाहा पाउँन सक्दैनौं । नेपालीको नाम राख्न मुस्किल भएको समयमा हाम्रो भाषा रचनाशील छ । यसमा पनि प्रशस्त मात्रामा साहित्यिक विधाहरूको रचना गर्न सकिन्छ भनी उदाहरण सहित देखायो । त्यस्तो व्यक्तिको आत्मालाई पनि हामीले चिन्ह सकेका छैनौं । हाम्रो भाषा कतिसम्म रचनाशील छ भन्ने कुरा पनि देखाउन सकिरहेको छैनौं किनकी हामीसँग क्षमता भए पनि बाहिर प्रस्फुटन हुन सकिरहेको छैन । यहाँ **माधुर्यका रसिला दानालाई रचनाशील** भनेर बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**अब कल्पना र मातृभाषाको श्रद्धाले कति गरेछ त , रोकावटहरूले, कठिनाइहरूले के गर्न सके ? त्यस सपनालाई जो उषाको सुवर्ण रेखा कुँद्दछु भन्दथ्यो (पृ.१५४) ।**

कल्पना र मातृभाषा भनेको कति महत्त्वपूर्ण  हुँदो रहेछ । जति नै कठिन परिस्थितिमा पनि श्रद्धा गर्न मन लाग्ने रहेछ । जतिसुकै अप्ठ्यारा र कठिन परिस्थिति अगाडि आए पनि त्यसले कुनै प्रभाव पार्न सक्दो रहेनछ । उसले आफूले श्रद्धा गरेको मातृभाषामा नै सपना देख्यो । त्यसैमा उषाको सुवर्ण रेखा कुदाउँन खोज्यो र सफल पनि भयो । त्यसैले कुनै पनि कुरा पूर्ण गर्न कल्पना, सपना र श्रद्धा भावको महत्त्वपूर्ण स्थान हुने रहेछ जसले सफलता पनि प्रदान गरी लक्ष्यमा पुग्न मद्दत दिने रहेछ भनी **उषालाई सुवर्ण रेखा कुँद्छु** भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**सुन्ने देख्ने कोही कहाँबाट त्यसरी आयो होला भनेर छक्क परेर एकैछिन टोहलाउँथे । विद्वान्हरू पनि आश्चर्य मान्दथे, केही उसलाई दिइएको थियो, जो अरूको भागमा थिएन । यो के थियो ?** (पृ.ऐ.) ।

यति धेरै कल्पना शक्ति भएको मातृभूमि र मातृभाषाप्रति मोह राख्ने व्यक्ति देखेर कोही छक्क पर्थे भने सुन्ने व्यक्ति एकैछिन भए पनि टोलाउन पुग्थे । स्वार्थै स्वार्थले भरिएको यस समाजमा पनि निस्वार्थ भावले देशको सेवा गर्ने व्यक्ति पाइँदो रहेछ भनी दंग पदर्थे । विद्वान्हरू पनि आश्चर्य मान्दथे किनभने उनीहरूलाई न आफू सबै भन्दा ठूलो छु घमण्ड थियो । विद्वान्ले पनि आश्चर्य मान्ने उसभित्र केही गुण थियो । जुन अरू कसैलाई पनि दिइएको थिएन । **मानिसभित्र रहने त्यस्तो गुण के होला जसले व्यक्तिलाई अरूबाट पृथक राख्ने** गर्दथ्यो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**त्यहाँ अदम्य आत्मा थियो, सुन्दर देख्न चाहन्थयो । कठिनाइहरूले तर्साए पनि जित्दै गयो, उचालिँदै गयो । त्यहाँ अकेला आविष्कार एकध्येगी मोहनी छ** (पृ.ऐ.) ।

त्यस्तो व्यक्ति (वस्तु) भनेको उभित्र रहने आत्मा हो । त्यो आत्मा कहिल्यै पनि नमर्ने अजर अमर छ । उसभित्र अदम्य साहस पनि छ जसले उसलाई हरदम घरघडी सुन्दर देख्न चाहन्थ्यो जतिसुकै कठिनाइ, बाधा अड्चन आए पनि वा ती बाधाहरूले तर्साए पनि आफ्ना पाइलाहरू अगाडि बढाई जित्दै गयो । माथि माथि उचालिँदै पनि गयो । त्यहाँ एक्लै बसेर आविष्कार (रचना गऱ्यो) गऱ्यो । एकगन दिएर ध्यान गऱ्यो जसले उसलाइ मोहनी लगाएको थियो । यसरी तपस्या गरेपछि मात्र उसले सफलता पनि हात पाऱ्यो । **एक्लै ध्यान दिएर गरेको काम सफल हुन्छ भन्ने आत्मविश्वास** उसमा बढ्दै गयो भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**ऊ भात माग्दा लात पाउँला भन्ने कुरा जान्दछ । सत्यको बोधिवृक्ष पनि सुन्दरतालाई समाउन खोज्दा मारले कसरी तर्साउन खोज्छ भन्ने उसलाई याद थियो । तर ऊ डगेना काँपे पनि जित्यो र उत्तम क्षणहरूमा निर्धक्कसँग सौन्दर्य बढाइदियो** (पृ.ऐ.) ।

एक थोक माग्दा अर्को थोक दिने हामी नेपालीको प्रवृत्ति अनुसार उसलाई पनि भात माग्दा लात पाउँछु भन्ने कुराको जानकारी थियो । सत्य सधैं तीतो हुने तथ्य पनि उसलाई राम्ररी थाहा थियो । जुन सत्यतताको प्रतिक बोधिवृक्ष पनि सुन्दर छ भनेर समाउन खोज्दा मार खाएको घटना पनि उसँग छ ताजै छ । तर उसलाई रतिभर पनि डर लागेन र डगेन पनि । उसको भित्री हृदय डरले थोरै काँपे पनि आखिर उसले जितेर छाड्यो र आफूले मौका पाउँदा आफूभित्रका सौन्दर्यका भावधाराहरू निर्धक्कसँग नडराइकन लगाइदियो र उसले जीत सफलता मात्रै हात पाऱ्यो भनी **निर्धक्कसँग सौन्दर्य बढाउनुले** बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**हामी धनी भयौं, यो श्रद्धाको मोहनी हो । सुन्दरको उपासना हो, सत्यको झल्का हो । केही आत्मामा सौन्दर्य नभई दुनियाँ टोलाउँदेन । अरूहरूले पनि सो कोशिश गरे, तर त्यतिको टुना राख्न सकेनन्** (पृ.ऐ.) ।

उसले सौन्दर्यका धारा निर्धक्कसँग बढाइदिएकोले हामी धनी भयो । यस मानेमा हामीमा प्रशस्त साहित्य सिर्जना गर्ने क्षमता भएको व्यक्ति छ भनेर । हामी उसलाई श्रद्धाको मोहनीले हेर्दछौं जुन लागेपछि छुटाउन गाह्रो हुन्छ अनि त्यो व्यक्ति सुन्दरको राम्रो वस्तुको

उपासक हो जसले प्रार्थना (उपासना) गरेर प्राप्त गरेको छ । सत्य पनि उसैभित्र रहेको छ । सत्यको उक झिल्काका रूपमा यसलाई लिन सकिन्छ । कसैको पनि आत्मामा सौन्दर्य भन्ने वस्तु छैन भने ऊ दुनियाँमा एकोहोरो भएर टोलाउन सक्दैन । यसरी टोहलाउन नसक्ने व्यक्तिले नयाँ कुराको पनि सिर्जना गर्न सक्दैन । अरूहरू धेरै पनि नयाा कुरा पा्प्त गर्ने कोशिश गरे तर त्योसफल हुन सकेन र उसले राखे जतिको टुना वा मोहनी पनि लगाउँनै सकेन । **श्रद्धाको मोहनीलाई सुन्दरको उपासना** भनेर बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**उनी बुद्धिमान थिए, चतुर थिए, जो परिस्थिति बुझ्नेछ । त्यसबाट माधुर्यका क्षणहरू निकाल्थे । उनको आत्माले आफूलाई छकाएन** (पृ.ऐ.) ।

ती व्यक्ति धेरै बुद्धिमान् र चतुर थिए । उनले आफ्नो परिस्थिति राम्रोसँग बुझेका हुनाले त्यसबाट मधुर लयका क्षणहरू निस्कन्थे । उनी बुद्धिमान र चतुर भएकै कारण परिस्थिति बुझेर काम गर्न सकेका थिए । आत्माले उनलाई सधैं विश्वास गरिरह्यो । उनले **आत्माको विश्वास मानिरह्यो** भनी बिम्बात्मकता प्रदान गरिएको छ ।

**उनलाई सत्य पियारो थियो । त्यसैले कलमको टुप्पामा ती बुट्टा बसे जो धेरै अनुकरण गर्न व्यर्थको कोशिस गर्दछन्** (पृ.ऐ.) ।

उनी सत्यलाई प्यारो मान्दथे । मानिसले सत्यतामा विश्वास गर्नुपर्ने कुरा व्यक्त गरेका थिए । सत्य तीतो हुन्छ किनभने यो वास्तविक पनि हुन्छ । वास्तविक हुने हुनाले दृढता पनि यसले प्राप्त गरेको छ । कठिन संघर्षका बाबजुद पनि सत्यलाई उनी प्यारो ठान्दथे । त्यसैले गर्दा होला उनको लेखनीका टुप्पामा ती बस्न पुगे बुट्टा जस्ता भएर । जो अरू कुनै व्यक्तिले पनि अनुकरण गर्न सक्दैनन् । अनुकरण गर्ने कोशिस गरेका भए पनि त्यो व्यर्थै हुन पुग्दछ । त्यो व्यक्तिका सत्यतामा आधारित घटना अरूले अनुकरण गर्ने त प्रश्नै उठेन वा गर्न सक्ने नै भएन । यहाँ **पियारो सत्यलाई कलमको टुप्पामा बुट्टा बसे** जस्तो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**मलाई पहिलो चरा मीठो लाग्छ, पहिलो उज्यालो रसिलो लाग्छ । नेतालाई मेरो आत्मा सधैं नमस्कार गर्छ । हामी बुझ्दैनथ्यौं; त्यति माथि पुगेका थिएनौं** (पृ.ऐ.) ।

देवकोटाको विचारमा उनलाई पहिलो पटक देखेको वा सुनेको चराको गाना दुवै मीठो लाग्छ । प्रथम पटक प्रभातमा छरिएको उज्यालो रसिलो रस दिने किसिमको हुन्छ । ठूला-ठूला राजनीतिका भाषण गर्ने व्यक्तिलाई नमस्कार गर्न मन लाग्छ किनभने म आफूलाई ती व्यक्ति ठूलै हुन् जस्तो लाग्दथ्यो किनभने हामीले कुरा बुझ्ने गरी माथि पुग्न पाएकै थिएनौं । हामीले कुरा बुझेकै थिएनौं । **चरा मीठो लाग्नु र उज्यालो रसिलो लाग्नुलाई मधुरताको** बिम्बका रुपमा प्रस्तुत गरिएको छ ।

**हाम्रो प्रभातमा ती तारा पहिला ज्योति बाल्दथे । नवीन नेपालको संसार सुनौलो भएर आयो । तर धेरैजसो मान्छेहरू दिनलाई दिनै भन्दथे, उद्घाटनलाई खाली उज्यालो भएको । उनीहरूले सन्देश पाएनन्** (पृ.ऐ.) ।

हाम्रो बिहानीको पहिलो किरण स्वरूप तीनै ताराहरूले ज्योति बाल्दथे । त्यो ज्योति नयाँ नेपालको लागि सुनको अक्षरले लेखिएको सुनौला संघार भएर आउने गर्दथ्यो । धेरैजसो मान्छेका सतही वा बाहिरी आँखालाई भ्रम परेको हुँदा तिनीहरू दिनलाई दिन नै भन्दथे ।

त्यो भन्दा बढी भन्ने उनीहरूसँग क्षमता पनि थिएका केही कुराको उद्घाटन (भर्खर मात्र शुरु हुन लागेको) लाई उनीहरू (बाली उज्यालो भएको मान्दथे किनभने उनीहरूले सबै कुरा जान्ने र बुझ्ने मौका नै पाएका थिएनन् । धेरै कुरा जाने बुझे पछि अझ धेरै कुरा जान्ने चाहना तीव्र हुँदोरहेछ भने केही नजानेको नबुझेको अवस्थामा आफूसँग भएको ज्ञान नै लाग्ने गर्दछ । यहाँ विहानी पख वा **प्रभातमा ती तारा पहिला ज्योती बाल्दथे** शव्दावलीले बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**हाम्रो व्याकरण गर्भमा थियो, शब्द माटोमा थिए । कलाले अनुहार पाएकी थिइनन् । बाटो अनिश्चित थियो, विद्वान् मूर्खहरू हाँस्तथे** (पृ.१५५) ।

हाम्रो व्याकरणलाई कसैले, पनि बनाउने वा बाहिर ल्याउने काम गरेका थिएनन् तिनीहरू गर्भ भित्रै रहेका थिए । तिनीहरूलाई माटोबाट बाहिर झिकेर ल्याउँने काम भएको थिएन । कुनै पनि नयाँ रचना सिर्जना गर्ने कलाले आफ्नो आकार वा अनुहार पनि पाएकी थिइन । बाटो नै फेला पार्न सकिएको थिएन र अनिश्चित तर्फ रुमल्लिरहेको थियो । विद्वान् भनेर गनिए पनि तिनीहरू वास्तवमा विद्वान् मात्र नभई मूर्ख नै थिए । उनीहरूमा ज्ञानको मात्रा थोरै नै थियो जसले विद्वान् बन्ने अवकाश नै दिएन । आमाको गर्भमा बच्चा मात्र रहने कुरा बुझिएको भए पनि हाम्रो **ब्याकरण गर्भमा थियो** भनेर नामिक बिम्बको प्रयोग गरि अर्थ स्पष्ट पार्ने काम भएको छ ।

**बोक्रेपनलाई साहित्य भन्नुपर्दथ्यो, रस, माधुर्य जन्मेका थिएनन्, बनोट, मिलाप र अन्तर्ध्वनिहरू नसुनेका चिडिया थिए** (पृ.ऐ.) ।

केही पनि नभएको बोक्रा मात्रै रहेको वा बोक्रेपनलाई साहित्य भनेर पुकारा गर्ने प्रचलन थियो । रस र माधुर्य नभएका वा रसमाधुर्य भन्ने कुरा थाहा नै थिएन जुन जन्मेका नै थिएनन् । बनोट वा बनाउने भनेको कुरा, मिल्नुपर्छ वा मिलाप भन्ने कुरा आफ्नो आत्माको पुकार सुन्नुपर्छ भन्ने धारणा नसुनेका चिडिया (चरा) जस्तै भएका थिए । केही कुरा पनि प्रष्टसँग सुन्न देख्न सकिएको थिएन । यहाँ **अन्तर्ध्वनिहरू नसुनेका चिडिया थिए** शब्दावलीले बिम्बात्मक अर्थ प्रदान गरेको छ ।

**संस्कृतसँगका नाता बुझिएका थिएनन् । भाषामा शिष्टता पलाएको थिएन, छनाइ र सौन्दर्यात्मक चेत थिएनन् । उनले बनाए जसलाई श्रद्धा थियो** (पृ.ऐ.) ।

संस्कृतसँग कस्तो किसिमको नाता रहेको थियो वा संस्कृत र नेपाली भाषाको एक अर्कासँग घनिष्ट सम्बन्ध रहेको छ भन्ने बारेमा पनि केही कुरा ज्ञानै थिएन । कसरी शिष्ट रूपमा भाषाको विकास गर्न सकिन्छ भने कुरा पनि थाहा थिएन । मर्यादा र सीमाहरू भन्ने कुरा केही थाहै थिएन । कुनै वस्तु वस्तु नराम्रो छ भनेर राम्रो छान्ने र त्यो देख्दा हुनुपर्छ वा छ कि छैन भनेर चेतना वा ज्ञानको पनि कमी भएको पाइन्छ । जुन व्यक्तिलाई यी सबै कुरा प्रति श्रद्धा वा सम्मान थियो । त्यही व्यक्तिले नै यी सबै चीजलाई बनाउने जमर्को गरे । **भाषामा शिष्टता पलाएको थिएन** शब्दावलीले बिम्बात्मक अर्थ दिने काम भएको छ ।

**आजकल हामी अवहेलना गर्न सिकिरहेका छौं । त्यस्तालाई जो नेपाली शब्दका, मुटुका धड्कन छामी छामी बृद्ध भए, जो 'नेपाली' नामको भाषाका मूर्तिमान् मिठास छन्, जसले प्रथम सिर्जना र प्रथम आह्वान गरेथे** (पृ.ऐ.) ।

आजकल हामी घृणाको दृष्टिले हेर्दछौं जसले नेपाली भाषाको विकास गर्न आफ्नो दिलो ज्यान दियो । नेपाल शब्दसँग खेल्न पुगे । तिनै नेपाली शब्द आफ्नो मुटुको धड्कन छामेर बुढा भएका थिए । आफ्नो सम्पूर्ण उमेर खर्चेर नेपाली भाषाको विकासमा योगदान दिए । त्यस्ता व्यक्तिको हामी हाम्रो समाजमा सम्मान दिने अवस्थामा नभई अवहेलना गर्ने अवस्थामा पुगेका हुन्छौं । जसले नेपाली भाषामा मूर्तिमान् भइकन पनि मीठोपन थप्ने काम गरे । त्यस्ता महापुरुषलाई पनि हामी भूल्ने जमर्को गरिरहेका हुन्छौं । अनि जसको पहिलो सिर्जना र आह्वानबाट मातृभाषा चम्किलो उज्ज्वल भएको छ । त्यस्ता व्यक्तिलाई पनि हामी अवहेलनाको दृष्टिले हेर्ने गर्दछौं । यहाँ भाषाका **मूर्तिमान् मिठास र प्रथम आह्वानलाई सिर्जनाको पहिलो आमन्त्रणका रुपमा** लिइ बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**अवगुण नहुनु ईश्वरत्व हो, तर हामी उनका उत्तम क्षणमा उनी नजिक पुग्ने थोरै देख्तछौं । अरु बाङ्गाटिङ्गा अनौठा देखिन्छन् । प्राकृत रेखा सुन्दरले कुँदेझैं रहन्छ** (पृ.ऐ.) ।

कुनै पनि व्यक्तिका खराब गुण हुनु आज आफ्नो विशेषता हो । अलिकति दुर्गुण नदेखिकन सगुण देख्न सकिँदैन । मानिस भएपछि केही न केही कमजोरी त अवश्य देखापर्दछ । यदि कमजोरी देखा नपर्ने र सबै गुणै गुण भएको देखिएमा त्यो त ईश्वरको एक तत्व मात्र हो । हामी जो कसैका कमी कमजोरी मात्र औंल्याउने कार्य गर्छौं । उसका गुणको नजिक पुगेर त्यसलाई हेर्ने, पढ्ने कार्य हामी गर्न जान्दैनौं । यसरी हामी ती व्यक्तिका उत्तम (राम्रो) क्षणको नजिकमा पुग्न खोज्ने र पुग्ने थोरै व्यक्ति मात्र देख्न पुग्छौं । अरुहरू केही नमिलेका जस्ता बाङ्गाटिङ्गा र अनौठा जस्ता देखिन्छन् । उनीहरूका कुरा नबुझिने र बाङ्गो अर्थ दिने किसिमका हुन्छन् । उनमा प्रकृतिले नै राम्रो सँग कुँदेर बनाए जस्तो देखिन्छ । उनमा भएको प्राकृत रेखा सुन्दरले कुँदेझैं देखिन्छ । कुनै कालिगढीले असाध्यै मेहनेत गरेर कोरेको सुन्दर रेखा झैं प्रकृतिलाई उनलाई बनाएको पाइन्छ र यो सुन्दर पनि हुन्छ । **प्राकृतिक रेखा सुन्दरले कुँदे झै रहन्छ** शब्दावलीले सुन्दरले रेखा कुँदने काम गर्छ भनी बिम्बात्मक अर्थ प्रदान गर्दछ ।

**अरु संस्कृतको विरोध गर्दछन् र नवीनतामा दावा राख्तछन् । तर माधुर्यको स्वाद पारखीकहाँ ज्यादा सुन्दर झल्कन्छ र ठेट नेपाली नराम्रो होइन तर नेपाली कुन शिखरमा सुनौला हुन्छ त्यसको विचार बुझ्नेले राख्तछन्** (पृ.ऐ.) ।

यस संसारमा संस्कृतको विरोध गर्ने पनि धेरै छन् र नयाँ-नयाँ कुराको खोजीमा सम्बन्ध राख्दछन् । संस्कृतको विरोध गरेर मात्र नेपाली भाषा परिपूर्ण हुन सक्दैन किनभने नेपाली भाषाको सम्बन्ध संस्कृतसँग रहेको हुन्छ अर्थात् संस्कृत भाषालाई नेपाली भाषाको जननी भाषा पनि भनिन्छ । त्यसैले संस्कृत भाषालाई अवहेलना नगरी माया गर्न सक्नु पर्दछ । अनि मात्र भाषामा नयाँ नयाँ कुराको खोजी गर्न सकिन्छ । मीठोसँग स्वाद लिन पाउने (देखेर सुनेर, हेरेर, जे सुकै गरेर भए पनि) र पौरख गर्न सक्ने पौरखी व्यक्तिकहाँ असाध्यै सुन्दर र राम्रो लाग्दछ । जो मान्छेले बुझेको छ । त्यो व्यक्तिले मात्र सबै कुरा बुझ्दछ । ठेट नेपाली (वास्तविक झर्रो नेपाली) आफैमा नराम्रो छैन र शिखरमा पुग्न पनि सक्षम छ । त्यो भाषा कसरी शिखरमा पुग्न सफल भयो भन्ने कुराको ज्ञान विचार बुझ्नेले

मात्र जान्न सक्दछ । यहाँ **कुन शिखरमा सुनौला हुन्छन्** शब्दावलीले सौन्दर्यको उच्चाईको बिम्बात्मक स्वरुप प्रष्ट पारेको छ ।

**नवीन पद्धतिहरूलाई हामी नफरत गर्दैनौं तर तौल र ओजन निर्माणकला र लालित्यको सूक्ष्म समझलाई हामी ज्याद प्रशंसा गर्दछौं । उनी कुद्न जान्दछन् । अरुहरू कोशिस गर्दछन् । उनी नेपालीको हृदय नजिकै आउँछन्** (पृ.ऐ.) ।

नयाँ किसिमले आएका नयाँ कुराहरूलाई हामी घृणा गर्दैनौं । तर कुनै पनि कुराको तौल, त्यसमा भएको गह्रुङ्गोपना, त्यो बनाउन मिल्ने निर्माणको काम र त्यसलाई मीठो र रसिलो बनाउँन प्रयोग गरिने लालित्यको मसिनो ज्ञान पनि हामीमा नहुँदा हामी थोरैलाई पनि धेरै प्रंशंसा गर्न पुग्दछौं । उनी कालिगढले कोरे झैं कुद्न जान्दछन् यो पनि आफूमा भर पर्ने र आ-आफ्नो कला हो । अरुहरू कुद्न वा बनाउन नजान्ने हुँदा केवल मात्र कोशिस गर्दछन्, उनको (लेखनाथको) जस्तै बनाउन । यसरी मीठो र सरल रूपमा प्रयोग गर्न सक्ने हुँदा नेपाली हृदयमा लेखनाथका कृति ठाउँ पाउँछन् । जसलाई नेपाली हृदयले सहस्रसाथ स्वीकार गर्दछ । **हृदय नजिकै आउँछन्** शब्दावलीले हृदयको नजिक जाने काम भन्ने बिम्बात्मक अर्थ प्रष्ट पार्दछ ।

**हामी त्यति मिलेको भाषा अझ पाउँदैनौं । उनीभन्दा ठूला कवि भविष्यका गर्भमा होलान् तर उनलाई जित्ने हामीले देखेको छैनौं** (पृ.ऐ.) ।

लेखनाथको जस्तो मिलेको भाष, स्पष्टता र सरलता हामी अरु कुनै पनि साहित्यकारमा पाउँन सक्देनौं । पछि आउने समयमा ठूला-ठूला कवि जन्मेलान् वा भविष्यका गर्भमा ठूला कवि होलान् तर वर्तमानमा उनी भन्दा ठूला र उनलाई जित्न सक्ने शिखरमा पुऱ्याउन मार्ग प्रशस्त खोलेका छन् । नेपाली साहित्यको इतिहासमा उनलाई सर्वश्रेष्ठ पुरुष मानिन्छ । उनले नेपाली साहित्यको श्रीबृद्धिमा महत्त्वपूर्ण र अनौठो रूपमा योगदान दिन सफल भएका छन् । यहाँ ठूला कवि **भविष्यका गर्भमा होलान्** भन्ने शब्दावलीले नामिक बिम्बको अर्थ स्पष्ट पारेको छ ।

**उनीलाई पण्डितेपनाको अभियोग लगाउँछन् । सचेतता अलङ्कारी, आडम्बर, अनुप्रासचातुरी, आधुनिकताको अभाव, संस्कताधिक्य, उपमाजडाउ, माधुर्यको ज्यादा गुलियो, बोलचाली भाषाबाट द्वरता, श्लोकटुक्रे विचार भावको रोकावट, शब्दलालित्यको लोलुपता र अनेक अवगुणहरू उनमा छन् भन्ने आधुनिक सिकारुहरूको भनाइ छ** (पृ.ऐ.) ।

लेखनाथलाई पण्डितेपनाको अभियोग लगाउने पनि प्रशस्त व्यक्तिहरू छन् । उनमा अलंकार सचेतताको कमी छ । जुन ठाउँमा जस्तो प्रकारको अलंकार चाहिने हो त्यो ठाउँमा त्यस्तो अलंकारको प्रयोग नगरि अर्कै अलंकार प्रयोग गर्दछन् । उनका शब्दहरू आडम्बरले पूर्ण वा आडम्बर युक्त पनि रहेका छन् । उनले प्रयोग गर्ने शब्दहरूमा अनुप्रास चाकडी वा अनुप्रासहरू मिलाउने प्रयास गरेको पाइन्छ । उनीमा आधुनिकताको अभाव छ । उनी प्राचीनतालाई नै अँगालि काव्य सिर्जना गर्ने व्यक्ति हुन् । उनमा रहेको परम्परावादी सोचले साहित्यमा पनि सोही रूपमा कार्य गरेको छ । उनी संस्कृत पढेका व्यक्ति हुनाले उनका रचनाहरूमा संस्कतका अधिकांश वाक्यहरू शब्दहरू पर्ने गर्दछन् । उनले आफ्ना प्रत्येक काव्यको रचनामा उपमाहरू जोड्ने काम गरेका हुन्छन् । यस्ता उपमाले प्राकृतिक रूपमा मिठास उत्पन्न गराउने गर्छ । मधुर वा माधुर्य गुण उनका हरेक काव्य कृतिमा पाइन्छ । माधुर्य नभएको काव्य रसिलो र मिठासपूर्ण हुँदैन । तर उनका काव्य कृतिमा चाहिने भन्दा

बढी माधुर्यहरू वा बढी गुलियो छ । उनले रचना गरेका प्रत्येक काव्य कृतिहरमा बोलीचाली भाषा प्रयोग नभइ परिष्कृत र परिमार्जित भाषाको प्रयोग पनि हुन पुगेको छ । त्यसैले उनका काव्यमा प्रयुक्त भाषा बोलीचालीको भाषाबाट धेरै टाढाको जस्तो छ । उनका काव्यमा लोकका टुक्रा टुक्रा जोडिएर एउटा काव्य बन्न पुगेको छ । अनि उनले विभिन्न शब्दहरूको छनौट गर्ने क्रममा आफ्नो हृदयबाट विभिन्न शब्दहरूको छनौट गर्ने क्रममा आफ्नो हृदयबाट उर्लेको भावनाको वाढीलाई केही समय पनि रोक्ने परिष्कृत शब्द चयन गर्ने हुनाले उनमा भावको रोकावट गर्न सक्ने क्षमता पनि प्रशस्त मात्रामा रहेको छ शब्दलालित्यको लोलुप्ता पनि उनका काव्यमा प्रचुर मात्रामा पाउँन सकिन्छ । शब्दमा लालित्य भरेर त्यसलाई लयपूर्ण बनाउने काम उनले आफ्ना रचनामा गरेका छन् । यसले काव्यलाई रसासिक्त र मधुरता अनि मिठास प्रदान गर्ने गर्दछ । उनमा यसता विभिन्न अवगुणहरू पाइन्छन् भनी भर्खर मात्र साहित्य क्षेत्रमा पवेश गरी लेख्दै रेका सिकारुले ( देवकोटाका शैलीमा) लेखनाथलाई भन्ने गरेका छन् । मानिसमा कुनै पनि अवगुण छैनन् र देखिँदैन भने त्यसका गुणको पनि मूल्या पाउँन सकिँदैनन् । त्यसका गुणहरू प्राप्त हुँदैनन् । यहाँ **ज्यादा गुलियो** शब्दावलीले विशेषणगत बिम्बको अर्थ प्रदान गरेको छ ।

**त्यसउपर ज्यादा गहिराइ केही देखिन्न भन्दछन् । पण्डित नेपालमा प्राचीनका उपासना हो भने हामी तारिफ गर्छौं, किनकी उनी आधुनिक लेखकहरू झैं पुर्खाहरूलाई निन्दा गरेर बीसौं शताब्दीका दोषका नक्कलमा लागेका छैनन्** (पृ.ऐ.) ।

यसरी लेखनाथका विभिन्न अवगुणहरू रहेको भनिए पनि त्यसमा केही गहिराइ छैन । सतही रूपमा मात्र त्यस्तो भनिएको पाइन्छ । गहिराइमा बसेर हेर्दा यी सबै शून्य मात्र हुन पुगेको पाइन्छ । पण्डितहरूलाई प्राचीनतका पुजारी र उपासक भने पनि हामी तिनीहरको तारिफ प्रशंसा गर्दछौं । उनीहरूले आफ्नो अस्तित्व पनि बचाउँदै पुराना परम्परा र संस्कृतिको जगेर्ना गर्ने प्रयास पनि गरेका छन् । त्यस्ता प्राचीनका पुजारीहरू प्रशंसनीय अवश्य छन् किनभने उनीहरूले अहिलेका कवि र साहित्यकारहरूले जस्तो आफूभन्दा अघिका पूर्वजको निन्दा गरी बीसौं शताब्दीको दोषको (नराम्रो कुराको) नक्कल गरेर आफू आधुनिक भएको नाटक गरिरहेका छन् । हामी कुनै पनि राम्रो कुराको नक्कल गर्न नसकि नराम्रो कुराको मात्र नक्कल गर्ने प्रयास गर्छौं । राम्रो कुराको नक्कल नै गर्दा पनि फाइदा नै हुन्छ भने नराम्रो कुराको नक्कल गर्दा हानी धेरै हुने गर्दछ । यहाँ **बीसौं शताब्दीका दोषका नक्कलमा** शब्दावलीले विशेषणिक बिम्बको अर्थ स्पष्ट पारेको छ ।

**त्यस शब्दले पुरानो ढङ्ग थाङ्नेपन भनी जाहेर गर्छ भने जसरी कलिदास आजसम्म पुरानो र थाङ्नो भएका छैनन् र नवीन युगी प्रसिद्धिकामुकहरूले उनलाई ती उपाधि लगाउन जसरी योग्य देखिन्न, त्यसैगरी हामी लेखनाथ बुद्धिमानको विवेकमा पुरानो र थाङ्नो भएको कहिल्यै देखिनन् भन्ने आशा राख्तछौं, किनकी उनको भाषा सौन्दर्यको तौलमा चल्छ** (पृ.१५६) ।

कुनै पनि शब्द प्राचीन कालमा चल्दै आएको छ भने त्यो शब्द पुरानो र थाङ्ने भनिन्छ । तर यस्तो हुन सक्दैन । प्राचीन कालका संस्कृतका महाकवि भनेर चिनिने कालिदास आज आधुनिक युगमा आएर पनि पुरानो र थाङ्ने भएका छैनन् । त्यसैगरी शब्द पनि परम्पराबाट चल्दै आएका भए पनि थाङ्ने भन्न मिल्दैन । नयाँ युगमा देखा परेका प्रसिद्धि पाउने चेष्टा गरेका प्रसिद्धि कामुकहरूले पनि लेखनाथलाई पुरानो र थाङ्ने उपाधि लगाउन योग्य मान्न सकिँदैन । हाम्रा लेखनाथमा भएको बुद्धिमान विवेक कहिल्यै पनि थाङ्ने र पुरानो भएको छैन किनभने उनले प्रयोग गर्ने भाषा सौन्दर्यको (सुन्दरताको) वजन वा

तौलमा चल्ने गर्दछ । यहाँ **सौन्दर्यको तौलमा** शब्दावलीले बिम्बात्मक अर्थ प्रस्तुत गरेको छ ।

**उनको ढङ्गमा सरसता कुनै युगलाई हराउन सक्तैन् । सचेत कारीगरीको अभियोगलाई हामी बिलकुलै शून्य छ भन्न सक्तैनौं, तर त्यहाँ कारीगरी छैन, कला छ** (पृ.ऐ.) ।

उनले रचना गर्ने प्रत्येक काव्य कृतिमा रहेको सरसताले कुनै पनि युगलाई हराउन सक्दैन । सचेत रूपमा जानेर बुझेर गरिएको कुँदिएको कारीगरीले लगाएको अभियोगलाई हामी केही छैन शून्य हो भनेर मान्न पनि सक्दैनौं । किनभने त्यहाँ कुँद्ने कला मात्र हुन्छ । अथवा कारीगरी नभइ कला मात्र हुने गर्छ । यहाँ **कुनै युगलाई हराउन सक्दैन** शब्दावलीले विजय र पराजयको बिम्बात्मक अर्थ बोकेको छ ।

**उपमाहरू जड्नु दोष होइन यदि तिनीहरू मधुर र प्राकृत हुन् खाली आख्य कल्पनाको संकेत मात्र तिनमा पाइन्छ । मधुरलाई ज्यादा गुलियो भनेर तीतोपनाको भक्त हुन सकिन्न र ज्यादा गुलियोपन उनमा म देख्तिनँ** (पृ.ऐ.) ।

मधुर (मिठासपूर्ण) र प्राकृतिक हुन पुग्दछन् भने उपमाहरू (यो जस्तो त्यो अथवा अनुहारको उपमा चन्द्रमासँग जोड्नु) जड्नु दोष नभई काव्यलाई कलात्मकता प्रदान गर्ने मात्र हुन्छन् । खाली महान् र ठूला ठूला कल्पना गर्न सक्ने सङ्केत मात्र त्यस्ता उपमाहरूमा पाउँन सकिन्छ । मिठासपूर्ण र मधुरलाई ज्यादै गुलियो र बढी मीठो भनेर पनि तीतोपनाको भक्त हुन सकिँदेन । सिकारुहरूले लेखनाथमा ज्यादा गुलियो पन छ भने पनि म उनमा त्यति धेरै गुलियो पनि देख्दिन भनी देवकोटा आफ्नो भाव वा विचार व्यक्त गर्न पुग्दछन् । यहाँ **ज्यादा गुलियोपनले** विशेषणिक बिम्बको अर्थ बोकेको छ ।

**कविता बोलचालको भाषामा हुनुपर्छ भन्ने कुरामा विवाद छँदैछ । हामी ग्रामीण र पहाडी बोलीबाट माधुर्य निकाल्ने कोशिशलाई प्रशंसा गर्दछौं, तर त्यही मात्र आखिरी फैसला राख्तैनौं** (पृ.ऐ.) ।

कविता लेख्दा कविहरूले बोलचालको भाषामा लेखिनुपर्छ भनेका भए पनि कुरा विवादित नै रहेको छ । हामी गाउँले र पहाडी ठेट नेपाली भाषामा अलिकति परिष्कृत र परिमार्जित गरी माधुर्य निकाल्ने कोशिस गर्दछौं तर यो पनि पूर्ण रूपमा मान्न सकिने र आखिरी अन्तिम फैसला भने हुन सक्दैन । समय र परिवेश अनुकूल परिष्कृत र परिमार्जित हुँदै जानुपर्ने हुन्छ । यहाँ **आखिरी फैसला** शब्दावलीले **निर्णय** बिम्बको अर्थ स्पष्ट गरेको छ ।

**राय विभिन्न हुन सक्छ । युगहरू बेग्लै फैसला गर्न सक्तछन्** (पृ.१५७) ।

विभिन्न समयमा विभिन्न विद्वान्हरूले दिने विचारमा भिन्नता हुन्छ । अनि समयक्रमसँगै युगहरूको फैसला पनि परिवर्तिन हुँदै जाने गर्दछ । यहाँ **बेग्लै फैसला** शब्दावलीले न्यायधीस जस्तो नामिक बिम्बको अर्थ स्पष्ट पारेको छ ।

**हामी सम्झेर रुन खोज्छौं, त्यस्तै हाम्रा प्रथम कविजीमा अवगुणहरू छन् तर उनी हाम्रो लागि महान् छन्** (पृ.ऐ.) ।

हामीलाई सम्झेर रुन मन लाग्छ । हाम्रा प्रथम कविजीमा जेजस्ता अवगुणहरू भएका भए पनि उनी नेपाली साहित्यमा र हामी नेपाली **साहित्यप्रेमीका लागि महान्** बनेर रहेका छन् भनी बिम्बात्मक अर्थ प्रदान गरेका छन् ।

**साफ शुद्ध सच्चा नेपालीमा दावा राख्न खोज्दछन्, यद्यपि ठाउँठाउँमा समहरूको कमी देखिन्छ** (पृ.ऐ.) ।

सफा, शुद्ध र सरल रूपमा लेख्न खोज्नेहरू सच्चा नेपाली हृदयमा ठाउँ बनाउन पुग्दछन् । तर यसको पनि ठाउँठाउँमा चेतनाको कमी भएको छ । जब हामी भित्र चेतना हुँदैन तब कुनै पनि कुरा बुझ्न सकिँदैन । हामीममा **ज्ञानको भण्डारको कमी** भएकोले नै धेरै कुरा बुझ्न असमर्थ हुन्छौं भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**तर युग बदलिए पनि, शैली भिन्नै भए पनि, त्यो नेपालीको माधुर्य हामी बिर्सन सक्तैनां जो महाकवि लेखनाथमा देखिन्छ र उनका चमत्कारहरूमा प्राकृत भएर निस्कन्छ** (पृ.ऐ.) ।

गहिराइको विषयमा, गाह्रो हुनु गहिराई भनिन् । कठिन तुल्याएर नबुझिने हुनुमा कला सम्बन्धी सकिन्न अनि यसको महत्त्व पनि छैन । पछि बुझ्ने र कदर गर्ने व्यक्ति जन्मलान् । तर लेखनाथलाई बुझिरहनु पर्ने जरुरत छैन । उनी राम्रो र सहज तवरसँग हृदयतिर झल्किन  पुग्दछन् । प्राचीनका पुजारी र संस्कृत जाने विद्वान भइकन पनि लेखनाथ सबैले बुझिने भाषामा आफ्नो काव्यको रचना गर्न पुग्दछन् । यहि कुरा नाटकको क्षेत्रमा महत्त्वपूर्ण व्यक्ति बालकृष्ण सममा पाउन गाह्रो छ किनभने समका नाटकहरू बुझ्न कठिन खालका र अर्थ लगाउन गाह्रो हुने किसिमका छन् । कविताको क्षेत्रमा लेखनाथलाई अहिले अद्वितीय प्रतिमा माने जस्तै बालकृष्ण समलाई त्यस्तै अद्वितीय नाटककार मान्ने गरिन्छ । समय र शैली **बदलिए पनि नेपाली माधुर्यको गुण** पाउँछौ भनी बिम्बात्मक अर्थ प्रस्तुत गरिएको छ ।

**गहिराइको विषयमा गाह्रो हुनु गहिराइ भनिन्न । कठिन तुल्याउनु कला सम्झिन; नबुझिनुमा महत्त्व छैन** (पृ.ऐ.) ।

कुनै पनि विषयमा सतहमा बसेर अध्ययन गर्दा त्यसका बारेमा राम्रोसँग कमी कमजोरी बुझ्न सकिँदैन वा सतही रूपमा गरेको अध्ययन पूर्ण पनि हुन सक्दैन । विषयवस्तु पढदै जाँदा जति भित्री तहसम्म पुगेर त्यसको गुँदी वा चूरो पत्ता लगाएर पढ्ने गर्दछौं । त्यसपछि मात्र हामीले वास्तविक तथ्यपूर्ण ज्ञान प्राप्त गर्न सक्दछौं । जति बुझ्दै र पढ्दै गहिराइमा पुग्ने कोशिस गर्दछौं । त्यति नै विषयवस्तुमा ज्ञान प्राप्त गर्दछौं । गहिराइमा पुगेर नै ज्ञान प्राप्त गर्न खोज्नु कठिन हो तापनि यसबाट प्राप्त आनन्द भने अलौकिक नै हुने गर्दछ । कुनै काव्य कृतिमा गाह्रा र अप्ठेरा शब्दहरू राखि रचना गरिन्छ भने त्यो वयाथर्ग हुन पुग्दछ । त्यसलाई कला मान्न  सकिँदैन । कला त सरल र सहज रूपमा सबैका अगाडि प्रस्तुत हुनुपर्दछ । कठिन शब्दको प्रयोग गरी नबुझिने बनाउनु कुनै पनि सिर्जनाको लक्षण होइन । यदि कसैले रचना गरेको सिर्जना पाठकले बुझ्नै सक्दैनन् । त्सको अर्थ प्रतिपादन नै

हुन सक्दैन भने त्यसको कुनै महत्त्व रहँदैन । जब **कुनै कुरा बुझ्न सकिन्छ भने मात्र महत्त्व** रहन्छ भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**पछि बुझ्लान्, कदर गर्लान् कसैकसैले ! तर लेखनाथलाई बुझिरहनु पर्ने जरुरत छैन । उनी सजिलैसँग हृदयतिर झल्किहाल्छन्** (पृ.ऐ.) ।

पछि-पछि आएर हृदय भएका व्यक्तिहरूले उनका रचनाहरू बुझ्लान् र कदर पनि गर्लान् । तर लेखनाथलाई हृदय भएका व्यक्तिले मात्र बुझ्नु पर्ने जरुरत छैन । उनी सजिलैसँग सबैका हृदयमा पस्न र बस्न सफल हुन्छन् । उनका **रचनामा भएको सरल र मिठासले नै** यस्तो सम्भव भएको हो भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

**उनी संस्कृताढ्य भईकन ज्यादा सरल छन्, त्यही कुरा बालकृष्ण शमशेरको विषयमा भन्न गाह्रो हुन्छ** (पृ.ऐ.) ।

लेखनाथ संस्कृत पारखी कवि भएपनि उनी काव्य कृतिको रचना सरल रूपमा गर्न पुग्दछन् जसले उनी प्रत्येक पाठककोहृदयमा बस्न पुग्दछन् । यो कुरा नाटककार बालकृष्ण सममा पाउन कठिन छ । उनले नाटकको रचना गर्दा कतिपय ठाउँमा क्लिष्ट भाषा, अर्थ नबुझिने र अर्थ नलाग्ने शब्दको प्रयोग गरेको पाइन्छ । त्यसैले उनले आधुनिक नाटककार भएर पनि लेखनाथ झैं सबैका हृदयमा बस्न असफल छन् कारण सरल नभइ जटिल शब्दको प्रयोगले नै हो । कविताको क्षेत्रमा लेखनाथलाई अहिले अद्वितीय मान्दछौं । **नाटकको क्षेत्रमा हामी बालकृष्ण शमशेरलाई त्यस्तै नेता र आधुनिक शिखर** सम्झन्छौं भनी बिम्बात्मक अर्थ प्रदान गरिएको छ ।

### ३.४.२ प्रतीकहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्धमा प्रयोग भएका प्रतीकहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**यहाँबाट पनि नीला पहाडहरू टाढा थिएनन्, तिनकै छायामुनि बसेर मानव आत्मालाई सुन्दरताका भावहरू खँदिलो पार्ने सम्भावना थियो ।** (पृ.ऐ.)

यस उच्च ठाउँबाट नीला पहाडहरू धेरै टाढा नरहेको प्रकृतिको सुन्दर शान्त ठाउँ थियो । यसकै (यिनै पहाडका) छायामनि बसेर रचना गरिएका भावहरू सुन्दर र खँदिला हुने सम्भावना बढी हुन्छ । त्यहाँ **मानव आत्माहरू जहाँ भावहरू पैदा हुन्छन् राम्रो बनाउने प्रयास गरिरहेका हुन्छन्** भनी प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**दाढीवाल साठीनेरको हँसमुख रसिलो फरासिलो देख्तैमा ब्राह्मणको चन्दनप्रिय मूर्तिले मलाई बाँकेघरको पूर्वपट्टिको सानो-सानो नेपाली ढङ्गको कोठीबाट स्वागत गऱ्यो ।** ( पृ.ऐ.)

साठीवर्ष पुग्न लागेको, लामा-लामा दादी भएको सधैं हाँसिरहने रसयुक्त भएर कुरा गर्ने, बोलिरहन पर्ने ब्राह्मणले आफूलाई स्वागत गरेको देवकोटाले थाहा पाए । ती ब्राह्मण भएकोले होला निधारमा सधैं चन्दन लगाउँथे । तिनै ब्राह्मणले नेपाली पाराको

सानो चिटिक्क परेको बाँकेघरको (     ) पूर्वपट्टिबाट न्यानो स्वागत गरेका अनुभव देवकोटालाई छ । त्यस्तो **न्यानो स्वागत गर्ने व्यक्ति बस्ने घरको साथै कोठा पनि नेपालीपनले ओतप्रोत थियो** भनी प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**अहिले मलाई खेद लाग्छ किन त्यस्ता महापुरुषको सङ्गत गर्न पाउँदा-पाउँदै मैले कति थोरै मात्रामा ती मौकाको उपयोग गरे । हामीलाई सङ्गतको मूल्य याद हुदैन ।** (पृ.१५२)

देवकोटा भन्दछन् मलाई दुःख लागिरहेको छ किनभने त्यति ठूलो र प्रतिभाशाली ठूला वयक्तिको सङ्गत गरेर केहि कुरा सिक्न पाउने अवस्थामा पनि मैले संगत गर्न सकिन । थोरै समय मात्र मैले उहाँसँग बस उठ गरे । थोरै समयमा धेरै ज्ञानगुणका कुरा सिकने मौका पाएँ भने धेरे समय बसउठ गर्ने मौका पाएको भए र गरेको भए धेरै कुरा सिक्ने थिए । सङ्गतले मानिसलाई राम्रो र नराम्रो दुवै बाटोमा हिंडाउन सक्छ । तर हामलिाई सङ्गत भने कुराको कुनै मूल्यको यादै हुँदैन । यहाँ **महापुरुषलाई विद्वान् व्यक्तिसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**चिन्नेलाई आँखा भनिन्छ, बुझ्नेलाई मगज, सुन्नेलाई कान र भावना गर्न सक्नेलाई हृदय यी चार चीजबाट वञ्चित हुनु पशुको लक्षण हो** (पृ.ऐ.) ।

मानिसमा असल र खराब चिह्न सक्ने आँखा हुन्छ । सही र गलत बुझ्ने मगज हुन्छ । मगजले नै उसलाई सत् मार्गमा डोऱ्याउने गर्दछ । केही कुरा सुन्न सक्ने कान हुन्छ । अनि भाव उत्पन्न गर्ल सक्ने हृदय पनि मानिसमा हुन्छ । यी चारै चीज नभएको वा यी चार चीनबाट अलग हुनु भनेको पशुभाव देखाउनु मात्रै हो भनी **मानवका चिन्ने, बुझ्ने, सुन्ने  र भावना गर्ने चीजलाई पशुभावसँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**हीराहरू बाँदरले फ्याँक्छन् किनकि उनलाई मोल थाहा छैन । सुन्दर रचनाहरू बुझ्नु र नबुझ्नु अन्धताभन्दा पनि  खराब पशुता हो । यो पाप हो** (पृ.ऐ.) ।

कुनै वस्तुको मूल्य थाहा नपाउँदा त्यो कति मूल्यवान् छ भन्ने थाहा हुँदैन । बाँदरलाई हीराको मूल्य थाहा नहुँदा बहुमूल्य वस्तु पनि फाल्दछ । बहुमूल्य वस्तुको मूल्य पनि थाहा नहुँदा मूल्यहीन बन्न पुग्दछ । सुन्दर राम्रा रचनाहरू बुझ्नु र नबुझ्नु अन्धे जस्तो लाग्छ । अनि पशुहरूको खराब प्रवृत्ति जस्तो पनि लाग्दछ । यसलाई मानिसहरूले पाप भन्ने गर्दछन् । **बहुमूल्य वस्तु हीरालाई सुन्दर रचनासँग** सादृश्य बनाएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**हामी त्यस व्यक्तिका कठिनाइहरू बुझ्न सक्तैनौं । अँधेरीमा उज्याला आत्माहरू काम गर्दछन् । सुनसानमा बल्नु चन्द्रमाको लक्षण हो** (पृ.ऐ.) ।

त्यहाँ केही थिएन । विभिन्न कठिन संघर्ष हुँदाहुँदै पनि त्यो व्यक्ति अगाडि बढ्न सफल भयो जसले संघर्ष गर्न सिकेको थियो । अँध्यारो रातमा पनि उज्याला आत्माहरू काम गर्न थाल्दछन् । अँध्यारो (सुनसान) मा बल्नु चन्द्रमाको लक्षण हो । दिउँसो त

चम्किलो घाम लागेको हुन्छ । चन्द्रमाको कुनै अर्थ नै रहेको हुँदैन । रातमा सुनसान र गाढा अन्धकार हुन्छ । त्यतिबेला चन्द्रमाको उज्यालो महत्त्वपूर्ण भूमिका खेल्न थाल्दछ । त्यस्तै सुनसान अँधेरीमा चन्द्रमा जस्तै भएर त्यो व्यक्ति उदाउँन पुग्यो । यहाँ सुनसानमा बल्नु चन्द्रमाको लक्षण हो भनी **रातलाई चन्द्रमासँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ दिने प्रयास गरिएको छ ।

**श्रद्धालाई दिव्य बत्ती झुल्काउन दिइएको थियो र सौन्दर्यको घडा बन्यो । ऊ सुन्दरको खोजमा थियो, मधुरलाई मुखरित गर्न चाहन्थ्यो, गरिछाड्यो** (पृ.१५४) ।

उसले जुनसुकै कुरामा पनि श्रद्धा राख्ने हुनाले र दिव्यताको (अलौकिक सौन्दर्यको) बत्ति बाल्न दिएको थियो । त्यो आखिर अनमोल सौन्दर्यले भरिएको घडा हुन पुग्यो । जसले उसलाई सुन्दरको (राम्रोको) खोजीमा सहयोग गऱ्यो । नमुना ( मधुरता) लाई आफ्नो अगाडि देखाउन चाहेको थियो । त्यसलाई पनि धैर्यतापूर्वक लगनशील भइ एकोहोरो रूपमा लागेपछि देखाइ छाड्यो भनी **दिव्यवत्तीलाई सौन्दर्यको घडासँग** सादृश्य गराएर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ ।

**श्लोकटुक्रे विचारमा प्रवाहको रोकावट देखे पनि कविका भावहरू बाटुला हुँदै, बन्दै, कुँदिदे निक्लनुमा उस्तो दोष देखिँदैन । जत्तिको जगलीपनाको प्रवाहमा देखिन्छ । पछिल्लामा आत्मदमन हुँदैन** (पृ.ऐ.) ।

कविताका श्लोकहरू टुक्रा टुक्रामा विभाजित भए पनि र विचारमा आएको वहाइमा अवरोध आए पनि कविका भावहरू कहिले बाहटुला बन्दै र कहिले कारीगरीले कुँदे झैं कुँदिनु र अघि बढ्नु उति साह्रै दोष मान्न मिलदैन । जत्तिको जंगलीपनाको बहाइमा देखिन्छ । यसमा कविहरू आफ्ना भावनाले जता लैजान्छ उतै बहकिन पुग्छन् कसैले रोकावट गर्न सक्दैन र शब्दहरू सबै परिष्कृत र परिमार्जित पनि हुन सक्दैनन् । त्यसैले यसमा आत्मालाई दबाउने काम नभई स्वस्फूर्त रूपमा अगाडि बढ्न दिने कार्य हुन्छ । यहाँ **जंगलीपनालाई असभ्यता र कलाचेतहीनताको** प्रतीकका रुपमा अर्थ स्पष्ट पार्ने काम भएको छ ।

**न त हामी स्तुतिमात्र लेखिरहेछौं । नत यहाँ ईर्ष्या काम गर्दछ, हाम्रो हार्दिक सत्यले श्रद्धालु स.वर्द्धन गर्दा हामी क्षमाप्रार्थी रहनै पर्दछ तर हामी लेखनाथ पौड्याललाई नेपालमा आधुनिक अद्बितीय महाकवि र महापुरुषका रूपमा देख्तछौं** (पृ.ऐ.) ।

यी सबै दोष र अवगुण हुँदा पनि हामी स्तुती, ईर्ष्या दुवै गर्न सक्दैनौं । हामीभित्र रहेको हार्दिक सत्यले श्रद्धालु बनेर त्यसको विकास गराउँदा हामी सहनशील भई क्षमाप्रार्थी हुनै पर्दछ । हामी उनको स्तुतति र ईर्ष्या दुवै गर्न नसकि मूक दर्शक मात्र बन्न पुग्छौं र भन्न पुग्छौं लेखनाथ पौड्याल नेपाली साहित्यिका आधुनिक युगका एक अद्बितीय ठूला कवि र महापुरुष हुन् भन्ने पर्दछ । उनले आधुनिक युगमा नेपाली साहित्यको श्रीबृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भए । यहाँ **अद्बितीय महाकवि र महापुरुषलाई महाकविको र महापुरुषका रुपमा** प्रतीकात्मक अर्थ प्रदान गर्ने काम भएको छ ।

### ३.४.३ अलङ्कारहरूको अध्ययन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले 'पण्डित लेखनाथ पौडेलको विषयमा' निबन्धमा प्रयोग गरेका अलङ्कारहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**हामी कामी काना गोरुलाई सधैं पूर्णिमा जस्तै छन्** (पृ.ऐ.) ।

आँखा नभउको कानो गोरुलाई दिन, रात, घाम, जुन, उज्यालो अँध्यारो एकै लागे जस्तो हामी पनि समयलाई चिन्न नसकी सधैं एउटै रूपमा अघि बढिरहेका हुन्छौं । हामीलाई अँध्यारो होस आँखो नभएको गोरुलाई सधैं उज्यालो भए जस्तै हुँदैन । सधैं उज्यालोको खोजीमा भौंतारिरहेका हुनुपर्नेमा अँध्यारो नै चित्त बुझाउँछौं । यहाँ हामी **कामी काना गोरुलाई पूर्णिमा** जस्तो भन्ठान्दै उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

**भाव र विचारका क्षेत्रमा खाली तरङ्गका रङ्ग मात्र देख्तछौं । साहित्य र कविता हामीलाई कथेको कथनी पथनीभन्दा केही ज्यादा मोल राख्ने चीज जस्तो लाग्दैन** ( पृ.ऐ.) ।

हाम्रा भाव र विचारहरू समुन्द्रमा आउने छाल जस्ता मात्र मान्दछौं जुन छालमा (तरङ्गमा) विचार भाव शून्य रङ्गहरू मात्र देखापर्छन् । जसको अस्तित्व केही हुँदैन । एकै छिनमा उठ्ने र बिलाउने गर्दछन् । हामी हाम्रा विचार त्यस्तै मान्ने गर्दछौं । साहित्य र कविता मेहनत र परिश्रम पछि आउने हुन् भन्ने कुरा हामी बुझ्न सक्दैनौं । यिनलाई त हामी कसैले आफ्नो मनपरी ढंगबाट जे पायो त्यही भनेको कुरा मात्र मान्दछौं र यसले हामीमा कुनै मूल्य पनि राख्न सक्दैन । हामी साहित्य र कवितालाई कथेको कथनी कथनीभन्दा जस्तो मानी यसको मूल्य तोक्न र अस्तित्वमा राख्न सक्दैनौं । हामीलाई यस्ता कुरा मन पर्दैनन् भनी **कथेको कथनीलाई** अलङ्कारका रुपमा प्रयोग गरिएको छ ।

### ३.४.४ भाषाशैली

'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्ध देवकोटाले प्रयोग गरेको भाषाशैलीको अध्ययन गर्न सकिन्छ :

'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्ध नेपाली निबन्ध स्रष्टा लक्ष्मीप्रसाद देवकोटाको समालोचनात्मक निबन्ध अन्तर्गत निबन्ध हो । यस निबन्धमा नेपाली साहित्यका युगपुरुष लेखनाथ पौड्यालको मूल्याङ्कन गरिएको छ । साथै युग र जीवनप्रतिको दायित्वबोध भएका साहित्यकारका हारमा लेखनाथलाई राखिएको छ । श्लोक-श्लोकमा भावलाई एकाईकरण गर्ने र भावलाई अनुशासनयुक्त पद्धबद्ध गर्न सक्ने तथा विचारलाई कवितामा उतार्न सक्ने मूल्य देवकोटाले लेखनाथमा पाए । विगत मूल्यलाई कदर गर्न सक्ने लेखनाथका सहिष्णुता सामु देवकोटा झुकेका छन् । यस निबन्ध पनि देवकोटाले आफ्ना अरु निबन्धमा जस्तै भरपुर रुपमा बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरेका छन् । कुनै पनि व्यक्तिको जीवनीमा आधारित रहेर उसका जीवनका राम्रा, नराम्रा पक्षको चित्रण समालोचनात्मक

रुपमा यस निबन्धमा देवकोटाले  गरेका छन् । यस निबन्धको भाषा कवितात्मक छ । यस निबन्धका वाक्यमा रहेको पूर्णविराम भिकिदिदा निबन्ध गद्य कविताजस्तो बन्न पुग्दछ । देवकोटाले आफ्नो सिर्जनामा कतिपय आफैले शब्दको निर्माण पनि गराएका छन् । विदेशी भाषाका कतिपय शब्द पनि आफ्नो रचनामा ल्याउँने काम गरेका छन् । त्यसैले देवकोटाको भाषाशैली अत्युत्कृष्ट रहेको छ । कवितात्मक भाषाको प्रयोग पनि उनका निबन्धमा पाइन्छ ।

# अध्याय चार

# उपसंहार

## ४.१ लक्ष्मीप्रसाद देवकोटाको संक्षिप्त जीवनी

लक्ष्मीप्रसाद देवकोटाको जन्म १९६६ सालमा काठमाडौँको धोवीधारामा भएको थियो । देवकोटा सानैदेखि एकोहोरो स्वभावका भएका र यही स्वभाव नै पछि लगनशीलता नै उदाहरण बन्यो । उनले सबैभन्दा पहिला दश वर्षको उमेरमा भाउजूको प्रेरणाबाट कविता सिर्जन ागर्न थालेका थिए । पढ्नमा अत्यन्त तेजिला भएकोले देवकोटाले आठ कक्षाको अर्द्धवार्षिक परीक्षा पार गर्ने वित्तिकै नवौँ कक्षामा चढेको पाइन्छ । यसै समयमा लेखनाथका कतिपय कृतिको प्रभाव पनि देवकोटामा पर्न पुगेको पाइन्छ । अध्ययनका क्रममा देवकोटा त्रिचन्द कजेलमा भना भएर पढिरहेको अवस्थामा नेपालमा मकै पर्व घटित हुन पुग्यो । प्रवेशिका परीक्षा पास भएर प्रमाणपत्र स्तरको अध्यानार्थ पटनातर्फ लागे १९८६ मा प्रमाणपत्र  पुरा गरेर काठमाडौँ आएको पाइन्छ । उनी वि.सं. १९९० को भूकम्प पछि देवकोटाको जीवन पनि कर्मतिर अग्रसर हुन पुग्यो साहित्यमा रुमानी प्रवृत्ति ग्रहण गरेर साहित्यलाई प्राकृति तर्फ फर्काए । देवकोटाले नेपाली साहित्यमा ल्याएको प्रवृत्ति रुमानी, स्वच्छन्दतावादी रोमान्टिक वा छायावादी  हो । उनको लेखन पद्यबाट शुरु भए पनि गद्य लेखन भने निबन्ध कै माध्यमबाट भएको पाइन्छ र पद्यमा पाइने रुमानी प्रवृत्ति निबन्ध र आख्यान जस्ता गद्य लेखनमा पाइन्छ । वि.सं. २००८ सालमा 'लक्ष्मी निबन्ध'सङ्ग्रहका अधिकांश निबन्ध, 'शाकुन्तल' महाकाव्य, 'सुलोचना' महाकाव्य देवकोटा आफूले देखेका, भोगेका विसङ्गति र विरोधाभास पूर्ण विषयहरूलाई व्यङ्ग्यात्मक ढङ्गबाट प्रकट गर्ने क्रममा 'बाघले बच्चा किन खान्छ', 'साँढे' जस्ता कविताको रचना गर्न सफल भए । आफ्ना क्रान्तिकारी विचारधारालाई समेट्दै २००५ सालमा 'पहाडी पुकार' जस्ता कृति जन्माउने काम गरे । २००९ सालमा दार्जलिङ्ग जाँदा पारसमणि प्रधानले देवकोटालाई इलेक्ट्रिक कविको उपाधि दिएका थिए । उनकै सक्रियतामा २००२ सालमा काव्यप्रतिष्ठानको स्थापना भयो । २०१३ सालमा आइपुग्दा देवकोटा नेपालमा विश्वविद्यालयको स्थापना गर्ने योजना अनुसार भारतका विभिन्न विश्वविद्यालयको भ्रमण गर्ने क्रममा स्वास्थ्यमा समस्या देखा परी कलकत्तामा जचाउँदा ग्यास्ट्रिक अल्सर भएको कुरा पत्ता लाग्यो । रोगबाट पीडित हुँदा हुँदै पनि २०१५ सालमा रुसको तासकन्दमा भएको अफ्रोएशियाली लेखक सम्मेलनमा सहभागी बने र देवकोटाले प्रस्तुत गरेको रिपोर्टबाट रसियाली लेखिका आगानीना सबैभन्दा बढी प्रभावित भइन् । तासकन्द सम्मेलनबाट फर्केपछि मानसिक पीडा बढ्न पुगेका कारण उनको शारीरिक मानसिक पीडा बढ्न पुगेको कारण उनको शारीरिक पीडा पनि बढ्न पुग्यो । उनलाई देवकोटा २०१६ मा यस संसारबाट विदा भए । उनको कवि र निबन्धकार व्यक्तित्व नेपाली साहित्यमा अविजेय र विश्वसाहित्यकै हाराहारीमा मूल्याङ्कित हुन पुगेको छ ।

## ४.२ देवकोटाका कृतित्वको संक्षिप्त प्रस्तुती

लक्ष्मीप्रसाद देवकोटा मूलतः कवि भएकोले उनी विभिन्न खण्डकाव्य, महाकाव्य र फुटकर कविताहरू पनि रचना गरेका छन् । त्यस्ता कृतिहरूको उत्कृष्ट समेत हुन पुगेका छन् । ती कृतिहरूमा 'शाकुन्तल', 'सुलोचना' 'पृथ्वीराज चौहान', 'वन कुसुम' महाकाव्यका क्षेत्रमा देखिएका छन् । त्यसैगरी 'मुनामदन', 'राजकुमार प्रभाकर', 'लुनी', 'कुञ्जिनी' आदि

खण्डकाव्यका क्षेत्रमा देखा परेका छन् । त्यसैगरी फुटकर कवितामा 'पहाडी पुकार', 'बाघले बच्चा किन खान्छ', 'पागल' आदि रहेका छन् । त्यस्तै गद्य तर्फ यिनको विषेश रुची निबन्ध विधामा नै रहेको पाइन्छ । यिनका दुईवटा निबन्धसङ्ग्रह 'लक्ष्मी निबन्धसङ्ग्रह' र 'दाडिमको रुखनेर' प्रकाशित छन् । त्यसैगरी एउटा 'चम्पा' नामक उपन्यास प्रकाशित छ । कथाका क्षेत्रमा 'लक्ष्मीकथा सङ्ग्रह' प्रकाशित छ भने समालोचना तर्फ 'स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा' नामक सङ्ग्रह राजेन्द्र सुवेदीको सम्पादनमा प्रकाशित भएको छ ।

## ४.३ यस शोधकार्यमा अध्ययन गरिएको मूल विषय

यस शोधकार्यमा मूलतः देवकोटाको निबन्धको अध्ययनमै कुन्द्रित छ भने त्यसमा पनि लक्ष्मी निबन्धसङ्ग्रका केही प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने चारवटा निबन्धको मात्र अध्ययन गरिएको छ । यसरी प्रतिनिधि निबन्धको अध्ययन गर्ने क्रममा निबन्ध भित्र प्रयोग गरिएका सौन्दर्यमूलक तत्व बिम्ब, प्रतीक, अलङ्कार र भाषाशैलीको यथासम्भव अध्ययन गरिएको छ ।

## ४.४ छानिएका चारवटा निबन्धको संक्षिप्त अध्ययन

### ४.४.१ के नेपाल सानो छ ? निबन्धको संक्षिप्त अध्ययन

**के नेपाल सानो छ** ? निबन्धमा नेपाल सानो नभई ठूलो छ भन्ने अर्थमा शीर्षकबाट नै विम्बात्मकता प्रष्ट हुन्छ । यसमा नेपाल देश क्षेत्रफलको आधारमा सानो भए पनि यहाँ सम्पूर्ण कुरा प्राप्त गर्न सकिन्छ । यहाँ सबै किसिमको हावापानी पाइन्छ । विश्वकै सर्वोच्च शिखर सगरमाथा यही रहेको छ । यो देश पर्वतस्तनको भित्र गहिराइमा छिपेको हुनाले यो भारतमाताको मुटु फेला पार्ने ज्यादै कम छन् । हीरा, मोती, स्वर्णखण्ड सानो भए पनि यिनीहरूको मूल्य उच्च भए जस्तै नेपाल देश सानो भए पनि यसको मूल्य उच्च रहेको भाव निबन्धकार व्यक्त गर्न पुग्दछन् । यहाँका नीला पहाडहरूको प्राकृतिक, भाषा, अमरबल्लरीहरू ढल्केका बाइमात्रा आकृतिमा देखिन्छन् । चराचुरुङ्गीहरूसँग उड्ने र बोल्ने अक्षरहरू रहेका हुन्छन् । यहाँका प्रतिभाशाली व्यक्तिहरू कोदाली खन्न, हलो जोत्न, भेडा चराउन, दाउराका भारी बोक्ने काममा आफ्नो प्रतिमा खर्च गरिरहेका छन् । यहाँका प्रत्यक व्यक्तिहरूले उचित अवसर प्राप्त गर्न सकेका भए विश्वमा योगदान दिन सक्ने थिए । आखिर जे सुकै भए पनि मातृभूमिको माया र ममता हरेक व्यक्तिलाई ठूला र महत्वपूर्ण हुन्छ । आफ्नो राष्ट्रको प्रेम गर्न नसक्नेले विश्वप्रेम गर्छु भन्नु मुर्खता मात्र रहेको तथ्य निबन्धकार देवकोटाले प्रस्तुत गरेका छन् । यहाँ देवकोटाले आफ्नो लेखाइ नेपालको भएको र आफ्नो बोलाइ विचार अनुभूतिगम्य दृश्य र श्रव्य सामग्रीहरू सबै नेपालभित्र पर्याप्त रहेको तथ्य प्रष्ट पारेका छन् ।

### ४.४.२ 'छन्द र लय' निबन्धको सारवस्तु परिचय

'छन्द र लय' निबन्ध देवकोटाको सौन्दर्य शास्त्रीय भाषामा लेखिएको निबन्ध हो, यस निबन्धमा देवकोटाले छन्द र लय भन्ने कुरा कसैले नसिकाइ सुरिलो सङ्गीतमय स्वरमा कसैले गाएको वा केही वाचन गरेको सुनेर पनि हृदयमा छन्द वा लय घुसेर आउँछ भन्ने कुरा स्वीकारेका छन् । हृदयले छन्द पक्रेर टिपिसकेपछि छन्दका लागि छन्दोमञ्जरी पढिरहनु

पर्दैन । कल्पनामा सुर चढेपछि कवितामा अक्षर आफै मिलेर लयदार बन्छन् भन्ने कुरा प्रस्तुत गरेका छन् । छन्द पक्रिने सूक्ष्म बुद्धि र लय पक्रिने सूक्ष्म जेहेन मानवन्त आत्माको अभिरुचिमा उत्पन्न हुने कुरा हो । नयाँ छन्द खोज्नु परेमा वन या पहाडको नजिक गएर खोलाको पानीको कलकल सुने वा चराको गान सुने पुग्छ । जुन आँखाले विश्वमा छन्द स्वतः छताछुल्ल छ र यहाँको यो अगाध प्राकृतिक शब्दसागर अविरल गतिमा प्रवाहित हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यहाँका यी छन्द र लयलाई पहाडका सुकुमारी कन्याहरूले ऐंसेलु टिपे झैं टपाटप टिप्दछन् । छन्द र लय विना कोही पनि कवि र गायन बन्न सक्दैन । भावुकको सच्चा उद्गार त्यसै छन्ददार र लयदार भएर आउने कुरा देवकोटाले प्रस्तुत गरेका छन् । यस निबन्धले छन्द र लय स्वतन्त्र र उन्मुक्त तत्व हो भन्ने कुरा पनि प्रस्तुत गरेका छन् ।

### ४.४.३ 'कल्पना' निबन्धको सारवस्तु परिचय

'कल्पना' निबन्ध देवकोटाको सौन्दर्यशास्त्रीय भाषा प्रयोग गरेर लेखिएको निबन्ध हो । यस निबन्धमा कल्पनाशक्तिलाई मानवमस्तिष्कको विशिष्ट शक्तिको रुपमा लिइएको छ । स्मृतिपटमा नदेखका नसुनेका अनौठा-अनौठा नयाँ - नयाँ कुराको उद्भावना गर्छ र ती कुरा वा वस्तुलाई बिम्ब र प्रतीकमा ढालेर कला-साहित्यमा उतार्ने काम गर्छ । कल्पनाशक्ति नभएमा कला र साहित्यको सिर्जना गर्न सकिँदैन । त्यसैले कल्पनालाई कला र काव्यको कारकतत्व मानिन्छ । कल्पना भनेको मानिसको भित्री आँखा हो । कविहरूको भावुक चेतमा यो सजीव र सुन्दर छ । त्यस्तै कल्पनाले मान्छेका स्मृतिपटमा छाया जगाएर अनुपस्थित वस्तुहरूलाई पनि सूक्ष्म स्वरुप र सत्य प्रदर्शन गर्ने काम गर्दछ । यसमा एउटा जादूगर्नी शक्ति रहेको हुन्छ । अनि एक चुट्कीमा अविदित देशका दृश्यपटहरू तमासा बन्दै झिल्मिलाउँदै उठ्त छन् । हामी दुनियाँमा हाम्रो मनमा एच्च महत्वपूर्ण आन्तरिक आनन्दको अनुभव बोध गर्छ । यसको बोध कल्पनाविना हुन सक्दैन । इन्द्रिय सम्बन्धी आनन्द बाह्य विषयी र बोके बन्दछन् । कल्पनाको जादूगरी नभएको ठाउँमा आनन्दको सच्चा  आत्म पनि उपस्थित रहन्न । त्यसैले कल्पनालाई आनन्दको आत्मा मानिन्छ । उच्च कोटिको कल्पनाले सङ्गति साम्य, मिलाप, आकृति र आनन्द अनुभूति प्रदान गर्दछ र यस किसिमको सिर्जनामा सच्चा प्रतिभा झल्कन पुगेको हुन्छ ।

### ४.४.४ 'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्धको सारवस्तु

पण्डित लेखनाथ पौड्यालको विषयमा निबन्ध जीवनीमूलक समालोचनात्मक निबन्ध हो । यस निबन्धमा निबन्धमा देवकोटाले एउटा सजीव र जीवन्त युगपुरुषका रुपमा साहित्य श्रष्टा लेखनाथको जीवनको चित्रण गरेका छन् । यहाँ देवकोटाले युग र जीवनप्रतिको दायित्वबोध भएका साहित्यकारका रुपमा लेखनाथलाई लिएका छन् । यस निबन्धमा पनि प्रशस्त सौन्दर्यमूलक मात्रामा बिम्ब प्रतीक र अलङकारहरूको प्रयोग गरिएको छ । तिनीहरूको विस्तृत अध्ययन माथि गरिएको छ । लेखनाथको वासस्थानमा सादापन सँग मिलेको उनको वासस्थान प्राचिनतामा र पवित्रताको वातावरणमा पुगे जस्तो लाग्छ । मामुली आँखालाई विशेष महत्वको नदेखिने लेखनाथको जीवनी विशेष भएकाहरूलाई महत्वपूर्ण लाग्दछ । देवकोटालाई पनि हाम्रा उत्तम प्रतिभाको मुहार हेर्ने चाहना केटा केटी बेलादेखि नै भएको हुँदा त्यसको अपरङ्ग गहिरी सम्मको कुरा यस निबन्धमा व्यक्त गरेका छन् । टाढा रहेका नीला पहाडहरूको छायामुनी बसेर मानव आत्मालाई सुन्दरतापूर्ण

भावहरू रचनामा समेटने स्रष्टाको रुपमा लेखनाथलाई लिएका हुन् । भावहरू निर्मीत पहाडको अवस्था यस्ता अनेकौ चिरबिर गर्दाको तिनै झनैमनमोहक र आहलादकारी बनेको कुरा निबन्धकार देवकोटाले आप्नो यस रचनामा प्रस्तुत गरेका छन् ।

## ४.५ भाषाशैली

देवकोटाका निबन्धहरूको भाषा शैली कवितात्मक छ । उनका निबन्धहरू गद्य रचना भए पनि पद्य रचनाकै हाराहारीमा पुगेका छन् । उनका निबन्धको लेखिमलाई अधोरेखीय ढंगले प्रस्तुत गरेमा गद्य कविता नै बन्न पुग्दछ । त्यसैले उनको निबन्धलाई गद्य कविता जत्तिकै शक्तिशाली रुपमा लिन सकिन्छ । पद्यका फाँटमा जत्तिकै सशक्त रुपमा गद्यका फाँटमा पनि देखिने देवकोटाले समान रुपमा कलम चलाएको कुरा उनका निबन्धहरूबाट स्पष्ट हुन आउँछ ।

## ४.६ शब्दार्थहरूलाई आवश्यकता अनुसार अध्ययन

देवकोटाका निबन्धमा पनि खासगरी सौन्दर्यमुलक दृष्टिले अध्ययन गरिएको छ । देवकोटाका माथि विस्तृत रुपमा अध्ययन गरिएका निबन्धहरूमा प्रयोग गरिएका शब्दहरूको शब्दार्थ प्रयोगार्थ सहित प्रस्तुत गरी यिनको भाषिक स्वभाव अर्थ, सौन्दर्य र प्रयोगको सूची निम्नानुसार प्रस्तुत गरिएको छ :

**के नेपाल सानो छ ?**

**तालिका १**

| **अनुच्छेद** | **वाक्य प्रयोग** | **निबन्धको अङ्ग** |
|---|---|---|
| पहिलो | नौं | आरम्भ |
| दोस्रो | नौं | आरम्भ |
| तेस्रो | दस | विकास |
| चौथो | पाँच | विकास |
| पाँचौ | सात | विकास |
| छैटौं | दस | विकास |
| सातौं | सात | विकास |
| आठौं | एक | विकास |
| नवौं | छ | उत्कर्ष |
| दसौं | दुई | उत्कर्ष |
| एघारौं | आठ | उत्कर्ष |
| बाह्रौं | चार | अवसान |
| तेह्रौं | सात | अवसान |

तालिका २

| क्रम | शब्द | भाषिक स्वभाव | अर्थ | प्रयोगार्थ |
|---|---|---|---|---|
| १. | अमरवल्लरी | शास्त्रीय | अमरआकांक्षा | मान्छेका पूरा नहुने इच्छा |
| २. | अनन्तता | शास्त्रीय | निरन्तर | चिरनूतन |
| ३. | अवकाश | शास्त्रीय | काम समाप्त गर्नु | अन्त हुने काम |
| ४. | आबहवा | व्यावहारिक | पर्यावरण | परिस्थिति |
| ५. | ककनभ्कोक्का | कथ्य | शक्तिशाली भ्कोक्का | कडा आघात |
| ६. | किरिडमिरिङ | अनुकरण | नबुझिने हुनु | अस्पष्टता |
| ७. | कनिकुथी | भाषिक विचलन | बल्लतल्ल गरेर | प्रयत्नपूर्वक |
| ८. | अनुभूत | शास्त्रीय | सम्वेदना | अनुभव |
| ९. | गङ्गा | शास्त्रीय | पवित्रता | मान्छे ज्ञानी हुनुपर्ने /गतिशील |
| १०. | घच्चाघमासान | अनुकरण/ व्यावहारिक | दौडधूप | वेफुर्सद |
| ११. | झल्काझल्की | व्यावहारिक | कताकती देखिनु | स्पष्ट आभास |
| १२. | जडमा अन्धयन्त्र | शास्त्रीय | विवेकहीन | बुद्धि एकोहोरिनु |
| १३. | पाखण्डीपन | शास्त्रीय | सोझोपन | व्याङग्यात्मकताको क्रम |
| १४. | नीला पहाड | शास्त्रीय | हरियाली | नव सृर्जनायुक्त |
| १५. | नैरिक्षिक | शास्त्रीय | हेरिने काम | दृष्टि |
| १६. | भूलभुलैया | अनुकरण/व्यावहारिक | भ्रामक | यथार्थको अलमल |
| १७. | भावुक नैर्मल्य | शास्त्रीय | भावनात्मक | शुद्धता |
| १८. | प्राचीनको पुजारी | शास्त्रीय | परम्पराप्रति प्रतिबद्धता | अनुशासित |
| १९. | लवज | व्यावहारिक/ बिम्ब | आशयानुसारी भाषा | जीवनसापेक्ष कथन |
| २०. | लुकामारी | व्याबहारिक | लुक्दै देखिदै गर्नु | सृजना र विनास |
| २१. | बुँद | व्यावहारिक | थोपा | कण कण |
| २२. | टोन | बिम्ब/शास्त्रीय | आशय | भनाईको तात्पर्य |
| २३. | वाल्ज | प्रतीक/शास्त्रीय | सङ्गीतको धुन | श्रुतिमधुर |
| २४. | हिमागिरिशिला | शास्त्रीय | दृढनिश्चयी भाव | अटल विश्वास |
| २५. | हृदयनिनादीनी | शास्त्रीय | हृदयलाई छुने | भावावेग |

**छन्द र लय**

**तालिका १**

| **अनुच्छेद** | **वाक्य प्रयोग** | **निबन्धको अङ्ग** |
|---|---|---|
| १ | ८ | आरम्भ |
| २ | ५ | आरम्भ |
| ३ | ४ | विकास |
| ४ | ३ | ,, |
| ५ | ५ | ,, |
| ६ | ६ | ,, |
| ७ | ३ | ,, |
| ८ | १ | ,, |
| ९ | १२ | ,, |
| १० | १ | ,, |
| ११ | १५ | ,, |
| १२ | १४ | उत्कर्ष |
| १३ | १३ | ,, |
| १४ | ९ | ,, |
| १५ | २२ | ,, |
| १६ | ८ | अवसान |
| १७ | ६ | अवसान |

तालिका २

| क्र.सं. | शब्द | स्वभाव | अर्थ | | प्रयोगार्थ |
|---|---|---|---|---|---|
| २६. | अलङ्कार मण्डित | शास्त्रीय | अलङ्कारले सजिएको (गहना) | | अलङ्कार मण्डित कविताहरू |
| २७. | अल्पज्ञ | शास्त्रीय | थोरै ज्ञान | | थोरै मात्र जानेको तर धेरै जानेको अभिनय गर्ने |
| २८ | आभ्यान्तरिक | शास्त्रीय | चेतनाको आन्तरिक तह | | भित्री तहको चेतनाको तह |
| २९. | अनन्त | शास्त्रीय | अन्त नभएको | | गाम्भीरतापूर्ण तह । |
| ३०. | अगाध | शास्त्रीय | गम्भीर/पार पाइनसक्नु | | पारानार पत्ता नलाग्ने असीम |
| ३१. | किरणप्रर्पात | शास्त्रीय रुपक | किरण स्वरुप अर्ना | मानवीकरण | प्रकाशको तरङ्ग |
| ३२. | अल्पांशी | शास्त्रीय | ओठ | मानवीकरण | ध्वनी प्रसारण गर्ने अङ्ग |
| ३३. | अल्पांशी | शास्त्रीय | थोरै अंश भएको | - | अल्पभाग लाग्ने |
| ३४ | कणाकणा | शास्त्रीय | ससाना टुक्रा टुक्रा | प्राकृतिकरण | थोरै अणुहरूको राशि |
| ३५. | कलकलिन | व्यवहारिक | कलकल मुधुर आवाज दिने काम | मानवीकरण | मृदुलय प्रकट गर्न |
| ३६. | कल्लोल | शास्त्रीय | आवाजको तरङ्ग | मानवीकरण | नदिको मुधुर आवाजयुक्त तरङ्ग |
| ३७. | झल्का | व्यवहारिक | प्रकाशको आभास | प्राकृतिकरण | प्रकाशमय सूचनाको आभास |
| ३८ | टक | व्यवहारिक | दृष्टि आउने काम | मानवीकरण | एक दृष्टिले हेरिने काम |
| ३९. | जेहेन | व्यवहारिक | प्रतिभा | मानवीकरण | सिर्जनात्मक नवीनता |
| ४० | तापसपना | शास्त्रीय | तपस्वीभाव | मानवीकरण | समर्पण र तन्मयता |
| ४१ | दीप्ति | शास्त्रीय | शोभायुक्त प्रकाश | प्राकृतिकीकरण | अत्यन्त शोभादायक |
| ४२ | नीरव | शास्त्रीय | आवाजशून्य | प्राकृतिकीकरण | आवाज र स्वरको अभाव |
| ४३ | दोहोरावट | व्यवहारिक | पुनरावृत्ति | मानवीकरण | सृजनात्मक नवीनता |
| ४४ | नीर | शास्त्रीय | जल | मानवीकरण | तर सम्वेदना |
| ४५ | रफत | व्यवहारिक | चलन | मानवीकरण | व्यवहारिक चालचलन |
| ४६ | राह | व्यवहारिक | मार्ग | मानवीकरण | उपयुक्त गन्तव्यको बाटो |
| ४७ | धूसर | शास्त्रीय | धूस्रोफुस्रो | मानवीकरण | प्रदूषणयुक्त अवस्था |
| ४८ | बेलायक | व्यवहारिक | लायक नभएको | मानवीकरण | अस्वभाविक चालढाल |
| ४९ | बेछन्दी | व्यवहारिक | बनोट नमिलेको | मानवीकरण | उपयुक्त संरचना नभएको |

**कल्पना**

**तालिका १**

| अनुच्छेद | वाक्य प्रयोग | निबन्धको अङ्ग |
|---|---|---|
| १. | दुई | आरम्भ |
| २. | तीन | वस्तुको परिचय |
| ३. | दश | मध्य |
| ४. | छ | मध्य |
| ५. | नौं | मध्य |
| ६. | बाह्र | मध्य |
| ७. | पाँच | मध्य |
| ८. | सात | मध्य |
| ९. | सात | मध्य |
| १०. | सात | मध्य |
| ११. | नौं | मध्य |
| १२. | एघार | मध्य |
| १३. | दश | मध्य |
| १४. | छ | मध्य |
| १५. | चार | मध्य |
| १६. | एघार | उत्कर्ष |
| १७. | तीन | उत्कर्ष |
| १८. | चार | उत्कर्ष |
| १९. | एक | अवसान |

**तालिका २**

| क्र.सं. | शब्द | भाषिक स्वभाव | अर्थ | प्रस्तुति | प्रयोगार्थ |
|---|---|---|---|---|---|
| १. | चर्मचक्षु | शास्त्रीय | छालाका आँखा | प्रस्तुती | सतही दृष्टि |
| २. | जादूगर्नी | व्यावहारिक | जादू देखाउन सक्ने | ,, | नयाँ चिन्तनको क्रिया |
| ३. | अन्धकारनीविड | शास्त्रीय | गाढा अन्धकार | ,, | अज्ञानताको खाडल |
| ४. | अनाविष्कृत | शास्त्रीय | पत्ता नलागेको | ,, | नयाँ नयाँ सन्दर्भ |
| ५. | अरख | प्रतीकात्मक | मादक पदार्थ | ,, | भ्रम/विभ्रम |
| ७. | अनन्द | व्यावहारिक | मनको सन्तुष्टि | ,, | तृप्ति |
| ८. | अविदित | शास्त्रीय | चिन्न जान्न नसकिएको | ,, | पत्ता लगाउन बाँकी |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | अपार्थिव | शास्त्रीय | भौतिक जगतभन्द पर | ,, | अलौकीक |
| १०. | आभासिक | शास्त्रीय | जानेको जस्तो लाग्नु | ,, | छनक मिल्ने |
| ११. | आभाजोज्जवल | शास्त्रीय | ज्ञानको प्रकाश | ,, | स्पष्ट देखिने उज्यालो |
| १२. | कल्पद्रुम | शास्त्रीय | जे चाहयो त्यही फल्ने रुख | दैवी तथा मानवीकरण | मनोकांछा प्रदान गर्ने |
| १३. | ईशेच्छा | शास्त्रीय | ईश्वरको इच्छा | दैवीकरण | आफ्नो कावुमा नरहेको |
| १४. | उद्भासित | शास्त्रीय | छनक दिने | अलौकिकीकरण | भान हुने खालको |
| १५. | कोकिलकण्ठी | शास्त्रीय | कोइलीको जस्तो कण्ठ भएको | प्राकृतिकीकरण | सुमधुर स्वर लहरी |
| १७. | चुकानी | व्यवहारिक स्थानीय | अमिलो किसिमको अचार | मानवीकरण | मनमा जन्मने असहजता |
| १८. | कुकुल्ढुक | व्यवहारिक अनुकरणात्मक | खाने कुरा निल्दा घाँटीबाट आउने आवाज | मानवीकरण | ढिडो खानुपर्ने अवस्था |
| २०. | जादूडालका | व्यवहारिक | जादूको जस्तो जीउ डाल भएको | अतिप्राकृतिकीकरण | अनौठाको |
| २१. | गुल्जार | व्यवहारिक | उपयुक्त उपस्थिति सम्पन्न | मानवीकरण | भिडभाड |
| २२. | सुकुमाराङ्गिनी | शास्त्रीय | सुकुमार र कोमल अङ्ग भएको | ,, | किशोरी जस्तै देखिने |
| २३. | दिव्यपरिधाना | शास्त्रीय | दिव्य परिधान पहिरेकी | ,, | नयाँ र सुन्दर आवरण भएकी |
| २४. | लमकोशे | व्यवहारिक समस्त | आँखाको कोश लामा भएको | ,, | सुसुन्दर नयनका कोश |
| २६. | नृत्यकला कुशला | शास्त्रीय | नाचमा राम्रो कला देखाउँन सक्ने | ,, | सुन्दर कियाकलाप |
| २७. | रजतझुनझुने | व्यावहारिक अनुकरणात्मक | चाँदीका झुर्कन गहना | ,, | झुनझुनाउने र टल्कने चाँदीको गहना जस्तो |
| २८. | रुचिरदर्शन | शास्त्रीय | हेर्न राम्रो लाग्ने | ,, | अत्यन्त मनोहर |

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | तुहिनविस्तृत | शास्त्रीय | तुसारोको विस्कुन | ,, | सेतै देखिने |
| ३०. | चिच्याहट | व्यावहारिक | चिच्याउनु, कराउँनु | ,, | दिक्क लाग्दो |
| ३१. | बहीखाते | व्यावहारिक | हिसावकिताव गर्ने | ,, | तथ्याङ्कको व्यवस्थापन |
| ३२. | मेचडेस्की | व्यावहारिक | मेच र डेस्कमा बस्न अभ्यस्त | ,, | आधुनिक मिजास |
| ३३. | जञ्जीर | व्यावहारिक | साङ्लो | ,, | सङ्कीर्ण बन्धन |
| ३५. | वैयाकरणी | शास्त्रीय | व्याकरण प्रतिपादन गर्ने व्यक्ति | ,, | शुद्धताको अनुशासन |
| ३६. | परगिस | व्यावहारिक | स्वीकार | - | समर्थनीय |
| ३७. | नरगिस | नाम/व्यावहारिक प्रतीक | सिने कलाकार | - | कलात्मक कार्य गर्ने |
| ३८. | रसद्रव | शास्त्रीय | रसिलो थोपा | मानवीकरण | अनुभूतिको तरलता |
| ३९. | हातहाँगे | व्यावहारिक प्रतीक | मान्छे रुप वृक्षको हातले रुख हाँगाको काम गर्ने | प्राकृतिकीकरण | धेरैतिर पहुँच हुने क्षमता |
| ४०. | पयरफेदे | खुट्टा नै फेद व्यावहारिक | मान्छे जो गोडाहरूले रुखको फेदको काम गर्ने | प्राकृतिकीकरण | भूमिमा आधार हुने |
| ४१. | सपनाचर | शास्त्रीय प्रतीक | सपनामा बोल्ने | मानवीकरण | कल्पनाको उडान |
| ४२. | शीतलवहरू | शास्त्रीय प्रतीक | शीतका थोपा | प्राकृतिकीकरण | तरलताका बिन्दु |
| ४३. | चाँदीचञ्चला | शास्त्रीय | सेतो तर चलयमान स्वभावकी | प्राकृतिकीकरण | स्वच्छ र चञ्चल स्वभाव भएकी |
| ४४. | निनादिनीउपर | शास्त्रीय प्रतीक | मधुर आवाज प्रकट गर्ने नदीमाथि | मानवीकरण | मधुर सङ्गीत प्रसार गर्ने माथि |
| ४५. | शावकलोचनी | शास्त्रीय मृगिणी प्रतीक | मृगका पाठाका जस्ता आँखा भएकी | मानवीकरण | सुन्दर नयाँ |
| ४६. | स्वप्निल | शास्त्रीय | सपनाको संसार | | कल्पनाको जगत् |
| ४९. | मगनमस्ती | व्यवहारिक | आनन्दमा मस्त | मानवीकरण | लहडी स्वभाव |
| ५०. | विज्ञानवक्र | शास्त्रीय | विज्ञानले बाङ्गो बनाएको | ,, | अति वस्तु र भौतिकवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१. | नातिशीतोष्ण | शास्त्रीय | न अति चिसो न अति तातो | ,, | आनन्ददायी जलवायु |
| ५२. | विहङ्गमगुञ्जित | शास्त्रीय | चराहरूको मधुर आवाज भरिएको | प्राकृतिकीकरण | सुमधुर गाना गाउने चराहरूको उपस्थिति |
| ५३. | प्रभातजागा | शास्त्रीय | बिहानै जागा भएका | मानवीकरण | समयमै सचेत हुने |
| ५६. | दारिद्रयउपर | शास्त्रीय | गरिवीमाथि | ,, | अभाव माथि |
| ५७. | हाँडी | व्यावहारिक | मकै भुट्ने भाँडो (गाउँघरतिर) | ,, | उसिन्ने अवस्था |
| ५८. | बुर्लुक्की | व्यावहारिक अनुकरणात्मक | उफ्रने काम | ,, | विचलनशील |
| ५९. | लटमुखा | व्यावहारिक निर्मित | लाटोको जस्तो मुख | ,, | मौन अवस्था |
| ६०. | लिखुर लिखुर | व्यावहारिक द्वित्व | हिड्ने स्वभाव | ,, | निरन्तर गमन |
| ६१. | टुप्पीलिखुर | व्यावहारिक | टुप्पीमात्र हिड्ने | ,, | खिएर टुप्पीमात्र बाँकी |
| ६२. | झुलनतरङ्गी | व्यावहारिक निर्मित | कल्पनाको झुला | ,, | कल्पनामा रमाउने स्वभाव |
| ६३. | निर्मोहनी | व्यावहारिक | माया मार्ने | ,, | आकर्षण |
| ६५. | सत्याभासित | शास्त्रीय | सत्यको प्रकट | ,, | सत्यको नजिक पुगेको आभास |
| ६७. | हृदयाकाश | शास्त्रीय | हृदयको आकाशमा | प्राकृतिकीकरण | हृदयको व्यापक आयतन |
| ६९. | सुषुप्ति | शास्त्रीय | मस्तसँगको सुताई | - | आनन्दानुभूति |
| ७०. | भनभनिदै | अनुकरणात्मक द्वित्व | अतिसारै रिसाउँनु | - | सम्वेगानुभाव |

**पण्डित लेखनाथ पौड्यालको विषयमा**

**तालिका १**

| अनुच्छेद | वाक्य प्रयोग | निबन्धको अङ्ग |
|---|---|---|
| पहिलो | नौं | आरम्भ |
| दोस्रो | एघार | आरम्भ |
| तेस्रो | छ | विकास |
| चौथो | तेह्र | विकास |
| पाँचौ | छ | विकास |
| छैटौं | सात | विकास |
| सातौं | पच्चिस | विकास |
| आठौं | चार | विकास |
| नवौं | सात | उत्कर्ष |
| दशौं | आठ | उत्कर्ष |
| एघारौं | बाह्र | उत्कर्ष |
| बाह्रौं | एक्काइस | उत्कर्ष |
| तेह्रौ | दुई | उत्कर्ष |
| चौधौं | सात | अवसान |
| पन्ध्रौं | छ | अवसान |

तालिका २

| क.सं. | शब्द | भाषिक स्वभाव | अर्थ | प्रयोगार्थ |
|---|---|---|---|---|
| १. | अदम्य | शास्त्रीय | दमन गर्न नसकिने | उत्कट इच्छा |
| २. | आवरु | व्यवहारिक | इज्जत | मर्यादा |
| ३. | उन्नतिशील | शास्त्रीय | विकास हुने स्वभावको | सिर्जनशील |
| ४. | उपमाजडाउ | शास्त्रीय | उपमा जोरजाम भएको | उदाहरणीय |
| ५. | एकाध्येयी | शास्त्रीय | एक्लै पढिने | एकोन्मुख |
| ६. | औत्सविक | शास्त्रीय | उत्सवमुखी | उमङ्गबोधक |
| ७. | कथेको कथनी | व्यावहारिक | कथन गरेको भनाई | कल्पित कथन |
| ८. | खड्गबहादुर | व्यावहारिक | हतियारधारी | प्रहारक |
| ९. | अवभास | शास्त्रीय | छनक | ज्ञानानुभूति |
| १०. | तद्विषयी | शास्त्रीय | त्यो विषयसँग सम्बन्धित | सम्बन्धित |
| ११. | थाङनेपन | व्यावहारिक | गए गुर्जेको | निकृष्टतह |
| १२. | दावा | व्यावहारिक | अधिकारको खोजी | आफ्नो हैसियत खोज्ने काम |
| १३. | भात माग्दा लात | व्यावहारिक अनुप्रासिक | अपेक्षा नगरेको प्राप्ति | एक थोक खोज्ने अर्को प्राप्ति हुने |
| १४. | पशुता | शास्त्रीय | पशुको स्वभाव | अज्ञानको पहिचान |
| १५. | दिव्य | शास्त्रीय | सुन्दर/अलौकिक | एकदमै नयाँ |
| १६. | दुर्दुर् | व्यावहारिक अनुकरणद्वित्व | घृणाले पर पन्छाउने काम | निषेध गर्ने काम |
| १७. | जुहार | प्राकृतिकीकरण | अमुल्य खनिज | महत्वपूर्ण वस्तु |
| १८. | बाँकेघर | व्यवहारिक कथ्य | बाङ्गो किसिमको घर | बक्र अस्तित्वको पहिचान |
| १९. | माधुर्य | माधुर्य शास्त्रीय | मिठास | सुमधुर सुस्वादु |
| २०. | प्रसिद्धिकामुकहरू | शास्त्रीय | ख्यातीप्राप्त कामुकहरू | कामेच्छाका चर्चित पुरुषहरू |

## सन्दर्भग्रन्थसूची


क्षेत्री, जगत्, 'देवकोटा', **रुपरेखा**, (२०२०) ।

जोशी, कुमारबहादुर, **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्य मान्यता,** (२०६१) ।

जोशी, रत्नध्वज, 'निबन्धकार देवकोटा' **हिमानी,** (२०१०) ।

**झिल्का,** २०२८, वर्ष १, अङ्क १ ।

त्रिपाठी, वासुदेव, 'जीवनजगत्', **रत्नश्री,** २०२७ ।

प्रसाईं, गणेशबहादुर, 'मैले देखेका देवकोटा' **दियालो,** (२०१७) ।

सुवेदी, राजेन्द्र, सम्पा. **दाडिमको रुखनेर,** २०३९ ।

___________, सम्पा. **स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा** (२०४१) ।

___________, सम्पा. **स्नातकोत्तर नेपाली निबन्ध** (२०५१) ।

___________, सम्पा. **प्रसिद्ध प्रबन्धसङ्ग्रह** (१९९८), नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौँ ।

___________, सम्पा. **लक्ष्मी निबन्धसङ्ग्रह,** (२००२) ।

रेग्मी, चूडामणि, **लक्ष्मीप्रासद देवकोटा निबन्धकार,** (भानुः २०२४, ५:१२) ।